# पहिलो आवधिक योजना

## (आर्थिक वर्ष २०७६/७७–२०८०/८१)

# आधार-पत्र

प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोग
प्रदेश नं. ३, हेटौंडा, नेपाल
२०७५

# पहिलो आवधिक योजना

(आर्थिक वर्ष २०७६/७७ -२०८०/८१)

# आधार-पत्र

प्रदेश सरकार

प्रदेश नीति तथा योजना आयोग

प्रदेश नं. ३, हेटौंडा, नेपाल

२०७५

**प्रकाशक** : प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोग
प्रदेश नं.३, हेटौंडा
फोन नं. ०५७-५२५१३१, ५२३६८९
इमेलः pppc@p3.gov.np
pppc2025@gmail.com
वेवसाइटः http://pppc.p3.gov.np

**प्रकाशन वर्ष** : २०७५ फागुन

**सर्वाधिकार** : प्रदेश नीति तथा योजना आयोगमा सुरक्षित

**मुद्रण प्रति** : १००० प्रति

**मुद्रक** : न्यू प्रयास छापाखाना, हेटौंडा

प्रधानमन्त्री

काठमाडौं, नेपाल

## मन्तव्य

प्रदेश नं. ३ को सरकार अन्तर्गत रहेको प्रदेश नीति तथा योजना आयोगले आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्मको अवधिलाई समेट्दै आर्थिक–सामाजिक विकासका लागि सुस्पष्ट खाका सहितको आधार पत्र तयार गरेकोमा खुसी लागेको छ । आयोगले पर्याप्त विचार विमर्श र अध्ययनकै आधारमा प्रदेशको विकासका लागि गुणस्तरीय ग्रामीण र शहरी पूर्वाधार, विशिष्टिकृत र व्यावसायिक कृषि, विशिष्टिकृत सेवा र मानव संशाधनको विकास, सबै किसिमका उद्योग र उद्यम, र सम्पदामैत्री गुणस्तरीय पर्यटनजस्ता पाँच प्रमूख उत्प्रेरकहरु तय गरेको कुरामा म विश्वस्त छु ।

नेपाली जनताको लामो संघर्ष, त्याग र वलिदानबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था लागू भएपछि नेपाल आधारभूत रूपले नयाँ चरणमा प्रवेश गरेको छ । संविधान बमोजिम प्रजातान्त्रिक निर्वाचनको माध्यमबाट गठन भएका संघ, प्रदेश र स्थानीय तह क्रियाशील रहेका छन् । संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको अबको मूल कार्यभार भनेकै नेपाललाई समृद्ध राष्ट्र बनाउनु हो । "समृद्ध नेपाल, सुखी नेपाली"को महाअभियानलाई सफल बनाउनका लागि संघीय सरकारले संघीयता, सुशासन र समृद्धितर्फको यात्राको गति बढाउने क्रममा आधारभूत कार्यहरू सम्पन्न गरिसकेको छ । आवश्यक कानुनहरूको निर्माण, योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम र प्रधानमन्त्री रोजगार कार्यक्रम यस दिशामा भएका कामका केही उदाहरण मात्र हुन् । संघीयताको कार्यान्वयन गर्दै समृद्धिका आधारशीलाका रूपमा सरकारले सम्पादन गरेका धेरै कार्यहरू झट्ट हेर्दा नदेखिने किसिमका हुन सक्छन् । तर आर्थिक-सामाजिक रुपान्तरणका आधार निर्माण गर्ने क्रममा भएका ती कामहरु दूरगामी महत्वका छन् ।

राष्ट्रको समृद्धिको सपनालाई साकार पार्न तदनुरूपको योजना तर्जूमा गरिनु पर्दछ । त्यस्तो योजना संघीय सरकारको मात्र होइन सबै प्रदेश सरकार र स्थानीय तहको पनि हुनु पर्छ । समृद्धिको यात्रामा यी तीन वटै तहका सरकारहरू समन्वयात्मक रुपमा आआफ्नो ढंगले स्पष्ट योजनासहित अगाडि बढ्नु पर्छ । यसरी अगाडि बढ्दा सबैले सबै हिँडेको देखुन, तर एक आपसमा नठोक्किउन भन्ने हेक्का सरकारले राख्नु पर्दछ । यसै सन्दर्भमा, प्रदेश नं. ३ ले प्रंदेशको पहिलो आवधिक योजनाको आधारपत्र तर्जुमा गरी सह्रानीय कार्य गरेको छ । यस योजनाले संघीय सरकार र स्थानीय तहको योजनालाई जोड्ने महत्वपूर्ण कडीको रूपमा प्रभावकारी भूमिका निर्वाह गर्नेछ भन्ने मैले विश्वास लिएको छु । 'स्वस्थ, सुसंस्कृत र सुखी जनता, समाजवाद उन्मुख समृद्ध प्रदेश'लाई मूलमन्त्र बनाएको यो आधारपत्र प्रदेशको समृद्धितर्फको यात्राको लागि व्यवहारिक मार्गदर्शक सावित हुन सकोस् । संघीय राजधानी र मुलुकको कुल ग्राहस्थ्य उत्पादनमा करिब एक तिहाई हिस्सा योगदान गर्ने प्रदेश नं.३ को यस आधारपत्रले मुलुककै समृद्धिका लागि पनि महत्वपूर्ण योगदान गर्नेछ भन्ने मेरो विश्वास छ ।

प्रदेशको पहिलो आवधिक योजनाको आधारपत्र तर्जुमा गरेकोमा प्रदेश सरकार र प्रदेश नीति तथा योजना आयोगलाई संघीय सरकारका तर्फबाट बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

२६ फागुन, २०७५

के.पी. शर्मा ओली

प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

मुख्यमन्त्री

**विषय :- मन्तव्य**

सामाजिक, आर्थिक र पूर्वाधार विकास लगायतका अधिकांश सूचकहरुमा यो प्रदेशको अवस्था अब्बल छ । मुलुकको कुल गार्हस्थ उत्पादनमा प्रदेशको भार एक तिहाइ छ । मुलुकको प्रतिव्यक्ति आय एकहजार डलर हुँदा प्रदेशको झण्डै दुई गुणा छ । समग्रतामा प्रदेशको अवस्था उत्कृष्ठ भएतापनि प्रदेशभित्र असन्तुलन पनि छ । काठमाडौं उपत्यकामा बसाईँसराइको तीव्र दबाब छ । सिन्धुली, दोलखा, रसुवा र धादिङ्ग जिल्लाका मानव विकास सूचकाङ्कको अवस्था राष्ट्रिय औसतभन्दा पनि कमजोर छ । तीव्र बसाईसराईका कारण काठमाडौं उपत्यकालगायतका क्षेत्रमा शहरी सेवा सुविधाको पहुँच तथा व्यवस्थापन र अन्य स्थानमा आधारभूत पूर्वाधारहरु निर्माण लगायतका कार्यमा जोड दिनुपर्ने परिस्थितिका बीचमा काम गर्नुपर्ने अवस्था छ । वास्तवमा प्रदेशका जनताको विकास र समृद्धिको चाहनालाई मूर्त रुप दिन प्रदेश सरकारले पहिलो आवधिक योजनाको आधारपत्र निर्माण गरेको छ ।

जनताको जीवनस्तरमा तीव्र सुधारका लागि संघीयताको सुदृढीकरण र प्रदेशका विद्यमान संभाव्यताका आधारमा उच्च लगानी र आर्थिक वृद्धिदर हासिल गर्ने रणनीतिक र कार्यनीतिक आधारहरू यस आधारपत्रले प्रदान गर्दछ । प्रदेशको विकासका लागि पाँच प्रमुख उत्प्रेरकहरु क्रमश: "गुणस्तरीय ग्रामीण र शहरी पूर्वाधार, विशिष्टीकृत र व्यवसायिक कृषि, विशिष्टीकृत सेवा र मानव संसाधनको विकास, सबै किसिमका उद्योग र उद्यम, र सम्पदामैत्री गुणस्तरीय पर्यटन" पहिचान गरिएका छन् । सहकारी क्षेत्रको संस्थागत विकास, पूर्वाधार निर्माण तथा उत्पादन, वितरण र सेवामा बढ्ने संलग्नताले आर्थिक समृद्धि र सामाजिक रूपान्तरणमा योगदान पुग्ने अपेक्षा आधारपत्रले गरेको छ । संघीय सरकारसँगको समन्वयमा अवलम्बन गरिने समष्टिगत आर्थिक नीतिहरुले अपेक्षित लगानी, राजश्व र पूँजीगत खर्चमा बढोत्तरी हुने अनुमान छ ।

लामो राजनीतिक संघर्षबाट प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्दै सामाजिक न्यायसहितको समृद्ध नेपाल बनाउने नेपाली जनताको सर्वोपरि चाहनाबाट यो आधारपत्र निर्देशित छ । नेपालको संविधान, संघीय सरकारको नीति, प्रदेश सरकारको पहिलो नीति तथा कार्यक्रम र राजनीतिक दलहरूको चुनावी घोषणापत्रहरूमा उल्लिखित दीर्घकालीन महत्वका विषयहरूलाई यसले आत्मसात गरेको छ । समृद्धिको यात्रा तय गर्न प्रदेश सरकारलाई दीर्घकालीन सोच, उद्देश्य, रणनीति, कार्यान्वयन नीति र प्राथमिकतासहितको आफ्नै स्पष्ट मार्गचित्र हुन आवश्यक छ भन्ने मान्यताका आधारमा यो आधारपत्र तर्जूमा गरिएको हो । हुनत यो आधारपत्र आफैमा सम्पूर्ण होइन तर समृद्धिको यात्रा तय गर्न प्रदेश सरकारको लागि यसले प्रस्थान विन्दुको रूपमा कार्य गर्दछ भन्ने कुरामा दुईमत छैन । उपलब्ध स्रोत र साधनहरूको न्यायोचित प्रयोग गरी जनताले प्रत्यक्ष अनुभूत गर्न पाउने योजनाहरू सञ्चालन गर्न र त्यसलाई दिगो बनाउन यसले आधारभूत मार्गदर्शन प्रदान गर्नेछ भन्ने मैले विश्वास लिएको छु ।

अन्त्यमा, यो आधारपत्र तर्जूमा कार्यमा प्रत्यक्ष एवं परोक्ष रुपले संलग्न प्रदेश सरकारका मन्त्री, प्रदेश नीति तथा योजना आयोगका पदाधिकारी, विद्वत वर्ग, प्रदेश सभाका सांसद, स्थानीय तहका पदाधिकारी, प्रदेश सरकारका कर्मचारी लगायत सम्वद्ध सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

डोरमणि पौडेल
मुख्यमन्त्री

२६ फागुन २०७५

प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# आर्थिक मामिला तथा योजना मन्त्री

## विषय: मन्तव्य

मुलुक अहिले संघीयता कार्यान्वयनको प्रारम्भिक अवस्थामा छ। प्रदेश सरकारहरूले भर्खरै पहिलो वार्षिकोत्सव मनाएका छन्। एक वर्षको दौरानमा यी सरकारहरूले आफूलाई आवश्यक पर्ने न्यूनतम नीति, कानुन, मापदण्ड र संस्थागत संरचनाहरू निर्माण गरेका छन्। प्रदेश नं. ३ कै कुरा गर्ने हो भने पनि यस अवधिमा २४ वटा कानुनहरू प्रदेशसभाबाट पारित भएका छन्। १५७ वटा विभिन्न विषयगत कार्यालयहरू स्थापना भएका छन्। संघीयता नेपालका लागि बिल्कुल नयाँ अभ्यास भएतापनि प्रारम्भिक अनुभवले आशाको किरण जागेको छ।

संघीय संरचना अनुरूप भएको पहिलो निर्वाचनबाट जनताले यस प्रदेशमा नेकपालाई बहुमतको सरकार सञ्चालन गर्ने अवसर प्रदान गरेको छ। संविधान बमोजिम समाजवाद उन्मुख जनमुखी आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका लागि यो एउटा ऐतिहासिक अवसर हो। मुलुकमा लामो समयदेखिको राजनैतिक अन्यौलको अन्त्य भएको छ। तीव्र र समावेशी आर्थिक विकास र सामाजिक न्यायसहितको "समृद्ध नेपाल, सुखी नेपाली" को नारालाई व्यवहारमा क्रमशः रूपान्तरण गर्दै जाने कार्य नै प्रदेश सरकारको एकमात्र एजेण्डा र प्राथमिकता रहेको छ।

निर्वाचनको क्रममा जनतासँग गरिएका प्रतिवद्धताहरू पूरा गर्नु प्रदेश सरकारको दायित्व भएकोले प्रदेशको आवधिक योजनामा तिनै प्रतिवद्धताहरूलाई व्यवहारिक कार्यान्वयनको बाटोतिर लैजाने प्रयत्न गरिएको छ। खासगरी, निरपेक्ष गरिबीलाई न्यूनतम विन्दुमा पुऱ्याउनुका साथै रोजगारीको प्रवर्द्धन, वातावरणमैत्री पूर्वाधार, पर्यटन, औद्योगिक र कृषि विकास, साना, मझौला उद्यम, विशिष्टीकृत सेवा र मानव संसाधन विकास जस्ता प्रदेशका तुलनात्मक लाभका क्षेत्रहरूको प्रवर्द्धन, विस्तार र संविधानले प्रत्याभूत गरेका आधारभूत स्वास्थ्य र शिक्षा तथा अन्य सामाजिक सेवामा सबैको सहज पहुँचका साथै लैङ्गिक समानता र सामाजिक समावेशिताको सिद्धान्तलाई व्यवहारमा कार्यान्वयन गर्ने जस्ता विषयहरू यस आधारपत्रमा समेटिएका छन्। यसले तय गरेका प्राथमिकताले प्रदेशको समष्टि र क्षेत्रगत विकासको दिशा निर्देश गर्नेछ भन्ने मेरो विश्वास रहेको छ।

धन्यवाद।

कैलाश प्रसाद ढुङ्गेल

२६ फागुन २०७५

प्रदेश सरकार

# प्रदेश नीति तथा योजना आयोग

प्रदेश नं ३

## मन्तव्य

संविधानले प्रदेश सरकारलाई आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा आवश्यक नीति र कानुन बनाउने, वार्षिक तथा आवधिक योजना निर्माण गरी कार्यान्वयन गर्ने लगायतका अधिकारहरू प्रदान गरेको छ। यसैगरी, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन अनुसार प्रदेश सरकारले आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने हुन्छ। राष्ट्रिय योजना आयोगले तयार गरेको नेपालको दीर्घकालीन सोच, वि.सं. २१०० को अवधारणापत्रले नेपाललाई समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्रसहितको सघन अन्तरआबद्धता तथा उच्च उत्पादकत्व भएको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित र उच्च जीवनस्तर भएका सुखी नागरिक वसोवास गर्ने मुलुकको रूपमा परिकल्पना गरेको छ। निश्चयपनि, दीर्घकालीन सोचले प्रदेशको विकासको सोचलाई मार्गनिर्देश गर्दछ।

निर्वाचनको क्रममा जनतासँग गरिएका प्रतिबद्धतालाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न संविधान र कानुनले मार्गदर्शन गरेको खाकाभित्र रही प्रदेशको दीर्घकालिन सोचसहितको पहिलो आवधिक योजनाको आधारपत्र तर्जुमा गरिएको छ। दिगो विकास लक्ष्य हासिल गर्ने नेपालको प्रतिबद्धतालाई प्रदेशको तहमा आत्मसात् र स्थानीयकरण गर्ने यो एक अभ्यास पनि हो। प्रादेशिक विकास निर्माणसँग सम्बन्धित प्राय सबै मुलभूत विषय र क्षेत्रहरूलाई यसले समेटेको छ। पुस्तकारका रूपमा यो आधारपत्र सातवटा परिच्छेदमा विभक्त छ। पहिलो परिच्छेदमा संवैधानिक दिशानिर्देश र आधारपत्र तर्जुमाका आधारहरू लगायतका वारेमा विवेचना गरिएको छ। दोस्रो परिच्छेद् समष्टिगत सोच, लक्ष्य, लगानी र श्रोतको बाँडफाँटसँग सम्बन्धित छ। तेस्रो परिच्छेद् आर्थिक क्षेत्र र चौथो सामाजिक क्षेत्रसँग सम्बन्धित छ। यी परिच्छेदहरूमा कृषि, उद्योग, वाणिज्य तथा आपूर्ति, पर्यटन, सहकारी, शिक्षा, स्वास्थ्य तथा पोषण, युवा तथा खेलकुद, भाषा, संस्कृति र कलाका वारेमा उल्लेख गरिएका छन्। परिच्छेद् पाँच शहरीकरण र पूर्वाधार विकाससँग सम्बन्धित छ। वास्तवमा यस परिच्छेदले शहरीकरण र भौतिक पूर्वाधार विकासलाई परिपूरकको रूपमा लिएको छ। परिच्छेद् ६ वन, वातावरण तथा विपद् व्यवस्थापनसँग सम्बन्धित छ भने सातौ परिच्छेदमा अन्तरसम्बन्धित विषयहरू उल्लेख गरिएका छन्। अन्तरसम्बन्धित विषयका रूपमा

लैगिंक समानता, सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा, श्रम तथा रोजगार, गरिबी निवारण, सुशासन, सूचना तथा संचार, विज्ञान तथा प्रविधि, तथ्याङ्क प्रणाली र योजना प्रक्रिया एवं अनुसन्धान छन्।

योजना अवधिमा औसत ११.२ प्रतिशतको आर्थिक वृद्धिदर हासिल हुने र कुल स्थिर लगानी रु. ३२ खर्ब ३७ अर्ब आवश्यक पर्ने अनुमान छ। यसमध्ये सार्वजनिक क्षेत्रबाट २९.२ प्रतिशत, निजी क्षेत्रबाट ६२ प्रतिशत र बाँकी सहकारी लगायतका क्षेत्रबाट प्राप्त हुने अनुमान छ । प्रतिव्यक्ति आय योजनाको अन्तिम वर्षमा रु चार लाख पाँच हजार पुग्ने अनुमान छ।

संविधान अनुसार सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्यद्वारा सामाजिक न्यायसहितको दिगो तथा उच्च आर्थिक वृद्धिदर हासिल गर्दै नागरिकका आर्थिक र सामाजिक विकासका आकांक्षा पूरा गर्नेतर्फ यो आधारपत्र केन्द्रित छ। यसैगरी, यसले गरिबीको रेखामुनिको जनसङ्ख्या आधाले घटाउने र गरिबी निवारणसहितको आर्थिक समृद्धि हासिल गर्ने लक्ष्य राखेको छ।

यो आधारपत्र निर्माणका लागि सहभागितामूलक विधि र प्रकृयाहरू अवलम्वन गरिएका छन्। प्रदेश सरकारका माननीय मुख्यमन्त्री तथा मन्त्रीहरू, प्रमुख सचिव र सचिवहरू, मन्त्रालयका कर्मचारीहरू, स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरू, राजनीतिक दल, नीजि तथा सहकारी क्षेत्र, सञ्चारकर्मी, नागरिक समाज लगायत सम्बद्ध सरोकारवालाहरूसँग पटक-पटक छलफल तथा अन्तरक्रिया गरिएको छ। यसैगरी, प्रदेश संसदका माननीय सभामुख, उपसभामुख, विपक्षी दलका नेता, विभिन्न समितिका सभापति, राजनीतिक दलका प्रमुख सचेतक र सचेतकहरू र सांसदहरूसँग पनि छलफल र अन्तरक्रिया गरिएको छ।

संघीय सरकार र संसदका विभिन्न विषयगत मन्त्रालयका माननीय मन्त्रीहरू, विभिन्न समितिका सभापति तथा सांसदहरू, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष तथा सदस्यहरू, विभिन्न मन्त्रालय, आयोग तथा विभागहरूका सचिव लगायतका सरोकारवालासँग पनि विचारविमर्श गरिएको छ।

यो आधारपत्र निर्माणका लागि सम्वद्ध सबै क्षेत्र र वर्गबाट ठूलो सहयोग पास भएको छ। विज्ञ समूहको टोली नेताका रूपमा डा. पिताम्वर शर्मा र विज्ञहरू डा. गोविन्द नेपाल, डा. दिनेश भुजु, श्री पूर्णचन्द्र भट्टराई, डा. महेन्द्र सुब्बा, श्री शोभा लामा र श्री जगन्नाथ अधिकारीबाट प्राप्त सहयोगका लागि विशेष धन्यवाद दिन चाहन्छु। विज्ञवाट प्राप्त खाकाका आधारमा आधारपत्र निर्माणमा सबभन्दा बढी मेहनत सम्बन्धित मन्त्रालयका माननीय मन्त्रीहरू र कर्मचारीहरूबाट भएको छ। यसका लागि उहाँहरू सबैप्रति विशेष आभार प्रकट गर्न चाहन्छु। यसैगरी, आधारपत्रलाई अन्तिम रुप दिन सहयोग गर्नुहुने श्री पुष्कल श्रेष्ठ, डा. शंकर उपाध्याय र श्री लालकुमार केसीप्रति पनि कृतज्ञ छु।

यो आधारपत्रमा समष्टिगत तथा क्षेत्रगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यन्वयन नीतिहरू, प्रमुख कार्यक्रमहरू र अपेक्षित उपलव्धि समावेश छन्। यस आधापत्रलाई आधार मानेर क्षेत्रगत नीति, प्राथमिकताका चरणवद्ध कार्यक्रम र नतिजा सूचकसहितको वृहद् आवधिक योजना चाँडै नै निर्माण गरिनेछ।

आयोग गठन हुनेवित्तिकै पहिलो जिम्मेवारीका रूपमा आधारपत्र निर्माणमा हौसला दिई कठिन अवस्थामा पनि निरन्तर प्रेरणा प्रदान गर्नुहुने माननीय मुख्यमन्त्री श्री डोरमणि पौडेलप्रति विशेष आभार प्रकट गर्दछु। यसैगरी, प्रदेश सभाका माननीय सभामुख, उपसभामुख, विपक्षी दलका नेता, प्रदेश सभाका विषयगत समितिका सभापतिहरू र सबै माननीय सदस्यहरूप्रति पनि हार्दिक धन्यवाद दिन चाहन्छु।

शुरुदेखि अन्तसम्म निरन्तर क्रियाशील आयोगका माननीय सदस्य श्री श्यामकुमार बस्नेत तथा निमित्त सचिव श्री आत्माराम सत्याल, शाखा अधिकृत श्री चिरन्जीवी पौडेल लगायत आयोगका अन्य सबै कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु। संघीयता कार्यान्वयन र प्रदेश विकासको मार्गचित्र कोर्न यो आधारपत्र सम्बद्ध सबैका लागि उपयोगी हुने विश्वाश लिएको छु।

डा. खिमलाल देवकोटा
उपाध्यक्ष
मिति २०७५-११-२६

# कार्यकारी सारांश

यो प्रदेश सामाजिक, आर्थिक, पूर्वाधार लगायतका अधिकांश सूचकाङ्कहरू राम्रो छ। मुलुकको कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको भार एक तिहाइ छ। प्रदेशको प्रतिव्यक्ति आय मुलुकको औसत प्रतिव्यक्ति आयभन्दा करिब दुई गुणाले बढी छ। यसैगरी, मुलुकको यथार्थ राजस्व सङ्कलनमा यस प्रदेशको हिस्सा दुई तिहाइभन्दा बढी छ। राजस्व सङ्कलनका प्रचुर सम्भावनाहरू प्रदेशमा छन्। ठूला, मझौला, साना र घरेलु गरी सबै किसिमका उद्योगहरूको सङ्ख्या यस प्रदेशमा धेरै छ। उद्योग विभागमा दर्ता भएका कुल ७,५२९ उद्योगमध्ये  करिब ६८ प्रतिशत उद्योग यसै प्रदेशमा छन्। नेपालको उद्योग क्षेत्रको कुल रोजगारीमा ६१ प्रतिशत हिस्सा यसै प्रदेशको छ। वैदेशिक लगानी भएका कुल उद्योगहरूमध्ये ८० प्रतिशत उद्योगहरू यस प्रदेशमा छन्।यस प्रदेशको सामाजिक, ऐतिहासिक, धार्मिक र आर्थिक संरचनाहरूलाई प्रदेश विकासको विशिष्ट अवसरका रूपमा लिन सकिन्छ। तुलनात्मक रूपमा गुणस्तरीय सेवा, आर्थिक तथा भौतिक पूर्वाधारका कारण प्रचुर विकासको सम्भावना प्रदेशमा छ।

प्रदेशको गार्हस्थ्य उत्पादनमा कृषिको योगदान न्यून र खाद्यान्न उत्पादनको तुलनात्मक लाभ कमजोर छ। तर पनि माछा, मासु, अण्डा, दुध, तरकारी, आदिमा प्रदेशको अवस्था अब्बल छ। मुलुकको कुल कुखुराको अण्डा उत्पादनमा यस प्रदेशको भार करिब ५५ प्रतिशत छ। कृषियोग्य भूमि कम भएका कारण धानको उत्पादन कम भएतापनि मकै, कोदो, फापर र आलुको उत्पादन जनसङ्ख्याको अनुपात जति छ। प्रदेशमा कृषि, पर्यटन एवम् औद्योगिक आर्थिक गतिविधिहरू बढ्दै गएको, सेवा क्षेत्र (शिक्षा, स्वास्थ्य, वित्तीय मध्यस्थता, होटल, रेस्टुरेन्ट, घरजग्गा तथा व्यापारिक क्रियाकलाप, सामुदायिक तथा व्यक्तिगत क्रियाकलाप आदि), सरकारी, निजी तथा सहकारी क्षेत्र, आदिको लगानी बढिरहेको र साना ठूला पूर्वाधार विकासका कार्यबाट प्रदेशको द्रुततर विकासको प्रचुर सम्भावना छ। प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान १९ प्रतिशत छ। ८० प्रतिशतभन्दा बढी भार गैरकृषि क्षेत्रको छ। धान बाहेक कृषि क्षेत्रको अवस्था उत्साहप्रद र फस्टाउदो गैरकृषि क्षेत्र (उद्योग, सेवा आदि)का कारण प्रदेशको आर्थिक विकासमा उल्लेखनीय सुधार हुने अवस्था छ। समग्रतामा प्रदेशको अवस्था उत्कृष्ठ भएतापनि प्रदेशभित्र असन्तुलन पनि छ। काठमाण्डौं उपत्यकामा बसाँइसराइको तीव्र दबाब छ। सिन्धुली, दोलखा, रसुवा र धादिङ जिल्लाका मानव विकास सूचकाङ्कको अवस्था राष्ट्रिय औसतभन्दा पनि कमजोर छ। तीव्र बसाईँसराइका कारण काठमाण्डौं उपत्यका लगायतका क्षेत्रमा शहरी सेवा सुविधाको पहुँच तथा व्यवस्थापन र अन्य स्थानमा आधारभूत पूर्वाधारहरू निर्माण लगायतका कार्यमा जोड दिनुपर्ने परिस्थितिकाबीचमा काम गर्नुपर्ने अवस्था छ। समग्रतामा राम्रो भएतापनि प्रदेशभित्रका

विषमताहरूकोबीचमा रहेर यस आधार-पत्रले आर्थिक विकास तथा समृद्धिका रणनीतिक र कार्यनीतिक आधारहरू प्रदान गरेको छ।

प्रदेशको विकासका लागि पाँच प्रमुख उत्प्रेरकहरू क्रमशः "गुणस्तरीय ग्रामीण र शहरी पूर्वाधार, विशिष्टीकृत र व्यवसायिक कृषि, विशिष्टीकृत सेवा र मानव संसाधनको विकास, सबै किसिमका उद्योग र उद्यम, र सम्पदामैत्री गुणस्तरीय पर्यटन" पहिचान गरिएका छन्। सहकारी क्षेत्रको संस्थागत विकास, पूर्वाधार निर्माण तथा उत्पादन, वितरण र सेवामा बढ्ने संलग्नताले आर्थिक समृद्धि र सामाजिक रूपान्तरणमा योगदान पुग्ने अपेक्षा छ। संघीय सरकारसँगको समन्वयमा अवलम्बन गरिने समष्टिगत आर्थिक नीतिहरूले अपेक्षित लगानी, राजस्व र पूँजीगत खर्चमा बढोत्तरी हुने अनुमान छ। आन्तरिक राजस्वको दायरामा बिस्तार र सार्वजनिक खर्चको प्रभावकारी कार्यान्वयन, संघीय सरकारसँगको समन्वयमा वैदेशिक लगानी, वैदेशिक सहायता ठूला आयोजनाहरूमा लगानी र पूर्वाधारहरूको विकास तथा केन्द्रसँगको समन्वय र स्थानीय तहलाई सहजीकरण गर्दै अगाडि बढ्न यो आधार-पत्रले मार्ग प्रशस्त गर्दछ।

समष्टि तथा क्षेत्रगत नीति, रणनीति र कार्यक्रम कार्यान्वयन हुँदा यो प्रदेशले दुई अङ्कको औसत आर्थिक वृद्धिदर हासिल गर्ने, योजनाको अन्तिम वर्षसम्ममा प्रतिव्यक्ति आय दोब्बरभन्दा बढी हुने र मुलुकको कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको हिस्सा चालिस प्रतिशत नाघ्ने अनुमान छ। कृषिको विशिष्टीकरण, जैविक खेतिको प्रवर्धन, कृषिमा सहकारीको सघन संलग्नता र किसानमैत्री उत्पादन, भण्डारण र बजारीकरणबाट उत्पादन र उत्पादकत्वमा वृद्धि भई खाद्यान्नको आयात प्रतिस्थापन गर्नेतर्फ यस आवधिक योजनाको आधार-पत्रले जोड दिएको छ। लगानीको वातावरण निर्माण, आवश्यक पूर्वाधारको व्यवस्था एवम् लघु तथा साना उद्यमको विकास र औद्योगिक प्रोत्साहनले उत्पादन र रोजगारी बढ्ने अपेक्षा छ।

अत्यावश्यक वस्तुको सार्वजनिक आपूर्ति प्रणालीलाई सुलभ र सुदृढ बनाउन नीतिगत व्यवस्था गरिने छ। उच्चमूल्यको गुणस्तरीय पर्यटनको प्रवर्धनमा जोड दिंदै नयाँ गन्तव्यको पहिचान, पूर्वाधार विकास र ब्रान्डिङद्वारा पर्यटन वस्तु र गन्तव्यको विविधीकरण र रोजगारीका अवसरहरूको बिस्तार हुने अपेक्षा छ। पर्यटकको आगमन, बसाइ र पर्यटन क्षेत्रबाट हुने आम्दानी वृद्धि गर्न काठमाडौं केन्द्रित पर्यटनलाई विकेन्द्रित गरी काठमाडौं आसपासका पर्यटन क्षेत्रमा पूर्वाधार विकास र स्तरोन्नतिमा जोड दिने तथा आन्तरिक पर्यटक र छिमेकी मुलुकका पर्यटकहरूलाई आकर्षित गर्न ब्रान्डिङ र सूचना पहुँच बिस्तार गर्ने र प्रमुख पर्यटकीय केन्द्रहरू प्रदूषण मुक्त बनाउनेतर्फ यो आधार-पत्रले जोड दिएको छ।

प्रदेशको सामाजिक क्षेत्रको विकास संविधानले निर्देशित गरेको समाजवाद उन्मुख लोककल्याणकारी राज्यव्यवस्था स्थापनातर्फ लक्षित छ। गुणस्तरीय आधारभूत शिक्षाको सुनिश्चितता,

प्रदेशलाई पूर्ण साक्षर बनाउन सामुदायिक शिक्षाको प्रभावकारितामा अभिवृद्धि, व्यवहारिक, जीवनोपयोगी र गुणस्तरीय शिक्षामा सबै वर्ग र समुदायको पहुँच, प्राविधिक, सिपमूलक शिक्षाको माध्यमबाट दक्ष र आवश्यक मानव स्रोतको विकासमा जोड दिइएको छ। काठमाण्डौ र चितवन उपत्यकाबाहिर विशिष्टीकृत उच्च शिक्षा केन्द्रहरूको विकास गरी प्रदेशलाई शैक्षिक केन्द्रको रूपमा विकास गर्नेतर्फ यो आधार-पत्र केन्द्रित छ।

प्रदेशले स्वस्थ नागरिकबाट समृद्धिको महत्वपूर्ण आधार तयार गर्ने गरी गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको समतामूलक र सहज पहुँचको स्थापना गर्ने, ग्रामीण तथा शहरी गरिबहरूलाई स्वास्थ्य सेवाको दायरामा ल्याउने, मातृ मृत्युदरलाई विकसित मुलुकको हाराहारीमा पुऱ्याउने र योजना अवधिमा नागरिकको औसत उमेर ७५ वर्ष पुऱ्याउने लक्ष्य छ। यसैगरी, युवाहरूलाई उद्यमशील, स्वावलम्बी तथा उत्पादनशील बनाउने, ऐतिहासिक सम्पदा र मौलिक भाषा, कला र संस्कृतिको जगेर्ना एवम् सम्बर्द्धन गरी सामाजिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धतामा वृद्धि भई सामाजिक क्षेत्रबाट प्रदेशको समतामूलक दिगो विकास र समृद्धिको आधार तयारीमा योगदान पुग्ने अपेक्षा छ।

यस आधार-पत्रले शहरीकरण र भौतिक पूर्वाधार विकासलाई परिपूरकको रूपमा लिएको छ। दुबैको समन्वयात्मक विकासले नै लगानीको उच्च प्रतिफल प्राप्त गर्न सकिने र आर्थिक विकासलाई गतिशील एवम् जीवन्त बनाउन सकिन्छ। भौतिक पूर्वाधारमा गरिने लगानी खर्चिलो र समय लाग्ने हुँदा गुणस्तरीय भौतिक पूर्वाधारको विकासद्वारा प्रादेशिक शहरी प्रणालीलाई सुदृढ र समृद्ध बनाउने सोच राखेको छ। यस आधार-पत्रले दीर्घकालीन प्रभाव पार्ने साङ्गठनिक तथा संस्थागत विकास र उच्च रणनीतिक महत्त्वका विषयहरूलाई उच्च प्राथमिकता दिएको छ।

क्षेत्रगत विषयहरूमध्ये शहरीकरणमा वृहत् काठमाण्डौ उपत्यकाको शहरी व्यवस्थापन र साना शहरको विकास; यातायातमा गुणस्तरीय सडक, तीव्र र माग सापेक्ष यातायात प्रणाली र संरचनाहरूको दिगो व्यवस्थापन; ऊर्जामा ग्रामीण प्रसारण लाइनको बिस्तार र बिद्युतमा सबैको पहुँच पुऱ्याउने कार्यलाई प्राथमिकता दिइएको छ। यसैगरी, सूचना तथा सञ्चार संरचनाको बिस्तार गरी सबै परिवारहरूको पहुँच; सिँचाइमा सिँचित जग्गाको क्षेत्रफलमा वृद्धि; आवासमा सुलभ आवास, सुविधायुक्त घडेरीको विकास र वहालयुक्त आवास तथा अनौपचारिक बसोबास क्षेत्रको व्यवस्थापन र खानेपानी, सरसफाइ र फोहोरमैला व्यवस्थापनमा क्षेत्रीय आधारभूत संरचनाको विकास र स्थानीय तहलाई सहजीकरण गर्ने कार्यमा विशेष जोड दिइएको छ। साथै, प्राकृतिक प्रकोप तथा मानव सिर्जित जोखिमबाट सुरक्षाको निम्ति एकीकृत मापदण्डको तर्जुमा र कार्यान्वयन; र लगानी, वित्त, जग्गा र संस्थागत व्यवस्थामा उच्च प्रतिफलयुक्त रणनीतिक पूर्वाधारमा लगानी, सहकार्य तथा साझेदारीमा आधारित वित्त परिचालन, उचित भूमि व्यवस्थापन, र चुस्त तथा व्यवसायिक संस्थागत विकासलाई केन्द्रमा राखिएको छ।

यस आधार-पत्रले वन तथा जलाधारलाई एकीकृत रूपमा लिएको छ। वैज्ञानिक वन व्यवस्थापन, वनपैदावारको यथेष्ट उपयोग, चुरे अतिक्रमणको नियन्त्रण, विपन्नलाई टेवा पुग्ने गरी वनमा आश्रित वैकल्पिक जीवनयापनका उपायहरूको बिस्तार र जोखिममा रहेका जलाधारहरूको संरक्षणलाई मुख्य जोड दिइएको छ। यसैगरी, शहरी वायुप्रदूषण नियन्त्रण, नदीहरूको परिस्थितिकीय प्रणालीको संरक्षण, फोहोरमैलाको पुनर्प्रयोग र व्यवस्थापन साथै यातायातमा विद्युतीय साधनको प्रयोगलाई महत्व दिइएको छ। जलवायु परिवर्तन अनुकूलन योजनाको कार्यान्वयन, पानीको मौजुदा श्रोत संरक्षण, जलवायुजन्य विपद्का असरहरूको न्यूनीकरण, जलवायु परिवर्तनले स्वास्थ्यमा ल्याउने समस्याको पहिचान तथा नियन्त्रण, कृषि तथा खाद्यान्न सुरक्षा र जलवायु कोषबाट हुने लाभको उपयोगमा जोड दिइएका अन्य विषयहरू हुन्। विपद् व्यवस्थापनका लागि कानुनी तथा संस्थागत व्यवस्था, विपद् पूर्वतयारी, जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य लगायत विपद् व्यवस्थापनका विविध पक्षहरूलाई समेट्ने एकीकृत नीतिगत व्यवस्थालाई प्राथमिकतामा राखिएको छ।

प्रदेशमा सुशासनको प्रत्याभूति दिन शासकीय कार्य प्रणालीलाई जनमुखी, पारदर्शी, प्रविधिमैत्री बनाउदै उपलव्ध स्रोत साधनको उच्चतम् उपयोग गरी सार्वजनिक प्रशासनलाई सक्षम र नतिजामुखी बनाउन योजना केन्द्रित छ। यसका निमित्त प्रदेशप्रति उत्तरदायी कर्मचारीतन्त्रको निर्माण, सदाचारको प्रवर्द्धन, सङ्गठनात्मक पुर्नसंरचनाद्वारा प्रदेशको आवश्यकता अनुसारको प्रशासनिक संरचनाको निर्माण, विद्युतीय कार्य प्रणालीको अवलम्बन, क्षमता विकास, कार्यविश्लेषणमा आधारित कार्यविवरणप्रति जिम्मेवार र उत्तरदायी कर्मचारीतन्त्र र गुणस्तरीय सेवाप्रवाह गर्न सक्षम सार्वजनिक प्रशासनको निर्माणलाई जोड दिइएको छ। प्रदेशको कार्यसम्पादनलाई स्वच्छ र पारदर्शी बनाउदै सार्वजनिक निकायबाट सूचनाको सहज र नियमित प्रवाहको व्यवस्था गर्ने, सञ्चार जगतको विकास र पहुँचमा अभिवृद्धि गरी सार्वजनिक सरोकारका सूचना तथा जानकारी आम नागरिक समक्ष विश्वसनीय प्रवाहको सुनिश्चितता गर्दै लोकतान्त्रिक प्रणालीलाई सदृढ गर्न प्रदेश योजना लक्षित छ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास), रोजगारी र गरिबी निवारणलाई बहु क्षेत्रगत र अन्तरसम्वन्धित विषयका रूपमा लिइएको छ। आर्थिक तथा सामाजिक रूपमा वञ्चितीकरणमा परेका र जोखिममा रहेका वर्ग, क्षेत्र, समुदाय, लिङ्ग र उमेर समूहका मुलभूत अधिकारहरू सुनिश्चित गर्न, सामाजिक, आर्थिक, राजनीतिक सशक्तीकरण एवम् आधारभूत मानवीय सेवा सुविधामा समावेशी पहुँचका लागि नैतिक तथा कानुनी रूपमा जवाफदेही शासन प्रणाली अपरिहार्य हुन्छ। यिनै उद्धेश्य प्राप्तिका लागि हरेक क्षेत्रमा लैससासमैत्री नीति, पद्धति, संस्थागत संयन्त्र, संस्थागत क्षमता र लक्षित वर्ग केन्द्रित कार्यक्रमहरूको एकीकृत कार्यान्वयन लगायत सामाजिक संरक्षण, समन्वय र सहकार्यका लागि रणनीति तय गरिएको छ।

बढ्दो श्रमयोग्य जनसङ्ख्यालाई यथेष्ट आयमूलक रोजगारीको सृजना गर्न वार्षिक करिब एक लाख पचास हजार थप रोजगारीका अवसर निजी र सहकारी क्षेत्रबाट बिस्तार हुनु आवश्यक छ। बजारको माग अनुरूप प्राविधिक सिप र दक्ष श्रमशक्तिको विकास, कृषिमा उद्यमशीलता र स्वरोजगारको बिस्तार, उद्योग र सेवामा नयाँ अवसरहरूको सृजना र बाहिरिने श्रमशक्तिको आयआर्जन क्षमतामा वृद्धि ल्याउनेतर्फ यो आधार-पत्र केन्द्रित छ।

गरिबी निवारणका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ। निरपेक्ष गरिबी र त्यसका कारकहरूको न्यूनीकरणतर्फ प्रदेशको सोच केन्द्रित छ। गरिब र सीमान्त गरिबको पहिचान गरी श्रोत र साधनमा उनीहरूको पहुँच बढाउने, उनीहरूको स्थानीय तहमा पहुँच स्थापित गर्न आवश्यक क्षमता अभिवृद्धि गर्ने, सार्वजनिक सेवा र विकासका काममा विपन्न वर्गको आयमूलक सहभागिता बढाउने, र भौगोलिक र समुदायगत गरिबी निवारणलाई विशेष जोड दिइएको छ। योजना अवधिमा आधार वर्षको तुलनामा गरिबी आधा घटने अपेक्षा गरिएको छ। जनताको भावनालाई प्रतिविम्वित गर्न योजनालाई यथार्थपरक, व्यवहारिक एवम् श्रोत, साधन र नतिजाहरूको श्रृङ्खलागत अन्तरसम्वन्ध स्थापित गर्न अनुगमन तथा मूल्याङ्कनलाई समुचित प्राथमिकता दिइएको छ।

# विषय सूची

**परिच्छेद एकः परिचय .............................................................. १ - १०**

१.१ पृष्ठभूमि ..................................................................................................१

१. संवैधानिक दिशानिर्देश ..........................................................................१

२. बदलिएको राजनैतिक परिवेश र प्रतिबद्धताहरू ..........................................२

३. विकासको बृहत् सन्दर्भ ..........................................................................३

४. प्रदेशको प्राकृतिक र जनसाङ्ख्यिक आधार ..............................................४

५. आधार-पत्र तर्जुमाका पक्ष र आधारहरू ...................................................६

१.२ आधार-पत्र निर्माणको प्रक्रिया र विधि ........................................................७

१.३ आधार-पत्र निर्माणको परिवेश र सीमाहरू ..................................................८

**परिच्छेद दुईः समष्टिगत सोच, लक्ष्य, लगानी र श्रोतको बाँडफाँड ........................ ११ - २४**

२.१ समष्टिगत सोच र लक्ष्य .........................................................................११

१. पृष्ठभूमि ..............................................................................................११

२. अवसर र चुनौती ....................................................................................११

३. दीर्घकालीन सोच ....................................................................................१३

४. लक्ष्य ..................................................................................................१३

५. उद्देश्य ................................................................................................१३

६. परिमाणात्मक लक्ष्य ...............................................................................१३

७. प्रदेशको आर्थिक विकास र समृद्धिको रणनीति ...........................................१४

२.२ आर्थिक वृद्धिदर र लगानी ........................................................................१५

१. आर्थिक वृद्धिदर ..... १९
२. सीमान्त पूँजी उत्पादन अनुपात र लगानी ..... २०
३. सार्वजनिक खर्च र व्यहोर्ने स्रोत ..... २२
४. प्रतिव्यक्ति आय ..... २४
**परिच्छेद तीनः प्रमुख आर्थिक क्षेत्र ..... २५ - ६०**
३.१ आर्थिक नीतिहरू ..... २५
१. पृष्ठभूमि ..... २५
२. वस्तुगत स्थिति ..... २५
३. समस्या र चुनौती ..... २५
४. अवसर ..... २६
५. दीर्घकालीन सोच ..... २६
६. लक्ष्य ..... २६
७. उद्देश्य ..... २७
८. रणनीति र कार्यानीति ..... २७
९. प्रमुख कार्यक्रमहरू ..... ३०
१०. अपेक्षित उपलब्धि ..... ३१
३.२ कृषि क्षेत्र ..... ३१
१. पृष्ठभूमि ..... ३१
२. वस्तुगत स्थिति ..... ३२
३. समस्या र चुनौती ..... ३३
४. अवसर ..... ३३
५. दीर्घकालीन सोच ..... ३४
६. लक्ष्य ..... ३४
७. उद्देश्य ..... ३४
८. रणनीति र कार्यनीति ..... ३५

९. प्रमुख कार्यक्रमहरू ..... ४०
१०. अपेक्षित उपलब्धि ..... ४०
३.३ उद्योग ..... ४१
१. पृष्ठभूमि ..... ४१
२. वस्तुगत स्थिति ..... ४१
३. समस्या र चुनौती ..... ४२
४. अवसर ..... ४२
५. दीर्घकालीन सोच ..... ४३
६. लक्ष्य ..... ४३
७. उद्देश्य ..... ४३
८. रणनीति र कार्यनीति ..... ४३
९. प्रमुख कार्यक्रमहरू ..... ४५
१०. अपेक्षित उपलब्धि ..... ४५
३.४ वाणिज्य तथा आपूर्ति क्षेत्र ..... ४६
१. पृष्ठभूमि ..... ४६
२. वस्तुगत स्थिति ..... ४६
३. समस्या र चुनौती ..... ४७
४. अवसर ..... ४७
५. दीर्घकालीन सोच ..... ४८
६. लक्ष्य ..... ४८
७. उद्देश्य ..... ४८
८. रणनीति र कार्यनीति ..... ४८
९. प्रमुख कार्यक्रमहरू ..... ४९
१०. अपेक्षित उपलब्धि ..... ४९
३.५ पर्यटन क्षेत्र ..... ५०

१. पृष्ठभूमि ........ ५०
२. वस्तुगत स्थिति ........ ५०
३. समस्या र चुनौती ........ ५१
४. अवसर ........ ५१
५. दीर्घकालीन सोच ........ ५२
६. लक्ष्य ........ ५२
७. उद्देश्य ........ ५२
८. रणनीति र कार्यनीति ........ ५२
९. प्रमुख कार्यक्रमहरू ........ ५४
१०. अपेक्षित उपलब्धि ........ ५५
३.६ सहकारी क्षेत्र ........ ५५
१. पृष्ठभूमि ........ ५५
२. वस्तुगत स्थिति ........ ५६
३. समस्या र चुनौती ........ ५६
४. अवसर ........ ५७
५. दीर्घकालीन सोच ........ ५७
६. लक्ष्य ........ ५७
७. उद्देश्य ........ ५७
८. रणनीति र कार्यनीति ........ ५८
९. प्रमुख कार्यक्रमहरू ........ ६०
१०. अपेक्षित उपलब्धि ........ ६०
**परिच्छेद चारः सामाजिक क्षेत्र ........ ६१ - ८६**
४.१ शिक्षा ........ ६१
१. पृष्ठभूमि ........ ६१
२. वस्तुगत स्थिति ........ ६१

३. समस्या र चुनौती ........ ६२
४. अवसर ........ ६३
५. दीर्घकालीन सोच ........ ६३
६. लक्ष्य ........ ६३
७. उद्देश्य ........ ६३
८. रणनीति र कार्यनीति ........ ६४
९. प्रमुख कार्यक्रमहरू ........ ६७
१०. अपेक्षित उपलब्धि ........ ६८
४.२ स्वास्थ्य तथा पोषण ........ ६८
१. पृष्ठभूमि ........ ६८
२. वस्तुगत स्थिति ........ ६९
३. समस्या र चुनौती ........ ७०
४. अवसर ........ ७१
५. दीर्घकालीन सोच ........ ७१
६. लक्ष्य ........ ७१
७. उद्देश्य ........ ७१
८. रणनीति र कार्यनीति ........ ७१
९. प्रमुख कार्यक्रमहरू ........ ७५
१०. अपेक्षित उपलब्धि ........ ७५
४.३ युवा तथा खेलकुद ........ ७६
१. पृष्ठभूमि ........ ७६
२. वस्तुगत स्थिति ........ ७६
३. समस्या र चुनौती ........ ७६
४. अवसर ........ ७७
५. दीर्घकालीन सोच ........ ७७

६. लक्ष्य ........ ७७
७. उद्देश्य ........ ७७
८. रणनीति र कार्यनीति ........ ७८
९. प्रमुख कार्यक्रमहरू ........ ८१
१०. अपेक्षित उपलब्धि ........ ८१
४.४ भाषा, संस्कृति र कला ........ ८१
१. पृष्ठभूमि ........ ८१
२. वस्तुगत स्थिति ........ ८२
३. समस्या र चुनौती ........ ८३
४. अवसर ........ ८३
५. दीर्घकालीन सोच ........ ८३
६. लक्ष्य ........ ८३
७. उद्देश्य ........ ८३
८. रणनीति र कार्यनीति ........ ८४
९. प्रमुख कार्यक्रमहरू ........ ८६
१०. अपेक्षित उपलब्धि ........ ८६
**परिच्छेद पाँचः शहरीकरण र पूर्वाधार विकास ........ ८७ - ११२**
१. पृष्ठभूमि ........ ८७
२. वस्तुगत स्थिति ........ ८८
अ. शहरीकरण ........ ८८
आ. भौतिक पूर्वाधार ........ ८९
३. समस्या र चुनौती ........ ९४
४. अवसर ........ ९४
५. दीर्घकालीन सोच ........ ९५
६. लक्ष्य ........ ९५

अ. शहरीकरण ........................................................................................................... ९५
आ. भौतिक पूर्वाधार ...................................................................................................... ९७
७. प्रमुख कार्यक्रमहरू ....................................................................................................... १०७
अ. शहरीकरण ........................................................................................................... १०७
आ. पूर्वाधार विकास ..................................................................................................... १०८
८. अपेक्षित उपलब्धि ..................................................................................................... ११२
**परिच्छेद छः वन, वातावरण र विपद् व्यवस्थापन** ........................................ ११३ - १३९
६.१ वन व्यवस्थापन तथा जलाधार संरक्षण ........................................................................ ११३
१. पृष्ठभूमि ............................................................................................................. ११३
२. वस्तुगत स्थिति ..................................................................................................... ११३
३. समस्या र चुनौती .................................................................................................. ११४
४. अवसर ................................................................................................................ ११५
५. दीर्घकालीन सोच ................................................................................................... ११६
६. लक्ष्य .................................................................................................................. ११६
७. उद्देश्य ................................................................................................................ ११६
८. रणनीति र कार्यनीति .............................................................................................. ११६
९. प्रमुख कार्यक्रमहरू .................................................................................................. १२०
१०. अपेक्षित उपलब्धि ................................................................................................ १२१
६.२ वातावरण प्रदूषण नियन्त्रण ..................................................................................... १२१
१. पृष्ठभूमि ............................................................................................................. १२१
२. वस्तुगत स्थिति ..................................................................................................... १२२
३. समस्या र चुनौती .................................................................................................. १२३
४. अवसर ................................................................................................................ १२४
५. दीर्घकालीन सोच ................................................................................................... १२४
६. लक्ष्य .................................................................................................................. १२४

७. उद्देश्य ........ १२४
८. रणनीति र कार्यनीति ........ १२४
९. प्रमुख कार्यक्रमहरू ........ १२७
१०. अपेक्षित उपलब्धि ........ १२८
६.३ जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण ........ १२८
१. पृष्ठभूमि ........ १२८
२. वस्तुगत स्थिति ........ १२९
३. समस्या र चुनौती ........ १२९
४. अवसर ........ १३०
५. दीर्घकालीन सोच ........ १३०
६. लक्ष्य ........ १३०
७. उद्देश्य ........ १३०
८. रणनीति र कार्यनीति ........ १३१
९. प्रमुख कार्यक्रमहरू ........ १३३
१०. अपेक्षित उपलब्धि ........ १३३
६.४ विपद् जोखिम व्यवस्थापन ........ १३४
१. पृष्ठभूमि ........ १३४
२. वस्तुगत स्थिति ........ १३४
३. समस्या र चुनौती ........ १३५
४. अवसर ........ १३५
५. दीर्घकालीन सोच ........ १३६
६. लक्ष्य ........ १३६
७. उद्देश्य ........ १३६
८. रणनीति र कार्यनीति ........ १३६
९. प्रमुख कार्यक्रमहरू ........ १३८

प्रदेश आफैले गर्ने ........ १३८

स्थानीय तहलाई सहजीकरण गर्ने ........ १३८

१०. अपेक्षित उपलब्धि ........ १३९

**परिच्छेद सातः अन्तरसम्बन्धित क्षेत्र ........ १४० - १७८**

७.१ लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा र संरक्षण ........ १४०

१. पृष्ठभूमि ........ १४०

२. वस्तुगत स्थिति ........ १४०

३. समस्या र चुनौती ........ १४१

४. अवसर ........ १४२

५. दीर्घकालीन सोच ........ १४२

६. लक्ष्य ........ १४२

७. उद्देश्य ........ १४२

८. रणनीति र कार्यनीति ........ १४३

९. प्रमुख कार्यक्रमहरू ........ १४६

१०. अपेक्षित उपलब्धि ........ १४७

७.२ श्रम तथा रोजगार ........ १४७

१. पृष्ठभूमि ........ १४७

२. वस्तुगत स्थिति ........ १४८

३. समस्या र चुनौती ........ १४८

४. अवसर ........ १४९

५. दीर्घकालीन सोच ........ १४९

६. लक्ष्य ........ १४९

७. उद्देश्य ........ १४९

८. रणनीति र कार्यनीति ........ १४९

९. प्रमुख कार्यक्रमहरू ........ १५१

१०.	अपेक्षित उपलब्धि .......... १५१
७.३	गरिबी निवारण .......... १५२
१. पृष्ठभूमि .......... १५२
२. वस्तुगत स्थिति .......... १५२
३. समस्या र चुनौती .......... १५३
४. अवसर .......... १५३
५. दीर्घकालीन सोच .......... १५३
६. लक्ष्य .......... १५३
७. उद्देश्य .......... १५३
८. रणनीति र कार्यनीति .......... १५४
९. प्रमुख कार्यक्रमहरू .......... १५६
१०.	अपेक्षित उपलब्धि .......... १५७
७.४	सुशासन .......... १५७
१. पृष्ठभूमि .......... १५७
२. वस्तुगत स्थिति .......... १५८
३. समस्या र चुनौती .......... १५८
४. अवसर .......... १५८
५. दीर्घकालीन सोच .......... १५९
६. लक्ष्य .......... १५९
७. उद्देश्य .......... १५९
८. रणनीति र कार्यनीति .......... १५९
९. प्रमुख कार्यक्रमहरू .......... १६४
१०.	अपेक्षित उपलब्धि .......... १६४
७.५	सूचना तथा सञ्चार .......... १६५
१. पृष्ठभूमि .......... १६५

२. वस्तुगत स्थिति ........ १६५
३. समस्या र चुनौती ........ १६६
४. अवसर ........ १६६
५. दीर्घकालीन सोच ........ १६६
६. लक्ष्य ........ १६६
७. उद्देश्य ........ १६६
८. रणनीति र कार्यनीति ........ १६७
९. प्रमुख कार्यक्रमहरू ........ १६८
१०. अपेक्षित उपलव्धि ........ १६८
७.६ विज्ञान तथा प्रविधि ........ १६८
१. पृष्ठभूमि ........ १६८
२. वस्तुगत स्थिति ........ १६८
३. समस्या र चुनौती ........ १६९
४. अवसर ........ १६९
५. दीर्घकालीन सोच ........ १७०
६. लक्ष्य ........ १७०
७. उद्देश्य ........ १७०
८. रणनीति र कार्यनीति ........ १७०
९. प्रमुख कार्यक्रमहरू ........ १७२
१०. अपेक्षित उपलब्धि ........ १७३
७.७ तथ्याङ्क प्रणाली, योजना प्रक्रिया एवम् अनुसन्धान ........ १७३
१. पृष्ठभूमि ........ १७३
२. वस्तुगत स्थिति ........ १७४
३. समस्या र चुनौती ........ १७४
४. अवसर ........ १७४

५. दीर्घकालीन सोच ........ १७५
६. क्षेत्रगत लक्ष्य ........ १७५
७. उद्देश्य ........ १७५
८. रणनीति र कार्यनीति ........ १७५
९. प्रमुख कार्यक्रमहरू ........ १७८
१०. अपेक्षित उपलब्धि ........ १७८

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमि

### १. संवैधानिक दिशानिर्देश

नेपालको संविधानले सबै किसिमका विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्दै दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा राखेको छ।

संविधानले केन्द्रीकृत एकात्मक शासन प्रणालीलाई विकेन्द्रीकृत गरी संघीय ढाँचामा रूपान्तरित गरेको छ। नेपालको शासकीय परम्परामा यो राजनैतिक, प्रशासनिक र वित्तीय शक्तिको युगान्तकारी निक्षेपण हो। संविधानले संघ, प्रदेश र स्थानीय तह गरी एकल र साझा अधिकारसहितका तीन तहको सरकारको व्यवस्था गरेको छ। तीन तहका सरकारको सम्बन्ध सहकारीता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था संविधानमा स्पष्ट उल्लेख छ।

संविधानले नागरिकका मौलिक हकहरूको सुनिश्चितता गर्नुका साथै राज्य सञ्चालनका निर्देशक सिद्धान्त र विषय र क्षेत्रगत नीतिहरूको व्यवस्थासमेत गरेको छ। लोककल्याणकारी राज्यव्यवस्थाको स्थापना र शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र, तथा उन्नतशील बनाउदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको उद्देश्य रहेको छ। संविधानको विकाससम्बन्धी नीतिले सन्तुलित र समावेशी आर्थिक विकास, विकासका दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथमिकता, गुणस्तरीय तथा दिगो भौतिक पूर्वाधारको विकास, विपन्न नागरिकलाई प्राथमिकता दिंदै विकासको प्रतिफलको न्यायोचित वितरणको व्यवस्था गर्न मार्गनिर्देश गरेको छ। संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत् राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्नसमेत निर्देशित गरेको छ।

संविधानको अनुसूची ५, ६ र ८ मा संघ, प्रदेश र स्थानीय तहको एकल अधिकारको कार्य क्षेत्र, अनुसूची ७ मा संघ र प्रदेशको अधिकारको साझा सूची र अनुसूची ९ मा तीनै तहका सरकारहरूको साझा अधिकारको सूची उल्लेखित छन्। संघीय मन्त्रिपरिषद्ले संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार सूचीको थप विस्तृतीकरण गरेको छ। सोही आधारमा प्रदेश सरकार मन्त्रिपरिषद्को कार्यविभाजन नियमावलीसमेत पारित भएको छ।

संविधान बमोजिम प्रदेश सरकारले प्रदेशको शान्ति सुरक्षा लगायत क्षेत्रगत नीति, योजना र कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन आदि कार्य गर्ने र तोकिएका कर र शुल्क उठाउने अधिकार

राख्दछ। संविधानले संघीय सरकारले सङ्कलन गरेको राजस्व संघ, प्रदेश र स्थानीय तहमा न्यायोचित वितरण र हस्तान्तरण गर्न एउटा बेग्लै र स्वायत्त "राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्तीय आयोग" को व्यवस्था गरेको छ। आयोगको सिफारिसमा राष्ट्रिय नीति र आवश्यकता, स्थानीय तहले पुऱ्याउनुपर्ने सेवा, राजस्व उठाउने सम्भाव्यता र क्षमता, विकास निर्माणमा गर्नुपर्ने सहयोग, प्रादेशिक असन्तुलन घटाउन र गरिबी र असमानता न्यूनीकरण गर्नका निम्ति आवश्यक श्रोत र साधनलाईसमेत ध्यानमा राखी केन्द्रबाट सोझै प्रदेश र स्थानीय तहमा चार किसिमका अनुदानसहितको वित्तीय हस्तान्तरण गर्ने व्यवस्था छ। केन्द्रबाट प्रदेश र स्थानीय तहमा समानीकरण अनुदान, ससर्त अनुदान, परिपूरक अनुदान र विशेष अनुदान गरी चार किसिमका अनुदान दिने व्यवस्था छ। त्यसैगरी, प्रदेशले पनि स्थानीय तहलाई अनुदान दिने व्यवस्था संविधानमा छ।

संविधान बमोजिम प्रदेश सरकारले प्रदेशको विकासको दीर्घकालीन सोच र योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्दछ। यसैगरी, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले प्रदेश सरकारले सार्वजनिक खर्चको विवरण प्रस्तुत गर्दा तीन आर्थिक वर्षको प्रक्षेपणसहितको मध्यकालीन खर्च संरचनासमेत तर्जुमा गर्न अनिवार्य व्यवस्था गरेको छ। यस परिप्रेक्षमा, प्रदेश सरकारले पहिलो आवधिक योजनाको आधार-पत्र तर्जुमा गरेको छ।

## २. बदलिएको राजनैतिक परिवेश र प्रतिबद्धताहरू

संघीय संरचना अनुरूप भएको पहिलो निर्वाचनबाट निर्वाचित वर्तमान प्रदेश सरकारका लागि संविधान बमोजिम समाजवाद उन्मुख जनमुखी आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका दिशामा अघि बढ्ने यो एउटा ऐतिहासिक अवसर हो। राष्ट्रिय तहमा लामो समयदेखिको राजनैतिक अन्योलको अन्त्य भएको छ। तीव्र र समावेशी आर्थिक विकास र सामाजिक न्यायसहितको "**समृद्ध नेपाल; सुखी नेपाली**" को नारालाई व्यवहारमा क्रमशः रूपान्तरित गर्दै जाने कार्य नै प्रदेश सरकारको एकमात्र प्राथमिक एजेण्डा रहेको छ। निर्वाचनको क्रममा जनतासँग गरिएका प्रतिबद्धताहरू पूरा गर्नु प्रदेश सरकारको दायित्व भएकोले यस आधार-पत्रमा तीनै प्रतिबद्धताहरूलाई व्यवहारिक कार्यान्वयनको बाटोतिर लैजाने प्रयत्न गरिएको छ। यसका साथै, सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्ने नेपालको प्रतिबद्धतालाई प्रदेशको तहमा आत्मसात र स्थानीयकरण गर्ने प्रयास गरिएको छ।

प्रदेशबाट निरक्षरता उन्मूलन गर्ने, आधारभूत शिक्षालाई निःशुल्क र सर्वव्यापी बनाउने, प्राविधिक र व्यवसायिक शिक्षामा सबैको पहुँच बढाउने; आधारभूत स्वास्थ्य सेवालाई समावेशी, सुलभ, निःशुल्क र गुणस्तरीय तुल्याउने; स्तरीय शहरी पूर्वाधार र अन्तरजिल्ला सडक सञ्जाललाई स्तरीकरण गर्ने; आधारभूत खाद्यान्नमा आत्मनिर्भर हुने, प्राङ्गारिक खेतीको प्रवर्द्धन गर्ने; आधुनिक औद्योगिक क्षेत्रको

निर्माण गर्ने; ठूला तथा मध्यम खालका जलबिद्युत आयोजनाहरूको बिस्तार गर्ने; प्राकृतिक, जैविक, सांस्कृतिक, ऐतिहासिक पर्यटकीय स्थलको संरक्षण गर्ने र विद्यमान पर्यटकीय क्षेत्रहरूको प्रवर्धनको साथसाथै नयाँ पर्यटकीय गन्तव्यहरूको बिस्तार गर्ने; चुरे क्षेत्रको संरक्षण गर्ने, वन र त्यसको जैविक विविधताको संरक्षण हुनेगरी वनमा आधारित उद्यमहरूको बिस्तार गर्ने र समुदायमा आधारित वन व्यवस्थापनका साथै पर्यावरणको संरक्षण र प्रवर्द्धन गर्ने; उत्पादन, सेवा र वितरणमा सहकारीको संलग्नता वृद्धि गर्ने; प्राविधिक युवा जनशक्तिको विकास गर्ने, अनुसन्धान र सूचना प्रविधिमा मानव संसाधन विकास गर्ने; प्रादेशिक मार्गचित्रसहितको शहरी र ग्रामीण विकासलाई निजी क्षेत्रसमेतको संलग्नतामा प्रोत्साहन गर्ने लगायतका प्रतिबद्धताहरू निर्वाचनमा सहभागी राजनीतिक दलहरूको चुनावी घोषणापत्रमा समावेश छन्।

माथिका प्रतिबद्धताहरूको अन्तर्यमा निरपेक्ष गरिबीलाई न्यूनतम विन्दुमा पुऱ्याउनुका साथै, रोजगारीको प्रवर्द्धन, वातावरण मैत्री पूर्वाधार, पर्यटन, औद्योगिक र कृषि विकास, साना-मझौला उद्यम, विशिष्टीकृत सेवा र मानव संसाधन विकासजस्ता प्रदेशका तुलनात्मक लाभका क्षेत्रहरूको प्रवर्द्धन र बिस्तार र संविधानले प्रत्याभूत गरेका आधारभूत स्वास्थ्य र शिक्षा तथा अन्य सामाजिक सेवामा सबैको सहज पहुँचका साथै लैङ्गिक समानता र सामाजिक समावेशिताको सिद्धान्तलाई व्यवहारमा कार्यान्वयन गर्नेजस्ता विषयहरू रहेकाले यी विषयलाईसमेत समावेश गरिएको छ।

## ३. विकासको बृहत् सन्दर्भ

विगत दशकहरूमा नेपालको आर्थिक वृद्धि दर अपेक्षाकृत कम रहेको र गएको २ दशकमा सरदर ४ प्रतिशत छ। यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य र व्यापार क्षेत्रको योगदानमा तीव्र वृद्धि देखिएको छ भने कृषि र उद्योगको अर्थतन्त्रमा योगदान घटेको छ। देशको स्थलीय अर्थतन्त्रमा जनसाङ्ख्यिक लाभको स्थितिले गर्दा आश्रित जनसङ्ख्याको तुलनामा श्रम-सक्षम जनसङ्ख्याको अनुपात बढेको छ। जनसाङ्ख्यिक सङ्क्रमण लगायतका अन्य कारणले केही पहाडी जिल्लाहरूको जनसङ्ख्या घटेको छ। तर, कृषि क्षेत्रबाट बाहिरिएको श्रम शक्तिको तुलनामा रोजगारीको बिस्तार भएको छैन। यसको प्रभाव बसाइँसराइको प्रवृत्तिमा देखिएको छ। पारम्परिक आन्तरिक (खास गरी पहाडबाट तराईतिरको) बसाइँसराइको गति घटेको छैन। सेवा, सुरक्षा र रोजगारीको खोजीमा शहर केन्द्रित बसाइँसराइ बढेको छ। संस्थागत सकृयताको अभावमा अनियन्त्रित भू-उपयोग र योजनाविहीन शहरीकरण अपवादभन्दा प्रवृत्तिका रूपमा देखापरेको छ। देशभित्र रोजगारी सिर्जना नहुँदा श्रम रोजगारीको खोजीमा वाह्य बसाइँसराइको गन्तव्य फेरिएको छ। यसको गति तीव्र छ। बढ्दो यातायातको सञ्जालले सेवा, उपभोग र जनसङ्ख्याको गतिशीलता बढाएको छ। बढ्दो उपभोग र मागले आयात बढाएको छ। तर

निर्यातको स्थितिमा सुधार र आयात प्रतिस्थापनमा तीब्रता आउन सकेको छैन। विगत दशकमा नेपालका दुबै छिमेकीहरूको आर्थिक वृद्धि सापेक्षिक तीब्र रहेको छ तर त्यसको निर्यात व्यापारको बिस्तार, प्रतिस्पर्धात्मक लाभ हुने औद्योगिकीकरणबाट फाइदा लिन सकिने स्थिति बनाउनु चुनौतीपूर्ण छ।

जनसाङ्ख्यिक लाभको अवस्था अर्को साढे दुई दशक मात्र रहने देखिन्छ। त्यसको फाइदा लिने समय सीमित छ। पहाडी सम्पदाको (जलश्रोत, जैविक विविधता, पर्यटन, स्थल विशेषका विशिष्टीकृत खेती, जडिबुटी, वन, खानी आदि) विकासमा देखिएको जटिलताको कारण पहाडमै जनसङ्ख्या आकर्षित हुने आधार बनिसकेको छैन। उक्त आधार नबनेसम्म पहाडी र ग्रामीण क्षेत्रबाट अन्यत्र हुने बसाईँसराईको गतिलाई रोक्न सकिंदैन। गुणस्तरीय पूर्वाधार, सबल ग्रामीण र शहरी अन्तरसम्बन्ध, नियोजित शहरी बिस्तार र गैरकृषि उत्पादनशील रोजगारीको सिर्जनाजस्ता आधारले शहरीकरणको बढ्दो प्रवृत्तिलाई मार्गदर्शन गर्न सकिन्छ। विकासको यो व्यापक सन्दर्भले प्रदेशका चुनौती र सम्भावनालाई पनि प्रतिबिम्बित गर्छ। प्रदेश विकासको उद्देश्य जनसाङ्ख्यिक लाभको फाइदा लिने, बसाईँसराईको प्रवृत्तिलाई प्रभावित गर्ने र शहरीकरण र रोजगारीको बिस्तारलाई सकारात्मक दिशामा निर्देशित गर्ने सक्नुपर्छ। यो आधार-पत्र सोही दिशातर्फ उन्मुख छ।

राष्ट्रिय योजना आयोगको नेपालको दीर्घकालीन सोच, २१०० (सन् २०४३)को अवधारणापत्रले "समृद्ध नेपाल; सुखी नेपाली" को राष्ट्रिय सोच लिएर "समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्रसहितको सघन अन्तरआवद्धता तथा उच्च उत्पादकत्व भएको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित र उच्च जीवनस्तर भएका सुखी नागरिक वसोवास गर्ने मुलुक" को परिकल्पना गरेको छ। उक्त अवधारणापत्रले राज्यको नेतृत्दायी भूमिका, निजी, सहकारी र सामुदायिक क्षेत्रको सवलीकरण, अर्थतन्त्रको औपचारिकीकरण तथा प्रादेशिक र स्थानीय अर्थतन्त्रको विकासमा जोड दिएको छ। उक्त अवधारणापत्र अनुसार गुणस्तरीय स्वास्थ्य सेवा, प्राविधिक तथा जीवनोपयोगी शिक्षा; उत्पादन, व्यापार र सेवा प्रवाह केन्द्रित आधुनिक पूर्वाधार र दिगो शहर र बस्ती विकास, कृषिको व्यवसायीकरण, उद्योग र सेवामा उच्च प्रविधिको प्रयोग; उत्पादनशील समतामूलक रोजगारी र सामाजिक सुरक्षाको प्रत्याभूति; लैङ्गिक समानता र सांस्कृतिक पूँजीको संबर्धन; प्राकृतिक श्रोतको संरक्षण र विपद् तथा जलवायु परिवर्तन उत्थानशील उत्पादन तथा जनजीविकाको प्रवर्द्धन; तथा उत्तरदायी, कुशल र पारदर्शी सार्वजनिक सेवा प्रवाह राष्ट्रिय विकास रणनीतिका मुख्य प्राथमिकता हुन्। निश्चय पनि, राष्ट्रिय तहको दीर्घकालीन सोचले प्रदेशको विकासको सोचलाई मार्गनिर्देश गर्छ।

## ४. प्रदेशको प्राकृतिक र जनसाङ्ख्यिक आधार

यस प्रदेशले नेपालको मध्य हिमाली, काठमाण्डौ उपत्यकासहित पहाडी र भित्री मधेश गरी

देशको करिब १४ प्रतिशत भूभाग र २१ प्रतिशत जनसङ्ख्या समेट्छ। प्रदेशको ४५ प्रतिशत जनसङ्ख्या काठमाण्डौ उपत्यका, २६ प्रतिशत भित्री मधेश, १८ प्रतिशत पहाड र ११ प्रतिशत हिमाली क्षेत्रमा वसोबास गर्छन्। क्षेत्रफलका हिसाबले उपत्यकामा ४ प्रतिशत, भित्री मधेशमा १९ प्रतिशत, पहाडमा ३९ प्रतिशत र हिमाली भेगमा ३७ प्रतिशत पर्छ। भौगोलिक क्षेत्र अनुसार जनसङ्ख्या वितरणमा ठूलो विषमता छ। काठमाण्डौ उपत्यका नेपालकै सबैभन्दा घना वसोवास भएको क्षेत्र हो। उपत्यकाको जनघनत्च २८०० जना प्रतिवर्ग किलोमीटर छ भने हिमाली भेग र पहाडको जनघनत्व क्रमशः ७४ १८२ जना प्रतिवर्ग किलोमीटर छ।

भू-क्षमताका हिसाबले अब्बल कृषियोग्य जग्गा करिब १० प्रतिवर्ग किलोमीटर मात्र (मुख्यत भित्री मधेशमा) र मध्यम करिब २४ प्रतिवर्ग किलोमीटर छ। कृषिका निम्ति अनुपयुक्त जग्गाको अनुपात ठूलो छ। भू-उपयोगका दृष्टिले २४ प्रतिवर्ग किलोमीटर खेतीमा र ५४ प्रतिवर्ग किलोमीटर जति वनले ढाकेको छ। समग्रमा प्राकृतिक पर्यावरणीय स्थिति अनुकूल भएर पनि खास गरेर चुरे र शहरी क्षेत्रहरूमा पर्यावरणको क्षयीकरण र प्रदूषण बढेको देखिन्छ।

सन् २००१ र २०११ काबीच प्रदेशका १३ जिल्लामध्ये काठमाण्डौ उपत्यका र भित्री मधेशका सिन्धुली, चितवन र मकवानपुर गरी ६ जिल्ला बाहेक अन्य ७ जिल्लामा जनसङ्ख्या वृद्धि दर ऋणात्मक छ। प्रदेशमा जनसङ्ख्याको औसत वार्षिक वृद्धि १.९१ प्रतिशत अर्थात राष्ट्रिय वृद्धिदर (१.३५ प्रतिशत)भन्दा बढी छ। तीब्र शहरीकरणका कारण सबैभन्दा बढी जनसङ्ख्या वृद्धि काडमाण्डौं उपत्यकामा छ। वाह्य बसाइँसराइका कारण पहाड र हिमालका सबै जिल्लामा जनसङ्ख्या घटेको देखिन्छ। सन् २०११ मा ६ महिनाभन्दा बढी अनुपस्थित अर्थात वाह्य बसाइँसराइमा संलग्न जनसङ्ख्या प्रदेशको जनसङ्ख्याको ५.६ प्रतिशत मात्र देखिन्छ जुन नेपालको औसत (७.२ प्रतिशत)भन्दा कम हो। प्रदेशको जम्मा ३ लाख १२ हजार वाह्य बसाइँसराइमा संलग्नमध्ये काठमाण्डौं उपत्यकाको हिस्सा झण्डै ४० प्रतिशत छ। तत्पश्चात सबै पर्वतीय जिल्ला र खासगरी चितवन, सिन्धुपाल्चोक र धादिङको वाह्य बसाइँसराइ बढी रहेको छ। उनीहरूमध्ये अधिकांशको गन्तव्य खाडी मुलुकहरू रहेका छन्। प्रदेशका जिल्लामा आन्तरिक बसाइँसराइको प्रकृया पनि तीब्र छ। बसाइँसराइबाट सबैभन्दा बढी लाभ तीब्र शहरीकरण भइरहेका काठमाण्डौ उपत्यका र चितवनलाई भएको देखिन्छ। सन् २०११ को जनगणना अनुसार काठमाण्डौ र चितवन उपत्यकामा नै बसाइँसराइ केन्द्रित छ। काठमाण्डौ उपत्यकाका ५ नगरपालिकामा जिल्ला बाहिर जन्मेको जनसङ्ख्याको अनुपात ४४ प्रतिशत रहेको देखिन्छ। उक्त अनुपात काठमाण्डौ महानगरपालिकामा ४८ प्रतिशत र भरतपुरमा ४४ प्रतिशत छ। यसले गाउँबाट शहरतिरको बसाइँसराइको गति बढ्दो रहेको देखाउँछ।

जातीय वितरणका हिसाबले प्रदेशमा वाहुल्यमा रहेका जातजातिहरू तामाङ (२० प्रतिशत), बाहुन (१८ प्रतिशत), क्षत्री (१७ प्रतिशत), र नेवार (१७ प्रतिशत) हुन्। यी बाहेक प्रदेशको जनसङ्ख्याको १ प्रतिशतभन्दा बढी रहेका ६ जातजातिमा दलित, मगर, गुरूङ, थारू, राई र चेपाङ पर्दछन्। समग्रमा यो प्रदेशमा जनजातिहरू बहुसङ्ख्यामा रहेका छन्। तामाङहरू मुख्यतः महाभारत क्षेत्र, पहाडी र हिमाली भेगमा वसोवास गर्छन् भने नेवारहरू काठमाण्डौ उपत्यका र अन्य शहरी क्षेत्रमा, थारू चितवन उपत्यका र चेपाङ मकवानपुर, चितवन र धादिङको महाभारत क्षेत्रमा र अन्य जनजातिहरू आ-आफ्ना पारम्परिक थातथलाहरूमा रहेका छन्। प्रदेशमा कुल ११६ जात-जातिको उपस्थिति छ।जातिगत विविधता भाषामा पनि देखिन्छ। यस प्रदेशमा मातृभाषा नेपाली भएकाको सङ्ख्या सबैभन्दा बढी (५७.४ प्रतिशत) रहेको छ। यसैगरी, तामाङ भाषा (१८.३ प्रतिशत) दोस्रो र नेवारी भाषा (१२.३ प्रतिशत) तेस्रो स्थानमा रहेका छन्। यस प्रदेशमा जम्मा ८८ वटा मातृभाषाहरू रहेका छन्। समावेशिताका माध्यमबाट जातीय र सांस्कृतिक विविधताको प्रतिनिधिपूर्ण सम्मान गर्नु र विभेदको व्यवस्थापन गर्नु विकासको महत्वपूर्ण पाटोका रूपमा रहेको छ।

## ५. आधार-पत्र तर्जुमाका पक्ष र आधारहरू

नेपालको संविधानले प्रदेश सरकारलाई प्रदेशको विकासको प्रमुख वाहकका रूपमा स्थापित गरेको छ। यसका चार महत्वपूर्ण पक्ष छन्। पहिलो, प्रदेशको आफ्नै अधिकार र दायित्वभित्र पर्ने विकासका विषयहरू। यी विषयहरूले प्रदेशको योजनाको प्राथमिकता निर्धारण गर्छन्। दोश्रो, प्रदेशलाई प्रभाव पार्ने संघीय नीति, योजना र कार्यक्रम र प्रदेशको योजना बारे मार्गनिर्देश। संघीय सरकारले अनुमोदन गरेका सबै दीर्घकालीन क्षेत्रगत योजना र रणनीति र तिनले प्रदेशका नीति, योजना र कार्यक्रममा पार्न सक्ने प्रभावका साथै प्रदेशका प्राथमिकतालाई संघले गर्ने सहजीकरणका क्षेत्रहरू। तेश्रो, स्थानीय तहको विकासमा प्रदेशले गर्नुपर्ने सहजीकरण। स्थानीय तहले आफ्नो विकासका योजना तर्जुमा आफै गर्छन् तर उनीहरूको विकासका कतिपय पक्षमा मार्गनिर्देश गर्ने र सहजीकरण गर्ने दायित्व प्रदेशको हुन्छ। प्रदेशको विकासको रणनीतिले स्थानीय तहको विकासका धेरै पक्षलाई प्रभावित गर्ने हुनाले यस्तो सहजीकरणको महत्व ठूलो हुनसक्छ।

चौथो, नेपालले अनुमोदन गरेका विकाससम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई पनि प्रदेशको आवधिक विकास योजनाले आत्मसात गर्ने मात्र हैन स्थानीयकरण (लोकलाइजेसन)समेत गर्नुपर्ने हुन्छ। यीमध्ये प्रमुख दिगो विकास लक्ष्यप्रतिको प्रतिबद्धता हो। दिगो विकास लक्ष्यका १७ लक्ष्यहरू विश्वव्यापी र सन् २०३० सम्ममा सबै देश, सबै क्षेत्र अनि समुदायहरूले हासिल गर्ने प्रतिबद्धता जनाएका लक्ष्यहरू हुन्। नेपालले राष्ट्रिय तहमा यी लक्ष्यहरूका लक्ष्याङ्क (टारजेट) र सूचक (इन्डीकेटर)हरूको मोटामोटी

रूपरेखा र मार्गचित्र र ती हासिल गर्नका निम्ति आवश्यक श्रोत-साधनकोसमेत प्रारम्भिक लेखाजोखा गरेको छ। यसरी दिगो विकास लक्ष्यका १७ लक्ष्यमध्ये नेपालका निम्ति सान्दर्भिक कुल १६ लक्ष्यका जम्मा ११६ लक्ष्याङ्क र तिनका ३०२ सूचकहरू राष्ट्रिय योजना आयोगद्वारा प्रस्ताव गरिएका छन्।

यी लक्ष्य, लक्ष्याङ्क र सूचकहरूलाई प्रदेशको बहुपक्षीय सन्दर्भमा आँकलन गरेर प्रदेश र स्थानीय तहमा स्थानीयकरण गर्ने रूपरेखा र विधिसमेत प्रदेशको आवधिक योजनाले आत्मसात गर्नुपर्ने अवस्था छ। यसरी मात्र दिगो विकास लक्ष्यहरू प्रदेशको विकास योजना र अपेक्षित उपलब्धि र अनुगमनका अभिन्न अङ्ग बन्न सक्छन्। प्रदेश तहमा गरिने यस्तो अभ्यासले राष्ट्रिय आवधिक लक्ष्य, लक्ष्याङ्क र सूचकहरूलाई परिमार्जन गर्न र क्रमिक रूपमा दिगो विकास लक्ष्यहरूका अपेक्षित उपलब्धि हासिल गर्न सम्भव हुन सक्छ।

संक्षेपमा, संविधानका निर्देशक सिद्धान्त र नीतिहरू, संघीय मन्त्रिपरिषदबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार सूचीको कार्य विस्तृतीकरण, राष्ट्रिय योजना आयोगको "समृद्ध नेपाल, सुखी नेपाली"को लागि नेपालको दीर्घकालीन सोच, २१०० (सन् २०४३), दिगो विकास लक्ष्य र यी सबैमा अन्तर्निहित समावेशीकरण, लैङ्गिक समता, सामाजिक विभेद र वञ्चितिको अन्त्य, वातावरणीय सन्तुलन, हरित विकास, विकासमा क्षेत्रीय सन्तुलन, दिगो र सहभागितात्मक विकास, सुशासन आदि पक्षहरूलाई यो आवधिक योजनाको आधार-पत्रको प्रारूप तर्जुमाका आधारहरूका रूपमा अङ्गिकार गरिएको छ। साथै प्रदेश सरकारको ०७५/७६ को नीति तथा कार्यक्रम र बजेट वक्तव्य र प्रदेशमा जारी भएका ऐन, कानुन, नियम र निर्देशिकाहरूलाई पनि आधारका रूपमा लिइएको छ।

## १.२ आधार-पत्र निर्माणको प्रक्रिया र विधि

आधार-पत्र तर्जुमाका लागि तीन तहका प्रक्रिया अवलम्बन गरिएको छ। सर्वप्रथम, आवधिक योजनाको आधार-पत्रको रूपरेखाको प्रस्ताव र त्यसको परिमार्जन र अभिमुखीकरण गरिएको थियो। यस चरणमा प्रदेश मन्त्रिपरिषद् र प्रदेश संसदका सभामुख र विषयगत समितिका सभापति र सांसद तथा मन्त्रालयका सचिवहरूलाई आधार-पत्र निर्माणको अवधारणा र प्रारम्भिक रूपरेखासहितको कार्यपत्रको प्रस्तुति र अभिमुखीकरण गरिएको थियो। उक्त कार्यक्रमहरूबाट प्राप्त सुझावहरूका आधारमा आधार-पत्रको रूपरेखाको सामान्य परिमार्जन गरिएको थियो। दोश्रो चरणमा, विषयगत मन्त्रालयहरूमा आधार-पत्र निर्माणको अभिमुखीकरण र प्रारम्भिक बनाउने काम गरिएको थियो। यसले आधार-पत्र तर्जुमामा मन्त्रालयहरूको संलग्नता सुनिश्चित गर्न र भइरहेको सोचलाई आत्मसात गर्न मद्दत पुगेको छ। तेश्रो चरणमा, प्रदेश नीति तथा योजना आयोगबाट प्रकाशित प्रदेशको वस्तुस्थिति विवरणमा समावेश गरिएका र अन्य श्रोतबाट उपलव्ध तथ्याङ्कको अध्ययनका आधारमा समष्टि र क्षेत्रगत वस्तुगत स्थिति, समस्या,

अवसर र चुनौतीहरूको प्रारम्भिक विश्लेषण र रणनीतिक महत्वका विषयहरूको पहिचान गरिएको थियो। यी तीन चरणबाट प्राप्त सूचना र सुझावहरूका आधारमा आधार-पत्रको रूपरेखालाई आवश्यक परिमार्जन गरी विज्ञहरू, विशेषज्ञता राख्ने संघीय र अन्य तहका पदाधिकारीहरू र स्वतन्त्र विशेषज्ञहरूको राय र पृष्ठपोषण प्राप्त गर्न हेटौंडामा सोच निर्माण कार्याशालाको आयोजना गरी प्रस्तुत गरिएको थियो। उक्त कार्यशालाबाट प्रदेशको विकासको समष्टि र क्षेत्रगत सोच, उद्देश्य र लक्ष्यहरूको निर्धारण गर्नका लागि सुझावहरू प्राप्त भएका थिए। उक्त कार्यशालामा माननीय मुख्यमन्त्री तथा मन्त्रीहरू, माननीय सांसदहरू, मन्त्रालयका सचिवहरू तथा कर्मचारीहरू, स्थानीय तहका पदाधिकारीहरू तथा निजी क्षेत्र र नागरिक समाज लगायतका प्रतिनिधिहरूको उपस्थिति थियो। प्रदेशको सबै जिल्लाहरूको सहभागिता हुनेगरी सोही प्रकारको कार्यशालाहरू जिरी, पनौती, भरतपुर, विदुर र जावलाखेलमा पनि आयोजना गरिएका थिए। उक्त कार्यशालाहरूबाट प्राप्त सुझावहरूलाई यस आधार-पत्रमा समावेश गरिएको छ। यसरी विभिन्न क्षेत्रबाट आएका पृष्ठपोषणका आधारमा थप विमर्श र विश्लेषण गरी आवधिक योजनाको आधार-पत्रको प्रदेश नीति तथा योजना आयोगद्वारा पुनः प्रदेश मन्त्रालयहरूको प्रतिक्रियाका लागि प्रस्तुत गरिएको थियो। मन्त्रालयहरूबाट प्राप्त सुझावहरू समावेश गरी आधार-पत्रलाई थप परिमार्जन गरी २०७५ पौष १३ गते सर्वसाधारण र सरोकारवालाहरूको जानकारी र सुझावका लागि सार्वजनिक गरिएको थियो।

प्रदेशको आवधिक योजनाको आधार-पत्रलाई अन्तिम रूप दिई आधार-पत्रले औंल्याएका दीर्घकालीन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति लगायतका आधारमा आवधिक योजना निर्माणका लागि माननीय मुख्यमन्त्री तथा प्रदेश नीति तथा योजना आयोगको अध्यक्ष श्री डोरमणी पौडेल ज्यूको अध्यक्षतामा मिति २०७५।०९।३० मा बसेको आयोगको बैठकले आयोगको उपाध्यक्षको अध्यक्षतामा आयोगको सदस्य, सबै मन्त्रालयका सचिवहरू र आयोगको सचिव सम्मिलित आवधिक योजना तर्जुमा समिति गठन गरी मन्त्रालयहरूबाट पुनः विषयगत सुझाव माग गरी प्राप्त सुभावसमेतलाई ध्यानमा राखी आधार-पत्रलाई परिमार्जन गरेको थियो। यी सबै अवस्थालाई आत्मसात गरी प्रदेश मन्त्रिपरिषद्को मिति २०७५।११।०५ मा बसेको बैठकले आधार-पत्रलाई स्वीकृत गरेको थियो।

## १.३ आधार-पत्र निर्माणको परिवेश र सीमाहरू

संघीय शासन प्रणाली नेपालका निम्ति नौलो अभ्यास हो। प्रदेश सरकारहरूले भर्खरै प्रथम वार्षिककोत्सव मनाएका छन्। मुलुक अहिले संघीयता कार्यान्वयनको सङ्क्रमणकालमै छ। यो क्रम केही काल रहने नै देखिन्छ। सङ्क्रमण कालसँग जोडिएका केही चुनौतीहरू छन्। यसमध्ये एउटा चुनौती अन्तरसरकारी समन्वय र कार्यान्वयनसँग सम्बन्धित छ। संघीय सरकारमै समस्तरका एकाइहरूबीच समन्वयको समस्या छ। संघीय निकायबाट संघीयता कार्यान्वयनका सम्बन्धमा आवश्यक

कतिपय कामहरू हुन बाँकी नै छन्। संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गर्नका लागि संस्थागत संरचना बन्ने क्रममा छ। दोश्रो चुनौती प्रदेश र स्थानीय शासन पद्धति र प्रकृयासँग सम्बन्धित छ। प्रदेश र स्थानीय तहलाई प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि आवश्यक कतिपय व्यवस्थापकीय र कानुनी प्रावधानहरू निर्माण हुन बाँकी नै छन्। यसले गर्दा प्रादेशिक र स्थानीय शासन पद्धति, नियमन र प्रशासनिक प्रकृयाबारे स्पष्टता आउन बाँकी रहेको छ। तेश्रो चुनौती प्रदेश र स्थानीय तहको संस्थागत क्षमता विकाससँग सम्बन्धित छ। प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन प्रकृयामा रहेको छ। कर्मचारीको उपयुक्त सङ्ख्याको निक्यौंल र क्षमता विकासका कार्यहरू पनि बाँकी छन्। चौथो चुनौती प्रदेश र स्थानीय तहका जनप्रतिनिधिहरूको सशक्तीकरणसँग सम्बन्धित छ। जनताको चाहना अनुसार जनप्रतिनिधिहरूले आफ्नो भूमिका र संवैधानिक दायित्व निर्वाह गर्न जरूरी हुन्छ। यसका लागि जनप्रतिनिधिहरूको क्षमता विकासमा जोड दिनु पर्ने देखिन्छ। पाँचौ चुनौती स्थानीय सहभागिता र जवाफदेहितासँग सम्बन्धित छ। खास गरेर स्थानीय तहमा चुनिएका प्रतिनिधि तथा सर्वसाधारण र नागरिक समाजबीचको सम्बन्धमा स्पष्ट हुन र जनताप्रतिको जवावदेहिता स्थापित गर्ने माध्यमहरू संस्थागत गर्न बाँकी नै छ।

अर्थ-राजनीतिक हिसाबले मुलुक अहिले संघीयतामा प्रवेश गरेको छ तर संघीय ढाँचा पूर्णतः कार्यान्वयन हुने क्रममै छ। यसैगरी, संघ, प्रदेश र स्थानीय तहका साझा अधिकारसम्बन्धी व्यवस्थाहरू विस्तृतीकरण भइसकेको भए पनि सो स्पष्ट पारिने क्रममा छ। आवश्यक कानुनहरू निर्माण भइरहेका छन्। वित्तीय हस्तान्तरण लगायतका क्षेत्रमा काम गर्ने राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्तीय आयोगले भर्खरै अध्यक्ष पाएको छ र बाँकी सदस्यहरूको नियुक्ति हुन बाँकी नै छ। प्रदेश विकासमा सहकारी र निजी क्षेत्रको भूमिका पनि स्पष्ट हुँदै जाने क्रममा छ। त्यस्तैगरी, नागरिक समाज र गैरसरकारी क्षेत्रको अपेक्षित भूमिका पनि स्पष्ट हुन जरूरी छ। यसैगरी, दातृ निकायहरूले प्रदेश विकासमा खेल्न सक्ने भूमिकाका बारेमा पनि नीतिगत स्पष्टता हुन आवश्यक छ।

निश्चय पनि, राष्ट्रिय विकासको सोच र रणनीतिले प्रदेशको विकासको सोचलाई प्रभाव पार्दछ। अहिले चौधौं योजनाको अन्तिम वर्ष चलिरहेको छ। संघीय ढाँचा अनुसारको राष्ट्रिय विकासको रणनीति पन्ध्रौं योजनाले दिनेछ। त्यसको अवधारणा र आधार-पत्र बन्ने क्रममै छ।

उपलव्ध राष्ट्रिय र जिल्ला तहका तथ्याङ्क नै अहिले सूचनाका मुख्य आधार हुन्। तर अधिकांश तथ्याङ्क अध्यावधिक छैनन्। कुल जनसङ्ख्या, जनसङ्ख्याको गतिशीलता, शहरीकरण र बसाईँसराइको प्रवृत्तिजस्ता कतिपय महत्वपूर्ण तथ्याङ्कहरू ७ वर्ष पुराना भइसकेका छन्। राष्ट्रियस्तरका धेरै तथ्याङ्कहरू पुरानो विकास क्षेत्रको अवधारणामा सङ्कलित छन्। वृहत् अर्थतन्त्र (म्याक्रो ईकोनोमी)सम्बन्धी तथ्याङ्क

प्रदेश वा तल्लो तहमा संग्रह र विश्लेषण हुन सकेको छैन। हालसम्म प्रदेश तहमा  प्रदेशको विकास योजना तर्जुमा गर्न आवश्यक तथ्याङ्क सङ्कलन, संग्रह, विश्लेषण  र व्यवस्थापनको कुनै प्रणाली छैन।

त्यस्तै, दिगो विकास लक्ष्य प्राप्तिलाई समष्टि र क्षेत्रगत नीतिहरूमा आत्मसात गरिएको भए पनि प्रदेशको विद्यमान स्थितिबारे आधार तथ्याङ्क स्थापित गरिने क्रममै छ। विस्तृत आवधिक योजना र वार्षिक योजना बन्दा यी आधार तथ्याङ्क स्थापित भइसकेका र संघीय योजनाको प्रारूप र मार्गनिर्देश स्पष्ट भइसकेको हुने अपेक्षा छ। माथि उल्लेखित कारणहरूले गर्दा आधार-पत्र तर्जुमामा धेरै तथ्याङ्कीय र व्यवहारिक सीमाहरू हुनुका साथै कार्यान्वयनमा केही जटिलतासमेत आउन सक्दछ।

यो आधार-पत्रले प्रदेशको समृद्धि र विकासको दीर्घकालीन सोच, उद्देश्य, रणनीति, कार्यनीति र प्राथमिकताको मार्गचित्र प्रस्तुत गर्दछ। यो आधार-पत्र पाँच वर्षका लागि निर्माण गरिएको भए पनि यसको समष्टि र क्षेत्रगत सोचको परिकल्पना सोभन्दा बढी अवधिको रहेको छ। यही परिकल्पनाको आधारमा लक्ष्य र उद्देश्यको निर्क्योल गरिएको छ। यस आधार-पत्रमा उल्लेखित समष्टि र क्षेत्रगत सोच, लक्ष्य र उद्देश्य स्थलगत कार्यशालाहरूमा गरिएको सामूहिक छलफलको निचोड हो। रणनीतिको तर्जुमा ५ वर्षभन्दा बढीको समयावधिलाई ध्यानमा राखेर गरिएको भएतापनि कार्यान्वयन गर्ने नीतिहरू भने ५ वर्षको अवधिका लागि मात्र हुन्।

यो आधार-पत्रमा प्रस्तुत गरिएका नीति र प्राथमिकताका कार्यक्रमहरूले प्रदेशको समष्टि र क्षेत्रगत विकासको दिशानिर्देश गर्दछ। नीतिमा स्थापित गरिएका सिद्धान्तहरूको आधारमा विस्तृत आवधिक योजनाको तर्जुमा गरिनेछ। विस्तृत आवधिक योजनाले निश्चित कार्यक्रम र आयोजनाहरूको पहिचान र तिनको कार्यान्वयनको आवधिक र वार्षिक कार्यतालिका, लागत, जिम्मेवारी, व्यवस्थापन, अनुगमन र मूल्याङ्कनको सुनिश्चितता गर्नेछ।

# परिच्छेद दुईः समष्टिगत सोच, लक्ष्य, लगानी र श्रोतको बाँडफाँड

## २.१ समष्टिगत सोच र लक्ष्य

### १. पृष्ठभूमि

मुलुकले संघीय शासन प्रणाली अवलम्बन गरे पश्चात प्रदेश सरकारका अधिकार र विकासको वृहत् दायित्वको योजनाबद्ध सम्बोधन गर्नका लागि पहिलो पञ्चवर्षीय योजनाको आधार-पत्र तर्जुमा भएको छ। प्रदेशको अहिलेको वस्तुस्थितिले दर्शाउने सकारात्मक पक्षहरूलाई सुदृढ गर्दै समाजवाद उन्मुख समृद्धिको दिशातर्फ बढ्ने समष्टिगत र क्षेत्रगत विकासका आधारहरूको निर्माण गर्नु नै यसको प्रमुख उद्देश्य हो। संविधानले निर्दिष्ट गरे अनुसार सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्यद्वारा फराकिलो, समावेशी र उच्च आर्थिक वृद्धि हासिल गर्दै नागरिकका आर्थिक र सामाजिक विकासका आकांक्षा पूरा गर्नेतर्फ नै यो आधार-पत्र केन्द्रित छ।

### २. अवसर र चुनौती

ऐतिहासिक कालदेखि नै काठमाण्डौ उपत्यका नेपाल मण्डल र नेपाली सभ्यताकै विशिष्ट केन्द्र र नेपालको मुटु प्रदेशका रूपमा स्थापित छ। नेपालको सबैभन्दा प्राचीन वसोवासको क्षेत्रमध्ये रहेको काठमाण्डौ उपत्यका नेपालको राजधानी भएका कारणले गर्दा ऐतिहासिक, राजनीतिक, आर्थिक र सांस्कृतिक र सापेक्षिक हिसाबले यो प्रदेश नेपालको सबैभन्दा समृद्ध, पूर्वाधारयुक्त र गतिशील प्रदेश हो। नेपालको सबैभन्दा बढी जनसङ्ख्या र शहरीकरण यहीं छ। मुलुकको एक तिहाइ गार्हस्थ्य उत्पादन, एक तिहाइ औद्योगिक प्रतिष्ठान र आधाभन्दा बढी राजस्व यहीं प्रदेशबाट उठने गरेको छ। यो प्रदेश मानव विकास सूचकाङ्क र प्रतिव्यक्ति आयमा पनि अग्रणी छ। सबैभन्दा धेरै विश्वसम्पदा र ऐतिहासिक धरोहर र नेपाल चिनाउने ऐतिहासिक वास्तुकला पनि यहीं छन। नेपालमा आउने प्रायः सबै विदेशी पर्यटकको गन्तव्य पनि यही हो।

काठमाण्डौ उपत्यकामा केन्द्रित स्थलीय अर्थतन्त्रको फाइदा समग्र प्रदेशले नै लिनसक्ने प्रशस्त सम्भावना छ। पूँजी परिचालनको सापेक्षिक सहजता, वित्तीय र व्यवस्थापन सेवाहरूमा दक्षता, अधिकांश कृषि र औद्योगिक उत्पादनका लागि बजारको सहज पहुँच, ऊर्जाको सापेक्षिक उपलव्धता, शिक्षा, स्वास्थ्य र अन्य क्षेत्रमा विशिष्ट जनशक्ति र मानव संसाधनको उपस्थिति उपत्यकाको विकासका निम्ति मात्र नभएर उत्पादन र सेवाको स्थलीय विविधीकरणका निमित्त सहयोगी हुन सक्छन्। सूचना प्रविधिका नवीनतम् प्रवर्तन केन्द्रहरू र जनशक्तिको उत्पादन र प्राचुर्यताले गर्दा बिद्युतीय सञ्चारमा समग्र प्रदेशले नै सहजै फड्को मार्न सक्ने अवस्थामा छ। केन्द्रीकृत भए पनि पर्यटनको आधारभूत पूर्वाधार उपत्यकामा

विकसित छ। यसबाट पाठ सिक्दै गुणस्तरमा वृद्धि, पर्यटनमा विशिष्टीकरण र स्थलीय विविधीकरण गर्न प्रदेशकै निमित्त धेरै सहज हुन सक्छ। दुई विशाल छिमेकी भारत र चीन जोड्ने यो प्रदेशमा विद्यमान राजमार्ग (र भविष्यमा सम्भाव्य रेल मार्ग) ले गर्दा द्विपक्षीय व्यापार र विशिष्टीकृत कृषि उत्पादन र निर्यात उद्योगका निम्ति बजार सम्बन्ध सहजै स्थापित हुन सक्छ।

काठमाण्डौ उपत्यका नेवार जातिको ऐतिहासिक वसोवास र सभ्यताको क्षेत्र हो भने समग्र महाभारत पर्वत र हिमाली भेग मुख्यतः तामाङहरूको ऐतिहासिक वसोवासको क्षेत्र हो। यसका साथै अन्य विविध पहिचान र संस्कृतिका जातजातिहरूको यो प्रदेशमा वसोवास छ। जातीय र सांस्कृतिक विविधताका साथै विभेदको व्यवस्थापन पनि यो प्रदेशको चुनौती हो।

विकासका दृष्टिले भने सबैभन्दा ठूलो चुनौती काठमाण्डौ उपत्यका र प्रदेशका अन्य भागबीचको विषम असमानता नै हो। प्रदेशभित्र प्रायः सबैजसो सामाजिक, आर्थिक, वित्तीय र भौतिक पूर्वाधारका आधारभूत सूचकहरूमा विषम असमानता छ। उत्तरी धादिङ, रसुवा, सिन्धुपाल्चोक, दक्षिण काभ्रे र दक्षिण ललितपुर यो विषमताका केही उदाहरण मात्र हुन सक्छन्। यो प्रदेश खाद्यान्न सुरक्षा, उत्पादन र उत्पादकत्वका हिसाबले पनि जोखिममा छ। महाभारत र हिमाली क्षेत्रमा गरिबीको अनुपात सापेक्षिक बढी छ, शहरी गरिबी कम रहे पनि बढ्दो छ। आयात माथिको निर्भरता बढ्दो छ। उपत्यकामा जनसाङ्ख्यिक र शहरी चाप तीब्र छ र बढ्दो छ। यसले उपत्यकाको जनभार क्षमतामा नकारात्मक प्रभाव पारेको छ। केन्द्रीकृत स्थलीय अर्थतन्त्रले गर्दा उपत्यकामा वातावरणीय प्रभाव पार्ने उद्योगहरूको आकर्षण बढी छ। यसका कारण स्थलीय विविधीकरणको आवश्यकता टड्कारो छ। शासकीय प्रणाली र सार्वजनिक र निजीसहित समग्र उत्पादन र सेवा क्षेत्रमा आधुनिक प्रविधिको अपेक्षित प्रयोग हुन सकिरहेको छैन। फलस्वरूप सेवाप्रवाह सहज, सरल र सुगम हुन सकेको छैन।

काठमाण्डौ र चितवन उपत्यका लगायतका प्रायः सबै मुख्य शहरहरूमा जल, जमिन र वायु प्रदूषण बढ्दो र वातावरणीय ह्रासको क्रम तीब्र छ। शहरी पूर्वाधार पूर्णतः अपर्याप्त हुनुका साथै गुणस्तर न्यून छन्। अन्तरशहरी द्रुत र सुगम यातायात प्रणालीको सर्वथा अभाव छ। भू-उपयोग र आवासको समस्याले विकराल रूप लिन लागिसकेको छ। ग्रामीण जनजीविका कृषिमा आश्रित छ। तर कृषि भूमिको दुरूपयोग बढ्दो छ। कृषिको आधुनिकीकरण र जीविकाको विविधीकरणका चुनौतीहरू जटिल हुँदैछन्। बहुसङ्ख्यक साना किसान कृषि पेसाबाट पलायन हुँदैछन्। शहरी र ग्रामीण दुबै क्षेत्रमा आयमूलक रोजगारीको बिस्तार अपेक्षित रूपमा हुन सकिरहेको छैन। फलस्वरूप अप्रिय भएपनि श्रम बसाइँसराइको आकर्षण बलियो छ। प्राकृतिक विपद्को उच्च जोखिम क्षेत्र भए पनि विपद्को संस्थागत तयारी र व्यवस्थापनमा निकै अपूर्णता छ। प्रदेशको विकास योजनाले यी सबै चुनौतीहरूको सम्बोधन गर्नुपर्ने

अवस्था छ।

## ३. दीर्घकालीन सोच

स्वस्थ, सुसंस्कृत र सुखी जनता; समाजवाद उन्मुख समृद्ध प्रदेश।

## ४. लक्ष्य

लगानी अभिवृद्धिद्वारा सामाजिक न्यायसहितको दिगो तथा उच्च आर्थिक वृद्धिदर हासिल गर्दै जीवनस्तरमा सुधार ल्याउने।

## ५. उद्देश्य

दक्ष मानव स्रोतको विकास, विस्तारित रोजगारी, दिगो शहरीकरण, गुणस्तरीय भौतिक पूर्वाधार, वातावरण संरक्षण, लैङ्गिक समानता र समावेशी समाजको निर्माण तथा उच्च आर्थिक वृद्धिद्वारा समृद्धिको सबल आधार तयार गर्नु।

## ६. परिमाणात्मक लक्ष्य

प्रदेशको प्रथम पञ्चवर्षीय योजनाका मुख्य आर्थिक, सामाजिक र भौतिक लक्ष्यहरू तालिका १ मा छ।

**तालिका १: प्रमुख आर्थिक, सामाजिक र भौतिक लक्ष्यहरू**

| क.सं | सूचक | आ.व. ०७५/७६ को स्थिति | योजनाको लक्ष्य (आ.व. २०८०/८१) |
|---|---|---|---|
| १ | वार्षिक औसत वृद्धिदर (%) (कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) | ६.३ | ११.२ |
| २ | कृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर (%) | ०.७ | ५.५ |
| ३ | गैरकृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर (%) | ७.४ | ११.७ |
| ४ | मुद्रास्फीति दर | ४.५ | ७.० |
| ५. | प्रतिव्यक्ति गार्हस्थ्य उत्पादन | १ लाख ९५ हजार | ४ लाख ५ हजार |
| ६ | गरिबीको रेखामुनिको जनसङ्ख्या | १५.३ | ७.० |
| ७ | मानव विकास सूचकाङ्क | ०.५५८ | ०.६५० |
| ८ | अपेक्षित आयु (वर्ष, जन्मेको समयमा) | ६९.७ | ७५ |
| ९ | खानेपानी सेवा पुगेको जनसङ्ख्या (%) | ६७ | १०० |
| १० | बिद्युत सेवामा पहुँच पुगेको जनसङ्ख्या (%) | ८५.६ | ९५ |
| ११ | सिँचाइयोग्य भूमिमा सिँचाइ (%) | ५८ | ६३ |
| १२ | साक्षरता दर | ७४.८५ | ९५ |

| क्र.सं | सूचक | आ.व. ०७५/७६ को स्थिति | योजनाको लक्ष्य (आ.व. २०८०/८१) |
|---|---|---|---|
| १३ | माध्यमिक तहमा खुद भर्ना दर | ४८.२ | ५२ |

स्रोतः क्षेत्रगत विश्लेषणका आधारमा अनुमानित

## ७. प्रदेशको आर्थिक विकास र समृद्धिको रणनीति

प्रदेशको सामाजिक, आर्थिक र वातावरणीय विकास र आर्थिक समृद्धिका निम्ति एकातिर बहुसङ्ख्यक जनसङ्ख्याको रोजगारीको क्षेत्रलाई उपेक्षा गर्न मिल्दैन भने अर्कातिर तीब्र आर्थिक वृद्धिमा योगदान गर्नसक्ने क्षेत्रहरूलाई प्राथमिकता दिनु पनि त्यत्तिकै आवश्यक हुन्छ। विकासका दृष्टिले प्रदेशको गार्हस्थ्य उत्पादनमा कृषिको योगदान न्यून र खाद्यान्न उत्पादनको तुलनात्मक लाभ कमजोर छ। तर सीमान्त, साना र मझौला किसानलाई कृषि विकासको मूलप्रवाहमा ल्याउन नसकेसम्म ग्रामीण गरिबीलाई सम्बोधन गर्न सकिँदैन। यसैले समाजवाद उन्मुख प्रदेश विकासको रणनीति "गरिबी न्यूनीकरणको अनिवार्यता र तीब्र आर्थिक वृद्धिको अपरिहार्यता" द्वारा निर्दिष्ट हुनु आवश्यक छ।

प्रदेशको विकासका मुख्य चालक वा उत्प्रेरकहरू देहाय बमोजिम छन् :

१. गुणस्तरीय ग्रामीण तथा शहरी पूर्वाधार (सडक, खानेपानी, बिजुली, बिद्युतीय सञ्चार प्रविधि)
२. कृषिको व्यवसायीकरण, कृषिलाई उद्यमका रूपमा विकास र जैविक कृषिको प्रवर्द्धन र बिस्तार (विशिष्टीकृत कृषि),
३. विशिष्टीकृत सेवा र मानव श्रोतको विकास,
४. उद्योग (ठूला, मझौला, साना, घरेलु र लघु उद्यम)
५. सम्पदामैत्री गुणस्तरीय पर्यटन।

पहिलो उत्प्रेरकले बजार र सेवामा सहज पहुँच, पूर्वाधारयुक्त बस्ती विकास र शहरीकरणका माध्यमबाट अर्थतन्त्रलाई गतिशील तुल्याउने र कृषिबाट गैरकृषि क्षेत्रमा श्रमको माग बढाउँछ र लागतमा कमी ल्याउँछ। दोश्रो उत्प्रेरकले खासगरी कृषिको विशिष्टीकरण गर्दै उत्पादन र रोजगारीका उपायहरू ग्रामीण क्षेत्रमा बिस्तार गर्नुका साथै साना किसान उन्मुख सहकारीका माध्यमबाट गरिबी न्यूनीकरण, ग्रामीण श्रमको आयमूलक उपयोग, खाद्यान्न सुरक्षा र आयात प्रतिस्थापनमा मद्दत गर्छ। तेश्रो उत्प्रेरकले विद्यमान विशिष्टीकृत सेवा र मध्य र उच्चस्तरको मानव संसाधनको तुलनात्मक लाभलाई विस्तारित गर्छ, उत्पादकत्व बढाउँछ, र प्रदेशलाई मात्र नभई राष्ट्रलाई नै चाहिने जनशक्ति आपूर्ति गर्छ। चौथो उत्प्रेरकले तुलनात्मक लाभ भएका कृषि र गैरकृषि उद्योग र त्यसका माध्यमबाट रोजगारी र निर्यात प्रवर्द्धन गर्छ, र पाँचौं उत्प्रेरकले देशकै प्राकृतिक र सांस्कृतिक तुलनात्मक लाभका क्षेत्रको संरक्षण र विकासद्वारा पर्यटकलाई आर्किषत गरी आय र रोजगारी बिस्तार गर्छ। यी उत्प्रेरकहरू एकअर्कासँग

आवद्ध पनि छन् र विकासका क्रममा एक अर्कालाई आपूर्ति र मागको श्रृजनाद्वारा सबल पनि बनाउँछन्। यी ५ उत्प्रेरकहरू सुशासन र वातावरणमैत्री विकासको आधारमा मात्र प्रभावकारी हुन सक्छन्।

## २.२ आर्थिक वृद्धिदर र लगानी

### १. आर्थिक वृद्धिदर

मूलतः नेपाल मानव विकास प्रतिवेदन २०१४ को ढाँचामा औद्योगिक वर्गीकरण गरी सरोकारवाला निकायहरूसँग छलफल गरी हालको परिवेश अनुसार सीमान्त पूँजी उत्पादन अनुपात निर्धारण गरिएको छ। यसका आधारमा आर्थिक वृद्धिदर र लगानीको प्रक्षेपण गरिएको छ। विशेषतः आर्थिक वृद्धिदर र लगानी प्रक्षेपण गर्दा देहायका मान्यताहरूलाई आत्मसात गरिएको छ।

१. यस योजनाको लागि मूल्य अभिवृद्धि दर अनुमान गर्दा जनगणना २०६८ को जिल्लागत संरचना (योगदान)लाई आधार लिइएको छ। यसरी अनुमान गर्दा अर्थतन्त्रमा २०६८ पछि ब्यापक रूपमा परिवर्तन भएको छैन भन्ने अनुमान छ र सो अनुरूप राष्ट्रिय सीमान्त पूँजी उत्पादन अनुपात तथा प्रादेशिक सीमान्त पूँजी उत्पादन अनुपातमा ठूलो भिन्नता छैन भन्ने अनुमान गरिएको छ।
२. स्थिर मूल्य अभिवृद्धि दर अनुमान गर्दा वार्षिक औसत ७ प्रतिशतको मूल्यवृद्धिको अनुमान गरिएको छ।
३. प्रदेशले अपेक्षा गरेको उच्च आर्थिक वृद्धि हासिल गर्न क्षेत्रगत आधारमा मूल्य अभिवृद्धि(उत्पादन)को अनुमान तथा प्रक्षेपण गरिएको छ। आर्थिक वर्ष २०७०/७१ देखि २०७५/७६ सम्मको औद्योगिक वर्गीकरण अनुसारको मूल्य अभिवृद्धिको अनुमानहरू तालिका २ मा छ। प्रचलित मूल्यमा मूल्य अभिवृद्धिको वार्षिक औसत वृद्धिदर १२.७ प्रतिशत छ।

**तालिका २: औद्योगिक वर्गीकरण अनुसार कुल मूल्य अभिवृद्धि**

(प्रचलित मूल्यमा, रू. १० लाखमा)

| औद्योगिक वर्गीकरण | ०७०/७१ | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | औसत वृद्धि दर |
|---|---|---|---|---|---|---|---|
| **कृषि** | **९४७२४** | **९९६८०** | **१०४४२२** | **११०१५९** | **११९२६०** | **१३३५७५** | **७.१** |
| कृषि तथा वन | ९४५०२ | ९९४४१ | १०४१३८ | १०९८४१ | ११०१५९ | १३३१८५ | ७.१ |
| मत्स्यपालन | २२२ | २३९ | २८४ | ३१८ | ३४५ | ३९० | ११.९ |
| **गैह्र कृषि** | **५१०८६८** | **५६४०६०** | **६०१२४२** | **७३२२८६** | **८४०९९८** | **९६९९३०** | **१३.७** |
| **उद्योग** | ८४४४२ | ९११०६ | ९१९२३ | १११४४२ | १२७४५० | १४९५५९ | १२ |

| औद्योगिक वर्गीकरण | ०७०/७१ | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | औसत वृद्धि दर |
|---|---|---|---|---|---|---|---|
| खानी तथा उत्खनन | ४४९७ | ४८५४ | ४७५४ | ५८१७ | ६८९६ | ८१७२ | १२.७ |
| प्रशोधन उद्योग | २७७०४ | २९१७१ | २९६५८ | ३२८२० | ३५९४० | ४१८७१ | ८.६ |
| विद्युत, ग्याँस तथा पानी | ७१९१ | ७४२३ | ७१३० | १०३०९ | १०९०९ | १२५४६ | ११.८ |
| निर्माण | ४५०५० | ४९६५८ | ५०३८१ | ६२४९६ | ७३७०४ | ८६९७० | १४.१ |
| **सेवा** | **४२६४२६** | **४७२९५४** | **५०९३१८** | **६२०८४४** | **७१३५४८** | **८२०३७२** | **१४** |
| थोक तथा खुद्रा व्यापार | ८९६७३ | ९५६१४ | ९६८३० | १०६९२७ | ११९१२६ | १३३४२१ | ८.३ |
| होटल तथा रेष्टुरेण्ट | १२३३० | १४१३६ | १४४७७ | १६६६७ | १९४४३ | २२६५१ | १२.९ |
| यातायात, सञ्चार र भण्डारण | ७५५०५ | ७९९७० | ८११४७ | ८६४२७ | १०५१३५ | १२३००८ | १०.३ |
| वित्तीय मध्यस्थता | ४२२२४ | ४८६३२ | ५७३३२ | ७२०२५ | ९१६६८ | ११२७५२ | २१.७ |
| घरजग्गा, वहाल तथा व्यापारिक क्रियाकलापहरू | ६०९२७ | ६६४८८ | ७६१९७ | १०६४९१ | १२३२०६ | १४२९१८ | १८.६ |
| सार्वजनिक प्रशासन र रक्षा | १८७११ | २१७०७ | २२२५५ | ३०१४९ | ३३०३३ | ३७४९२ | १४.९ |
| शिक्षा | ५८५१६ | ६५६८० | ७१८९९ | ८८१३४ | ९९०५१ | १११९२७ | १३.८ |
| स्वास्थ्य र सामाजिक कार्य | ८२१३ | ९७५५ | ९९८५ | १२४९३ | १३५४५ | १४८३१ | १२.५ |
| अन्य सेवाहरू | ६०३२६ | ७०९७३ | ७९१९५ | १०१५३० | १०९३४३ | १२१३७० | १५ |
| कुल मूल्य अभिवृद्धि | ६०५५९२ | ६६३७४० | ७०५६६४ | ८४२४४५ | ९६०२५८ | ११०२५९१ | १२.७ |

स्रोतः नेपाल मानव विकास प्रतिवेदन, २०१४ र केन्द्रीय तथ्याङ्क विभागको राष्ट्रिय लेखा तथ्याङ्कका आधारमा विश्लेषित

विगत ५ वर्षको क्षेत्रगत औसत वृद्धिदर हेर्दा कृषि क्षेत्रको सबैभन्दा कम (—०.७१) प्रतिशत, उद्योग क्षेत्रको ५.६ प्रतिशत र सेवा क्षेत्रको ७.८ प्रतिशत रही समग्र अर्थतन्त्रको मूल्य अभिवृद्धि दर ६.३ प्रतिशत रहेको छ (तालिका ३)।

**तालिका ३: औद्योगिक वर्गीकरण अनुसार कुल मूल्यअभिवृद्धि (%)(आ.व ०७०/७१ को स्थिर मूल्यमा )**

(रु. दश लाखमा)

| औद्योगिक वर्गीकरण | ०७०/७१ | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | औसत वृद्धिदर |
|---|---|---|---|---|---|---|---|
| **कृषि** | **९४७२४** | **९४४९२** | **९१३९४** | **८६६४७** | **८८५८०** | **९१३४४** | **-०.७** |
| कृषि तथा वन | ९४५०२ | ९४२४७ | ९११४६ | ८६३७९ | ८८२८८ | ९१०३४ | -०.७ |
| मत्स्यपालन | २२२ | २४५ | २४८ | २६८ | २९२ | ३११ | ६.९ |
| **गैह्र कृषि** | **५१०८६८** | **५६०५९३** | **५८४६७३** | **५८०६०८** | **६६६८६८** | **७३११२४** | **७.४** |
| **उद्योग** | **८४४४२** | **९४४३६** | **९६९०४** | **९१०३७** | **१०१६६३** | **११०८१५** | **५.६** |
| खानी तथा उत्खनन | ४४९७ | ४९४१ | ५०२६ | ४६०३ | ५०६३ | ५४५९ | ४ |
| प्रशोधन उद्योग | २७७०४ | २९५८८ | २९७६५ | २७८२८ | ३०२५७ | ३१८४९ | २.८ |
| बिद्युत, ग्याँस तथा पानी | ७१९१ | १०२२६ | १०७४७ | ९८७६ | १२०१४ | १२७१८ | १२.१ |
| निर्माण | ४५०५० | ४९६८१ | ५१३६५ | ४८७३० | ५४३२९ | ६०७८९ | ६.२ |
| **सेवा** | **४२६४२६** | **४६६१५७** | **४८७७६८** | **४८९५७१** | **५६५२०५** | **६२०३१०** | **७.८** |
| थोक तथा खुद्रा ब्यापार | ८९६७३ | ९५२१५ | ९३२५४ | ८५६९१ | ९१८५२ | ९९८३४ | २.२ |
| होटल तथा रेष्टुरेण्ट | १२३३० | १३१७५ | १३६२५ | १२२९१ | १३१८९ | १४५५२ | ३.४ |
| यातायात, सञ्चार र भण्डारण | ७५५०५ | ७९३४१ | ८२९५१ | ८०४९६ | ८६५८१ | १०१२९१ | ६.१ |
| वित्तीय मध्यस्थता | ४२२२४ | ५०४३७ | ५६६३१ | ६६७६२ | ७९८५४ | ९६१३६ | १७.९ |
| घरजग्गा, वहाल तथा व्यापारिक क्रियाकलापहरू | ६०९२७ | ६३७३० | ६८४५९ | ६८२४० | ८८३९८ | ९५३१० | ९.४ |
| सार्वजनिक प्रशासन र रक्षा | १८७११ | २५७२७ | २३५९७ | २२५०२ | ३०२४७ | ३१०७० | १०.७ |
| शिक्षा | ५८५१६ | ६७३४६ | ७१५८९ | ७३४२९ | ८३६८० | ८७०६९ | ८.३ |
| स्वास्थ्य र सामाजिक कार्य | ८२१३ | ९५०३ | १०७०६ | १०३५८ | १२५२८ | १३४०२ | १०.३ |
| अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाहरू | ६०३२६ | ६१६८३ | ६६९५७ | ६९८०३ | ७८८७७ | ८१६४६ | ६.२ |
| कुल मूल्य | ६०५,५९२ | ६५५,०८५ | ६७६,०६६ | ६६७,२५५ | ७५५,४४९ | ८२२,४६९ | ६.३ |

| औद्योगिक वर्गीकरण | ०७०/७१ | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | औसत वृद्धिदर |
|---|---|---|---|---|---|---|---|
| अभिवृद्धि | | | | | | | |

स्रोतः नेपाल मानव विकास प्रतिवेदन, २०१४ र केन्द्रीय तथ्याङ्क विभागको राष्ट्रिय लेखा तथ्याङ्कका आधारमा विश्लेषित

प्रदेशको पञ्चवर्षीय योजनाको आधार वर्ष २०७५।७६ लाई मानेर आर्थिक वर्ष २०८०/८१ सम्मको प्रक्षेपित मूल्य अभिवृद्धिको अनुमान गरिएको छ। जसअनुसार योजना अवधिमा समग्र आर्थिक वृद्धिदर वार्षिक औसत ११ प्रतिशतले हुने प्रक्षेपित अनुमान छ (तालिका ४)। प्रक्षेपित अनुमान अनुसार कृषि क्षेत्रको औसत वार्षिक वृद्धिदर ५.५ प्रतिशत अनुमान गरिएको छ भने उद्योग तथा सेवा क्षेत्रको वृद्धिदर क्रमशः १३.३ र ११.४ प्रतिशत हुने अनुमान गरिएको छ।

**तालिका ४ः क्षेत्रगत मूल्य अभिवृद्धि र कुल गार्हस्थ्य उत्पादन (आ.व. २०७५/७६ को स्थिर मूल्यमा)**

(रु. दश लाखमा)

| क्र.सं. | क्षेत्रहरू | आधार वर्ष | योजना | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | औसत वृद्धि दर |
| १. | **कृषि** | **१३३५७५** | **१४०९७६** | **१४८७४५** | **१५६९४३** | **१६५५९४** | **१७४७२२** | **५.५** |
| | १.१ कृषि तथा वन | १३३१८५ | १४०५५० | १४८२८० | १५६४३६ | १६५०४० | १७४११७ | ५.५ |
| | १.२ मत्स्य पालन | ३९० | ४२६ | ४६५ | ५०८ | ५५४ | ६०५ | ९.२ |
| २. | **गैरकृषि** | **९६९९३०** | **१०८२७६३** | **१२०८८७४** | **१३४९८४७** | **१५०७४५७** | **१६८३६९३** | **११.७** |
| | **२.१ उद्योग** | **१४९५५९** | **१६९३३२** | **१९१७८४** | **२१७२८६** | **२४६२६१** | **२७९१९१** | **१३.३** |
| | २.१.१ खानी तथा भूगर्भ | ८१७२ | ९४५५ | १०९४० | १२६५७ | १४६४४ | १६९४४ | १५.७ |
| | २.१.२ उद्योग | ४१८७१ | ४६३०९ | ५१२१८ | ५६६४७ | ६२६५१ | ६९२९२ | १०.६ |
| | २.१.३ विद्युत्, ग्याँस तथा पानी | १२५४६ | १३८१३ | १५२०८ | १६७४४ | १८४३५ | २०२९७ | १०.१ |
| | २.१.४ निर्माण | ८६९७० | ९९७५५ | ११४४१९ | १३१२३९ | १५०५३१ | १७२६५९ | १४.७ |
| | **२.२ सेवा** | **८२०३७२** | **९१३४३१** | **१०१७०९०** | **११३२५६१** | **१२६११९६** | **१४०४५०२** | **११.४** |
| | २.२.१ थोक तथा खुद्रा व्यापार | १३३४२१ | १४७५६३ | १६३२०५ | १८०५०५ | १९९६३८ | २२०८०० | १०.६ |
| | २.२.२ होटेल तथा रेष्टुरेण्ट | २२६५१ | २५५७३ | २८८७२ | ३२५९७ | ३६८०२ | ४१५४९ | १२.९ |
| | २.२.३ यातायात, | १२३००८ | १३६५३९ | १५१५५९ | १६८२३० | १८६७३५ | २०७२७६ | ११ |

| क्र. सं. | क्षेत्रहरू | आधार वर्ष | योजना | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | औसत वृद्धि दर |
| | भण्डारण र सञ्चार | | | | | | | |
| | २.२.४ वित्तीय मध्यस्थता | ११२७५२ | १२५१५५ | १३८९२२ | १५४२०३ | १७११६६ | १८९९९४ | ११ |
| | २.२.५ घरजग्गा, बहाल, तथा व्यापारिक क्रियाकलाप | १४२९१८ | १६०७८३ | १८०८८१ | २०३४९१ | २२८९२८ | २५७५४४ | १२.५ |
| | २.२.६ सामान्य प्रशासन तथा रक्षा | ३७४९२ | ४१९९१ | ४७०३० | ५२६७४ | ५८९९५ | ६६०७४ | १२ |
| | २.२.७ शिक्षा | १११९२७ | १२४७९९ | १३९१५१ | १५५१५३ | १७२९९५ | १९२८९० | ११.५ |
| | २.२.८ स्वास्थ्य तथा सामाजिक कार्य | १४८३१ | १६६७० | १८७३७ | २१०६१ | २३६७२ | २६६०८ | १२.४ |
| | २.२.९ अन्य सामुदायिक सामाजिक तथा व्यक्तिगत सेवाका क्रियाकलाप | १२१३७० | १३४३५७ | १४८७३३ | १६४६४८ | १८२२६५ | २०१७६७ | १०.७ |
| | कुल मूल्यअभिवृद्धि (FISIM समेत) | ११०२५९१ | १२२३७३८ | १३५७६१९ | १५०६७९१ | १६७३०५१ | १८५८४१५ | ११ |
| | वित्तीय मध्यस्थता सेवा अप्रत्यक्ष रूपमा | ७०१०३ | ७७११३ | ८६३६७ | ९६७३१ | १०८८२२ | १२२४२५ | ११.८ |
| | कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) | १०३२४८८ | ११४६६२५ | १२७१२५२ | १४१००६० | १५६४२२९ | १७३५९९० | ११ |
| | खुद वस्तु तथा सेवा उत्पादन कर | १५४०५७ | १७२५४४ | १९४११२ | २२०३१७ | २४७८५६ | २८१३१७ | १२.८ |
| | कुल गार्हस्थ्य उत्पादन ( उत्पादकको मूल्यमा) | ११८६५४५ | १३१९१६९ | १४६५३६४ | १६३०३७७ | १८१२०८५ | २०१७३०७ | ११.२ |

स्रोतः नेपाल मानव विकास प्रतिवेदन, २०१४ र केन्द्रीय तथ्याङ्क विभागको राष्ट्रिय लेखा तथ्याङ्कका आधारमा विश्लेषित

## २. सीमान्त पूँजी उत्पादन अनुपात र लगानी

यस योजना अवधिमा करिब रु. ३२ खर्ब ३८ अर्ब कुल पूँजी निर्माण हुने प्रक्षेपित अनुमान छ। (तालिका ५) यस पूँजी निर्माणको अनुमान अनुसार आर्थिक वर्ष २०७५।७६ को स्थिर मूल्यमा २०७६।७७ मा रु. ५१४ अर्ब, २०७७।७८ मा रु. ५७३ अर्ब, २०७८।७९ मा रु. ६४० अर्ब, २०७९।८० मा रु. ७१४ अर्ब र २०८०।८१ मा रु. ७९७ अर्ब पूँजी निर्माण हुने प्रक्षेपित अनुमान छ। यी लगानीका अनुमानहरू सीमान्त पूँजी उत्पादन अनुपातमा आधारित छन। यस योजना अवधिमा समग्र सीमान्त पूँजी उत्पादन अनुपात ४.८ रहने अनुमान छ। यसअनुसार कृषि क्षेत्रको सीमान्त पूँजी उत्पादन अनुपात २.८ उद्योग तथा सेवाको क्रमशः ४.६ र ५.१ रहने अनुमान छ। निर्माण र विद्युत क्षेत्रमा खासगरी ठूला पूर्वाधार आयोजनाहरूको निर्माण सम्पन्न हुने भएकाले यस योजना अवधिमा सीमान्त पूँजी उत्पादन अनुपात विगतको योजनाभन्दा कम हुने अनुमान गरिएको छ। समग्रमा ४.८ को सीमान्त पूँजी उत्पादन अनुपातको आधारमा योजना अवधिमा लक्षित औसत ११.२ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्न कुल स्थिर लगानी रु. ३२ खर्ब ३७ अर्ब ६३ करोड आवश्यक पर्ने अनुमान गरिएको छ। यसमध्ये सार्वजनिक क्षेत्रबाट रु. ९ खर्ब ४५ अर्ब (२९.२ प्रतिशत), निजी क्षेत्रबाट रु. २० खर्ब ८ अर्ब १८ करोड (६२ प्रतिशत), सहकारी क्षेत्रबाट रु. २ खर्ब ३३ अर्ब ५९ करोड (७.२ प्रतिशत) र सामुदायिक क्षेत्रबाट रु. ५० अर्ब ८२ करोड (१.६ प्रतिशत) लगानी हुने अनुमान छ (तालिका ५)। क्षेत्रगत सीमान्त पूँजी उत्पादन अनुपात र लगानीसम्बन्धी विवरण तालिका ५ मा छ।

**तालिका ५: सीमान्त पूँजी उत्पादन अनुपात र कुल लगानी** (आ.व. २०७५/७६ को स्थिर मूल्यमा)

(रु. दश लाखमा)

| क्र.सं. | लगानीका क्षेत्रहरू | अनुमानित सीमान्त पूँजी उत्पादन अनुपात | योजनामा प्रक्षेपित लगानी | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा |
| १. | कृषि | २.८ | २०७०५ | २१७३५ | २२९३३ | २४१९८ | २५५३३ | ११५१०५ |
| १.१ | कृषि तथा वन | २.८ | २०६२२ | २१६४५ | २२८३५ | २४०९१ | २५४१६ | ११४६०९ |
| १.२ | मत्स्य पालन | २.३ | ८२ | ९० | ९८ | १०७ | ११७ | ४९६ |
| २. | गैरकृषि | ५ | ४९३४१६ | ५५१५९१ | ६१६७०६ | ६८९५९९ | ७७१२१२ | ३१२२५२४ |
| २.१ | उद्योग | ४.६ | ९१५८७ | १०३२९५ | ११६५४५ | १३१५४७ | १४८५३८ | ५९१५१२ |
| २.१.१ | खानी तथा भूगर्भ | ६.१ | ७८२६ | ९०५५ | १०४७७ | १२१२२ | १४०२५ | ५३५०५ |

| क्र.सं. | लगानीका क्षेत्रहरू | अनुमानित सीमान्त पूँजी उत्पादन अनुपात | योजनामा प्रक्षेपित लगानी | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा |
| २.१.२ | उद्योग | ६.२ | २७५१७ | ३०४३४ | ३३६६० | ३७२२८ | ४११७४ | १७००१४ |
| २.१.३ | बिद्युत, ग्याँस तथा पानी | १२.१ | १५३३२ | १६८८१ | १८५८५ | २०४६३ | २२५२९ | ९३७९० |
| २.१.४ | निर्माण | ३.२ | ४०९११ | ४६९२५ | ५३८२३ | ६१७३५ | ७०८१० | २७४२०३ |
| २.२ | सेवा | ५.१ | ४०१८२९ | ४४८२९६ | ५००१६० | ५५८०५२ | ६२२६७४ | २५३१०११ |
| २.२.१ | थोक तथा खुद्रा व्यापार | २.४ | ३३९४२ | ३७५४० | ४१५१९ | ४५९२० | ५०७८८ | २०९७१० |
| २.२.२ | होटल तथा रेष्टुरेण्ट | ५.९ | १७२४० | १९४६४ | २१९७५ | २४८१० | २८०१० | १११४९८ |
| २.२.३ | यातायात, भण्डारण र सञ्चार | ८.२ | ११०९५३ | १२३१५८ | १३६७०६ | १५१७४३ | १६८४३५ | ६९०९९६ |
| २.२.४ | वित्तीय मध्यस्थता | ३.४ | ४२१६९ | ४६८०८ | ५१९५७ | ५७६७२ | ६४०१६ | २६२६२२ |
| २.२.५ | घरजग्गा, बहाल तथा व्यापारिक क्रियाकलाप | ६.१ | १०८९७५ | १२२५९७ | १३७९२२ | १५५१६२ | १७४५५७ | ६९९२१४ |
| २.२.६ | सामान्य प्रशासन तथा रक्षा | ३.२ | १४३९७ | १६१२५ | १८०६० | २०२२७ | २२६५४ | ९१४६२ |
| २.२.७ | शिक्षा | २.६ | ३३४६६ | ३७३१५ | ४१६०६ | ४६३९१ | ५१७२६ | २१०५०३ |
| २.२.८ | स्वास्थ्य तथा सामाजिक कार्य | ८ | १४७१३ | १६५३७ | १८५८८ | २०८९२ | २३४८३ | ९४२१२ |
| २.२.९ | अन्य सामुदायिक सामाजिक तथा व्यक्तिगत सेवाका क्रियाकलाप | २ | २५९७३ | २८७५२ | ३१८२९ | ३५२३५ | ३९००५ | १६०७९४ |

| क्र.सं. | लगानीका क्षेत्रहरू | अनुमानित सीमान्त पूँजी उत्पादन अनुपात | योजनामा प्रक्षेपित लगानी | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा |
| | कुल मूल्य अभिवृद्धि | ४.८ | ५१४१२१ | ५७३३२६ | ६३९६३९ | ७१३७९८ | ७९६७४५ | ३२३७६२९ |

स्रोतः नेपाल मानव विकास प्रतिवेदन, २०१४ र केन्द्रीय तथ्याङ्क विभागको राष्ट्रिय लेखा तथ्याङ्कका आधारमा विश्लेषित

सरकारी क्षेत्रबाट व्यहोर्ने कुल लगानीमध्ये प्रदेश सरकारबाट १ खर्व ८५ अर्व, स्थानीय तहबाट १ खर्व ९५ अर्व र संघीय सरकारको तर्फबाट ५ खर्व ६५ अर्व लगानी हुने अनुमान छ।

## ३. सार्वजनिक खर्च र व्यहोर्ने स्रोत

माथि उल्लिखित कुल लगानीमध्ये सार्वजनिक, निजी सहकारी र सामुदायिक क्षेत्रबाट हुने लगानीसम्बन्धी विवरण तालिका ६ मा छ।खास गरेर शिक्षा, स्वस्थ्य, सार्वजनिक प्रशासन र निर्माणमा सरकारी लगानी बढी हुने अनुमान गरिएको छ। अन्य क्षेत्रमा निजी क्षेत्रको लगानी बढी हुने अपेक्षा गरिएको छ।

**तालिका ६ः सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रबाट हुने लगानी (आ.व. २०७५।७६ को स्थिर मूल्यमा)**

(रु. दश लाखमा)

| क्र.सं | लगानीका क्षेत्रहरू | सार्वजनिक लगानी | निजी लगानी | सहकारीको लगानी | सामुदायिक लगानी | कुल लगानी |
|---|---|---|---|---|---|---|
| **१.** | **कृषि** | **४०१८८** | **५७६७६** | **५७८०** | **११४६१** | **११५१०५** |
| १.१ | कृषि तथा वन | ४०११३ | ५७३०५ | ५७३० | ११४६१ | ११४६०९ |
| १.२ | मत्स्यपालन | ७४ | ३७२ | ५० | ० | ४९६ |
| **२.** | **गैरकृषि** | **९०५०१२** | **१९५०५०६** | **२२७८१२** | **३९३५५** | **३१२२५२४** |
| **२.१** | **उद्योग** | **२२४१४१** | **३३९५६१** | **२७९७०** | **०** | **५९१५१२** |
| २.१.१ | खानी तथा भूगर्भ | ९७९१ | ४२८०४ | १०७० | ० | ५३५०५ |
| २.१.२ | उद्योग | १७००१ | १४४५१२ | ८५०१ | ० | १७००१४ |
| २.१.३ | बिद्युत, ग्याँस तथा पानी | ३२८२६ | ५६२७४ | ४६८९ | ० | ९३७९० |
| २.१.४ | निर्माण | १६४५२२ | ९५९७१ | १३७१० | ० | २७४२०३ |
| **२.२** | **सेवा** | **६८०८७१** | **१६१०९४४** | **१९९८४१** | **३९३५५** | **२५३१०११** |

| क्र.सं | लगानीका क्षेत्रहरू | सार्वजनिक लगानी | निजी लगानी | सहकारीको लगानी | सामुदायिक लगानी | कुल लगानी |
|---|---|---|---|---|---|---|
| २.२.१ | थोक तथा खुद्रा व्यापार | १०४८५ | १७८२५३ | २०९७१ | ० | २०९७१० |
| २.२.२ | होटल तथा रेष्टुरेण्ट | ११११५० | ९४७७३ | ५५७५ | ० | १११४९८ |
| २.२.३ | यातायात, भण्डारण र सञ्चार | २०७२९९ | ४४९१४८ | ३४५५० | ० | ६९०९९६ |
| २.२.४ | वित्तीय मध्यस्थता | २६२६२ | १९६९६६ | ३९३९३ | ० | २६२६२२ |
| २.२.५ | घरजग्गा, बहाल तथा व्यापारिक क्रियाकलाप | ३४९६१ | ५९४३३२ | ६९९२१ | ० | ६९९२१४ |
| २.२.६ | सामान्य प्रशासन तथा रक्षा | ९१४६२ | ० | ० | ० | ९१४६२ |
| २.२.७ | शिक्षा | १३६८२७ | ५२६२६ | १०५२५ | १०५२५ | २१०५०३ |
| २.२.८ | स्वास्थ्य तथा सामाजिक कार्य | ६५९४९ | २०७२७ | २८२६ | ४७११ | ९४२१२ |
| २.२.९ | अन्य सामुदायिक सामाजिक तथा व्यक्तिगत सेवाका क्रियाकलाप | ९६४७६ | २४११९ | १६०७९ | २४११९ | १६०७९४ |
|  | **कुल लगानी** | **९४५२००** | **२००८१८२** | **२३३५९२** | **५०८१६** | **३२३७६२९** |
|  | **प्रतिशत** | **२९.२** | **६२** | **७.२** | **१.६** | **१००** |

स्रोतः नेपाल मानव विकास प्रतिवेदन, २०१४ र केन्द्रीय तथ्याङ्क विभागको राष्ट्रिय लेखा तथ्याङ्कका आधारमा विश्लेषित

यस योजना अवधिमा आर्थिक वर्ष २०७५।७६ को स्थिर मूल्यमा रु. ३ खर्ब ८ अर्ब ६५ करोडको प्रादेशिक सरकारी खर्च हुने अनुमान गरिएको छ। यस अनुमानित खर्चमध्ये रु. १ खर्ब २३ अर्ब ४६ करोड चालु खर्च र रु. १ खर्ब ८५ अर्ब १९ करोड पूँजीगत खर्च हुने अनुमान गरिएको छ। सरकारी खर्च व्यहोर्ने प्रमुख स्रोतको रूपमा रहने राजस्व रु. ६५ अर्ब ९८ करोड ५८ लाख परिचालन हुने अनुमान गरिएको छ। त्यसैगरी, योजना अवधिमा रु. २ खर्ब ४२ अर्ब ६६ करोड ६३ लाख बराबरको संघीय सरकारबाट वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँडबाट प्राप्त हुने अनुमान छ। सरकारी बजेट तथा खर्च व्यहोर्ने स्रोतहरूको विवरण तालिका ७ मा उल्लेख गरिएको छ।

**तालिका ७: सरकारी बजेट र व्यहोर्ने स्रोतहरू (आ.व. २०७५/७६ को मूल्यमा)**

(रु.लाखमा)

| क्र.सं. | विवरण | ०७५/७६ (आधार वर्ष) | योजना अवधि | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा |
| १. | संघीय वित्तीय हस्तान्तरण | २६२८१९ | ३१५३८३ | ३८४७६७ | ४६५५६८ | ५६७९९३ | ६९२९५२ | २४२६६६३ |
| २. | कुल राजस्व | ९३३३७ | १०२६७१ | ११४९९१ | १२९३६५ | १४६१८३ | १६६६४८ | ६५९८५८ |
| ३. | कुल बजेट | ३५६१५६ | ४१८०५४ | ४९९७५८ | ५९४९३३ | ७१४१७६ | ८५९६०० | ३०८६५२० |
| ४. | चालु खर्च | १४२४६२ | १६७२२२ | १९९९०३ | २३७९७३ | २८५६७० | ३४३८४० | १२३४६०८ |
| ५ | पूँजीगत खर्च | २१३६९४ | २५०८३२ | २९९८५५ | ३५६९६० | ४२८५०६ | ५१५७६० | १८५१९१२ |

स्रोतः संघीय अर्थ मन्त्रालय र प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त विवरणका आधारमा अनुमानित।

## ४. प्रतिव्यक्ति आय

प्रतिव्यक्ति आय (गार्हस्थ्य उत्पादनको आधारमा) आधार वर्ष (२०७५/७६) मा रु. १ लाख ९५ हजार रहेको छ। प्रतिव्यक्ति आय यस योजनाको पहिलो वर्ष रु. २ लाख ३० हजार, दोस्रो वर्ष रु. २ लाख ७० हजार, तेस्रो वर्ष रु. ३ लाख २ हजार, चौथो वर्ष रु. ३ लाख ५० हजार र अन्तिम वर्ष रु. ४ लाख ५ हजार पुग्ने अनुमान गरिएको छ। यसरी, पाँच वर्षमा प्रतिव्यक्ति आय दोव्वरभन्दा बढी हुने अनुमान गरिएको छ।

# परिच्छेद तीनः प्रमुख आर्थिक क्षेत्र

## ३.१ आर्थिक नीतिहरू

### १. पृष्ठभूमि

प्रदेशको समष्टिगत आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, आर्थिक साधनको बाँडफाँड, प्रदेशको आर्थिक स्थायित्व, प्राथमिकता प्राप्त क्षेत्र तथा लक्ष्य निर्धारण, सन्तुलित विकासका लागि क्षेत्रगत नीति र रणनीति तर्जुमा, गरिबी निवारणको रणनीति तर्जुमा, प्रदेश राजस्व र खर्चसम्बन्धी नीति, कानुन तर्जुमा, संघीय कानुन बमोजिम विकास सहायता प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन, सहवित्तीयकरण आदि प्रदेशको अधिकार क्षेत्रभित्र पर्दछन्। आफ्नो अधिकार क्षेत्रभित्रको विषयको सेवा सुविधाको प्रवाह, केन्द्र र स्थानीय तहको समन्वय र सम्बन्ध, माग र आपूर्तिको अध्ययन र सन्तुलित विकासको आर्थिक आधार निर्माणसहित समग्र आर्थिक व्यवस्थापन प्रदेश सरकारको दायित्व हो।

### २. वस्तुगत स्थिति

कुल गार्हस्थ्य उत्पादनमा यस प्रदेशको योगदान ३२% छ। संघीय राजस्व सङ्कलनमा भन्सारसहित ५० प्रतिशत र भन्सार बाहेक ८० प्रतिशत यसै प्रदेशबाट सङ्कलन हुन्छ। प्रदेशको मानव विकास सूचकाङ्क ०.५५८ र प्रतिव्यक्ति आय १,७६७ अमेरिकी डलर छ। त्यसैगरी, सार्वजनिक खर्च हुने तथा जलऊर्जा उत्पादन, उद्योग तथा रोजगारी, वैदेशिक लगानी, बैंक तथा वित्तीय संस्था, पूँजी बजार र पर्यटक आगमन आदिका दृष्टिले यस प्रदेशको अवस्था अब्बल नै छ। उपयुक्त नीति र लगानीको वातावरण बनाउन सक्ने हो भने यस प्रदेशको सामाजिक, आर्थिक, सांस्कृतिक र प्राकृतिक स्रोत र पूर्वाधारको उपयोग गरी समग्र मुलुककै समृद्धिमा महत्वपूर्ण योगदान गर्न सक्ने देखिन्छ।

### ३. समस्या र चुनौती

विद्यमान पूर्वाधार, श्रोत, साधन र सेवाको उपयुक्त परिचालनबाट समग्र प्रदेशकै दिगो आर्थिक विकासको आधार निर्माण गर्नुपर्नेमा हालसम्मको विकास प्रयासबाट यो अपेक्षा पूरा हुन नसक्नु नै साझा एवम् मुख्य समस्या हो। साधारणतः आर्थिक असमानताको न्यूनीकरण गर्नु, वित्तीय जोखिम नियन्त्रण गर्नु, पूँजी बजार बिस्तार गर्नु, बिमाको दायरा फराकिलो पार्नु तथा विकासको भौतिक उपस्थितिलाई फराकिलो पार्नु, वैदेशिक लगानीका निम्ति उपयुक्त वातावरण निर्माण गर्नु, बजार मूल्य नियन्त्रण गर्नु, अनुगमन कार्यलाई प्रभावकारी बनाउनु, राज्यका सेवा सुविधा वास्तविक उपभोक्तासम्म पुऱ्याउनु, कृषि क्षेत्रको विकास, विविधीकरण, आधुनिकीकरण एवम् व्यवसायीकरण गर्नु, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्नु, सार्वजनिक निर्माण, उद्योग, पर्यटन, जलस्रोतजस्ता क्षेत्रमा रहेको प्रचुर सम्भावनालाई उजागर गरी

देशभित्रै उत्पादनशील रोजगारी सिर्जना गर्नु, वित्तीय सेवा प्रवाहलाई प्रतिस्पर्धी र सहज पहुँच स्थापित गर्नु र सबै प्रकारका प्रकोपको जोखिम न्यूनीकरण गर्नु प्रदेशको चुनौती रहेको छ।

विशेष गरेर संवैधानिक व्यवस्था अनुसार प्रदेशलाई राजस्वका स्रोतहरू कम तर विकास खर्चको आवश्यक्ता बढी भएकाले विकास खर्च धान्ने गरी राजस्वको दायरा बिस्तार गरी राजस्व परिचालन गर्नुपर्ने अवस्था छ। कम प्रयोगमा आएको आन्तरिक राजस्वको स्रोत कृषि आय लगायतमा कर लगाउनु र दायरा बढाउनु, बजेट कार्यान्वयन गर्ने निकायको संस्थागत क्षमता अभिवृद्धि गर्नु, संघीय संरचना अनुसार विकास साझेदारहरूको विकास सहायता परिचालन गर्नु, वित्तीय संस्थाहरूबाट हुने लगानीलाई कृषि, ऊर्जा र पूर्वाधारमा बढी केन्द्रित गर्नु, सार्वजनिक निजी साझेदारीको अवधारणालाई प्रवर्धन गर्दै सहकारी क्षेत्र आकर्षित हुने अत्यावश्यक वस्तुहरूको आपूर्तिमा ती संस्थाहरूको व्यवसायिक भूमिका कुशल बनाउनु र निजी क्षेत्रको लगानी आकर्षण गर्नुपर्ने चुनौती रहेका छन्।

## ४. अवसर

संघीय राजधानी यही प्रदेशमा भएकाले तुलनात्मक रूपमा सार्वजनिक लगानी, प्रादेशिक गार्हस्थ्य उत्पादन, प्रतिव्यक्ति आय बढी र वित्तीय संस्थाहरूको बाक्लो उपस्थितिका कारण यस प्रदेशको निजी, सामुदायिक र सहकारी लगानी क्षमता उच्च रहेको छ। उच्च श्रम उत्पादकत्व, बढी औद्योगिक क्षेत्रहरूको अवस्थिति; साना, मझौला उद्योग विकासका विशेष सम्भावना, प्राविधिक जनशक्ति विकासका प्रतिष्ठित प्रतिष्ठानहरू, विशिष्ट पर्यटन गन्तव्यहरू, बढ्दो शहरीकरण र ठूला बजारहरू, जैविक खेती र यसको राम्रो बजार, विस्तारित वित्तीय पहुँच; उत्पादन, वितरण र सेवा प्रवाहमा सहकारीको विशेष भूमिकाका कारण यो प्रदेश तुलनात्मक हिसावले अरु प्रदेशभन्दा अब्बल छ।

पर्यटन बिस्तारसँगै पर्यटन शुल्कको बढोत्तरी हुन सक्ने, तामाकोसी र बुढीगण्डकीजस्ता ठूला जलबिद्युत आयोजना विकास भई बिद्युत रोयल्टी बढ्न सक्ने, बढ्दो सवारी साधनसँगै सवारी कर बढी उठ्ने, सार्वजनिक खर्चलाई पारदर्शी र अनुमानयोग्य बनाउन सूचना तथा सञ्चार प्रविधिको अधिकतम् उपयोग गर्ने अवसर भएको र विद्यमान भौतिक र वित्तीय पूर्वाधार आदिका कारणले पनि निजी क्षेत्रको भूमिका विस्तारित हुनसक्ने लगायतका पर्याप्त अवसरहरू देखिएका छन्।

## ५. दीर्घकालीन सोच

उच्च, फराकिलो र दिगो आर्थिक वृद्धिसहितको समृद्ध प्रदेश।

## ६. लक्ष्य

प्राकृतिक, मानवीय एवम् आर्थिक श्रोत र साधनहरूको उच्चतम परिचालन गरी उच्च, फराकिलो र दिगो आर्थिक वृद्धिदर हासिल गर्ने।

## ७. उद्देश्य

१. सार्वजनिक खर्च प्रणालीको पालना र समायानुकल सुधार गर्नु,

२. निजी र सहकारी क्षेत्रको लगानी प्रवर्द्धन गर्दै विकास प्रक्रियामा सहभागी गराउनु र

३. राजस्वको परिचालनलाई प्रभावकारी बनाउनु।

## ८. रणनीति र कार्यानीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सार्वजनिक खर्च प्रणालीसम्बन्धी नीतिगत, कानुनी र संरचनागत सुधार गर्ने। | १. सार्वजनिक खर्चसम्बन्धी आवश्यक नीति निर्माण गरिनेछ।<br>२. सार्वजनिक खर्चको स्रोत र संस्थागत दक्षतामा सुधार गरिनेछ।<br>३. आवधिक योजना, क्षेत्रगत योजना र वार्षिक बजेटबीचमा सामञ्जस्यता कायम गरिनेछ।<br>४. गैरबजेटरी खर्चलाई निरूत्साहित गरिनेछ।<br>५. मन्त्रालयगत वजेट सूचना प्रणालीलाई संघीय सरकारसँग सहकार्य गरी एकल कोष खातासँग आवद्ध गर्ने व्यवस्था मिलाइनेछ।<br>६. बजेट निर्माण, लेखाङ्कन एवम् सार्वजनिक खर्च व्यवस्थापन प्रणालीलाई एकीकृत सार्वजनिक वित्त व्यवस्थापन सूचना प्रणालीमा आवद्ध गरिनेछ।<br>७. सार्वजनिक वित्त व्यवस्थापनमा संस्थागत क्षमता अभिवृद्धि गरिनेछ। |
| २. सार्वजनिक खर्चलाई वढी उत्पादनशील क्षेत्रमा लगानी गर्ने। | १. मध्यमकालीन खर्च संरचना, सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदनका आधारमा आयोजनाहरूको छनौट गरिनेछ।<br>२. आयोजना बैंक तयार गरी स्थानीय आवश्यकता तथा जनसहभागिताका आधारमा आयोजनाहरूको प्राथमिकीकरण गरी कार्यान्वयन गरिनेछ।<br>३. बहुवर्षीय कार्यक्रम तथा आयोजनाको कार्यान्वयन |

| रणनीति | कार्यनीति |
|---|---|
| | प्रगतिका आधारमा बजेट विनियोजन गरिनेछ। संघीय सरकारबाट हस्तान्तरण भै आएका बहुवर्षीय आयोजनाहरूमा रकम विनियोजन गर्न प्राथमिकता दिइनेछ।<br>४. नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणाली लागू गरिनेछ।<br>५. वित्तीय सुशासन तथा बजेट अनुशासनसम्बन्धी नीति तथा कानुनको निर्माण गरी कार्यान्वयन गरिनेछ।<br>६. खुला बजेटको अवधारणा अनुरूप बजेट निर्माण प्रक्रियाको अवलम्बन गरिनेछ।<br>७. आयोजना कार्यान्वयन गराउने निकायले कार्यान्वयन गर्ने आयोजना प्रमुखसँग र आयोजना प्रमुखले मातहतका कर्मचारीहरूसँग कार्यसम्पादन करार गर्ने व्यवस्था मिलाइनेछ। |
| ३. सार्वजनिक, निजी, सहकारी र समुदायको साझेदारीलाई प्रोत्साहित गर्ने। | १. प्रादेशिक गौरवका आयोजनाहरूमा लगानी गर्न निजी तथा वैदेशिक क्षेत्रको निम्ति प्रोत्साहन प्याकेजको अग्रिम घोषणा गरिनेछ।<br>२. ठूला लगानी ल्याउने लगानीकर्ताका निम्ति उनीहरूकै खर्चमा जग्गा प्राप्त गर्न प्रदेश सरकारले सहजीकरण गर्नेछ।<br>३. निजी क्षेत्रका प्रतिष्ठानहरूको सुरक्षार्थ उनीहरूकै खर्चमा माग भई आएमा सरकारी सुरक्षा प्रदान गरिनेछ।<br>४. सार्वजनिक निजी साझेदारीसम्बन्धी नीति र कानुन कार्यन्वयनमा ल्याइनेछ।<br>५. पूर्वाधार विकासको आवश्यकता, ऊर्जा उपलब्धता र औद्योगिक सुरक्षाका माध्यमबाट निजी क्षेत्रको लगानी आकर्षण गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ६. निजी क्षेत्रमा प्रतिष्पर्धाको वातावरण सिर्जना गर्न सिण्डिकेट र कार्टेलिङजस्ता गैरकानुनी अभ्यासहरूलाई कानुनतः नियन्त्रण गरिनेछ।<br>७. विकास आयोजनाहरूमा सहकारी र समुदायको लगानीलाई प्रोत्साहित गर्ने व्यवस्था मिलाइनेछ। |
| ४. सार्वजनिक ऋण र विकास सहायता लाई प्रभावकारी रूपमा परिचालन गर्ने। | १. संघीय कानुनसँग तादात्म्यता हुनेगरी सार्वजनिक ऋणसम्बन्धी प्रादेशिक कानुन तर्जुमा गरी लागू गरिनेछ।<br>२. प्रदेशको समष्टिगत आर्थिक स्थायित्व कायम हुनेगरी सार्वजनिक ऋणको परिचालन गरिनेछ।<br>३. जलबिद्युत, उत्पादनमूलक उद्योग, पर्यटन तथा पूर्वाधार विकास लगायतका बढी प्रतिफल दिने, रोजगारी सिर्जना गर्ने र ऋण तिर्न सक्ने क्षमता भएका आयोजनामा सार्वजनिक ऋणको उपयोग गरिनेछ।<br>४. प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारको विकास सहायतालाई सहायता व्यवस्थापन प्रणालीमा राखिनेछ। |
| ५. राजस्व परिचालन क्षमता अभिवृद्धि गर्ने। | १. करका आधार क्षेत्रहरूको पहिचान र बढोत्तरी गर्दै कर तिर्ने परिपाटीको विकास गरिनेछ।<br>२. राजस्व सङ्कलनमा बिद्युतीय प्रणालीको प्रयोगलाई प्रोत्साहन गरिनेछ।<br>३. राजस्व क्षमता र सम्भाव्यता अध्ययनका लागि स्थानीय तहलाई सहयोग गरिनेछ।<br>४. करदाता सूचना प्रणालीको विकास गरी आन्तरिक स्रोत सङ्कलन र परिचालनलाई प्रभावकारी र पारदर्शी बनाइनेछ।<br>५. राजस्व प्रशासनसम्बन्धी आवश्यक नीतिगत व्यवस्था गर्न स्थानीय तहलाई सहयोग गरिनेछ।<br>६. करदाताहरूको परामर्शमा करका दर निर्धारण, सङ्कलन र कर सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ७. प्रदेशको बजेटमा आन्तरिक राजस्वको हिस्सा बढाउन कर चुहावट नियन्त्रण र दायरा फराकिलो गरिनेछ।<br>८. तहगत राजस्व बाँडफाँड प्रणाली व्यवस्थित गरी समयबद्ध हस्तान्तरणको व्यवस्था गरिनेछ। |
| ६. वित्तीय हस्तान्तरणलाई पारदर्शी तथा न्यायोचित बनाउने। | १. स्थानीय तहको सामाजिक, आर्थिक, पूर्वाधार विकास, राजस्व परिचालन क्षमता लगायतका आधारमा वित्तीय हस्तान्तरण गरिनेछ।<br>२. स्थानीय तहको मानव विकास सूचकाङ्क तयार गरी वित्तीय हस्तान्तरणलाई न्यायपूर्ण, पूर्वानुमानयोग्य र पारदर्शी बनाइनेछ।<br>३. स्थानीय तहको आन्तरिक राजस्व परिचालन क्षमताको विकास गरिनेछ। |

## ९. प्रमुख कार्यक्रमहरू

| प्रदेश आफैले गर्ने | स्थानीय तहलाई सहजीकरण गर्ने |
|---|---|
| (१) सार्वजनिक खर्चसम्बन्धी आवश्यक नीति निर्माण<br>(२) आवधिक योजना, क्षेत्रगत योजना र वार्षिक बजेटबीचमा सामञ्जस्यता कायम<br>(३) एकीकृत सार्वजनिक वित्त व्यवस्थापन सूचना प्रणाली विकास<br>(४) नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणाली लागू<br>(५) विकास आयोजनाहरूमा नीजि क्षेत्र, सहकारी र समुदायको लगानीलाई प्रोत्साहन | (१) करका आधार क्षेत्रहरूको पहिचान र बढोत्तरी गर्दै कर तिर्ने परिपाटीको विकास<br>(२) राजस्व सङ्कलनमा बिद्युतीय प्रणालीको प्रयोग<br>(३) करदाताहरूको परामर्शमा करका दर निर्धारण, सङ्कलन र कर सचेतना कार्यक्रम सञ्चालन<br>(४) स्थानीय तहको राजस्व प्रशासनसम्बन्धी आवश्यक नीति निर्माण |

## १०. अपेक्षित उपलब्धि

प्रदेशको कुल गार्हस्थ्य उत्पादन ११.२ प्रतिशतले वृद्धि भएको हुने, प्रतिव्यक्ति आय रू ४ लाख ५ हजार पुगेको हुने, आन्तरिक राजस्व उल्लेख्य वृद्धि भएको हुने, सार्वजनिक खर्चसम्बन्धी आवश्यक नीति निर्माण भएको हुने, बजेट कार्यान्वयनमा सुधार भई ८० प्रतिशतभन्दा बढी पूँजीगत खर्च भएको हुने, निजी र सहकारी क्षेत्रको लगानी वृद्धि भएको हुने र एकीकृत सार्वजनिक वित्त व्यवस्थापन सूचना प्रणालीको विकास भएको हुने।

# ३.२ कृषि क्षेत्र

## १. पृष्ठभूमि

नेपालको संविधानले सबै नेपालीलाई खाद्यको अधिकार प्रत्याभूत गरेको छ। दिगो विकास लक्ष्यले सन् २०३० सम्ममा भोकमुक्त विश्व बनाउने लक्ष्य लिएको सन्दर्भमा संघीय सरकारले बि.सं. २०७७ भित्र खाद्यान्नमा आत्मनिर्भर हुने घोषणा गरेको एवम् पाँच वर्षभित्र कृषि उत्पादकत्व दोब्बर गर्ने प्रतिवद्धता जनाएको छ। हाल मुलुक कृषिको यान्त्रिकीकरण, आधुनिकीकरण र व्यवसायीकरण गर्ने उद्देश्यले १५ वर्षीय कृषि विकास रणनीति कार्यान्वयनको चरणमा छ। यसका साथै, जैविक खेतीको विकासका निम्ति प्रविधि विकास, सामुदायिक तथा सहकारी संस्थाहरूको क्षमता विकासका कामहरू भइरहेका छन्।

प्रदेश सरकारले आ.व. २०७५।०७६ को नीति तथा कार्यक्रममार्फत् खाद्य संप्रभुताको सुनिश्चितताको लागि बहुआयामिक कृषि उत्पादनमा जोड दिंदै प्रदेशलाई तुलनात्मक लाभका क्षेत्रमा आत्मनिर्भर बनाई निर्यात गर्न सक्ने अवस्था सिर्जना गर्न कृषिलाई आधुनिक, प्रतिष्पर्धी र दिगो बनाई कृषिमा क्रान्ति ल्याउने घोषणा गरेको छ।

यस प्रदेशको भूगोलमा रहेको हिमाली, पहाडी र भित्री मधेश क्षेत्रले धेरै प्रकारका कृषि वस्तुको उत्पादनका निम्ति प्राकृतिक आधार प्रदान गरेको छ। यस प्रदेशमा तरकारी, फलफूल, दुध, अण्डा, माछा, मासु, जडिबुटी, खाद्यान्न, च्याउ, मह तथा नगदे बाली उत्पादनको प्रचुर सम्भावना छ। प्राकृतिक सौन्दर्य, विशिष्ट संस्कृति, स्थानीय तथा रैथाने बालीको प्रचुरता आदिका कारणले यस प्रदेशमा कृषि-वन पर्यटनको उल्लेख्य सम्भावना छ। खाद्यान्न न्यून रहेका कारण यस प्रदेशमा प्रतिएकाई जमिन र कृषि श्रमिकको उत्पादकत्व वृद्धिमार्फत् खाद्य स्वाधिनता हासिल गर्नु आवश्यक छ।

प्रदेश सरकारको कार्य क्षेत्रमा कृषि उत्पादन र उत्पादकत्व बढाउने कार्यक्रमहरू, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका ब्लक र पकेट विकास कार्यक्रम, कृषिउपजको न्यूनतम समर्थन मूल्य निर्धारण र कार्यान्वयन; कृषि र पशुपन्छी बिमासम्बन्धी योजना र कार्यान्वयन; सहुलियत दरमा कृषि

ऋणको व्यवस्था, कृषि फार्म/केन्द्रहरूको विकास र व्यवस्थापन; कृषि तथा पशु रोगको निदान प्रयोगशाला व्यवस्थापन र नियमन; कृषिजन्य वस्तु, सेवा र प्रविधिको गुणस्तर निर्धारण र प्रमाणीकरण; सामूहिक खेती प्रणालीको विकासजस्ता विषयहरू पर्दछन्।

## २. वस्तुगत स्थिति

यस प्रदेशको कुल क्षेत्रफलको करिब १७ प्रतिशत अर्थात् ३ लाख ४३ हजार २ सय ७४ हेक्टर जमिन खेतीयोग्य छ र सोमध्ये ७३ प्रतिशत क्षेत्रफलमा मात्र खेती गरिएको छ। यस तथ्यले प्रदेशमा कृषि उत्पादनका लागि क्षेत्र बिस्तार गर्ने तथा प्रतिएकाइ जमिनमा उत्पादकत्व वृद्धि गर्ने सम्भावनालाई देखाउँछ। नेपालमा मुख्य खाद्यान्न बालीहरूको कुल क्षेत्रफलमा १३ प्रतिशत र समग्र कृषि उत्पादनमा १६ प्रतिशत योगदान यस प्रदेशको छ। यस प्रदेशको कुल खेतीयोग्य भूमिको ४९.५ प्रतिशत भूमि सिँचाइयोग्य छ र सोको पनि ५९.७ प्रतिशत जमिन मात्र सिँचित छ। जिल्लागत रूपमा सबैभन्दा बढी सिँचाइयोग्य भूमि क्रमशः चितवन, मकवानपुर, सिन्धुपाल्चोक र नुवाकोटमा छ। नेपालको प्रमुख खाद्यान्न बालीहरू धान, मकै र गहुँको राष्ट्रिय औसत उत्पादकत्वको तुलनामा यस प्रदेशको औसत उत्पादकत्व बढी छ। सिँचित क्षेत्र बिस्तार, गुणस्तरीय कृषि सामग्रीको उपलब्धता, उन्नत खेती प्रविधि प्रसार एवम् बजार प्रवर्द्धनबाट उत्पादकत्वमा थप वृद्धिको सम्भावना छ।

आ.व. २०७३/७४ को कृषिसम्बन्धी विवरण अनुसार यस प्रदेशको कुल खाध्यान्न उत्पादन ८ लाख ५२ हजार ६८० मे. टन छ जुन प्रदेशको आवश्यक्ताका तुलनामा करिब ३ लाख ९० हजार मे. टन न्यून हो। भैंसी, खसी, बंगुर लगायत कुखुरा र हाँस गरी यस प्रदेशमा ७५००६ मे. टन मासु उत्पादन हुन्छ जुन कुल राष्ट्रिय उत्पादनको २२.५६ प्रतिशत हो। यसैगरी, दुध उत्पादन ४८ लाख लिटर छ। कुल दुध उत्पादनको १५ प्रतिशत कम्पनीहरूमा, ३५ प्रतिशत होटल, रेष्टुरेण्टमा र ५० प्रतिशत घरायसी उपभोगमा खपत हुने गर्दछ। यस प्रदेशमा करिब २० हजार किसानहरू दुग्ध व्यवसायमा संलग्न छन्। नेपालमा उत्पादन हुने कुखुरा र हाँसको कुल अण्डा उत्पादनमा प्रदेशको उत्पादन क्रमशः ५४ र १४ प्रतिशत छ।

काठमाडौं उपत्यकामा खपत हुने कुल माछामध्ये ६५ प्रतिशत भारतबाट तथा ३५ प्रतिशत नेपालकै विभिन्न स्थानबाट आपूर्ति हुने गर्दछ। प्रदेशको भित्री मधेश र बेंसी क्षेत्रहरूमा धान, मकै र गहुँ तथा पहाडी र हिमाली क्षेत्रमा मकै, कोदो, जौ र आलु बढी उत्पादन हुने गर्दछ। यस प्रदेशमा फलफूल तथा तरकारी खेती, मासु, अण्डा, माछाको उत्पादन बढ्दै गएको छ। चितवनमा माछा तथा अण्डाको बढी उत्पादन हुने गरेको र काभ्रे, चितवन, मकवानपुर र धादिङमा दुधको बढी उत्पादन हुने गरेको छ।

नेपालमा पुष्प खेती पनि बिस्तार भइरहेको छ। नेपालमा रहेका पुष्प खेती फार्ममध्ये ६१ प्रतिशत यस प्रदेशमा छन्।

## ३. समस्या र चुनौती

कृषिउपजहरूको सम्भावित उत्पादन र उत्पादकत्वको तुलनामा हालको वास्तविक उत्पादन र उत्पादकत्व न्यून रहनु कृषि क्षेत्रको प्रमुख समस्या हो। कृषि प्रणालीमा पछौटेपन कायम हुनु, कृषि पूर्वाधारमा सरकारी क्षेत्रको लगानी न्यून हुनु, कृषि वस्तुको उचित मूल्य कृषकले नपाउनु, उत्पादक कृषकसँग जग्गाको स्वामित्व नहुनु र स्वामित्व भएकाहरूसँग पनि जमिनको मात्रा सानो हुनु, कृषि पेसा आकर्षक बन्न नसक्नु, भू-उपयोग ऐनको अभावले मलिलो र उर्बर भूमि गैरकृषि क्षेत्रमा उपयोग हुने क्रम बढ्नु, अप्ठ्यारो भू-अवस्था र कमजोर ग्रामीण पूर्वाधार, छिमेकी मुलुकहरू चीन र भारतमा उत्पादन भई नेपाली बजारमा बिक्री भैरहेका कृषिउपजहरूसँग नेपाली उपजहरूको मूल्य र गुणस्तरमा प्रतिष्पर्धी बन्न नसक्नु आदि कृषि क्षेत्रका थप समस्या हुन्। खेतीका विशिष्टीकृत पकेट क्षेत्रहरूको पहिचान नहुनु, कृषिको आधुनिकीकरण र व्यवसायीकरण कम हुनु, ठूलो परिमाणमा उत्पादन गरी वाह्य निर्यातको वातावरण तयार नहुनु, गुणस्तरीय कृषि उत्पादन सामग्री आपूर्ति सुनिश्चित नहुनु; कृषि अनुदान, बिमा, ऋण, न्यूनतम समर्थन मूल्य, शीत भण्डार र थोक बिक्री केन्द्रमा किसानको पहुँच कम हुनु, उत्पादित कृषि वस्तुको संस्थागत रूपमा भण्डारण र बजारीकरणमा समस्या हुनु; कृषि उत्पादन विषादीमुक्त बनाउन नसक्नु, जैविक खेतीको बिस्तार हुन नसक्नु, खण्डीकृत जमिनलाई चक्लाबन्दी गरी कृषिको यान्त्रिकीकरण र व्यवसायीकरण गर्न नसक्नु, सबै कृषकलाई कृषि प्रविधि र कृषि बजारसम्बन्धी सूचना सञ्जालभित्र समेट्न नसक्नु र कृषक तालिम, क्षमता विकास र सशक्तीकरणजस्ता कार्यक्रमहरू प्रभावकारी नहुनु कृषि क्षेत्रका प्रमुख चुनौतीहरू हुन्।

तुलनात्मक लाभ भएका निर्यातयोग्य र प्रतिष्पर्धी कृषि तथा पशुपन्छी उपजहरूको उत्पादनमा बढोत्तरी गर्न "विशिष्टीकृत बृहत्तर कृषि उत्पादन क्षेत्र" निर्धारण गरी प्रविधि, पूर्वाधार, सिँचाइ, यन्त्र-उपकरण, कृषि ऋण, कृषि बिमा सुविधा, रासायनिक तथा प्राङ्गारिक मल, उन्नत बीउबिजन, बिरुवा तथा कृषि क्षेत्रको लगानीलाई एकीकृत र रणनैतिक ढङ्गबाट परिचालन गर्नुको साथै युवा जनशक्तिलाई कृषि पेसामा आकर्षित गर्नु पर्ने अवस्था छ।

## ४. अवसर

खाद्य र पोषण सुरक्षाका निम्ति कृषि क्षेत्र सरकारको उच्च प्राथमिकतामा रहनु, कृषि उत्पादनमा र बजारीकरणमा निजी क्षेत्रको लगानी क्रमिक रूपमा बढ्दै जानु, युवा पुस्तामा आधुनिक खेतीप्रति

आकर्षण बढ्दै जानु, खाद्यान्न, फलफूल, तरकारी, नगदेवाली, पशुपन्छी एवम् मत्स्य उत्पादनका लागि भौगोलिक तथा हावापानीको विविधता हुनु, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन हुनु, कृषि विकासका निम्ति सहुलियत दरमा कृषि ऋण, बिमा, शीत भण्डार, बीउ, मल, सिँचाइको व्यवस्थामा सरकारी लगानी बढ्दै जानु, जैविक खेती गर्न सकिने पकेटहरू पहिचान हुँदै जानु, प्रदेशका विभिन्न स्थानमा कृषि उत्पादनका विशिष्टीकृत क्षेत्र विकास हुने क्रम बढ्नु, कृषि उत्पादन क्षेत्र र कृषिउपजको बजारकाबीच यातायात सञ्जाल बन्दै जानु, कृषि उत्पादन खपतका लागि काठमाण्डौं उपत्यकाजस्ता ठूला बजार उपलव्ध हुनु, सहकारी र सामूहिक खेती प्रणालीमा सरकारको प्राथमिकता रहनु, बजारीकरणमा कृषि सहकारीका सम्भावना वृद्धि हुनु, वैदेशिक रोजगारवाट फर्केका युवाहरू कृषितर्फ आकर्षित हुनु र सञ्चार सञ्जालको तीब्र विकासका कारण कृषि सूचना प्रविधिको सहज पहुँच हुन सक्ने अवस्था हुनु, चीन र भारतजस्ता ठूला बजारहरू उपलब्ध हुनु, तुलनात्मक लाभ भएका बाली र पशुपन्छी उत्पादन हुन सक्ने वातावरण हुनु, सिँचाइ विकास गरी खेतीयोग्य जमिन बिस्तार गर्न सकिने तथा प्रतिएकाइ जमिन र प्रतिश्रमिक उत्पादकत्व बढाउन सकिने सम्भावना हुनु यस प्रदेशका निम्ति कृषि विकासका अवसरहरू हुन्।

## ५. दीर्घकालीन सोच

खाद्य तथा पोषण सुरक्षासहितको सम्पन्न कृषक

## ६. लक्ष्य

खाद्य र पोषण सुरक्षा, व्यवसायिक कृषि र लाभप्रद रोजगारीद्वारा किसानको आयस्तर वृद्धि भई समृद्ध प्रदेशको निर्माणमा योगदान पुऱ्याउने।

## ७. उद्देश्य

१. दिगोपनसहितको कृषि उत्पादनमा बढोत्तरी हासिल गर्ने र प्रतिएकाइ जमिन र प्रतिएकाइ कृषि श्रमिकको उत्पादकत्व बढाउनु,

२. खाद्य र पोषण सुरक्षा गर्दै कृषि वस्तुको आयात घटाउने एवम् निर्यात प्रवर्द्धन गर्नु,

३. कृषिमा आयमूलक रोजगारीका अवसरहरूको बिस्तार गर्नु, र

४. विषादी अवशेषरहित एवम् जैविक पोषणयुक्त खाद्य वस्तु सुपथ मूल्यमा उपलब्ध गराउनु र उपभोक्ताहरूको खाद्य अधिकार सुनिश्चित गर्नु।

## ८. रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. कृषिको विशिष्टीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने। | १. कृषि, पशुपन्छी, माहुरी र माछा विकाससम्बन्धी दीर्घकालीन नीति, कानुन र मापदण्ड तयार गरिनेछ।<br>२. कृषि तथा पशुपन्छीजन्य वस्तुहरूको उत्पादनमा वृद्धि गर्न "विशिष्टीकृत बृहत्तर कृषि उत्पादन क्षेत्र" निर्धारण गरी प्रविधि, पूर्वाधार, सिँचाइ, यन्त्र-उपकरण, कृषि ऋण, कृषि बिमा, मल, उन्नत बिउबिजन तथा विरूवा लगायतका वस्तु तथा सेवाहरू एकीकृत रूपमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।<br>३. कृषि तथा पशुपन्छीजन्य उत्पादनलाई बजारीकरणका लागि विशेष सुविधा दिइनेछ।<br>४. संघीय कानुन अनुसार प्रदेशको भू—उपयोग नीति र कानुन तर्जुमा गरी कृषि भूमिको व्यवस्थित प्रयोगमा जोड दिइनेछ।<br>५. कृषि भूमिको संरक्षण र चक्लावन्दीलाई प्रोत्साहन गर्दै साझेदारी, सामूहिक, सहकारी र करार खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ।<br>६. कृषि कलेज तथा कृषि अनुसन्धानमा संलग्न सरकारी निकायहरूलाई कृषि प्रयोगशाला, घुम्ती कृषि प्रसार, प्रविधि बिस्तार र कृषक अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।<br>७. अनुसन्धानबाट विकास भएका प्रविधिहरूको बिस्तारका लागि कृषि क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी निकायहरूको सञ्जाल गठन गरी सेवा प्रवाहमा दोहोरोपन नआउने गरी एकद्वार कृषि प्रसार प्रणालीलाई प्रोत्साहित गरिनेछ।<br>८. खाद्यान्न उत्पादन कम हुने तथा पोषणका हिसावले असुरक्षित ग्रामीण क्षेत्रमा कृषिजन्य उत्पादनमा जोड दिइनेछ।<br>९. बचत तथा ऋण सहकारी संस्थाले कृषि लगायतका उत्पादनशील क्षेत्रमा अनिवार्य रूपमा कम्तीमा ५०% ऋण |

| रणनीति | कार्यनीति |
|---|---|
| | प्रवाह गर्नुपर्ने व्यवस्था गरिनेछ।<br>१०. परियोजनामा आधारित कृषि ऋण उपलब्ध गराउने व्यवस्थाका लागि अवश्यक नीति बनाइनेछ।<br>११. कृषिमा जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशील प्रविधिको प्रयोग गरी कृषि जैविक विविधताको संरक्षण, सम्वर्धन तथा दिगो उपयोगमा जोड दिइनेछ।<br>१२. विशिष्टीकृत खेती कार्यान्वयन भएको क्षेत्रमा ठूला सिँचाइ परियोजना सम्भव नभएमा साना प्रकृतिका सतह, भूमिगत, थोपा, लिफ्ट र अन्य बैकल्पिक सिँचाइ प्रविधिबाट सिँचाइ सुविधाको व्यवस्था गरिनेछ।<br>१३. विशिष्टीकृत खेती कार्यान्वयन भएको क्षेत्रमा सडक पहुँच नभएमा साना कृषि सडक निर्माण गरिनेछ।<br>१४. सार्वजनिक तथा वन क्षेत्रमा भएका बाँझो तथा खाली जग्गामा सम्बन्धित निकायसँगको समन्वयमा सामुहिक खेती प्रवर्धन गरी फलफुल, मसला, जडीबुट्टी लगायत अन्य उच्च मूल्यका बाली उत्पादनको लागि आवश्यक व्यवस्था मिलाइनेछ।<br>१५. जंगली जनवारहरूबाट कृषि, पशुपन्छी र मानवीय क्षतिलाई कम गर्न सम्बेदनशीलतालाई ध्यानमा राखी पक्की पर्खाल निर्माण लगायतका उपयुक्त प्रविधि र उपायको अवलम्बन गरिनेछ।<br>१६. बाँदरबाट कृषिउपज र सम्पत्तिमा पुगेको क्षतिलाई कम गर्न उपयुक्त प्रविधि र उपायको अवलम्बन गरी बाँदर व्यवस्थापन गरिनेछ।<br>१७. सिँचाइ सुविधा नभएको क्षेत्रमा बर्षातको पानी सङ्कलन गरी उपयोगमा ल्याउन पोखरी संरक्षण र निर्माणलाई अभियानको रूपमा सञ्चालन गरिनेछ।<br>१८. बीउबिजनको अनुसन्धान तथा प्रसार गर्न र चौंरी, भेंडा, बाख्रा, बंगुर, गाई, भैंसी लगायतका पशु तथा पन्छीको अनुसन्धान, |

| रणनीति | कार्यनीति |
|---|---|
| | नश्ल सुधार तथा प्रसार गर्न उपयुक्त स्थानहरूमा स्रोत केन्द्रहरूको स्थापना गरिनेछ।<br>१९. वन्यजन्तु तथा पन्छीहरूको पालन, प्रजनन्, मांशाहार, बेचबिखन र विदेश निकासी गर्न सकिने संघीय नीतिको कार्यान्वयनमा सहयोग र सहजीकरण गरिनेछ। |
| २. कृषिको यान्त्रिकीकरण, सहजीकरण र बजारीकरणमा सहयोग गर्ने। | १. कृषि सामग्री, अनुदान, बिमा, ऋण, न्यूनतम समर्थन मूल्य, शीत भण्डार, थोक बिक्री केन्द्र, बजारीकरण र कृषि सूचनामा किसानको सहज पहुँच स्थापनामा जोड दिइनेछ।<br>२. कृषि तथा पशुपन्छीको उत्पादन वृद्धि गर्न उत्पादनको आधारमा अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।<br>३. स्थानीयस्तरमा कृषि औजारहरू उत्पादन गर्न निजी क्षेत्रलाई प्रवर्धन गरिनेछ।<br>४. कृषिउपज बजार ऐन जारी गरी कृषिउपज बजारीकरणलाई सहजीकरण र नियमन गरिनेछ।<br>५. कृषिउपजको उत्पादन, प्रशोधन, भण्डारण एवम् वितरण प्रणालीमा नयाँ प्रविधिको विकास र बिस्तारमा सहयोग गरिनेछ।<br>६. कृषि तथा पशुपन्छीजन्य उत्पादनको व्यवसायीकरणमा निजी तथा सहकारी संस्थाहरूको भूमिका बढाइनेछ।<br>७. कृषिउपजको न्यूनतम समर्थन मूल्य निर्धारण गर्दा कृषकको वास्तविक उत्पादन लागतलाई मुख्य आधार मानिनेछ।<br>८. स्थानीय तह, सहकारी संस्था र दुग्ध व्यवसायीको सहकार्यमा दुध प्रशोधन तथा दुग्ध पदार्थ उत्पादन र बजारीकरणमा प्रोत्साहन गरिनेछ।<br>९. पशुपन्छीको आहार, रोग तथा महामारी नियन्त्रण र बिमामा सुविधा र सहुलियत दिई यिनीहरूको उत्पादनमा वृद्धि ल्याइनेछ।<br>१०. हिमाली क्षेत्रमा पशु चरिचरणका लागि आवश्यक व्यवस्था |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | गरिनेछ।<br>११. कृषि, दुध, मासु तथा माछाजन्य उद्योगहरू स्थापना तथा सञ्चालित उद्योगको आधुनिकीकरण र क्षमता अभिवृद्धि गरिनेछ। |
| ३. कृषिको औद्योगिकरण गर्ने। | १. कृषिको बहुआयामिक विकासका लागि कृषि, वन, पशु तथा जैविक उत्पादनमा आधारित कृषि पर्यटनको विकास र प्रवर्धन गरिनेछ।<br>२. कृषि रिसोर्टहरूको विकास र प्रवर्धन गरिनेछ।<br>३. काठमाण्डौ उपत्यका लगायत अन्य शहरी तथा शहरोन्मुख क्षेत्रहरूमा हाइड्रोपोनिक्स र अक्वापोनिक्सजस्ता उच्च प्रविधिको प्रयोग गरी शहरी कृषि उद्योग प्रवर्धनको विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>४. कृषि, पशुपन्छी, माछा लगायतका वस्तुहरूमा आधारित उत्पादन, प्रशोधन र औद्योगिक वस्तु उत्पादन गर्ने उद्योगहरूको स्थापना, स्तरोन्नति र प्रवर्धन गरिनेछ।<br>५. सबै स्थानीय तहको माटो परीक्षणका लागि मोबाइल माटो परीक्षण सेवा सुरू गर्न आवश्यक व्यवस्था मिलाइनेछ।<br>६. निरन्तर कृषि पेशामा लागिरहने कृषकहरूलाई सम्मानित र पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ। |
| ४. वडालाई कृषि तथा पशुपन्छी सेवा केन्द्रको रूपमा विकास गर्ने। | १. वडागत रूपमा कृषि, पशु, पन्छी, माछा, मौरी लगायतका पकेट क्षेत्रहरू पहिचान गरी आवश्यक सहयोगहरू एकीकृत रूपमा उपलब्ध गराउन स्थानीय तहसँग सहकार्य गरिनेछ।<br>२. आवश्यकताका आधारमा वडास्तरमा नमूना प्राङ्गारिक खेतीको प्रवर्धन गर्न स्थानीय तहको समन्वयमा निजी क्षेत्र, सहकारी र स्थानीय समुदायसँग सहकार्य गरिनेछ।<br>३. स्थानीय तहसँग समन्वय गरी मोवाइल भेटेरिनरी एम्बुलेन्सको व्यवस्था गरी पशु स्वास्थ्य सेवालाई चुस्त, दुरुस्त र भरपर्दो बनाइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४. आवश्यकताको आधारमा दुग्ध पकेट क्षेत्रहरूमा दुध चिस्यान केन्द्र, प्रशोधन केन्द्र एवम् मिल्क पार्लरको विकास गरिनेछ।<br>५. पशु विकासका पकेट क्षेत्रहरूमा भूई तथा डाले घाँसको ब्लक स्थापना गरी पशु आहारको न्यूनतालाई पूर्ति गरिनेछ।<br>६. निजी एवम् सहकारीसँगको साझेदारीमा पशु वधशाला, दाना उद्योग, चीज तथा छुर्पी उत्पादन केन्द्र एवम् दुग्ध पाउडर प्लान्ट स्थापनामा जोड दिइनेछ।<br>७. लोपोन्मुख बिउबिजन, नश्ल र कृषि तथा पशुपन्छीजन्य जैविक विविधताको संरक्षण र व्यवसायीकरणमा जोड दिइनेछ।<br>८. बाँझो जमिन राख्ने प्रवृतिलाई नियन्त्रण गर्न स्थानीय तहले दिने सेवा सुविधामा कडाइ गर्न नीतिगत व्यवस्था गरिनेछ।<br>९. सबै स्थानीय तहका सबै वडाहरूको सहभागिता हुनेगरी कृषिसम्बन्धी आवश्यक तालिमहरू सञ्चालन गरिनेछ। |
| ५. खाद्य स्वच्छता कायम गर्ने। | १. हिमाली क्षेत्र तथा न्यून रासायनिक मल प्रयोग भएको क्षेत्रमा जैविक खेती प्रोत्साहित गर्ने र त्यसको प्रविधि, गुणस्तर निर्धारण, जनशक्ति विकास र बजारीकरणमा सहयोग गरिनेछ।<br>२. रसायनिक मल वढी प्रयोग भइरहेका क्षेत्रहरूमा क्रमशः प्रभावकारी प्राङ्गारिक मलतर्फ आकर्षण बढाउनका लागि प्रसार कार्यका साथै प्राङ्गारिक मल र कीटनाशक उत्पादन गर्ने उद्योगहरू सञ्चालन गर्न प्रोत्साहन र सहयोग गरिनेछ।<br>३. रासायनिक मल तथा जीवनाशक बिषादी प्रयोग नभएको क्षेत्रलाई क्रमशः प्राङ्गारिक क्षेत्र घोषणा गर्दै बृहत्तर जैविक उत्पादन कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>४. जैविक कृषिउपज बढाउन आवश्यक स्थानमा कृषक पाठशाला सञ्चालन एवम् तालिम केन्द्र विकास र बिस्तार गरिनेछ।<br>५. आन्तरिक बजारमा खपत हुने कृषि वस्तुको प्रयोगशालामा विषादी अवशेष अनिवार्य रूपले परीक्षण हुने व्यवस्था मिलाउने र निर्यात |

| रणनीति | कार्यनीति |
|---|---|
| | तथा आयात हुने कृषि तथा पशुपन्छीको लागि क्वारेनटाइनमा सहज पहुँच हुने व्यवस्था गरिनेछ। |

## ९. प्रमुख कार्यक्रमहरू

| प्रदेश आफैले गर्ने | स्थानीय तहलाई सहजीकरण गर्ने |
|---|---|
| १. कृषि र पशुपन्छी विकाससम्बन्धी दीर्घकालीन नीति, कानुन र मापदण्ड तयार<br>२. कृषिउपज बजार ऐन जारी गरी कृषिउपज बजारीकरणलाई सहजीकरण र नियमन<br>३. बाँझो जमिन राख्ने प्रवृतिलाई नियन्त्रण गर्न स्थानीय तहले दिने सेवा सुविधामा कडाई गर्न नीतिगत व्यवस्था<br>४. कृषिउपजको न्यूनतम समर्थन मूल्य निर्धारण<br>५. "विशिष्टीकृत बृहत्तर कृषि उत्पादन क्षेत्र"को पहिचान र एकीकृत सेवा प्रवाह | १. कृषि र पशुपन्छीसँग सम्बन्धित मानवीय संसाधनको क्षमता विकास<br>२. जैविक कृषि उत्पादन क्षेत्र घोषणा<br>३. मोवाइल भेटेरिनरी एम्बुलेन्सको परिचालन<br>४. निजी एवम् सहकारी क्षेत्रसँगको साझेदारीमा पशु वधस्थल, वधशाला तथा दाना उद्योगको स्थापना |

## १०. अपेक्षित उपलब्धि

कृषि वस्तुको उत्पादन बढेको हुने, प्रदेश फलफूल दुध, मासु, अण्डा, माछा र तरकारीमा आत्मनिर्भर भई आयात प्रतिस्थापन भएको हुने, कृषि उत्पादन, भण्डारण, तथा बजारीकरण तथा कृषिक्षेत्रको औद्योगिकीकरणमा निजी र सहकारी संस्थाको संलग्नता बढेको हुने; स्थानीय र रैथाने जातका कृषिउपजहरूको संरक्षण र प्रवर्द्धन गरी जैविक विविधताको संरक्षण भएको हुने; र निर्यातयोग्य कृषि वस्तुहरूको पहिचान गरी मूल्य श्रृङ्खला विकास गर्दै प्रतिस्पर्धात्मक क्षमता वृद्धि भएको हुने, कृषिको औद्योगिकीकरण र कृषि पर्यटनको विकास भएको हुने।

## ३.३ उद्योग

### १. पृष्ठभूमि

उद्योग क्षेत्र रोजगारी र आर्थिक विकासको प्रमुख आधार हो। कृषिबाट उद्योग र सेवा क्षेत्रमा बेरोजगार वा अर्ध बेरोजगार श्रमिकको स्थानान्तरणले मात्र वस्तु र सेवाको उत्पादन, मूल्य अभिवृद्धि, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापनका साथै गरिबी न्यूनीकरणमा टेवा पुग्दछ। तीव्र शहरीकरण र बसाईँसराइलाई व्यवस्थित गर्न मुलुकमा औद्योगिकीकरण आवश्यक हुन्छ।

नेपालको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान करिब ५.५ प्रतिशत छ भने राष्ट्रिय रोजगारीमा ६.६ प्रतिशत रहेको छ। आ.व. २०७४/७५ सम्ममा उद्योग विभागमा दर्ता भएका ठूला, मझौला र साना उद्योगहरूको सङ्ख्या ७,५२९ छ र यी उद्योगहरूबाट ५,७५,४९६ कुल रोजगारी सिर्जना भएको छ। कुल दर्ता भएका उद्योगहरूमध्ये ठूला तथा मझौला उद्योगहरू क्रमशः १३.६८ र २१.७८ प्रतिशत छन्। तर साना उद्योगहरू ६४.५४ प्रतिशत छन् र यी उद्योगहरूले ४७. ५६ प्रतिशत रोजगारीमा योगदान गरेका छन्। यी उद्योगहरूमा कुल लगानी १६ खर्व ८१ अर्व छ।कुल उद्योगहरूमध्ये ५,०९८ (६७.७१ प्रतिशत) यस प्रदेशमा छन् भने कुल लगानीमा प्रदेशको हिस्सा ३७.३० प्रतिशत छ। यसैगरी, यस प्रदेशको उद्योग क्षेत्रको रोजगारीको हिस्सा ६०.८६ प्रतिशत छ।

प्रदेशको कार्य क्षेत्रमा ठूला तथा मझौला उद्योगहरूको प्रवर्द्धन र नियमन; औद्योगिक व्यवसाय प्रवर्द्धन र नियमन; औद्योगिक भौतिक पूर्वाधार विकास; उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग तथा प्रदेशस्तरको औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना र बिस्तारका साथै उद्यमशीलताको विकास पर्दछ।

### २. वस्तुगत स्थिति

नेपालमा रहेका ११ औद्योगिक क्षेत्रहरूमध्ये यस प्रदेशमा बालाजु, पाटन, भक्तपुर र हेटौंडा गरी चारवटा औद्योगिक क्षेत्रहरू छन्। आ.व. २०७४/७५ को औद्योगिक तथ्याङ्क अनुसार सो वर्ष यस प्रदेशमा दर्ता भएका कुल ३३१ उद्योगमध्ये ८५.२० प्रतिशत अर्थात् २८२ उद्योगहरू काठमाडौं उपत्यकामा मात्र रहेका छन्। आ.व. २०७४/७५ सम्म दर्ता भएका उद्योगहरूमध्ये वैदेशिक लगानी भएका उद्योगहरू ४,४७७ छन्। तीमध्ये ८०.०७ प्रतिशत यस प्रदेशमा छन्।

आ.व. २०७४/७५ सम्म समग्र मुलुकमा दर्ता भएका घरेलु तथा साना उद्योगको सङ्ख्या ५ लाख ३२ हजार २२ छन्। तीमध्ये यस प्रदेशमा ६३ हजार ७ सय ५२ छन्। यो सङ्ख्या कुल सङ्ख्याको ११.९८ प्रतिशत हो। ठूला तथा मझौला उद्योगहरूको तुलनामा घरेलु तथा साना उद्योगको सङ्ख्या प्रदेशमा न्यून छ।

यस प्रदेशमा स्थापित उद्योगहरूमध्ये काठमाडौं उपत्यकामा अत्यधिक छन्। उपत्यकामा भएका वातावरणलाई प्रत्यक्ष असर गर्ने ईंटा उद्योग, क्रसर, ढुङ्गा र बालुवा उद्योगहरूबाट जनस्वास्थ्यमा र पर्यटनमासमेत असर पर्न गएको छ। त्यस्ता उद्योगहरूका लागि स्थानान्तरण वा प्रविधि व्यवस्थापन र नियमन हुन सकेको छैन। निजी क्षेत्रमा रहेका कतिपय उद्योगहरू रुग्ण उद्योगको रूपमा रहेका र तिनीहरूलाई पुनःसञ्चालन वा बन्द गर्ने सम्बन्धमा स्पष्ट नीति एवम् कानुनद्वारा सम्बोधन गर्नुपर्ने आवश्यकता छ। ईंटाभट्टा उद्योगबाहेक, वातावरण (मुलतः माटो, पानी, हावा)लाई असर पार्ने ७६१ उद्योगहरू काठमाडौं जिल्लामा रहेका छन् भने यस्ता ९२ उद्योगहरू चितवनमा छन्। यीमध्ये १४ वटा छाला उद्योग, ६१ वटा रबर र प्लास्टिक उद्योग र १५ वटा रासायनिक उद्योगहरू काठमाडौंमा केन्द्रित छन्। निर्यातमूलक उद्योगलाई लक्षित गरी काभ्रेपलाञ्चोकको पाँचखालमा विशेष आर्थिक क्षेत्र निर्माणको प्रक्रियामा छ।

## ३. समस्या र चुनौती

औद्योगिक लगानी-मैत्री वातावरणमा सुधार नहुनु, औद्योगिक पूर्वाधारहरू पर्याप्त र गुणस्तरीय नहुनु, आवश्यक दक्ष श्रमशक्तिको कमी हुनु, कारोबार लागत बढी हुनु, सरकारले उद्योगलाई दिएको प्रोत्साहन र सहुलियत पर्याप्त नहुनु, उद्योग स्थापनाका लागि जग्गा प्राप्तिको समस्या हुनु र उपलब्ध जग्गा पनि अस्वभाविक रूपमा महँगो हुनु उद्योग विकासका प्रमुख समस्याहरू हुन्। फलस्वरूप कुल गार्हस्थ्य उत्पादनको वृद्धिदरभन्दा उद्योग क्षेत्रको वृद्धिदर न्यून रहेको छ।

औद्योगिक उत्पादनमा गुणस्तरीयता कायम गर्नु, अन्तर्राष्ट्रिय बजारको माग अनुसार ठूलो परिमाणमा उत्पादन गर्नु, औद्योगिक उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउनु, औद्योगिक क्षेत्रमा पूर्वाधारको विकास बढाउँदै लानु, सञ्चालित उद्योगहरूलाई उत्पादन तथा उत्पादकत्वका दृष्टिले प्रतिस्पर्धी बनाउनु, मौजुदा उद्योगलाई रूग्ण हुनबाट जोगाउनु, आवश्यक औद्योगिक जनशक्ति तयार गर्नु र उद्योगमा नवीनतम् प्रविधि भित्र्याउनु उद्योग क्षेत्रका प्रमुख चुनौतीहरू हुन्।

## ४. अवसर

औद्योगिक विकासका निम्ति उपयुक्त वातावरण बनाउन प्रदेश सरकारको तत्परता देखिनु, सापेक्षिक रूपमा कच्चा पदार्थको स्रोत जल, जमिन, जङ्गल र खानी उपलव्ध हुनु, कृषि तथा पशुजन्य उत्पादनमा आधारित उद्योगका निम्ति उपयुक्त आन्तरिक बजार हुनु, औद्योगिक पूर्वाधार निर्माणमा सरकारको लगानी बढ्दै जानु, दक्ष प्राविधिक एवम् सिपयुक्त जनशक्ति उत्पादन गर्ने प्रतिष्ठानहरू स्वदेशमै हुनु प्रदेशका निम्ति औद्योगिक क्षेत्रको विकासका अवसरहरू हुन्।

## ५. दीर्घकालीन सोच

औद्योगिक उत्पादनको अभिवृद्धि, प्रदेशको समृद्धि।

## ६. लक्ष्य

औद्योगिक क्षेत्रको विकास र बिस्तारद्वारा कृषिको औद्योगिकीकरण, औद्योगिक रोजगारीको सिर्जना, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापनमा सहयोग पुगी समृद्धिको आधार तयार भएको हुनेछ।

## ७. उद्देश्य

१. उपलब्ध स्रोत, सिप र क्षमतामा आधारित उद्योगहरूको प्रवर्द्धनद्वारा प्रादेशिक गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान वढाउनु,

२. उद्योगको प्रवर्द्धनद्वारा व्यापार घाटा, बेरोजगारी र गरिबी न्यूनीकरण गर्नु र

३. समग्र उद्योग क्षेत्रलाई वातावरणमैत्री बनाई मानव स्वास्थ्य, सांस्कृतिक सम्पदा र प्राकृतिक स्रोतहरूको संरक्षण गर्नु।

## ८. रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. औद्योगिक लगानीका निम्ति अनुकूल वातावरण तयार गर्ने। | (१) औद्योगिक विकासको लागि उद्योग दर्तादेखि बहिर्गमनसम्मको प्रक्रियालाई सरलीकरण गर्न सहयोग पुग्नेगरी लगानी मैत्री प्रादेशिक औद्योगिक नीति, कानुन आदि तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>(२) उद्योग स्थापनाका निम्ति आवश्यक पर्ने जमिन प्राप्त गर्न तथा पूर्वाधार विकासमा लगानीकर्तालाई सहयोग गरिनेछ।<br>(३) श्रममूलक, निर्यातजन्य र आयात प्रतिस्थापन हुने लगानीलाई प्राथमिकता दिइनेछ।<br>(४) उद्योग विकास तथा लगानी प्रवर्द्धन कोषको स्थापना गरिनेछ।<br>(५) झन्झटमुक्त उद्योगदर्ता र अनुमति, नवीकरण, खारेजी प्रक्रियाको कानुनी सुनिश्चितता गरिनेछ।<br>(६) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पूँजी लगानीका लागि प्रदेश लगानी बोर्ड गठन गरिनेछ।<br>(७) प्रत्येक स्थानीय तहमा सम्भाव्यताको आधारमा प्राविधिक |

| रणनीति | कार्यनीति |
|---|---|
| | शिक्षालय स्थापनामा जोड दिई उत्पादित जनशक्तिलाई स्वरोजगार सिर्जनामा सहयोग गरिनेछ।<br>(८) नव प्रवर्तन (इन्नोभेसन)लाई बढावा दिन बिजनेस इन्क्युवेसन सेन्टर र भेन्चर क्यापिटलको व्यवस्था गरिनेछ। |
| २. स्थानीय स्रोत साधन, परम्परागत सिप र प्रविधिमा आधारित लघु उद्यम, घरेलु तथा साना उद्योगको विकासलाई प्राथमिकता दिने। | (१) कृषि तथा गैरकाष्ठमा आधारित प्रशोधन उद्योगलाई प्राथमिकता दिइनेछ।<br>(२) बहुमूल्य जडीबुटीबाट अधिकतम् फाइदा लिन जडीबुटी प्रशोधन तथा जडीबुटीमा आधारित औषधीजन्य वस्तुको उत्पादन र निकासीमा विशेष जोड दिइनेछ।<br>(३) सहकारीमा आधारित लघु उद्यम, घरेलु तथा साना उद्योगलाई प्रोत्साहन दिइनेछ।<br>(४) कम्तीका एक तहको प्रशोधनपछि मात्र कृषि र वनजन्य वस्तुहरूको निकासी गर्न प्रोत्साहित गरिनेछ।<br>(५) बन्द भएका खनिज उद्योगहरूलाई सञ्चालनमा ल्याउने व्यवस्था मिलाउनुका साथै सम्भाव्य खानीजन्य वस्तुहरूको अनुसन्धान, अन्वेषण र उत्खननका कार्यक्रमहरू अघि बढाइनेछ।<br>(६) रैथाने बाली, जडिबुटी, उच्च मूल्यका फलफूल तथा काष्ठकला र हस्तकलाका सामानहरूको उत्पादनलाई प्रोत्साहित गरिनेछ।<br>(७) कृषि उद्योगबाट उत्पादित वस्तुको गुणस्तर प्रमाणीकरणका लागि एक्रृडिटेड प्रयोगशालाहरूको सहजता, तथा ब्रान्डिङ्ग र ट्रेडमार्कहरू लिन सहज हुने व्यवस्था मिलाइनेछ। |
| ३. उद्योगहरूलाई आवश्यक पर्ने पूर्वाधार विकासमा जोड दिने। | (१) व्यवस्थित पूर्वाधार र आधुनिक सुविधासहितको औद्योगिक पार्क र औद्योगिक ग्रामहरूको निर्माण गरिनेछ।<br>(२) निजी क्षेत्रलाई प्रोत्साहन गर्न उद्योग क्षेत्रमा पहुँचमार्ग, बिद्युत लाइन र सञ्चार सञ्जालको बिस्तार गरिनेछ।<br>(३) सम्भाव्यताको आधारमा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रहरूको विकास गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | (४) औद्योगिक उत्पादनको गुणस्तर वृद्धि गर्न गुणस्तर परीक्षण क्षमता वृद्धि गरिनेछ। |
| ४. समग्र उद्योग क्षेत्रलाई वातावरणमैत्री बनाउने। | (१) औद्योगिक प्रदूषण नियन्त्रण तथा न्यूनीकरणका प्रविधिहरूको अवलम्वन गर्न प्रोत्साहित गरिनेछ।<br>(२) काठमाडौं उपत्यकाभित्र रहेका छाला, प्लाष्टिक, रासायनिक, र ईंटा लगायत अन्य वातावरण प्रदूषण गर्ने उद्योगहरूलाई विकल्पसहित स्थानान्तरण गरिनेछ।<br>(३) नदीजन्य सामग्रीहरूको दोहन गर्ने र वातावरणमा असर पुऱ्याउन सक्ने क्रसर उद्योगहरूको नियमन गर्न आवश्यक मापदण्ड बनाइनेछ।<br>(४) वातावरण प्रदूषण गर्ने उद्योगहरूबाट निस्कने फोहरहरूको विसर्जन पूर्व अनिवार्य प्रशोधन गर्नुपर्ने नीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ। |

## ९. प्रमुख कार्यक्रमहरू

| प्रदेश आफैले गर्ने | स्थानीय तहलाई सहजीकरण गर्ने |
|---|---|
| १. औद्योगिक पूर्वाधार विकास<br>२. औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको विकास<br>३. खनिज सम्पदा सर्वेक्षण तथा अनुसन्धान<br>४. एक स्थानीय तह एक उद्योग ग्राम विकास | १. घरेलु तथा साना उद्योग विकास<br>२. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम<br>३. कृषि र वनजन्य पदार्थमा आधारित सहकारी उद्योग विकास<br>४. उद्यमशीलता विकास<br>५. युवा लक्षित औद्योगिक विकास कार्यक्रम |

## १०. अपेक्षित उपलब्धि

सबै किसिमका उद्योगहरूको स्थापना तथा बिस्तार भई थप रोजगारीका अवसरहरूको सिर्जना भएको हुने, सहकारी र निजी क्षेत्रमार्फत् कृषिको औद्योगिकीकरणको गति बढेको हुने, प्रशोधित कृषि

वस्तुको निकासीमा वृद्धि भई निर्यात बढेको हुने र स्तरीय तथा भरपर्दो पूर्वाधारका कारण औद्योगिक क्षेत्रको उत्पादन र उत्पादकत्व बढेको हुने।

## ३.४ वाणिज्य तथा आपूर्ति क्षेत्र

### १. पृष्ठभूमि

वाणिज्य क्षेत्रको विकासले व्यापार र यसका पूर्वाधारहरूको विकासमा योगदान दिने हुनाले मुलुकभित्र वस्तु तथा सेवाको सहज आपूर्ति र देशमा उत्पादित वस्तु तथा सेवाको मुलुकबाहिर निर्यात हुने वातावरण तयार गर्दछ। तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभका क्षेत्रको पहिचान गरी वाणिज्य क्षेत्रको विकास र बिस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको विकास र बिस्तार गर्ने उद्देश्यका साथ वाणिज्य नीति, २०७२ र नेपाल व्यापार एकीकृत रणनीति, २०७३ कार्यान्वयनमा छन्। आवश्यक वस्तु तथा सेवा सुलभ तथा सहज रूपमा उपलव्ध गराउन गोदाम व्यवस्थापन, बजार अनुगमन, आपूर्ति सूचना व्यवस्थापन, मिलेमतो र कालोबजारी नियन्त्रण, प्रतिस्पर्धी बजार प्रवर्द्धनजस्ता कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक छ।

प्रदेशले आवश्यकता अनुसार वाणिज्य क्षेत्रमा नीति, ऐन, नियमहरूको निर्माण; बाणिज्यसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, योजना, कायान्र्वयन र नियमन; प्रादेशिक व्यापार प्रवर्द्धन, सहजीकरण; प्रदेशभित्रको व्यापार पूवार्धार निर्माण र सञ्चालन; व्यापारसम्बन्धी सिन्डिकेट/कार्टेलिङ नियन्त्रण; प्रतिस्पर्धासम्बन्धी नीति तथा कानुन, मापदण्डको कायान्र्वयन र नियमन; व्यापारिक फर्महरूको दर्ता/नवीकरण, खारेजी र नियमन; प्रदेशगत सार्वजनिक संस्थान, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन सुधार तथा नियमन; प्रादेशिक व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान गर्न सक्ने व्यवस्था संविधानले गरेको छ। स्थानीय बजार व्यवस्थापन तथा अनुगमन र उपभोक्ता अधिकार एवम् उपभोक्ता हित संरक्षणमा स्थानीय तहलाई प्रदेश सरकारले समन्वय तथा सहजीकरण गर्न सक्दछ।

### २. वस्तुगत स्थिति

पस्मिना, कार्पेट, गार्मेन्ट, हस्तकलाका सामान, जुत्ता लगायतका महत्वपूर्ण निर्यातजन्य औद्योगिक वस्तुहरूको प्रमुख उत्पादन स्थल यो प्रदेश हो। यो प्रदेश सबैभन्दा बढी आयातित वस्तु (खाद्य सामग्री, मोटरकार, ईन्धन, विजुली, ब्रान्डेड सामान) खपत गर्ने प्रदेश पनि हो। हवाईमार्गबाट सबैभन्दा बढी आयात र निर्यात त्रिभुवन बिमानस्थलबाट हुने गरेको छ। आयात व्यवस्थापनका लागि यस प्रदेशको काठमाडौंको चोभार, रसुवा र तातोपानीमा सुक्खा बन्दरगाह बनाउने संघीय सरकारको योजना रहेको छ।

नेपाल आयल निगमले हालको पेट्रोलियम भण्डारण क्षमतालाई बढाउन काभ्रेको पाँचखालमा र नुवाकोटको बट्टारमा पेट्रोल भण्डारण डिपो बनाउने र काठमाडौमा भण्डारण क्षमता बढाउने योजना रहेको छ। हाल समग्र मुलुकमा पेट्रोलियम पदार्थको भण्डारण क्षमता बिक्री धान्ने अवधि औसतमा १४ दिन छ भने यस प्रदेशको १६ दिन छ।

यस प्रदेशमा काठमाण्डौ, काभ्रे र सिन्धुलीमा कृषिउपज थोक बजार स्थलहरू छन्। सबैभन्दा ठूलो थोक बजार काठमाडौ कालिमाटीमा दैनिक औसत ७०० मे.ट. तरकारी तथा फलफूल बिक्री भई रू ३ करोडसम्मको कारोवार हुने गर्छ।

प्रदेशमा अवस्थित आपूर्ति प्रकृयामा संलग्न संस्थाहरूमा नेसनल ट्रेडिङ लिमिटेड टेकु, काठमाडौले सिमेन्ट, बिद्युतीय मोटर, स्टिल, मदिरा र उपभोग्य वस्तु आपूर्ति गर्छ, नेपाल खाद्य संस्थान लिमिटेड भद्रकाली प्लाजा, काठमाडौले खाद्यान्न, खसी बोका आदि आपूर्ति गर्दछ, साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड कालिमाटी, काठमाडौले नुन र अति आवश्यक वस्तु आपूर्ति गर्दछ भने नेपाल आयल निगम लिमिटेड बबरमहल, काठमाडौंले पेट्रोलियम पदार्थ आपूर्ति गर्दछ।

## ३. समस्या र चुनौती

सम्भाव्य र तुलनात्मक लाभ भएका कृषि वस्तुमासमेत आन्तरिक उत्पादनद्वारा आपूर्ति हुन नसक्नु र सबै वस्तुको आपूर्ति व्यवस्थालाई सहज र विश्वसनीय बनाउन नसक्नु यस क्षेत्रका प्रमुख समस्या हुन्। प्रदेशभित्र उत्पादन हुने निर्यातजन्य वस्तुहरूको अन्तर्राष्ट्रिय मापदण्ड अनुसार गुणस्तर कायम गर्नु, कृषि तथा वनस्पतिजन्य वस्तुहरूको सहज निकासीका लागि निर्यात नाकामै क्वारेनटाइनको व्यवस्था गर्नु, निर्माणाधीन सुक्खा बन्दरगाह र पेट्रोलियम भण्डारण डिपोहरू चाँडो निर्माण गर्नु, कृषि उत्पादन केन्द्र र उपभोग क्षेत्रलाई जोड्ने सडक पूर्वाधारको निर्माण वा नियमित मर्मत सम्भार गर्नु, कृषि थोक बजार, बिक्री केन्द्र व्यवस्थापन गर्नु, आन्तरिक आपूर्ति प्रणालीमा कार्टेलिंग, सिन्डिकेट र विचौलियाको अन्त्य गर्नु, र स्वच्छ एवम् प्रतिस्पर्धी बजार संयन्त्रमार्फत् आपूर्ति व्यवस्था सहज बनाई उपभोक्ता हकहित संरक्षण गर्नु वाणिज्य र आपूर्ति क्षेत्रका चुनौतीहरू हुन्।

## ४. अवसर

प्रदेशमा महत्वपूर्ण औद्योगिक क्षेत्र र कृषि उत्पादन क्षेत्रहरू रहेकाले वाणिज्य विकासको सम्भावना रहेको, राजमार्गहरू र सडक सञ्जालहरूको पहुँच तुलनात्मक रूपमा राम्रो रहेकाले प्रतिएकाइ लागत कम भई व्यापार बिस्तारको सम्भावना भएको र अन्तर्राष्ट्रिय व्यापार नाकाहरू (रसुवा, तातोपानी आदि)को विकास गर्न सकिने भएकाले वाणिज्य तथा आपूर्ति क्षेत्रमा प्रशस्त अवसरहरू देखिन्छ। उद्योगहरूको विकासको प्रचुर सम्भावना भएकोले आयात प्रतिस्थापन गर्न सकिने सम्भावना छ।

## ५. दीर्घकालीन सोच

वाणिज्य क्षेत्रको बिस्तार र सहज आपूर्ति

## ६. लक्ष्य

प्रदेशको व्यापार प्रवर्द्धन तथा आपूर्ति व्यवस्था सुदृढ गर्ने।

## ७. उद्देश्य

१. प्रादेशिक बजार केन्द्रहरूको सुव्यवस्थामार्फत् अत्यावश्यक वस्तुहरूको आन्तरिक आपूर्ति प्रणालीलाई सुदृढ बनाई स्वच्छ, स्वस्थ उपभोग्य वस्तुहरू उपलब्ध गराउनु र

२. स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सिपमा आधारित वस्तुको उत्पादन र निकासी प्रवर्द्धन गर्नु।

## ८. रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. स्वच्छ, स्वस्थ अत्यावश्यक उपभोग्य वस्तुहरूको सुलभ आपूर्ति र वितरण प्रणालीको विकास गर्ने। | १. व्यापार/वाणिज्यसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन गरिनेछ।<br>२. उत्पादित वस्तुहरूमा मापदण्ड अनुसारको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परीक्षण प्रयोगशालाहरूको विकास गरिनेछ।<br>३. कृषि वस्तुको समर्थन मूल्य, गोदाम घर, शीत भण्डार, प्रादेशिक बफरस्टकको व्यवस्था गरिनेछ।<br>४. प्रमुख शहरी केन्द्रमा कृषि वस्तु सङ्कलन केन्द्र र बिक्री केन्द्र विस्तार गर्न सहयोग गरिनेछ।<br>५. कृषिको पकेट क्षेत्र र बजार केन्द्रहरूमा विषादी परीक्षण गरिनेछ।<br>६. बजारको सहज पहुँच नभएका क्षेत्रमा सहकारीको माध्यमवाट सुपथ मूल्यका पसलहरू सञ्चालन गरिनेछ।<br>७. आन्तरिक आपूर्ति प्रणालीमा कालोबजारी, कार्टेलिंग, सिन्डिकेट र विचौलियाको नियन्त्रण गरिनेछ।<br>८. आपूर्तिमा आइपर्ने अवरोध घटाउन निजी क्षेत्रसँग सहकार्य |

| रणनीति | कार्यनीति |
|---|---|
| | गरिनेछ। |
| २. निर्यात हुने वस्तु तथा सेवाको उत्पादन वृद्धि हुने वातावरण तयार गर्ने। | १. निर्यातजन्य वस्तुहरूको पहिचान र विकास गर्ने निजी तथा सहकारी संस्थाहरूलाई सहयोग गरिनेछ।<br>२. निर्यात प्रवर्द्धनका लागि उत्पादन क्षेत्रदेखि निकासी विन्दुसम्मको आवश्यक पूर्वाधार निर्माण गरिनेछ। |

## ९. प्रमुख कार्यक्रमहरू

| प्रदेश आफैले गर्ने | स्थानीय तहलाई सहजीकरण गर्ने |
|---|---|
| १. गुणस्तर परीक्षण प्रयोगशालाहरूको विकास<br>२. प्रादेशिक बफरस्टकको व्यवस्था<br>३. स्थलगत विषादी परीक्षण<br>४. कालोबजारी, कार्टेलिंग, सिन्डिकेट र विचौलियाको नियन्त्रण<br>५. निर्यात प्रवर्द्धनका लागि उत्पादन क्षेत्रदेखि निकासी विन्दुसम्मको आवश्यक पूर्वाधार निर्माण<br>६. व्यापार/बाणिज्यसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन | १. सुपथ मूल्यका पसलहरू सञ्चालन<br>२. निर्यातजन्य वस्तुहरूको पहिचान र विकास<br>३. उपभोक्ता हक संरक्षण तथा प्रवर्द्धन<br>४. स्थानीय व्यापार प्रवर्धन, सहजीकरण र नियमन<br>५. स्थानीय व्यापार/वाणिज्यका पूर्वाधार व्यवस्था |

## १०. अपेक्षित उपलब्धि

अत्यावश्यक वस्तुको आपूर्ति नियमित र विश्वसनीय भएको हुने, गुणस्तर परीक्षण प्रयोगशाला र स्थलगत परीक्षणको व्यवस्था हुने, सहज आपूर्तिका लागि पूर्वाधारहरूको विकास भएको हुने, व्यापार/बाणिज्यसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन भएको हुने र आयात प्रतिस्थापनका कारण व्यापार घाटामा सुधार हुने।

## ३.५ पर्यटन क्षेत्र

### १. पृष्ठभूमि

यो प्रदेश प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, धार्मिक, साहसिक लगायत सबै हिसाबले नेपालको अग्रणी पर्यटन क्षेत्र हो। विदेशी पर्यटकका लागि नेपालको प्रवेशद्वारको रूपमा रहेको यो प्रदेश नेपाली कला, संस्कृतिको परिचायक पनि हो। नेपालमा सन् २०१७ मा पर्यटनबाट रू १ खर्व ७७ अर्ब भित्रिएर कुल गार्हस्थ्य उत्पादनमा ३.६ प्रतिशत योगदान पुगेको थियो। विश्व पर्यटन परिषद्का अनुसार पर्यटनबाट हुने अप्रत्यक्ष योगदानसमेत जोड्दा कुल गार्हस्थ्य उत्पादनमा ७.५ प्रतिशत पुग्ने देखिन्छ। नेपालको पर्यटनको मुख्य लाभ यस प्रदेश र खास गरेर काठमाण्डौ उपत्यकालाई हुन्छ भने सन् २०२० सम्ममा वार्षिक २० लाख पर्यटक भित्र्याउने नेपालले राखेको लक्ष्य हासिल गर्न सबभन्दा बढी योगदान पनि यसै प्रदेशले गर्नुपर्ने हुन्छ। समग्र नेपाल र खासगरी यस प्रदेशका निम्ति पर्यटन क्षेत्र आय, संचिति, पूँजी निर्माण, रोजगारी, विदेशी मुद्रा संचिति र पूर्वाधार निर्माण लगायत सबै दृष्टिले प्रदेश अर्थतन्त्रको एक प्रमुख आधार हो।

प्रदेश सरकारको कार्यक्षेत्रमा प्रादेशिक पर्यटन विकासको नीति, कानुन, मापदण्ड, योजना, नियमन, पर्यटन व्यवसायको व्यवस्थापन, प्रादेशिक पर्यटनको प्रबर्द्धन र पर्यटकीय वस्तु र पूर्वाधारको पहिचान, विकास र प्रवर्द्धन आदि सम्बद्ध विषयहरू पर्दछन्।

### २. वस्तुगत स्थिति

विश्व सम्पदा सूचीमा सूचीकृत नेपालमा रहेका १० वटामध्ये ८ वटा सम्पदाहरू (चाँगुनारायण मन्दिर, भक्तपुर दरबार क्षेत्र, स्वयम्भूनाथ स्तूपा, पशुपति मन्दिर क्षेत्र, पाटन दरबार क्षेत्र, हनुमान ढोका दरबार, बौद्धनाथ महाचैत्य र चितवन राष्ट्रिय निकुञ्ज) यो प्रदेशमा रहेका छन्। त्यसैगरी, चितवन राष्ट्रिय निकुञ्ज, शिवपुरी राष्ट्रिय निकुञ्ज, लाङटाङ राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्ज (मध्यवर्ती क्षेत्रका केही भाग) र गौरीशंकर संरक्षण क्षेत्रजस्ता पर्यापर्यटनका स्थलहरू यसै प्रदेशमा छन्।

यस प्रदेशमा साहसिक पर्यटन अन्तर्गत र्‍याफ्टिङका लागि त्रिशुली, सुनकोसी र भोटेकोसी नदी; कायाकिङका लागि त्रिशुली र भोटेकोसी नदी; क्यान्योनिङका लागि चितवनको जलविरे, सुन्दरीजल, ककनी, भुलकुती, सुनकोसी र भोटेकोसी; जङ्गल सफारीका लागि चितवन राष्ट्रिय निकुञ्ज र शिवपुरी राष्ट्रिय निकुञ्ज; वन्जी जम्पिङका लागि भोटेकोसी; माउन्टेन बाईक टुरका लागि काठमाण्डौ र नगरकोट क्षेत्र; पर्वतारोहणका लागि लाङ्टाङ, गणेश हिमाल तथा रोलवालिङ हिमाल; र पाराग्लाईडिङका लागि काठमाण्डौ वरपरका डाँडाहरू उपयुक्त छन्। नगरकोट, धुलिखेलजस्ता क्षेत्र रिसोर्ट पर्यटनका लागि प्रसिद्ध छन्।

त्यस्तै यस प्रदेशमा तामाङ सम्पदा पदमार्ग, गणेश हिमाल पदमार्ग, लाङ्टाङ उपत्यका-गोसाइकुण्ड पदमार्ग, कालिञ्चोक पदमार्ग, नगरकोट-हेलम्बु पदमार्ग, काठमाण्डौ भ्याली पदमार्ग (तारकेश्वर महादेव, मुलखर्क, चिसापानी, नगरकोट, धुलिखेल र नमोबुद्ध), लाङ्टाङ-जुगल हिमाल पदमार्गजस्ता मनोरम पदमार्गहरू छन्।

सांस्कृतिक र जैविक विविधता यो प्रदेशको विशेषता हो। नेपालका दुई विशिष्ट बन्यजन्तु - एकसिंगे गैंडा र बाघको प्रमुख बासस्थान चितवन राष्ट्रिय निकुञ्ज हो। जातजातिको हिसाबले तामाङ र नेवार संस्कृतिको यो प्रदेश विशिष्ट थलो हो।

यो प्रदेश नेपालको सबैभन्दा बढी पर्यटकीय सुविधा भएको प्रदेश हो। आ.व. २०७४-७५ को प्रदेशगत तथ्याङ्कमा काठमाडौंमा २३५३८ शैयासहितका ६०८ होटलहरू, चितवनमा ११४८० शैयासहितका ४१० होटलहरू, मकवानपुरमा २५०० शैयासहितका ८९ होटलहरू र काभ्रेमा ७०२ कोठासहितका २५ होटलहरू छन्। त्यसैगरी, काठमाडौंमा ४१२ कोठासहितको ११२ होमस्टे, काभ्रेमा १३७ कोठासहित ५४ होमस्टे र रामेछापमा ११६ कोठासहित ३1 होमस्टेहरू दर्ता छन्। ललितपुर, नुवाकोट, चितवन र धादिङमा पनि होमस्टेहरू सञ्चालनमा रहेका छन्।

## ३. समस्या र चुनौती

पर्यटन वस्तु र गन्तव्यमा विविधीकरण हुन नसक्नु, गुणस्तरीय पर्यटकहरू आकर्षण गर्ने वस्तु, सेवा र जनशक्तिको यथेष्ट विकास नहुनु, पर्यटन पूर्वाधार गुणस्तरीय नहुनु, पर्यटन पूर्वाधारमा सार्वजनिक लगानी कम हुनु, अन्तर्राष्ट्रिय बजारमा नेपालको पर्यटनको प्रवर्द्धन हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्याहरू हुन्।

काठमाडौ केन्द्रित पर्यटनलाई अन्य क्षेत्रमा पनि बिस्तार गरी पर्यटक बसाइ लम्ब्याउनु, पर्यटन गन्तव्यको विविधीकरण र विकास गर्नु, पर्यटनको केन्द्र काठमाडौ उपत्यकाको वातावरण स्वच्छ राख्नु, गुणस्तरयुक्त पहुँच मार्गको विकास गर्नु, पर्यटन क्षेत्रमा गुणस्तरीय जनशक्ति विकास गर्नु, पर्यटन गन्तव्यको ब्रान्डिङ गर्दै पर्यटकीय सूचनाको संप्रेषण गर्नु, पर्यटन सेवा (होटल, होमस्टे, यातायात आदि) गुणस्तरीय बनाउनु, पर्यटन आयको फराकिलो वितरण गर्नु तथा सांस्कृतिक सम्पदा र जीवित सांस्कृतिक परम्पराको संरक्षण र प्रवर्द्धन गर्नु पर्यटन क्षेत्रका चुनौतीका रूपमा रहेका छन्।

## ४. अवसर

विशिष्ट पर्यटन गन्तव्य, धार्मिक तथा सांस्कृतिक सम्पदा, जैविक विविधता युक्त निकुञ्ज र संरक्षण क्षेत्र, तीर्थस्थल, विश्व सम्पदा सूचीमा सूचीकृत ८ सम्पदाहरूको थलो, रमणीय तथा महत्वपूर्ण पदमार्गहरू, हिलस्टेशनहरू, -याफ्टिङ साइटहरू, हिमाल आरोहण, नेपालमा पर्यटकको मूल प्रवेशद्वारको

रूपमा रहेको अन्तर्राष्ट्रिय बिमानस्थल, चीन, भारत लगायत छिमेकी मुलुकका पचासभन्दा बढी शहरबाट एक घण्टामै आउन सकिने अवस्था यस प्रदेशका पर्यटन विकासका अवसरहरू हुन्। तारे होटलहरू, पर्यटक होटलहरू, होम्स्टे लगायत पर्यटन पूर्वाधारमा बढ्दो निजी क्षेत्रको लगानीले यस प्रदेशमा पर्यटन विकासका महत्वपूर्ण अवसरहरू प्रदान गरेका छन्।

## ५. दीर्घकालीन सोच

पर्यटन आयमा वृद्धि; रोजगारी र समृद्धि

## ६. लक्ष्य

पर्यटन सेवा र गन्तव्यको विविधीकरण गर्ने।

## ७. उद्देश्य

१. आन्तरिक, बाह्य तथा छिमेकी मुलुकका पर्यटकहरू आकर्षित गर्ने र बसाइ लम्ब्याउनु र
२. पर्यटकीय वस्तु तथा सेवाको विकास, बिस्तार र विविधीकरण गर्दै रोजगारी र आयआर्जनको भरपर्दो र दिगो स्रोत बनाउनु।

## ८. रणनीति र कार्यनीति

| रणनीति | कार्यानीति |
|---|---|
| १. नयाँ पर्यटन गन्तव्यहरूको पहिचान र विकास गर्ने। | १. प्रादेशिक पर्यटन गुरुयोजनाको तर्जुमा गरिनेछ र चरणवद्ध कार्यान्वयन गरिनेछ।<br>२. संघीय सरकारसँगको सहकार्यमा नयाँ पर्यटकीय गन्तव्यहरूको पहिचान, छनौट र अध्ययन गरी पूर्वाधार विकास गरिनेछ।<br>३. पर्यटनको सम्भाव्यता भएका जिरी, शैलुङ, कालिञ्चोक र महाभारत क्षेत्रका हिलस्टेशनहरूमा सडक पूर्वाधार स्तरीकरण वा निर्माणलाई प्राथमिकता दिइनेछ।<br>४. महाभारत क्षेत्र र अन्य उपयुक्त स्थानहरूको सम्भाव्यताका आधारमा नयाँ (हिलस्टेशन, रिसोर्ट, पदमार्ग आदि) गन्तव्य स्थलको पहिचान, विकास र प्रवर्द्धन गरिनेछ।<br>५. पर्वतारोहण, पर्यापर्यटन तथा साहसिक पर्यटन र खेलकुद पर्यटन क्षेत्रको पहिचान गरी विकास गरिनेछ।<br>६. पर्यटन क्षेत्रको लाभलाई ग्रामीण तहसम्म पुऱ्याउन होमस्टेलाई एक प्रमुख माध्यमको रूपमा विकास गरिनेछ। |

| रणनीति | कार्यानीति |
|---|---|
| | ७. त्रिभुवन राजपथलाई पर्यटन मार्गको रूपमा विकास गरिनेछ।<br>८. मौसमी पर्यटकीय स्थानको पहिचान तथा विकास गरिनेछ।<br>९. जैविक कृषि तथा होमस्टेसहितको कृषि पर्यटनलाई बढावा दिने कार्यक्रम सञ्चालन गरिने छ।<br>१०. चितवनको दासढुङ्गा देखि गाँजीपुर/गोलाघाटसम्म मदन-आश्रित एकीकृत वृहत् विकास परियोजना तर्जुमा गरी पर्यटन विकास लगायतका विविध संरचनाहरू निर्माण गर्न संघीय सरकार र स्थानीय तहसँग सहकार्य गरिनेछ। |
| २. उच्च मूल्यको गुणस्तरीय पर्यटनको प्रवर्द्धन गर्ने। | १. स्थापित पर्यटकीय क्षेत्रहरूमा उच्च मूल्यको पर्यटन बिस्तारमा निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।<br>२. उच्च मूल्यको पर्यटनका निम्ति आवश्यक जनशक्ति र सेवास्तरको विकासमा प्रोत्साहन दिइनेछ र गुणस्तर कायम राख्न प्रभावकारी नियमनको व्यवस्था गरिनेछ।<br>३. गुणस्तरीय पर्यटनका लागि तारे होटलसहितको सुविधा बिस्तार र प्रवर्द्धनमा ध्यान दिइनेछ।<br>४. उच्च शिक्षामा पर्यटनसम्बन्धी पाठ्यक्रम समावेश गरिनेछ। |
| ३. पर्यटन क्षेत्रको विकासको लागि स्थानीय तह, निजी क्षेत्र र समुदायसँग सहकार्य गर्ने। | १. पर्यटन पूर्वाधार विकासमा स्थानीय तह, स्थानीय समुदाय तथा निजी क्षेत्रको नेतृत्वदायी भूमिका र सहभागितालाई प्रोत्साहित गरिनेछ। पर्यटनलाई स्थानीय समुदायको विकाससँग आवद्ध गरिनेछ।<br>२. पर्यटकीय उपज र मूल्य श्रृङ्खलाबीच सम्बन्ध कायम गरिनेछ।<br>३. प्रमुख पदमार्गहरूमा जैविक र जातिविशेषका सांस्कृतिक सम्पदाको रूपमा रहेका शैलुङ, फूलचोकी, कालिञ्चोक, दामन लगायतका क्षेत्रहरूको विकास गरिनेछ।<br>४. रसुवा जिल्लाको स्याफ्रुबेशीदेखि लाङटाङ उपत्यकाको क्याङजिङ जाने डा.प्रल्हाद योञ्जन रेड पाण्डा पदमार्ग र संग्रहालयको विकास गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ५. प्रदेशभित्रका पर्यटन स्थलबाट छिमेकका पर्यटन गन्तव्य पुग्ने पर्यटन पूर्वाधारको स्तरीकरण गरिनेछ।<br>६. निजी क्षेत्रलाई पूर्वाधार निर्माणमा सहयोग गरी प्रमुख पर्यटकीय स्थलहरूमा स्तरीय होटलहरूको विकासलाई प्रोत्साहन दिइनेछ। पर्यटन पूर्वाधार निर्माणमा निजी क्षेत्रसँग सहकार्य गरी निजी क्षेत्रको लगानी अभिवृद्धि गरिनेछ। |
| ४. पर्यटक सूचना, यातायात र सेवा प्रवाहलाई गुणस्तरीय र विश्वसनीय वनाउने। | १. पर्यटन गन्तव्यको ब्रान्डिङ गर्दै पर्यटकीय वस्तुको प्रवर्द्धनमा आधुनिक सूचना प्रविधिको प्रयोग गरिनेछ।<br>२. सम्भाव्यता भएका हरेक स्थानीय तहमा गन्तव्य र सुविधाबारे जानकारी दिन पर्यटन सूचना केन्द्र स्थापना गरिनेछ।<br>३. आन्तरिक पर्यटन प्रवर्द्धन गर्न शहरी क्षेत्रहरूमा विशेष प्रचार-प्रसार र सामाजिक सञ्जालको प्रयोग गरिनेछ।<br>४. भारतका प्रमुख शहरहरूमा हवाई सेवा र बस सेवा सञ्चालन गर्न संघीय सरकारसँग सहकार्य गरिनेछ।<br>५. काठमाडौ केन्द्रित पर्यटनलाई अन्य क्षेत्रमा पनि बिस्तार गर्न काठमाडौ आसपासमा पर्यटन गन्तव्यको विकास र सहज पहुँच मार्गको विकास गरिनेछ।<br>६. पर्यटनमैत्री व्यवहार प्रवर्द्धनका लागि क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>७. पर्यटकहरूको नक्कली उद्धार (फेक रेस्क्यु)मा संलग्न पर्यटक, पर्यटन व्यवसायी र सो कार्यमा संलग्न निकाय र व्यक्तिहरूलाई कारवाही गर्ने नीति लिइनेछ। |

## ९. प्रमुख कार्यक्रमहरू

| प्रदेश आफैले गर्ने | स्थानीय तहलाई सहजीकरण गर्ने |
|---|---|
| १. पर्यटनसम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा<br>२. पर्यटन गुरुयोजनाको तर्जुमा | १. पर्यटन पूर्वाधार विकास<br>२. पर्यटन विकासमा स्थानीय समुदायको भूमिकामा वृद्धि |

| प्रदेश आफैले गर्ने | स्थानीय तहलाई सहजीकरण गर्ने |
|---|---|
| ३. नयाँ पर्यटकीय गन्तव्यहरूको पहिचान, छनौट र अध्ययन गरी पूर्वाधार विकास<br>४. उच्च मूल्यको पर्यटन प्रवर्धन<br>५. पर्यटकीय वस्तु तथा सेवा र मूल्य श्रृङ्खलाबीच सम्बन्ध स्थापना | ३. पर्यटकीय उपज र मूल्य श्रृङ्खलाबीच सम्बन्ध कायम<br>४. जैविक र जातिविशेषका सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्धन |

### १०. अपेक्षित उपलब्धि

पर्यटकहरूको सरदर बसाइ अवधि लम्बिएको र प्रतिपर्यटक प्रतिदिन खर्च बढेको, पर्यटनको भौगोलिक विकेन्द्रीकरण र पर्यटकीय वस्तुको विविधीकरण भएको, आन्तरिक पर्यटक र छिमेकी पर्यटकको आगमन बढेको, पर्यटन क्षेत्रबाट थप रोजगारी र आय सिर्जना भएको, प्रादेशिक गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदानमा वृद्धि भएको र गुणस्तरीय पर्यटकको आगमन बढेको हुने।

## ३.६ सहकारी क्षेत्र

### १. पृष्ठभूमि

सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत् राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउने व्यवस्था संविधानमा छ। संविधानले उपलब्ध साधन र स्रोतको अधिकतम् परिचालन, तीब्र र दिगो आर्थिक विकास, न्यायोचित वितरण, आर्थिक असमानताको अन्त्य  र समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकासमा सहकारीको भूमिकालाई स्पष्ट पारेको छ। त्यसैगरी, दिगो विकास लक्ष हासिल गर्न सहकारी संस्थाहरूसँग सहकार्य आवश्यक छ।

वि.स २०१३ साल चैत्र २० गते यसै प्रदेशको चितवनमा बखान ऋण सहकारी समितिको स्थापना भएपछि सुरूवात भएको नेपालको सहकारी अभियानको ६१ वर्षको अवधिमा करिब ३५ हजार सहकारी संस्थामा करिब ६४ लाख नागरिक प्रत्यक्ष र परोक्ष रूपमा संलग्न छन्। वास्तवमा सहकारीले समेट्ने क्षेत्र व्यापक छ। यसका बहुआयामिक फाईदा तथा प्रभाव छन्। निश्चय पनि, सहकारी अभियानले मुलुकको सामाजिक आर्थिक रूपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्।

प्रदेशको कार्यक्षेत्रभित्र सहकारी संस्थासम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, कार्यान्वयन, नियमन र प्रवर्धन, प्रादेशिक वित्तीय सहकारी संस्थासम्बन्धी अनुमति, सञ्चालन, मापदण्ड र नियमन, सहकारी संस्थाहरूसँग समन्वय र सहकार्य, प्रादेशिक तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान, क्षमता अभिवृद्धि र परिचालन आदि पर्दछन्।

## २. वस्तुगत स्थिति

नेपालमा सहकारी संस्थाहरूको द्रुततर विकास हुँदै गएको छ। वि.स. २०७४ असारसम्ममा नेपालमा ३४,५१२ सहकारी संस्थाहरू दर्ता भएका छन्। तीमध्ये कार्य प्रकृतिका हिसाबले ३४ प्रतिशत बचत तथा ऋण सहकारी, ३१.६ प्रतिशत कृषि सहकारी, १२.७ प्रतिशत बहुद्देश्यीय सहकारी, ४.८ प्रतिशत दुग्ध सहकारी र बाँकी अन्य छन्। करिब ६४ लाख नेपालीहरू सदस्यको रूपमा सहकारीमा आवद्ध छन्। जसमा ५१ प्रतिशत महिला सदस्य छन्। नेपालको बैकिङ कारोबारको २० प्रतिशत हिस्सा अर्थात् ६ खर्ब रुपैयाँ सहकारीमार्फत् परिचालन भइरहेको छ। करिब ७० हजार नागरिकले सहकारीमा प्रत्यक्ष रोजगारी पाएका छन्।

यस प्रदेशको नेपालको कुल सहकारी संस्थामा ३३.५५ प्रतिशत, कुल सदस्य सङ्ख्यामा ३२.६५ प्रतिशत, शेयर पूँजीमा ६७.३५ प्रतिशत र ऋण लगानीमा ५६.५ प्रतिशत हिस्सा छ। प्रदेशका ११५७७ सहकारीमध्ये करिब ३३.५ प्रतिशत काठमाडौंमा, १३.५ प्रतिशत काभ्रेमा, र १०.५ प्रतिशत ललितपुरमा छन् भने रसुवामा प्रदेशको कुल सहकारीको करिब १.५ प्रतिशत मात्र छ।

कार्य प्रकृति अनुसार काठमाडौ, भक्तपुर, ललितपुर, मकवानपुर र चितवनमा जिल्लास्थित सहकारी संस्थाको क्रमशः ७८ प्रतिशत, ७१ प्रतिशत, ५० प्रतिशत, ४९ प्रतिशत र ४१ प्रतिशत बचत तथा ऋण सहकारी छन्। धादिङ, रसुवा, नुवाकोट, दोलखामा क्रमशः ५५ प्रतिशत, ५२ प्रतिशत, ४९ प्रतिशत, ३९ प्रतिशत कृषि सहकारी छन्। त्यसैगरी, चितवन, सिन्धुपालचोक र काभ्रेमा २० प्रतिशत दुग्ध सहकारी छन्। त्यसैगरी धादिङ, सिन्धुली, चितवनमा क्रमशः ४ प्रतिशत, २ प्रतिशत र २ प्रतिशत तरकारी तथा फलफूल सहकारीहरू छन्। सहकारी संस्थाहरूको कार्य प्रकृतिगत ढाँचा हेर्दा सहकारी क्षेत्रलाई लघुवित्त कारोबारसँगै उत्पादन, बजारीकरण र सेवा प्रवाहमा संलग्न गराई यसको विकास, बिस्तार र प्रवर्द्धन गर्न आवश्यक देखिन्छ।

## ३. समस्या र चुनौती

सहकारी शिक्षा तथा तालिमको अपर्याप्तता, दक्ष जनशक्तिको अभाव, संघीय संरचना अनुरूप स्थानीय तथा प्रदेशमा सहकारी क्षेत्रको नियमन तथा प्रवर्धनका लागि संयन्त्रको अभाव, तथ्याङ्क अद्यावधिक हुन नसक्नु, उत्पादन, वितरण र सेवा क्षेत्रमा सहकारीको प्रभावकारी भूमिका हुन् नसक्नु, सहकारीबाट उत्पादित वस्तुहरूको लेवलिङ र ब्राण्डिङका लागि नीतिगत अस्पष्टता आदि यस क्षेत्रका प्रमुख समस्या हुन्।

ठूलो सङ्ख्यामा रहेका बचत तथा ऋण सहकारी संस्थाहरूलाई उत्पादन, वितरण र सेवा सहकारीमा रूपान्तरण गर्नु र उनीहरूको ऋण लगानीलाई उत्पादक क्षेत्रमा प्रवाहित गर्नु, विभिन्न

विषयगत सहकारीहरूकोबीच कार्यगत समन्वय ल्याई आर्थिक विकासमा सहकारीको योगदान बढाउनु, सहकारीकर्मी र कर्मचारीलाई नतिजामुखी र विषयगत तालिम प्रदान गरी जनशक्ति विकास गर्नु, सहकारी खेती, थोक बिक्री केन्द्र, शीत भण्डार आदिका लागि लिजमा जग्गा प्राप्त गर्नु, सहकारी संस्थाहरूमा वित्तीय सुशासन कायम गर्नु र बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको नियमन गर्नुका साथै सहकारी मूल्य, मान्यता र सिद्धान्तको पालना गराउनु यस क्षेत्रका चुनौतीहरू हुन्।

## ४. अवसर

संवैधानिक र कानुनी हिसावले प्राप्त भूमिका र सुविधाका कारण सहकारी क्षेत्रले प्रभावकारी ढङ्गले काम गर्न सक्ने बलियो आधार प्राप्त हुनु, स्थानीयस्तरदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरसम्म सञ्जाल बिस्तार हुनु, विकास साझेदार निकायहरूद्धारा सहकारीलाई प्राथमिकतामा राख्नु, दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्न सहकारी माध्यम उपयुक्त हुनु, महिला सहभागिता वृद्धि हुँदै जानु सहकारीताका माध्यमबाट उत्पादन, बजारीकरण तथा गरिबी निवारणको लक्ष्य हासिल गर्न सहयोग पुग्नु, सहकारीको कारण छरिएर रहेको पूँजी एकत्रित हुन गई लगानीयोग्य रकम जुट्नु, सामूहिक खेती, सामूहिक व्यापार, सामूहिक उद्योग एवम् सामूहिक सेवा व्यवसाय सञ्चालन गर्न सम्भव हुनु, स्थानीयस्तरमा वित्तीय अन्तरसम्बन्ध कायम गर्ने अवसरहरूको उपयोग गर्न सकिने अवस्था हुनु सहकारी क्षेत्रमा विद्यमान अवसरहरू हुन्।

## ५. दीर्घकालीन सोच

स्थानीय पूँजी परिचालनमार्फत् उत्पादन, रोजगारी र आयमा अभिवृद्धि

## ६. लक्ष्य

स्थानीय जनताको श्रम, सिप, पूँजी तथा स्रोतलाई सामूहिक हितका लागि सङ्गठित रूपमा परिचालन गरी आर्थिक समृद्धि, सामाजिक रूपान्तरण र समन्यायिक विकासको आधारशीला तयार गर्ने।

## ७. उद्देश्य

१. सहकारीमा आधारित कृषि, उद्योग तथा सेवा व्यवसायको बिस्तार गरी प्रदेशको सामाजिक आर्थिक रूपान्तरणमा योगदान पुर्‍याउनु र

२. कानुनको पालना र सहकारीको सिद्धान्त र मूल्यहरूको अनुसरण बढाई सहकारी क्षेत्रमा सुशासन कायम गर्नु।

## ८. रणनीति र कार्यनीति

| रणनीति | कार्यानीति |
| --- | --- |
| १. नीतिगत र संस्थागत प्रवन्ध गर्ने। | १. सहकारी संस्थासम्बन्धी नीति, कानुन र मापदण्ड निर्माण गरिनेछ।<br>२. बचत तथा ऋण सहकारी संस्थाले कृषि लगायतका उत्पादनशील क्षेत्रमा अनिवार्य रूपमा कम्तीमा ५०% लगानी प्रवाह गर्नुपर्ने व्यवस्था गरिनेछ। |
| २. उत्पादन, वितरण र सेवामूलक सहकारीलाई प्रोत्साहन र बिस्तार गर्ने। | १. स्वास्थ्य, उच्च शिक्षा, पर्यटन, यातायात परिवहन, सार्वजनिक वितरण, बिमा, वातावरण संरक्षण, आवास, नवीकरणीय ऊर्जाजस्ता क्षेत्रमा सहकारीको प्रवर्द्धनलाई प्रोत्साहन दिइनेछ।<br>२. संघीय सरकारसँग समन्वय र स्थानीय तहसँग सहजीकरण गरी सहकारी संघ र महासंघ लगायतका निकायहरूसँग सहकार्य गर्दै सहकारीको क्षमता अभिवृद्धि र सहकारी क्षेत्रको प्रवर्द्धन गरिनेछ।<br>३. कृषिमा आधारित उत्पादन, भण्डारण, प्रशोधन, बजारीकरण तथा कृषि सामग्री आपूर्तिका लागि स्थापना गरिएको सहकारी उद्योग/व्यवसायलाई सहुलियतपूर्ण ऋण तथा अनुदान सहयोग उपलब्ध गराइनेछ।<br>४. पशुपालनको माध्यमबाट बायोग्याँस उत्पादन गर्ने कृषि तथा दुग्ध सहकारीहरूलाई क्षमता विकास, प्राविधिक र वित्तीय सहयोग उपलब्ध गराइनेछ। |
| ३. सामूहिक कृषि उत्पादन र बजारीकरणमा सहकारीलाई प्रोत्साहन गर्ने। | १. सहकारीतालाई कृषि प्रसार, पूर्वाधार विकास, बजारीकरण तथा स्थानीय स्रोत परिचालनको माध्यमको रूपमा विकास गरिनेछ र यस्ता कार्यमा विकट भौगोलिक क्षेत्र र सीमान्तकृत समुदायलाई प्राथमिकता दिइनेछ।<br>२. जैविक कृषि बिस्तार र विशिष्टीकरणमा सहकारीलाई प्रोत्साहन गरिनेछ।<br>३. जग्गा चक्लाबन्दी गरी सहकारी पद्धतिबाट व्यवसायिक परिमाणमा खेती गर्ने कृषकहरूको सहकारीहरूलाई प्रविधि, |

| रणनीति | कार्यनीति |
|---|---|
| | बिमा, र कृषि सामग्रीमा अनुदान दिइनेछ।<br>४. कृषिउपजका साथै गैरकृषिउपजहरूको उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरण गर्न सहकारी संस्थाहरूलाई प्रोत्साहित गरिनेछ।<br>५. सहकारी थोक वजार स्थलहरूको निर्माण तथा विकासका लागि साझेदार निकायहरू तथा अन्य सरोकार संघ-संस्थाहरूको सहभागितामा सञ्चालन र व्यवस्थापन गरिनेछ।<br>६. सहकारीद्वारा कृषि वस्तुको आन्तरिक आपूर्ति व्यवस्थापनका लागि शीत भण्डार, ढुवानी साधन, र थोक बिक्री केन्द्रका निम्ति आवश्यक थलो र पूर्वाधारमा सहयोग प्रदान गरिनेछ।<br>७. कृषि र वनजन्य कच्चा पदार्थमा आधारित उद्योगहरूको सञ्चालनमा सहकारीको भूमिका अभिवृद्धि गरिनेछ।<br>८. उत्पादनका क्षेत्रमा उत्कृष्ट कार्य गर्ने सहकारीलाई पुरस्कृत गरिनेछ। |
| ४. प्रशिक्षण, अनुगमन तथा नियमनलाई प्रभावकारी बनाई सहकारी क्षेत्रमा सुशासन कायम गर्ने। | १. सहकारी संस्थाहरूमा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानुनको पालनालाई प्रभावकारी बनाइनेछ।<br>२. नियमन क्षेत्राधिकार अनुसार एकल तथा संयुक्त रूपमा सहकारी संस्थाहरूको प्रभावकारी अनुगमन तथा निरीक्षणको व्यवस्था मिलाई सहकारी संस्थाहरूमा सुशासन कायम गरिनेछ।<br>३. सहकारीसम्बन्धी एकीकृत आधारभूत तथ्याङ्क तयार गर्न तथा नियमनलाई प्रभावकारी बनाउन एकीकृत सूचना प्रणालीको विकास गरिनेछ।<br>४. सहकारी क्षेत्रको प्रवर्द्धन गर्न अध्ययन अनुसन्धानलाई प्रोत्साहित गरिनेछ।<br>५. प्रादेशिक सहकारी तालिम केन्द्रको निर्माण गरी सहकारी संघसंस्थासमेतको सहभागितामा सहकारी शिक्षा तथा तालिम |

| रणनीति | कार्यनीति |
|---|---|
| | कार्यक्रमलाई व्यापकता दिइनेछ।<br>६. सूचना प्रविधिको उपयोग गरी सहकारी सूचना प्रणालीलाई प्रभावकारी बनाई विषयगत सहकारी सञ्जालको स्थापनामा सहयोग गरिनेछ।<br>७. सहकारी क्षेत्रको विकासका लागि आवश्यक कानुनी व्यवस्था, विषयगत सहकारीको दीर्घकालीन रणनीतिक योजनाको तर्जुमा एवम् उपयुक्त सङ्गठनात्मक संरचनाको निर्माण गरिनेछ। |

## ९. प्रमुख कार्यक्रमहरू

| प्रदेश आफैले गर्ने | स्थानीय तहलाई सहजीकरण गर्ने |
|---|---|
| १. सहकारी संस्थासम्बन्धी नीति, कानुन र मापदण्ड निर्माण<br>२. सहकारीहरूलाई प्रविधि, बिमा र कृषि सामग्रीमा अनुदानको व्यवस्था<br>३. सहकारीसम्बन्धी एकीकृत सूचना प्रणालीको विकास<br>४. प्रादेशिक सहकारी तालिम केन्द्रको निर्माण<br>५. सहकारी क्षेत्रको प्रवर्धन, परिचालन र क्षमता विकास | १. स्वास्थ्य, पर्यटन, यातायात, सार्वजनिक वितरण, बिमा, वातावरण संरक्षण, आवास, नवीकरणीय ऊर्जाजस्ता क्षेत्रमा सहकारीको प्रवर्द्धन<br>२. सहकारी थोक वजार स्थलहरूको निर्माण र व्यवस्थापन<br>३. सहकारीको क्षमता अभिवृद्धि<br>४. सहकारीद्वारा सञ्चालित शीत भण्डार, ढुवानी साधन र थोक बिक्री केन्द्रका निम्ति आवश्यक पूर्वाधारमा सहयोग |

## १०. अपेक्षित उपलब्धि

उत्पादन, वितरण र सेवामा सहकारीको संलग्नता बिस्तार भएको हुने, कृषिजन्य उद्योग, भण्डारण, बजारीकरणमा सहकारी संस्थाहरूको भूमिका बढेको हुने, सहकारी क्षेत्रमा तालिमप्राप्त जनशक्तिमा वृद्धि भएको हुने, नियमन कार्य प्रभावकारी र व्यवस्थापनमा सुधार आई सहकारी क्षेत्रमा सुशासन कायम भएको हुने, कुल गार्हस्थ्य उत्पादनमा सहकारी क्षेत्रको योगदानमा वृद्धि भएको हुने, सहकारीसम्बन्धी एकीकृत सूचना प्रणालीको विकास भएको हुने र स्वरोजगारी तथा रोजगारी अभिवृद्धि भएको हुने।

# परिच्छेद चारः सामाजिक क्षेत्र

## ४.१ शिक्षा

### १. पृष्ठभूमि

संविधानले प्रत्येक नागरिकलाई आधारभूत तहसम्म अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक प्रत्याभूत गरेको छ। मातृभाषामा शिक्षा पाउने हकसमेत सुनिश्चित गरेको छ। त्यस्तै, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हकसमेत स्थापित गरेको छ।

राज्यको नीति शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउने छ। सक्षम, प्रतिस्पर्धी र नैतिकवान् दक्ष जनशक्तिको विकास सबैका लागि समावेशी र समतामूलक एवम् गुणस्तरीय शिक्षा सुनिश्चित गर्न क्रमशः उच्च शिक्षासम्म निःशुल्क बनाउँदै जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने दिगो विकास लक्ष्य रहेको छ।

प्रादेशिक शैक्षिक योजना, प्रदेश विश्वविद्यालय तथा उच्च शिक्षा, शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन, प्रादेशिक प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम, प्रादेशिक शिक्षा र छात्रवृत्तिसम्बन्धी नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामाग्री निर्माण, उत्पादन र वितरण, शिक्षक व्यवस्थापन र क्षमता विकास, माध्यामिक परीक्षा व्यवस्थापन तथा प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापनजस्ता विषयहरू प्रदेशको कार्य क्षेत्रमा पर्दछन्।

### २. वस्तुगत स्थिति

२०७४ को तथ्याङ्क अनुसार यो प्रदेशमा जम्मा विद्यालय एकाइ १४८२९मध्ये आधारभूत तहका ११२४ र माध्यमिक तहको ३७०५ र उच्च शिक्षातर्फ ३ वटा विश्वविद्यालय अन्तर्गत ६१२ क्याम्पस र २ वटा स्वास्थ्य विज्ञान प्रतिष्ठान रहेका छन्। विद्यालय तहमा खुद भर्नादर प्राथमिक, निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक तहमा क्रमशः ९७.२, ९२.५, ७१.८, र २४.७ रहेका छन्। प्राथमिक तहमा कुल भर्नाको लैङ्गिक समता सूचकाङ्क १.०१ रहेको छ। प्रदेशमा विद्यालय विद्यार्थी अनुपात आधारभूत तहको प्राथमिकमा ९८, निम्न माध्यमिकमा १०२, माध्यमिकमा ८० उच्च माध्यमिकमा ११४ रहेको छ। यसैगरी, शिक्षक विद्यार्थी अनुपात प्राथमिक, निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिकमा क्रमशः १:२४, १:४८, १:३२ र १:६३ रहेका छन्।

यसैगरी, विद्यालय छाड्ने दर प्राथमिक, निम्न माध्यामिक र माध्यमिक तहमा क्रमशः ३.६, ४.१ र ३.७ प्रतिशत र कक्षा दोहऱ्याउने दर क्रमशः ६.६, ३.९, र २.९ प्रतिशत छ। कक्षा उत्तीर्ण दर

हेर्दा यो प्रतिशत क्रमशः ८९.८, ९२.० र ९३.४ प्रतिशत देखिन्छ। प्राथमिक तहमा बालबालिकाहरूको कक्षा छाड्ने दर राष्ट्रिय औसत ३.८भन्दा ०.२ ले बढी अर्थात ४.० प्रतिशत रहेको छ भने माध्यमिक तहमा बालिकाहरूको कक्षा दोहऱ्याउने दर राष्ट्रिय औसत २.९भन्दा ०.१ ले बढी अर्थात् ३.० प्रतिशत रहेको छ।

कुल साक्षरता दर ७४.८५ प्रतिशत रहेको छ। महिला र पुरुष साक्षरता क्रमशः ६७.०४ र ८२.८२ प्रतिशत रहेको देखिन्छ। यसैगरी क्षेत्रगत औसत साक्षरता दर क्रमशः काठमाण्डौ उपत्यकाका जिल्लाहरूमा ८५.०१ प्रतिशत, हिमाली जिल्लाहरूमा ६०.२४ प्रतिशत, पहाडी जिल्लाहरूमा ६४ प्रतिशत र भित्री मधेसका जिल्लाहरूमा ७०.३५ प्रतिशत रहेबाट क्षेत्रगत रूपमा धेरै विषमता रहेको देखिन्छ। काठमाण्डौ र काभ्रेपलाञ्चोक बाहेकका ११ जिल्लामा पूर्ण साक्षरता घोषणा भएको भएतापनि गुणस्तरको सुनिश्चितता हुनसकेको छैन।कुल साक्षर जनसङ्ख्यामा ३१.५६ प्रतिशतले प्राथमिक तह उत्तीर्ण गरेका र १२.३६ प्रतिशतले एस.एल.सी वा सो सरह उत्तीर्ण गरेका छन्। यसैगरी, ५ प्रतिशतले अनौपचारिक शिक्षा हासिल गरेका छन्। उच्च शिक्षा हासिल गरेकामध्ये अत्यन्त न्यून अर्थात जम्मा ६.१५ प्रतिशतले मात्र प्राविधिक शिक्षा हासिल गरेको देखिन्छ।

विद्यालयको भौतिक पूर्वाधार तथा संरचनाहरू निकै कमजोर रहेको अवस्थामा २०७२ को भूकम्पले प्रदेशका ४२८० सामुदायिक विद्यालयहरू (कुल विद्यालयका ८७ प्रतिशत) क्षतिग्रस्त हुनपुगेको देखिन्छ। यसबाट विद्यालयका १४६६१ कक्षा कोठा पूर्ण क्षतिग्रस्त, ७०७१ क्षतिग्रस्त र ९०८३ सामान्य क्षतिग्रस्त बन्न पुगेको देखिन्छ। शैक्षिक गुणस्तर हेर्दा सबैका लागि गुणस्तरीय शिक्षाको सहज पहुँच सुनिश्चित हुन सकेको छैन। सामुदायिक विद्यालय र संस्थागत विद्यालयको शैक्षिक गुणस्तर र सिकाइ उपलब्धिमा ठूलो अन्तररहेको छ। शिक्षालाई रोजगारीसँग जोड्न नसक्नु अर्को ठूलो चुनौती देखिएको छ। प्रदेशका १३ जिल्लामध्येका ७ जिल्लामा आन्तरिक बसाइँसराइ तीब्र हुनुमा शैक्षिक पूर्वाधार र सुविधाको अभाव पनि एउटा कारक हो।

## ३. समस्या र चुनौती

साक्षरता दरमा भौगोलिक, जातिगत र लैङ्गिक विषमता हुनु, प्राविधिक शिक्षाको अभाव, प्राथमिक विद्यालय उमेर समूहका सबै बालबालिका विद्यालयमा ल्याउन नसक्नु, विद्यालय छाड्ने दर उच्च हुनु (झण्डै एक तिहाइ बालबालिका माध्यमिक तहसम्म नै नपुगी विद्यालयबाट बाहिरिने गरेको), विद्यार्थीको अनुपातमा शिक्षक वितरण हुन नसक्नु, शिक्षकको माग र आपूर्तिबीच सन्तुलन हुन नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन्।

सबै तहको शिक्षालाई समतामूलक, समावेशी र गुणस्तरीय बनाउनु, खासगरी आर्थिक-सामाजिक

रूपले पछाडि परेका सीमान्तकृत समुदाय तथा दुर्गम र पिछडिएका क्षेत्रका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्नु, पूर्वाधार र लगानीको अनुपातमा शैक्षिक उपलब्धिमा उल्लेख्य वृद्धि गर्नु, संघीय प्रणाली अनुरूप शैक्षिक प्रणालीलाई तहगत सरकारका जिम्मेवारी अनुसार रूपान्तरण गर्नु, शिक्षालाई व्यवसायिक तथा रोजगारीमूलक बनाई जीवनोपयोगी र प्राविधिक शिक्षाको बिस्तार गर्नु, महिला शिक्षकको अनुपात वृद्धि गर्नु, शैक्षिक क्षेत्रको व्यवस्थापनमा सुशासनको प्रत्याभूति दिनु र राजनीतिक प्रभावबाट शिक्षा क्षेत्रलाई मुक्त पार्नु यस क्षेत्रका प्रमुख चुनौती हुन्।

## ४. अवसर

प्रदेशको शैक्षिक सूचकहरू तुलनात्मक रूपमा राम्रो हुनु, दक्ष मानव संसाधनको उपलब्धता, समुदायमा शिक्षा विशेषगरी प्राविधिक शिक्षाप्रतिको बढ्दो आकर्षण र जागरुकता, महिला, दलित, जनजाति र अपाङ्गता भएका एवम् सीमान्तकृत समुदायका बालबालिकाहरूलाई विद्यालयमा ल्याउन र टिकाउन विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू रहनु, तुलनात्मक रूपमा शैक्षिक पूर्वाधार तथा सूचना प्रविधिको उपलव्धता र पहुँच हुनु, उच्च शिक्षामा निजी क्षेत्रको आकर्षण रहनु, गैसस तथा नागरिक समाजको शिक्षामा चाख र संलग्नता बढ्नु, काठमाण्डौ उपत्यका र चितवन उपत्यकाजस्ता स्थानहरू विशिष्ट (मेडिकल, इन्जिनियरिङ, कृषि, वन आदि) शैक्षिक केन्द्रको रूपमा विकास भइरहेको स्थिति तथा संघीय तहका विश्वविद्यालय, अनुसन्धान तथा विकाससम्बन्धी संस्थाहरूको उपस्थिति यो प्रदेशमा रहनु शिक्षा क्षेत्रको विकासका लागि महत्वपूर्ण अवसरहरू हुन्। माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको कार्य दायरामा परेकाले शैक्षिक सुशासनको प्रत्याभूति सहज हुने, विद्यालयहरूको पाठ्यक्रम विकास, मूल्याङ्कन र शिक्षक तालिम प्रदेश सरकारले गर्न सक्ने, प्रदेशको आवश्यकता अनुसार प्रदेश विश्वविद्यालयको स्थापना गर्न सकिने र दिगो विकासका लक्ष्यहरूप्रति सबै तहका सरकारको प्रतिबद्धता रहनु शिक्षा क्षेत्रको विकासका लागि थप अनुकूलताहरू हुन्।

## ५. दीर्घकालीन सोच

गुणस्तरी शिक्षा, दक्ष जनशक्ति; समृद्ध प्रदेश

## ६. लक्ष्य

प्रतिस्पर्धी, उद्यमशील र नव प्रवर्तनशील मानव पूँजीको निर्माण गरी प्रदेशको समृद्धिको आधार तयार गर्ने।

## ७. उद्देश्य

१. गुणस्तरीय शिक्षामा सबै वर्ग एवम् समुदायको समतामूलक पहुँच स्थापित गर्नु,

२. प्राविधिक एवम् व्यवहारिक शिक्षाको विकास एवम् बिस्तार गर्नु,

३. व्यवसायिक शिक्षा र सिपयुक्त जनशक्तिको विकास गर्नु र

४. शैक्षिक क्षेत्रमा निरन्तर सुधार, नवप्रवर्तन र सुशासनलाई संस्थागत गर्नु।

## ८. रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. शिक्षासम्बन्धी नीति, कानुन, योजना, मापदण्ड तथा पाठ्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने। | १. विद्यालय शिक्षाको गुणस्तरमा एकरूपता कायम हुनेगरी पाठ्यक्रम विकास गरिनेछ।<br>२. प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिमसम्बन्धी नीति, कानुन र मापदण्ड निर्माण गरी पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्य सामग्री निर्माण उत्पादन र वितरण गरिनेछ।<br>३. मापदण्डका आधारमा विद्यालय गाभ्ने, तह घटाउने, सार्ने र नक्साङ्कन कार्यमा स्थानीय तहलाई सहयोग, सहजीकरण प्रोत्साहन गरिनेछ।<br>४. विद्यालयहरूको भौतिक पूर्वाधार आवश्यकताको प्रक्षेपणका साथै कार्य योजना बनाई लागू गरिनेछ।<br>५. विद्यालय तहका शिक्षकहरूको क्षमता तथा पेसागत विकासका लागि आवश्यकता प्रक्षेपण गरी विषयगत शिक्षकको माग र आपूर्तिबीच सन्तुलन कायम गर्न शैक्षिक विकास योजना तर्जुमा गरी लागू गरिनेछ।<br>६. शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई प्रभावकारी बनाउने गरी तथ्याङ्क व्यवस्थापन, समन्वय र सुदृढीकरण गरी नीति निर्माण र निर्णय प्रक्रियामा उपयोग गरिनेछ।<br>७. सामुदायिक र संस्थागत विद्यालयहरूमा समान पाठ्यक्रम लागू गर्नुपर्ने व्यवस्था मिलाइनेछ र पाठ्यक्रममा प्रदेशका जातजाति, संस्कृतिका विशिष्टता र भौगोलिक विविधतालाई प्रतिविम्बित गराइनेछ।<br>८. विद्यालय व्यवस्थापनसम्बन्धी मापदण्ड तयार गरी लागू गराइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ९. शिक्षकको कार्य सम्पादनलाई विद्यार्थीको नतिजासँग आबद्ध गरिनेछ।<br>१०. विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय पक्षको अनुगमन गरी सुधारका लागि प्रोत्साहित गरिनेछ।<br>११. विश्वविद्यालयबाट स्वर्ण पदक प्राप्त गरेका विद्यार्थीहरूले शिक्षण पेसामा सिधै प्रवेश गर्न पाउने कानुनी व्यवस्था मिलाइनेछ।<br>१२. सिकाइमा सहजता ल्याउन अंग्रेजी, विज्ञान, गणित र प्राविधिक लगायतका विषयमा डिजीटल पाठ्यसामग्री विकास गरी प्रयोगमा ल्याइनेछ।<br>१३. संस्थागत विद्यालयहरूलाई थप सेवामूलक बनाउन आवश्यक नीतिगत व्यवस्था गरी नियमन गरिनेछ।<br>१४. उच्च शिक्षामा सबैको सहज पहुँच पुऱ्याउन खुल्ला विश्वविद्यालय र दूरशिक्षा प्रणालीलाई संस्थागत गर्न आवश्यक व्यवस्था मिलाइनेछ। |
| २. सार्वजनिक शिक्षालाई गुणस्तरीय, समावेशी, समतामूलक एवम् पहुँचयोग्य बनाउने। | १. विद्यालय उमेर समूहका सबै बालबालिकालाई अनिवार्य विद्यालय भर्ना गर्न र टिकाउन स्थानीय तहसँग सहयोग र सहकार्य गरिनेछ।<br>२. विद्यालय शिक्षामा पहुँच बढाउन तथा विद्यालय छाड्ने दर घटाउन विशेष किसिमका प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>३. आधारभूत तहमा अनिवार्य निःशुल्क शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको सुनिश्चितताका लागि स्थानीय तहलाई सहयोग र सहजीकरण गरिनेछ।<br>४. मापदण्डका आधारमा पूर्ण साक्षर प्रदेश घोषणा गर्न स्थानीय तहसँगको सहकार्यमा अभियानको रूपमा विशेष कार्यक्रम सञ्चालन (विद्यालय केन्द्रित साक्षरता अभियान, अनौपचारिक |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | शिक्षा आदि) गरिनेछ।<br>५. वैज्ञानिक परीक्षा प्रणाली अवलम्बन गरी माध्यमिक तहको शिक्षण सिकाइको गुणस्तरीयताको मूल्याङ्कन गरिनेछ।<br>६. महिला शिक्षकको अनुपात अभिवृद्धि हुने गरी पदपूर्तिको व्यवस्था मिलाइनेछ।<br>७. उत्कृष्ट सामुदायिक विद्यालयहरूलाई पुरस्कृत गरिनेछ।<br>८. सबै सामुदायिक विद्यालयमा विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला र इ–लाइब्रेरीसहितको स्मार्ट कक्षा सञ्चालन र स्मार्ट विद्यालय स्थापना गर्न स्थानीय तहलाई सहयोग गरिनेछ।<br>९. भूकम्पबाट क्षतिग्रस्त विद्यालयको मर्मत सम्भार र पुनर्निर्माण सम्पन्न गरिनेछ। विद्यालय सुरक्षा तथा जोखिम न्यूनीकरणमा न्यूनतम उपायहरूको प्याकेज र विद्यालय भवन मापदण्ड निर्माण गरी कार्यान्वयन गरिनेछ।<br>१०. सामुदायिक र संस्थागत विद्यालयका सम्पूर्ण शिक्षकले सूचना तथा प्रविधि, भाषा, आधुनिक सिकाइ विधिसम्बन्धी तालिम लिनैपर्ने व्यवस्था गराउन स्थानीय तहलाई सहयोग गरिनेछ। |
| ३. रोजगारी र उद्यमशीलता विकास गर्नका लागि जीवनोपयोगी, प्राविधिक एवम् व्यवसायिक शिक्षा र तालिमको बिस्तार गर्ने। | १. आवश्यकताको आधारमा सामुदायिक माध्यमिक विद्यालयमा कम्तीमा एक व्यवसायिक विषयको पठनपाठन गराउन स्थानीय तहलाई सहजीकरण गरिनेछ।<br>२. स्थानीय तहमा व्यवसायिक सम्भाव्यतामा आधारित एक प्राविधिक विद्यालयको स्थापना गरिनेछ।<br>३. प्राविधिक शिक्षाको तालिम कार्यक्रमहरूको सञ्चालन र नियमन प्रभावकारी रूपमा गरिनेछ।<br>४. प्राविधिक तथा व्यवसायिक शिक्षाको दिगो विकासका लागि निजी क्षेत्रसँग सहकार्य गरिनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | ५. प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम केन्द्रहरूको स्थापना गरी आधारभूत तहका प्राविधिक जनशक्ति उत्पादन गरिनेछ।<br>६. नेपाली र अंग्रेजीबाहेक बढी आवश्यक कुनै एक अन्तर्राष्ट्रिय भाषा अतिरिक्त पाठ्यक्रमको रूपमा पठनपाठन गराउन स्थानीय तहलाई सहजीकरण गरिनेछ।<br>७. परम्परागत सिप तथा विदेशमा सिकेको सिप र अनुभवलाई मापदण्डका आधारमा प्रमाणीकरण गर्ने व्यवस्था गरिनेछ। |
| ४. विशिष्टीकृत उच्च शिक्षा केन्द्रहरूको बिस्तार गर्ने। | १. आवश्यक सिप तथा प्रविधियुक्त जनशक्ति उत्पादन गर्न सम्भाव्यताका आधारमा बहुप्राविधिक शिक्षालयहरूको स्थापना गरिनेछ।<br>२. विश्वविद्यालयहरूलाई व्यवहारिक र प्राविधिक विषयहरूमा भौगोलिक क्षेत्रगत श्रोत र प्रसार केन्द्रका रूपमा विकास र उपयोग गर्न सहकार्य गरिनेछ।<br>३. उच्च शिक्षामा अनिवार्य रूपमा कम्तीमा ६ महिनाको स्वयंसेवक सेवा कार्यक्रमलाई पाठ्यक्रमको अङ्गकै रूपमा विकास गरी लागू गरिनेछ।<br>४. विश्वविद्यालय र विशिष्टीकृत अध्ययन संस्थानहरूबाट शिक्षित विद्यार्थीलाई सम्बन्धित उद्यमसँग आवद्ध गर्न सम्बन्धित निकायसँग सहकार्य गरिनेछ।<br>५. प्रदेश विश्वविद्यालय र प्रदेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना र सञ्चालन गरिनेछ। |

## ९. प्रमुख कार्यक्रमहरू

| प्रदेश आफैले गर्ने | स्थानीय तहलाई सहजीकरण गर्ने |
| --- | --- |
| १. प्राविधिक तथा जीवनोपयोगी शिक्षा/ रोजगारमूलक शिक्षाको बिस्तार | १. पूर्ण साक्षरता अभियान<br>२. गुणस्तरीय आधारभूत अनिवार्य तथा |

| प्रदेश आफैले गर्ने | स्थानीय तहलाई सहजीकरण गर्ने |
|---|---|
| २. विशिष्टीकृत सामुदायिक विद्यालय/ महाविद्यालयको स्थापना | निःशुल्क शिक्षामा पहुँच तथा सुनिश्चितता |
| ३. शिक्षकहरूको तालिम, क्षमता विकास एवम् शिक्षक व्यवस्थापन | ३. सामुदायिक विद्यालयको पूर्वाधार, व्यवस्थापन र गुणस्तरमा सुधार |
| ४. शैक्षिक गुणस्तर सुदृढीकरण | ४. कक्षा छाड्ने र दोहऱ्याउने (विशेषगरी छात्रा र सीमान्तकृत) दर न्यूनीकरण |
| ५. पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण, विकास र परिमार्जन | ५. व्यवसायिक शिक्षाको बिस्तार, प्राविधिक विद्यालयको स्थापना |
| ६. प्राविधिक तथा व्यवसायिक शिक्षाका लागि शिक्षक प्रशिक्षण | ६. नमूना विद्यालय विकास कार्यक्रम |
| ७. परीक्षा व्यवस्थापन | |
| ८. शिक्षा क्षेत्रमा सुशासनको अभिवृद्धि | |
| ९. बहुप्राविधिक महाविद्यालय | |
| १०. प्रदेश विश्वविद्यालय | |
| ११. प्रदेश स्वास्थ्य विज्ञान प्रतिष्ठान | |

### १०. अपेक्षित उपलब्धि

योजना अवधिमा साक्षरता दर ९५ प्रतिशतभन्दा बढी पुगेको हुने, प्राथमिक तहमा खुद भर्ना शत प्रतिशत पुगेको हुने, माध्यमिक तहको खुद भर्ना दर ४८.२ प्रतिशतबाट वृद्धि भई ५२ प्रतिशत पुग्ने, एक माध्यमिक विद्यालयमा एक व्यवसायिक विषय पठनपाठन भएको हुने, प्रत्येक स्थानीय तहमा कम्तीमा एक प्राविधिक/व्यवसायिक विद्यालय सञ्चालनमा आएको हुने, रणनीतिक स्थानमा कम्तीमा ३ विशिष्टीकृत शिक्षालयको स्थापना भएको हुने।

## ४.२ स्वास्थ्य तथा पोषण

### १. पृष्ठभूमि

स्वास्थ्य मानव जीवनको अनिवार्य आवश्यकता हो। नागरिकको स्वास्थ्य अवस्थाले राष्ट्रको सामाजिक–आर्थिक पक्ष र सफल जीवनका सम्भावनाहरूलाई प्रतिविम्वित गर्छ। स्वस्थ जनशक्ति समृद्ध मुलुक निर्माणको महत्वपूर्ण आधार हो। संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक प्रदान गरेको छ। राज्यका नीतिमा गुणस्तरीय स्वास्थ्य सेवामा सबैको

सहज, सुलभ र समान पहुँच सुनिश्चित हुने व्यवस्था गरिएको छ। विगत केही वर्षमा नेपालले स्वास्थ्य क्षेत्रमा निकै ठूला उपलब्धिहरू हासिल गरेको छ। पोलियो उन्मूलन उन्मुख, कुष्ठरोग निवारण, क्षयरोग नियन्त्रण, मातृशिशु मृत्युदरमा आएको कमी, औलो र कालाज्वर नियन्त्रण तथा खोपमा उल्लेखनीय प्रगति हासिल भएका छन्।

## २. वस्तुगत स्थिति

यस प्रदेशमा औसत आयु ६९.७ वर्ष, बाल मृत्यु दर ३६ (प्रतिहजार जीवित जन्ममा), नवजात शिशु मृत्युदर २१ (प्रतिहजार जीवित जन्ममा), मातृ मृत्युदर २३९(प्रतिलाख जन्ममा), कुल प्रजनन दर १.८, स्वास्थ्य संस्थामा सुत्केरी हुने ७१ प्रतिशत, तोकिएको खोप लगाउने १२-२३ महिनाका बालबालिकाको प्रतिशत ८५ र जन्मँदा अति कम तौल भएका शिशु ९.७ प्रतिशत रहेको देखिन्छ। यसैगरी, रक्तअल्पताको लक्षण ४२.८, १५ देखि ४९ वर्षका  महिलाहरूमा मोटोपन ३५ प्रतिशत तथा १५वर्ष माथिका १९.१ प्रतिशत महिला र २८.७ प्रतिशत पुरुषमा उच्च रक्तचापको समस्या रहेको छ। यस प्रदेशमा औसत विवाहको उमेर पुरुषमा २१.७ वर्ष र महिलामा १९.७ वर्ष रहेको छ।पाँच वर्ष मुनिका २९ प्रतिशत बालबालिकामा पुड्कोपनाको अवस्था रहेकोमा हाल केही सुधारोन्मुख रहेको छ।

प्रदेशभित्र सरकारीस्तरमा २७ अस्पताल, ४२ प्राथमिक स्वास्थ्य केन्द्र, ६४२ स्वास्थ्य चौकी, १०१ नगर केन्द्र, ८६ सामुदायिक स्वास्थ्य इकाई तथा ६४ आयुर्वेद स्वास्थ्य संस्था, ३९८ बर्थिङ सेन्टर, २४८२ खोप केन्द्र र १९८३ गाउँघर क्लिनिक अवस्थित छन् भने ९५६१ महिला स्वास्थ्य स्वयंसेविकामार्फत् समुदायमा स्वास्थ्य शिक्षा र जनचेतना अभिवृद्धिसम्बन्धी सेवा प्रदान गर्ने कार्य भइरहेको स्थिति छ।

प्रदेश स्वास्थ्य सेवासम्बन्धी नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेशस्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रशामक स्वास्थ्य सेवाको व्यवस्थापन, स्वास्थ्य सेवासम्बन्धी संघ संस्थाको दर्ता, सञ्चालन, अनुमति र नियमन, स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन, औषधीजन्य तथा स्वास्थ्य प्रविधिसम्बन्धी सामग्रीको उत्पादन तथा सञ्चय, अधिकतम् खुद्रा मूल्य निर्धारण, अन्तिम बिसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादक उद्योगको दर्ता, सञ्चालन, अनुमति र नियमन, अस्पताल, नर्सिङ होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन, अनुमति र नियमन,  स्वास्थ्य बिमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन, औषधी निगरानी, औषधीको उचित प्रयोग र सूक्ष्म जीवनिरोधक प्रतिरोध न्यूनीकरण, खोप र परिवार नियोजन, संवेदनशील औषधी तथा अन्य स्वास्थ्य सामग्री खरीद तथा आपूर्ति व्यवस्थापन, अध्ययन,  अनुसन्धान तथा सूचना प्रणाली,

स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली, प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी र व्यवस्थापन, स्वास्थ्य क्षेत्रमा विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्यसेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको बफरस्टक व्यवस्थापन, सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम, राष्ट्रिय मापदण्ड अनुरूप स्वास्थ्य सेवासम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन, स्वास्थ्यजन्य फोहोर व्यवस्थापनसम्बन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, वैकल्पिक उपचार सेवासम्बन्धी मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, मानवस्रोत विकास र व्यवस्थापन, स्वच्छता र सरसफाइजस्ता विषयहरू प्रदेशको कार्य क्षेत्रमा पर्दछन्।

## ३. समस्या र चुनौती

यस प्रदेशमा एक तिहाइ वडाहरू अझै सरकारी स्वास्थ्य संस्थाविहीन रहेका छन्। सबै स्थानीय तहमा कम्तीमा १५ बेडको अस्पताल पुग्न नसकेको, स्वास्थ्य सेवाको सहज पहुँचमा अझै पनि नागरिकहरूले आर्थिक, सामाजिक, सांस्कृतिक, लैङ्गिक, भौगोलिक तथा संस्थागत बाधाहरू भोग्नु परिरहेको छ। जन्मदरमा लैङ्गिक अनुपात असन्तुलित हुँदै गएको, स्वास्थ्य संस्थाबाहिर सुत्केरी हुने महिलाको सङ्ख्या अपेक्षाकृत उच्च रहेको, बाल पोषणको अवस्था कमजोर देखिएको, स्वास्थ्य संस्थामा आधारभूत औषधी, स्वास्थ्यकर्मी तथा स्वास्थ्य उपकरणहरूको कमी रहेको, स्वास्थ्यकर्मीहरू शहर केन्द्रित रहेको, सहरी क्षेत्रमा अस्पताल तथा विशेषज्ञ स्वास्थ्य संस्थाहरूमा अत्यधिक चाप रहेको तर तल्ला तहका स्वास्थ्य संस्थाहरूको उपयोग न्यून रहेको, विपन्नहरूको स्वास्थ्य सेवामा सीमित पहुँच, बाल मृत्युदर र मातृ मृत्युदर अपेक्षित रूपमा घटाउन नसकिएको, भौगोलिक अवस्थाको कारणले स्वास्थ्य सेवाको पहुँचमा असमानताजस्ता प्रमुख समस्याहरू विद्यमान छन्। खास गरेर ग्रामीण र सहरी विपन्न वर्गलाई स्वास्थ्य सेवाको पहुँचभित्र ल्याउने समस्या रहेको छ।

संविधान प्रदत्त स्वास्थ्य अधिकारलाई उपभोग गर्न पाउने स्थितिको सृजना गर्नु, सामुदायिक स्वास्थ्य सेवाको सुदृढीकरण, गुणस्तरीय औषधीमा आम नागरिकको पहुँच एवम् अत्यावश्यक औषधीको व्यवस्था गर्नु, नयाँ सरुवा रोगहरू डेंगु, स्क्रब टाइफसजस्ता रोगहरूको रोकथाम गर्नु, बढ्दो सडक दुर्घटनाबाट घाइते हुनेहरूलाई उपचार सेवा प्रदान गर्नु, बढ्दो प्रदूषण र पानीजन्य रोगहरूको रोकथाम गर्नु, गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच बिस्तार गर्नु, बढ्दो निजी स्वास्थ्य संस्थाहरूको नियमन गर्नु, सहरी गरिबहरूलाई स्वास्थ्य सेवाको दायरामा ल्याउनु, शहरमा बढ्दो बसाइँसराइ, स्वास्थ्य बिमालाई विपन्न, सीमान्तकृत वर्ग र दुर्गम क्षेत्रमा पुऱ्याउनु, मातृ तथा शिशु मृत्यु दर घटाउनु, स्वास्थ्य लागतमा कमी ल्याउनु, व्यापक रूपमा रहेका मधुमेह, उच्च रक्तचाप, क्यान्सर, मुटुरोगजस्ता नसर्ने रोग आदिको रोकथाम गर्नु, भूकम्पबाट क्षतिग्रस्त स्वास्थ्य संस्थाहरूको पुनर्निर्माण गर्नु, जनतामा स्वास्थ्य चेतना

बढाउनु आदि प्रमुख चुनौतीहरू छन्।

## ४. अवसर

मुलुककै प्रमुख अस्पतालहरू सहित झण्डै एक तिहाइ स्वास्थ्य संस्था र विशिष्टीकृत स्वास्थ्य सेवाका केन्द्रहरू यो प्रदेशमा छन्। स्वास्थ्यमा निजी क्षेत्रको संलग्नता पनि उल्लेख्य र बढ्दो छ। सरकारी र निजीक्षेत्रसमेत गरी स्वास्थ्यकर्मीहरू उत्पादन गर्ने १२ मेडिकल कलेज तथा अनुसन्धान केन्द्रहरू प्रदेशमा छन् भने विशेषज्ञ स्वास्थ्यकर्मीहरूको तुलनात्मक रूपमा ठूलो उपस्थिति रहेको छ। यसका अतिरिक्त वैकल्पिक स्वास्थ्य सेवाका लागि आवश्यक योग केन्द्रहरू, प्राकृतिक चिकित्सा केन्द्रहरू, आम्चीजस्ता विविध उपचार पद्धतिहरूसमेत यस प्रदेशमा बढी केन्द्रित देखिन्छन्। प्रदेशभित्रको स्वास्थ्य क्षेत्रका असमानताहरूलाई कम गर्न नीतिगत पहलहरूका माध्यमबाट संविधान प्रदत्त अधिकारहरूको सबै भौगोलिक क्षेत्र, समुदाय र वर्गमा प्रत्याभूति गराउने र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्ने अवसरहरू पनि प्रशस्त छन्।

## ५. दीर्घकालीन सोच

स्वस्थ नागरिक; गुणस्तरीय जीवनयापन

## ६. लक्ष्य

स्वास्थ्य सेवामा सबैको पहुँच स्थापित गरी जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध भएको हुने।

## ७. उद्देश्य

१. आधारभूत स्वास्थ्य सेवामा निःशुल्क र सर्वसुलभ पहुँच सुनिश्चित गर्नु,
२. स्वास्थ्य प्रणालीमा सुधार तथा सेवाको गुणस्तर अभिवृद्धि गर्नु र
३. स्वास्थ्यसम्बन्धी विषयहरूलाई एकीकृत रूपमा सम्वोधन गर्नु।

## ८. रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. स्वास्थ्यसम्बन्धी नीति, कानुन र मापदण्ड निर्माण गर्ने। | १. स्वास्थ्यसम्बन्धी कानुन, नीति, रणनीति, मापदण्डको निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ। स्वास्थ्य संस्थाहरूको सेवाको स्तर र मापदण्ड निर्धारण गरिनेछ।<br>२. स्वास्थ्य सेवा प्रवाहमा जनसहभागिता प्रवर्द्धन गर्ने नीति तर्जुमा गरिनेछ।<br>३. औद्योगिक प्रतिष्ठान तथा कार्यस्थलमा व्यवसायजन्य स्वास्थ्य र |

| रणनीति | कार्यनीति |
|---|---|
| | सुरक्षाका मापदण्डहरूको पालना गराइने छ।<br>४. स्वास्थ्य विज्ञान प्रतिष्ठानहरू सञ्चालन र नियमनका लागि आवश्यक कानुनी व्यवस्था गरिनेछ।<br>५. स्वास्थ्य सेवाको मूल्यलाई आवश्यक नीति निर्माण गरी व्यवस्थित गरिनेछ।<br>६. अस्पतालजन्य फोहर व्यवस्थापनका लागि आवश्यक कानुन निर्माण गरी व्यवस्थित गरिनेछ।<br>७. औषधी उत्पादन गर्ने स्वदेशी उद्योगहरूलाई प्रोत्साहित गरिनेछ।<br>८. जेनेरिक मेडिसिनको प्रवर्धन गर्ने नीतिगत व्यवस्था गरिनेछ।<br>९. स्वास्थ्य संरक्षण र प्रवर्द्धनका लागि पानी, वायु, ध्वनि प्रदूषण र जलवायु परिवर्तनबाट हुने प्रतिकुल असरको प्रभावकारी नियन्त्रण गर्न मापदण्ड बनाई बहुक्षेत्रीय संयन्त्र परिचालन गरी नियमन गरिनेछ। |
| २. स्वास्थ्य सेवामा समतामूलक पहुँच सुनिश्चित गर्ने। | १. आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क रूपमा सबै नागरिकको पहुँचमा पुऱ्याइनेछ।<br>२. दुर्गम तथा विकट ग्रामीण क्षेत्रमा आधारभूत स्वास्थ्य सेवा पुऱ्याउन संघीय सरकार र स्थानीय तहसँगको साझेदारीमा विशेष कोष स्थापना गरी सञ्चालन गरिनेछ।<br>३. स्वास्थ्य सेवाको सहज पहुँचका लागि सबै प्रकारका व्यवधानहरू हटाइनेछ।<br>४. स्वास्थ्य सेवाको पहुँच नभएका क्षेत्रमा सहज पहुँच स्थापना गर्न सामुदायिक स्वास्थ्य प्रणालीको सुदृढीकरण तथा सार्वजनिक, निजी र सहकारी साझेदारीलाई प्रोत्साहन गरिनेछ।<br>५. स्वास्थ्य संस्था र स्वास्थ्य प्रतिष्ठानहरूबाट स्थानीय तहमा घुम्ती सेवाहरू सञ्चालन गरिनेछ।<br>६. स्वास्थ्य बिमालाई सुदृढीकरण गरिनेछ।<br>७. आयुर्वेद एवम् वैकल्पिक चिकित्सा पद्धतिलाई विशिष्टताको आधारमा |

| रणनीति | कार्यनीति |
|---|---|
| | एकद्वार प्रणालीबाट सेवा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। |
| ३. स्वास्थ्य संस्था र सेवाहरूको बिस्तार गर्ने। | १. आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरूसहितको सेवालाई बिस्तार गरिनेछ।<br>२. अस्पतालहरूलाई रिफरल र टर्सरी सेवा प्रवाह गर्न सक्ने गरी विकास गरिनेछ।<br>३. स्थानीय तहमा न्यूनतम १५ बेडसम्मको अस्पताल स्थापना गर्न संघ र स्थानीय तहसँग सहकार्य गरिनेछ।<br>४. आवश्यकताको आधारमा वडाहरूमा प्रसूति सेवासहितको स्वास्थ्य चौकी स्थापना गर्न स्थानीय तहसँग समन्वय र सहजीकरण गरिनेछ।<br>५. मानसिक रोग, उच्च रक्तचाप, मधुमेह, मुटु रोग लगायतका नसर्ने रोगहरूको निरोधात्मक उपायको रूपमा सचेतना कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गर्न संघ र स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ।<br>६. दुर्गम र पिछडिएका क्षेत्रहरूमा दूर स्वास्थ्य सेवालाई उपचार पद्धतिको रूपमा अनुसरण गरिनेछ।<br>७. एक विद्यालय एक स्वास्थ्यकर्मी कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ। |
| ४. स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्ने। | १. स्वास्थ्य जनशक्तिको क्षमता विकासका लागि आवश्यक तालिम लगायतका क्रियाकलापहरू सञ्चालन गरिनेछ।<br>२. न्यूनतम योग्यता पुगेका महिला स्वयंसेविकाहरूलाई अनमी र सामुदायिक मिडवाइफजस्ता वृत्ति विकासका अवसरहरू प्रदान गरिनेछ।<br>३. स्वास्थ्य संस्थाहरूको स्तर र मापदण्ड अनुसार स्वास्थ्यसम्बन्धी पूर्वाधारहरूको विकास गरिनेछ।<br>४. स्वास्थ्यजन्य महामारी तथा प्रकोप, इमर्जिङ, रिइमर्जिङ रोगहरूको रोकथाम तथा व्यवस्थापनको अग्रिम तयारी स्वरूप आकस्मिक |

| रणनीति | कार्यनीति |
|---|---|
| | कोष, जनशक्ति, औषधी तथा अन्य आवश्यक सामग्रीहरूसहितको प्रादेशिक आपतकालीन व्यवस्थापन केन्द्रको व्यवस्था गरिनेछ।<br>५. स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको भौतिक संरचना र सेवा प्रवाहलाई ज्येष्ठ नागरिक, अपाङ्ग र लैङ्गिकमैत्री बनाइनेछ।<br>६. मानसिक स्वास्थ्य सेवाको पहुँचलाई सहज बनाइनेछ।<br>७. स्वास्थ्यलाई हानी गर्ने सुर्तीजन्य वस्तु, मदिरा लगायतका अखाद्य वस्तुहरूको मिसावट र प्रयोगलाई न्यूनीकरण गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ।<br>८. खाद्य पदार्थको शुद्धता परीक्षणका लागि खाद्य परीक्षण प्रयोगशालाको स्थापना गर्न स्थानीय तहलाई सहयोग गरिनेछ। |
| ५. सबै सार्वजनिक नीतिहरूको तर्जुमा र कार्यान्वयनमा स्वास्थ्यसम्बन्धी विषयहरूलाई समावेश गर्ने। | १. स्वास्थ्य सम्बन्धमा बहुक्षेत्रीय सहकार्यको निर्देशिका बनाई लागू गरिनेछ।<br>२. बहुक्षेत्रीय पोषण कार्यक्रमलाई स्वास्थ्यसँग आवद्ध गरी प्रभावकारी रूपमा सञ्चालन गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ।<br>३. विद्यालय शिक्षामा स्वास्थ्य र सरसफाइलाई विद्यालय स्वास्थ्य कार्यक्रमसँग आवद्ध गरिनेछ। |
| ६. स्वास्थ्य क्षेत्रमा सुशासनको अभिवृद्धि गर्ने। | १. विकट क्षेत्रमा काम गर्ने स्वास्थ्यकर्मीलाई विशेष सुविधा र अवसरहरू प्रदान गरिनेछ।<br>२. स्वास्थ्यकर्मीको कार्यसम्पादनलाई निजको सेवासँग घनिष्ट रूपमा आवद्ध गरिनेछ।<br>३. स्वास्थ्यक्षेत्रमा वित्तीय जोखिम न्यूनीकरण गरी वित्तीय सुशासनको अभिवृद्धि गरिनेछ।<br>४. एकीकृत स्वास्थ्य सूचना प्रणालीसँग सम्बन्धित सूचनाहरूको सङ्कलन र सम्प्रेषणलाई व्यवस्थित गरिनेछ।<br>५. स्वास्थ्य सेवामा सुधार एवम् नव प्रविधिको विकासका लागि अनुसन्धान र विकासलाई जोड दिइनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| ७. स्वास्थ्यसम्बन्धी जनचेतना बिस्तार गर्ने। | १. प्रवर्द्धनात्मक, प्रतिरोधात्मक र निरोधात्मक स्वास्थ्य सेवाका कार्यक्रम सञ्चालन गर्न स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ।<br>२. स्वस्थ्य बानी व्यवहार र अभ्यासहरूको प्रवर्द्धन गर्न सूचना र सञ्चार प्रविधिलाई अभियानको रूपमा सञ्चालन गरिनेछ।<br>३. शरीरलाई हानी पुऱ्याउने खालका रासायनिक पदार्थ, विषादीयुक्त, मिसावटजन्य र पत्रुखाद्यपदार्थ (जंक फुड) विरुद्ध सचेतनात्मक कार्यक्रम सञ्चालन गरिनेछ। |

## ९. प्रमुख कार्यक्रमहरू

| प्रदेश आफैले गर्ने | स्थानीय तहलाई सहजीकरण गर्ने |
| --- | --- |
| १. स्वास्थ्यसम्बन्धी नीति तथा कानुन निर्माण, | १. आधारभूत स्वास्थ्य सुविधामा सबैको समान र सहज पहुँचको व्यवस्था |
| २. स्वास्थ्य संस्थाहरूका लागि तालिम तथा क्षमता विकास, | २. स्वास्थ्य सूचना प्रणाली र तथ्याङ्क व्यवस्थापन, |
| ३. अस्पतालहरूलाई रिफरल र टर्सरी सेवा प्रवाह गर्न सक्ने गरी विकास | ३. वडास्तरमा प्रसुति सुविधासहितको सुविधायुक्त स्वास्थ्य संस्थाको स्थापना, |
| ४. घुम्ती स्वास्थ्य शिविरहरूको सञ्चालन, | ४. ज्येष्ठ नागरिक, अपाङ्ग र लैङ्गिकमैत्री स्वास्थ्य संरचना र सेवा प्रवाह |
| ५. स्वास्थ्यजन्य विपद् तथा महामारी नियन्त्रण | ५. स्वास्थ्य बिमाको प्रभावकारी कार्यान्वयन, |

## १०. अपेक्षित उपलब्धि

योजना अवधिमा आधारभूत स्वास्थ्य सेवा निःशुल्क र सर्वसुलभ रूपमा प्राप्त भएको हुने, सबै स्थानीय तहमा कम्तीमा १५ शैयाको सुविधायुक्त अस्पताल स्थापना भएको हुने, दक्ष प्रसूतिकर्मीहरूको सहयोगमा गराइएको जन्महरूको अनुपात ९० प्रतिशत पुगेको हुने, जिल्ला तहका अस्पतालहरूमा आयुर्वेदसहितका वैकल्पिक स्वास्थ्य सेवा एकीकृत भएको हुने, मातृ मृत्युदर (प्रतिलाख जीवित जन्म) २३९ बाट २०० मा आउने, नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्म) १७ बाट १४ मा झर्ने,

सबै बालबालिकाले आवश्यक खोप लिएको हुने, औसत प्रतिव्यक्ति उमेर ७५ वर्ष पुगी दिगो विकासका लक्ष्य पूरा गर्न निर्धारित सूचकहरूमा महत्वपूर्ण सुधार आएको हुने।

## ४.३ युवा तथा खेलकुद

### १. पृष्ठभूमि

युवाशक्ति राष्ट्र विकासका संवाहक हो। युवाशक्तिको सङ्ख्यात्मक तथा गुणात्मक विकास र परिचालनबाट नै विकास सम्भव छ।नेपालको संविधानले युवाहरूको विकास गरी उनीहरूलाई राष्ट्रको सर्वाङ्गीण विकासमा परिचालन गर्ने नीति लिएको छ।

युवाशक्तिलाई शारीरिक, मानसिक, बौद्धिक र संवेगात्मक रूपमा सबल र नैतिकवान् बनाई अनुशासित र मर्यादित समाज निर्माण गर्दै विकास तथा समृद्धिमा रूपान्तरित गर्न खेलकुदको महत्वपूर्ण भूमिका रहन्छ। भूगोल तथा समाजलाई भावनात्मक रूपमा एकीकृत गर्न पनि यसले महत्वपूर्ण भूमिका खेल्दछ।

### २. वस्तुगत स्थिति

नेपालको जनसङ्ख्या बनौटमा १६ देखि ४० वर्ष उमेर समूहका युवाहरूको सङ्ख्या ४०.३५ प्रतिशत छ। नेपालमा सन् २०१६ देखि २०२५ सम्म जनसाङ्ख्यिक लाभको अवस्था कायम रहने र २०३० पछि क्रमशः यसमा संकुचन आउने प्रक्षेपण गरिएको छ। प्रदेशमा १६ देखि २९ वर्ष समूहको जनसङ्ख्या २२.८८ प्रतिशत रहेको छ भने १६ देखि ४० वर्ष समूहको हिस्सा ३५.७९ प्रतिशत छ। पछिल्लो पाँच वर्षमा (आब ०७०/७१—०७४/७५) रोजगारमा मुलुकबाहिर (भारतबाहेक) गएका युवाहरूको सङ्ख्या ४९३४७६ छ जसमा पुरूष ४,३०,१५५ र महिला ६३,३२१ छन्। युवा तथा साना व्यवसायी स्वरोजगार कोषले विभिन्न ४०० सहकारी संस्थामार्फत् दुई अर्बभन्दा बढी लगानी गरेको छ।

युवासम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन, खेलकुदसम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकुद तथा खेलकुद पूर्वाधारको विकास र प्रवर्द्धन, खेलकुद प्रशासन र संघसंस्थाको समन्वय र नियमन, राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिताजस्ता विषयहरू प्रदेशको कार्य क्षेत्रमा पर्दछन्।

### ३. समस्या र चुनौती

बढ्दो युवा जनसङ्ख्यालाई उद्यम र रोजगारीसँग आवद्ध गर्न नसकिनु, जनसाङ्ख्यिक लाभको उपयोग गर्न नसक्नु, युवा पलायन हुनु, स्रोतमा युवाको सहज पहुँच सुनिश्चित गर्न नसक्नु र युवालाई

स्वयं सेवामा संलग्न गराउन नसकिनु लगायत यस क्षेत्रका प्रमुख समस्या हुन्। युवा पलायन रोक्नु, युवा लक्षित जीवनोपयोगी प्राविधिक र व्यवसायिक शिक्षा सर्वसुलभ बनाउनु, स्वदेशमा रोजगारीका अवसरहरूको वृद्धि गर्नु, युवामैत्री लगानीका अवसर बढाउनु, उद्योग, उद्यम र वित्तीय श्रोतमा युवाको सहज पहुँच सुनिश्चित गर्नु, युवालाई विकास र स्वयंसेवाका व्यापक रूपमा परिचालन गर्नु आदि यसक्षेत्रका प्रमुख चुनौतीहरू हुन्।

खेलकुद पूर्वाधारको अपर्याप्तता, खेलकुद क्षेत्रमा न्यून लगानी, खेलकुदमा निरन्तरताको अभाव, व्यवसायिकताको कमी, अभिभावकमा खेलकुदप्रति आकर्षणको नहुनु, खेलकुदबाट जीविकोपार्जन हुने अवस्था नरहनु आदि मुख्य समस्याहरू रहेका छन्। अन्तर्राष्ट्रियस्तरका खेलकुद पूर्वाधारहरूको विकास गर्नु, खेलकुदको विकासमा निजी क्षेत्रलाई आकर्षित गर्नु, खेलकुदमा व्यवसायिकताको विकास गर्नु, खेलकुदको संस्थागत विकास र सुशासन कायम गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन्।

## ४. अवसर

जनसङ्ख्याको ठूलो हिस्सा युवाशक्ति रहेको, राष्ट्रिय युवा नीति र युथ भिजन-२०२५ सहितको दश वर्षे रणनीतिक योजना कार्यान्वयनमा रहेको, विभिन्न युवा लक्षित उद्यम विकास तथा स्वरोजगारमूलक कार्यक्रमहरू सञ्चालनमा रहेको, दक्ष जनशक्ति उत्पादन गर्ने शैक्षिक संघ संस्था तथा तालिम केन्द्रहरूको बढ्दो उपस्थिति हुनु आदि युवा विकासका अवसरहरू हुन्।

तीनै तहका सरकारहरूमा खेलकुद विकासको जिम्मेवारी रहनु, राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताहरूमा नेपालको निरन्तर सहभागिता हुनु, खेलकुदप्रति समाजमा सकारात्मक दृष्टिकोण विकास हुँदै जानु, खेलकुदका पूर्वाधारहरूको क्रमशः विकास हुँदै जानु, खेलकुद शारीरिक र मानसिक विकासको प्रमुख माध्यमको रूपमा अङ्गिकार गरिनु, साहसिक र पर्यटकीय खेलकुदको प्रचुर सम्भावना रहनु र यसमा अन्तर्राष्ट्रिय चाख बढ्दै जानु, प्रहरी, सेना र व्यवसायिक प्रतिष्ठानहरू आदिमा व्यवसायिक खेलकुद क्लब प्रणाली सुरू हुनु आदि खेलकुद विकासका अवसरहरू हुन्।

## ५. दीर्घकालीन सोच

प्रदेशको गौरव, युवाको पौरख।

## ६. लक्ष्य

युवाशक्तिको विकासबाट प्रदेशको समृद्धिमा योगदान पुग्नुका साथै खेलकुदको विकासद्धारा स्वस्थ, अनुशासित, सृजनात्मक र क्रियाशील नागरिक निर्माण भएको हुने।

## ७. उद्देश्य

१. युवा उद्यमशीलता र रोजगारीको अभिवृद्धि गर्नु,

२. प्रदेशको विकासमा युवा परिचालन गर्नु, र

३. खेलकुदको विकासद्वारा स्वस्थ, सृजनशील र अनुशासित युवाहरूको निर्माण गर्नु।

## ८. रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. युवाहरूको क्षमता विकास गरी रोजगारीसँग आवद्ध गर्ने। | १. विद्यालय अध्ययन सम्पन्न गरेका युवाहरूलाई युवामुखी क्षमता विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>२. युवाहरूलाई बजारको आवश्यकता अनुरूप जीवनोपयोगी तथा प्राविधिक शिक्षा र सिपमूलक तालिम प्रदान गरिनेछ।<br>३. स्थानीय विकासका कार्यलाई युवा रोजगारमुखी बनाउन प्रोत्साहन गरिनेछ।<br>४. निजी क्षेत्र, गैसस र विकास साझेदारहरूसँग समन्वय गरी युवा रोजगारीलाई प्रवर्द्धन गरिनेछ। |
| २. युवाको तालिम, उद्यमशीलता विकास र रोजगारीमूलक कार्यमा लगानी अभिवृद्धि गर्ने। | १. युवामा प्रविधि एवम् परम्परागत सिपको आधुनिकीकरण गरी पेसाको व्यवसायीकरण गर्न र स्वरोजगारमूलक कार्यमा सहुलियत लगानी र व्याजमा अनुदान प्रदान गरिनेछ।<br>२. युवाहरूको शिक्षा, तालिम तथा रोजगारी अभिवृद्धि गर्ने खालका कार्यक्रममा लगानी बढाइनेछ।<br>३. परम्परागत पेसामा व्यवसायीकरण गर्न लगानी अभिवृद्धि गरिनेछ।<br>४. सफल युवाहरूको राम्रा सिकाइ र अनुभव हस्तान्तरण हुने गरी युवा अगुवाहरूको अन्तरक्रिया, अवलोकन भ्रमण र ज्ञान तथा अनुभव आदानप्रदानको व्यवस्था गरिनेछ। |
| ३. शासकीय प्रक्रिया र विकास निर्माणमा युवाहरूको समावेशी सहभागिता अभिवृद्धि गर्ने। | १. युवाहरूमा सेवाभाव एवम् स्वयंसेवी संस्कृतिको विकास हुनेगरी युवा स्वयंसेवक परिचालन कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. युवाहरूको नेतृत्व विकास गरी शासकीय जिम्मेवारी वहन गर्न सक्षम बनाउँदै लगिनेछ।<br>३. विकास प्रक्रियामा युवा परिचालन गर्दा समावेशिताको |

| रणनीति | कार्यनीति |
|---|---|
| | सिद्धान्त अवलम्बन गरी सहभागिता सुनिश्चित गरिनेछ।<br>४. विदेशबाट फर्केका युवाहरूलाई सामाजिक पुनःएकीकरण गरी आर्जित ज्ञान, सिप र दक्षताको स्वदेशमा प्रयोग गर्न आर्थिक एवम् प्राविधिक सहयोग पुऱ्याइनेछ। |
| ४. सबै प्रादेशिक नीतिहरूमा युवाका आवश्यकतालाई समावेश गर्ने। | १. हरेक क्षेत्रगत नीतिहरू तर्जुमा गर्दा युवाहरूको आवश्यकताहरूलाई सम्बोधन गरिनेछ।<br>२. वातावरण संरक्षण, द्वन्द्व व्यवस्थापन, सामाजिक परिचालनजस्ता बहुसरोकारका विषयहरूमा युवा सहभागिता र परिचालनलाई प्राथमिकता दिइनेछ। |
| ५. खेलकुद पूर्वाधार निर्माण र बिस्तार गर्ने। | १. गुणस्तरयुक्त खेलकुद पूर्वाधारहरूको विकास गर्न लगानीमा वृद्धि गरिनेछ।<br>२. एक जिल्ला एक रंगशाला र प्रदेशमा अन्तर्राष्ट्रियस्तरको रंगशाला निर्माण गरिनेछ।<br>३. एक विद्यालय एक खेल मैदान, एक स्थानीय तह एक बहुउद्धेश्यीय खेलकुद स्थलनिर्माण गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ।<br>४. परम्परागत खेलकुदको पहिचान र प्रवर्द्धन गरिनेछ।<br>५. साहसिक खेलकुदका सम्भाव्य क्षेत्रहरू (साइक्लिङ, हाइकिङ, बञ्जी जम्पिङ, जिप फ्लायर, प्याराग्लाइडिङ आदि) र स्थानहरू पहिचान गरी आधारभूत पूर्वाधारहरू विकास र प्रवर्द्धन गरिनेछ। |
| ६. व्यवसायिक खेलकुदको विकासलाई संस्थागत गर्ने। | १. प्रादेशिक खेलकुद नीति र रणनीतिको निर्माण गरिनेछ।<br>२. भौगोलिक सम्भाव्यताका आधारमा विभिन्न भौगोलिक क्षेत्रहरूलाई खेलकुद हवको विकास गरिनेछ।<br>३. अन्तर्राष्ट्रिय प्रतियोगिता हुने कम्तीमा ५ खेललाई प्राथमिकतामा राखी उक्त खेलहरूको विकास गर्न भौगोलिक क्षेत्र केन्द्रित विशेष कार्यक्रम सञ्चालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | ४. व्यवसायिक खेलकुद क्लबहरू स्थापना गर्न प्रोत्साहित गरिनेछ।<br>५. व्यवसायिक कम्पनीहरूलाई खेलकुद कार्यक्रमहरूको आयोजना तथा खेलकुद क्लबहरूको गठनमा सामाजिक उत्तरदायित्व कोषहरूको परिचालन गर्न प्रोत्साहन गरिनेछ।<br>६. फरक क्षमता भएकाहरूको विशिष्टीकृत खेलकुद प्रतियोगिताहरूको आयोजना गर्ने र उनीहरूलाई खेलकुदप्रति आकर्षित गरिनेछ।<br>७. "सबैका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद" भन्ने नारालाई सार्थक बनाउन प्रदेश खेलकुद विकास परिषद् गठन गरी प्रत्येक ३ वर्षमा प्रादेशिक खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ। खेलाडीहरूको व्यवसायिक जीवनको संरक्षण गरिनेछ।<br>८. जनसहभागिता र स्थानीय तहसँगको सहकार्यमा स्थानीय स्तरका खेलकुद पूर्वाधार निर्माणलाई प्रोत्साहित गरिनेछ।<br>९. खेलकुद क्षेत्रमा अन्तरसरकार तथा निजी क्षेत्रसँग सहकार्य र समन्वय गरिनेछ।<br>१०. तुलनात्मक सम्भावनाका खेलहरू (हात्तीपोलो, प्यराग्लाइडिङ, बन्जी जम्पिङ, क्रिकेट, उचाइमा भलिबल प्रतियोगिता) सञ्चालन, प्रतियोगिता आयोजना तथा प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>११. अन्तरस्थानीय तह, प्रादेशिक, अन्तरप्रादेशिक, अन्तरमहाविद्यालयस्तरका खेलकुद प्रतियोगिताहरू आयोजना गरिनेछ।<br>१२. विद्यालय तहदेखि नै प्रतिभावान् खेलाडीको पहिचान गरी खेलकुद क्षेत्रमा प्रतिभा प्रस्फुटनको अवसर प्रदान गरिनेछ। |

## ९. प्रमुख कार्यक्रमहरू

| प्रदेश आफैले गर्ने | स्थानीय तहलाई सहजीकरण गर्ने |
|---|---|
| १. युवा सृजनशीलता सहयोग कोष स्थापना | १. युवा क्षमता विकास |
| २. परम्परागत पेसाको व्यवसायीकरण | २. युवा स्वरोजगारमूलक उद्यम विकास |
| ३. खेलकुद पूर्वाधार विकास | ३. युवा स्वयंसेवक परिचालन |
| ४. व्यवसायिक खेलकुद विकास | |

## १०. अपेक्षित उपलब्धि

क्षमता विकास योजना निर्माण भएको हुने, सिर्जनात्मक सहयोग कोष स्थापना भएको हुने, प्रादेशिक तथा राष्ट्रिय प्रतियोगिताहरूमा प्रतिस्पर्धात्मक क्षमता बढेको हुने, व्यवसायिक खेलकुदहरू सुरू भएको हुने, प्रत्येक २ वर्षमा प्रदेश स्तरीय र प्रत्येक वर्ष जिल्लास्तरीय प्रतियोगिताहरू आयोजना भएको हुने, प्रत्येक जिल्लामा रंगशाला एवम् प्रत्येक स्थानीय तहमा खेलमैदान र प्रदेशस्तरमा एक अन्तर्राष्ट्रियस्तरको बहुउद्देश्यीय रंगशाला निर्माण भएको हुने र खेलकुदसम्बन्धी प्रादेशिक नीति निर्माण भएको हुने।

# ४.४ भाषा, संस्कृति र कला

## १. पृष्ठभूमि

संविधानले नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुने र देवनागरी लिपिमा लेखिने नेपाली भाषा सरकारी कामकाजको भाषा हुने व्यवस्था गरेको छ। यसैगरी, धार्मिक स्वतन्त्रताको हक, भाषा तथा संस्कृतिको हकलाई मौलिक हकको रूपमा स्थापित गर्दै प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने, आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्द्धन र संरक्षण गर्ने हक प्रदान गरेको छ।

सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण, ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण र संवर्द्धन, सामाजिक, सांस्कृतिक तथा सेवामूलक कार्यमा स्थानीय जनसहभागिता, कला, साहित्य र सङ्गीतको विकास, समाजमा विद्यमान विभेद, असमानता, शोषण र अन्यायको अन्त, भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण र विकास र बहुभाषिक नीति अवलम्बन गर्ने कुरा राज्यका नितिका रूपमा अङ्गीकार गरिएको छ।

## २. वस्तुगत स्थिति

प्रदेशको जनसङ्ख्यामा मुख्यतः, तामाङ २०.४२ प्रतिशत, पहाडी ब्राह्मण १८.३ प्रतिशत, क्षेत्री १७.३ प्रतिशत, नेवार १६.९२ प्रतिशत, दलित ५.४ प्रतिशत, मगर ४.९, प्रतिशत गुरूङ्ग २.२, प्रतिशत थारु १.७, प्रतिशत राई १.५, प्रतिशत चेपाङ १.१ प्रतिशत र अन्य समुदाय १०.३ प्रतिशत रहेका छन्। प्रदेशमा जम्मा ११३ वटा बोलिने भाषाहरू छन्। जसमध्ये पहिलो, दोश्रो र तेश्रोमा नेपाली, तामाङ र नेवारी क्रमशः ५७.४ प्रतिशत, १८.३ प्रतिशत, र १२.३ प्रतिशत छन्। यस प्रदेशमा ९ वटा धर्मका अनुयायीहरू रहेका छन् जसमा हिन्दु, बौद्ध र क्रिश्चियन क्रमशः ७१.८ प्रतिशत, २३.३ प्रतिशत र २.९ प्रतिशत र बाँकी अन्य रहेका छन्।

नेपाली कला र संस्कृतिको यो प्रदेश अप्रतिम भण्डार हो। नेपालमा रहेका विश्व सम्पदा सूचीका १०मध्ये ८ सम्पदा यसै प्रदेशमा रहेका छन्। यसका अतिरिक्त प्राचीन स्मारक, अभिलेख, गुठी, भौतिक र अभौतिक सांस्कृतिक सम्पदा, मठ, मन्दिर, गुम्बा, मस्जिद, गुरुद्वाराहरू यस प्रदेशमा अवस्थित छन्।साथै, विभिन्न जाति र समुदायका सांस्कृतिक मान्यता र लोकपरम्परा, लोक रीतिरिवाज, लोक साहित्य र विभिन्न सांस्कृतिक चाडपर्व, प्रचलनहरूसहितको विशाल सांस्कृतिक भण्डार यस प्रदेशमा विद्यमान रहेको देखिन्छ। चित्रकला मूर्तिकला, पौवा कला, शिल्पकला, काष्ठ कला आदि कलामा पनि यो प्रदेश धनी छ।

प्रदर्शनकारी लोक कलाहरू (डबली चोक), परम्परागत सिप र साधन, कला, संगीत, नाट्यकला लगायतका लोक संस्कृतिहरू पनि यहाँ विद्यमान छन्। २०७२ को भूकम्पले यस प्रदेशका ८ जिल्लाका १४३२ सम्पदाहरू क्षतिग्रस्त वा अतिप्रभावित बनेका छन् र तिनका पुनर्निर्माणको काम विभिन्न चरणमा छन्।

भाषा, कला, संस्कृति र धर्मको संरक्षणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, ऐतिहासिक, कला र सम्पदाका दृष्टिकोणले महत्व बोकेका प्रादेशिकस्तरका दरवारहरूको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन, प्रादेशिकस्तरमा संग्रहालय, प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचीन स्मारक, संग्रहालय, सास्कृतिक धरोहरसम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एवम् संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुनर्निर्माण, धर्म, परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरूको सञ्चालन र व्यवस्थापन संस्कृतिको विकाससम्बन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमनजस्ता विषयहरू प्रदेशको कार्य क्षेत्रमा पर्दछन्।

## ३. समस्या र चुनौती

प्राचीन कला र जातीय संस्कृतिको जगेर्ना हुन् नसक्नु, बाह्य संस्कृतिको अतिक्रमण बढ्नु, ऐतिहासिक मठ मन्दिरहरूमा संरक्षणको कमी, परम्परागत चाडपर्वहरूले मौलिकता गुमाउँदै जानु, कलाकर्मीहरूको उचित सम्मान र संरक्षण हुन् नसक्नु, प्राचीन स्मारकहरू अतिक्रमित हुँदै जानु मुख्य समस्याका रूपमा रहेका छन्।

प्राचीन सांस्कृतिक सम्पदा एवम् तिनीहरूको स्वामित्वमा रहेको सम्पत्तिको वैज्ञानिक अभिलेखीकरण गर्नु, सांस्कृतिक विचलन रोक्नु, अन्तरपुस्ता ज्ञान हस्तान्तरण, संस्कृति, कला, भाषा र सम्पदाहरूको मौलिकपना जोगाइराख्नु, मूर्त तथा अमूर्त सम्पदाहरूको संरक्षण गरी सोको लाभ समुदायले प्राप्त गर्न सक्ने तुल्याउनु, महत्वपूर्ण सम्पदाहरू चोरी तथा नष्ट हुनबाट रोक्नु, सांस्कृतिक गुठी तथा जात्राहरूको संरक्षण र निरन्तरता दिनु, सांस्कृतिक सम्पदाहरूको वैज्ञानिक अनुसन्धान, अध्ययन एवम् संरक्षण गर्नु आदि चुनौतीहरू रहेका छन्।

## ४. अवसर

भाषा, लिपि, संस्कृति, ललित कला आदिको संरक्षण र उपयोग प्रदेशको कार्य दायरामा रहेको, जातीय संस्कृतिको संरक्षणमा समुदायहरूको बढ्दो सकृयता, धार्मिक, पुरातात्विक एवम् ऐतिहासिक सम्पदाहरूको संरक्षण तथा सम्वर्धन र भूकम्पपश्चात् सांस्कृतिक सम्पदाहरूको पुनर्निर्माणले गति लिनका साथै सम्पदा पुनर्निर्माणप्रति बढ्दो जनचासो, सांस्कृतिक एवम् धार्मिक विविधताकाबीच सद्भाव अभिवृद्धि भएकाले राष्ट्रिय एकता सुदृढ गर्नका साथै बाह्य धार्मिक पर्यटकलाई आकर्षण गर्न सकिने अवस्था रहनु आदिले संस्कृतिको संरक्षण र विकासलाई आयआर्जन र रोजगारीका अवसरहरूसँग जोडेर प्रदेशको समृद्धिमा योगदान पुऱ्याउने अवसर प्राप्त छ।

## ५. दीर्घकालीन सोच

प्रदेशको पहिचान; भाषा, संस्कृति र कलाको प्रवर्धन।

## ६. लक्ष्य

ऐतिहासिक सम्पदा तथा मौलिक संस्कृतिहरूको जगेर्ना भई समग्र संस्कृतिमा गर्व गर्ने परिपाटीका साथै सामाजिक सद्भाव, सहिष्णुता र ऐक्यवद्धता सुदृढ भएको हुनेछ।

## ७. उद्देश्य

१. सबै सांस्कृतिक सम्पदाहरूको अभिलेखीकरण गरी संरक्षण गर्नु,

२. विभिन्न भाषा र लिपिहरूको उत्थान गर्नु र

३. सबै किसिमका मौलिक कलाहरूको संरक्षण, विकास र प्रवर्द्धन गर्नु।

## ८. रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. पुरातात्विक एवम् मौलिक सम्पदा, जातीय संस्कृति र गुठीहरूको संरक्षण, संवर्द्धन र अभिलेखीकरण गर्न संस्थागत संरचनाको निर्माण गर्ने। | १. प्रदेश पुरातत्व तथा जातीय संस्कृतिसम्बन्धी निर्देशनालयको स्थापना गरिनेछ।<br>२. प्रदेश संग्रहालयको स्थापना गरी स्थानीय कला, भाषा, लिपि, संस्कृति र ऐतिहासिक वस्तुहरू प्रदर्शनको व्यवस्था मिलाइनेछ।<br>३. विभिन्न जातिका सांस्कृतिक रीतिरिवाज र परम्परा झल्काउने कार्यक्रमहरू, टेलिफिल्म, भिडियोहरू बनाउने र विद्यालय तथा समुदायस्तरमा प्रदर्शन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।<br>४. परम्परादेखि लाग्दै आएका ठूला मेलाहरूको उचित व्यवस्थापन गर्ने प्रबन्ध मिलाइनेछ। |
| २. भाषा, साहित्य र कलाको संरक्षण र विकास गर्ने। | १. मातृभाषा, लोक साहित्य, आधुनिक साहित्य, लोक संगीत, आधुनिक संगीत, लोक नाट्य र ललितकलाको अनुसन्धान, संरक्षण र विकासको लागि स्वायत्त निकायको रूपमा "भाषा, साहित्य तथा कला प्रज्ञा प्रतिष्ठान" को गठन गरिनेछ।<br>२. सामाजिक जागरण, राष्ट्रिय जागरण र परिवर्तनमुखी साहित्य र कलाको संरक्षण र विकास गरिनेछ।<br>३. भाषा, साहित्य, नाट्यकला, संगीत र ललितकलाको क्षेत्रमा योगदान पुऱ्याउने संघ संस्था तथा व्यक्तित्वहरूको अभिलेख तयार गरी अध्यावधिक गरिनेछ।<br>४. भाषा, साहित्य र कलाको क्षेत्रबाट सामाजिक-सांस्कृतिक रूपान्तरणमा विशिष्ट योगदान गर्ने |

| रणनीति | कार्यनीति |
|---|---|
| | व्यक्तित्वहरूलाई सम्मानित र पुरस्कृत गरिनेछ।<br>५. गायन, संगीत, नृत्य र नाटकसम्बन्धी व्यवसायिक र गैरव्यवसायिक प्रशिक्षण केन्द्रहरूको आधारभूत पाठ्यक्रममा एकरूपता कायम गरिनेछ।<br>६. सबै जातजातिको भाषा, संस्कृति, कला आदिको संरक्षण गर्न सङ्ग्रहालयको स्थापना गर्न आवश्यक व्यवस्था मिलाइनेछ। |
| ३. विभिन्न भाषा, भाषिका, लिपिको पहिचान गरी तिनीहरूको संरक्षण एवम् उत्थान गर्ने। | १. लोपोन्मुख स्थानीय कला, भाषा, लिपि, र संस्कृतिको अभिलेखीकरण गरी संरक्षणात्मक र विकास गरिनेछ।<br>२. भाषा, कला, लिपि र संस्कृतिलाई अभ्यास र स्थलीय सघनताका आधारमा सामूहीकृत गरी विकास र संरक्षणका कार्यक्रमहरू सञ्चालन गरिनेछ। |
| ४. परम्परागत मौलिक कला र लोक संगीत, नृत्य, नाट्य लगायतका प्रदर्शनकारी लोक कलाहरूको संरक्षण, अनुसन्धान र विकास गर्ने। | १. विभिन्न जाति र समुदायका लोकगीत, लोककथा, नाट्यकला, परम्परागत भजन लगायतका लोकसाहित्यका विभिन्न विधाहरूको सर्वेक्षण, सङ्कलन, अध्ययन, संरक्षण र प्रवर्द्धन गरिनेछ।<br>२. प्रदेशको स्थानीय र परम्परागत मौलिक कला र संस्कृति र सम्पदाको संरक्षणमा योगदान दिने व्यक्ति, संस्था र समुदाय वा स्थानीय तहलाई प्रोत्साहित र सम्मानित गरिनेछ। |
| ५. मूर्त तथा अमूर्त सम्पदा, भाषा र लिपिको संरक्षणमा उत्प्रेरित गर्ने। | १. स्थानीय कला, भाषा, लिपि, लोकसंस्कृतिको संरक्षणमा सम्बद्ध समुदायलाई उत्प्रेरित गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ।<br>२. भाषा संस्कृति, लोकसाहित्य, कलाजस्ता मूर्त तथा अमूर्त सम्पदाको संरक्षणमा विद्यालय/शिक्षण संस्थाहरू, सञ्चारमाध्यम र नागरिक समाजको |

| रणनीति | कार्यनीति |
|---|---|
| | भूमिका प्रभावकारी बनाइनेछ। |
| ६. मौलिक भाषा, संस्कृति र कलासम्बन्धी सामग्री शैक्षिक पाठ्यक्रममा समावेश गर्ने। | १. मातृभाषामा आधारभूत शिक्षा प्राप्त गर्ने व्यवस्था मिलाइनेछ।<br>२. मातृभाषासम्बन्धी जानकारीलाई आधारभूत पाठ्यक्रममा समावेश गरिनेछ।<br>३. लोक तथा परम्परागत संस्कृतिसम्बन्धी जानकारी विद्यालय तहको पाठ्यक्रममा समावेश गरिनेछ। |

## ९. प्रमुख कार्यक्रमहरू

| प्रदेश सरकार आफैले गर्ने | स्थानीय तहसँग सहकार्य गर्ने |
|---|---|
| १. प्रदेश पुरातत्व तथा जातीय संस्कृतिसम्बन्धी निर्देशनालयको स्थापना<br>२. भाषा, साहित्य तथा कला प्रज्ञा प्रतिष्ठानको गठन<br>३. लोपोन्मुख स्थानीय कला, भाषा, लिपि, कला र संस्कृतिको अभिलेखीकरण<br>४. विभिन्न जाति र समुदायका लोकगीत, लोककथा, नाट्यकला, परम्परागत भजन लगायतका लोकसाहित्यका विभिन्न विधाहरूको सर्वेक्षण, सङ्कलन, अध्ययन, संरक्षण र प्रवर्द्धन | १. परम्परादेखि लाग्दै आएका पर्वहरूको उचित व्यवस्थापन<br>२. स्थानीय र परम्परागत मौलिक कला र संस्कृति र सम्पदाको संरक्षण<br>३. पुरातत्व, प्राचीन स्मारक र सङ्ग्राहलयको संरक्षण र विकास |

## १०. अपेक्षित उपलब्धि

प्रादेशिक निर्देशनालय एवम् संग्रहालय स्थापना भएको हुने; भाषा, साहित्य तथा कला प्रज्ञा प्रतिष्ठानको गठन भएको हुने, भूकम्पबाट क्षतिग्रस्त सम्पदाहरूको पुनर्निर्माण सम्पन्न भएको हुने, ऐतिहासिक एवम् सांस्कृतिक सम्पदाहरूको अभिलेखीकरण र कार्य योजनाअनुसार संरक्षण भएको हुने।

# परिच्छेद पाँचः शहरीकरण र पूर्वाधार विकास

## १. पृष्ठभूमि

ग्रामीण र दुर्गम क्षेत्रका वासिन्दाहरू, चाहे ती छरिएर रहेका बस्तीका होऊन वा सघन रूपमा रहेका बस्तीका होऊन, कम्तीमा पनि आफैले उत्पादन गर्न नसक्ने नुन, तेल, लत्ताकपडा, औजार, औषधी र उपचार लगायतका वस्तु र सेवाहरूको लागि नजिकैको स-साना ग्रामीण बजारहरूमा आश्रित हुन्छन्। उक्त बजारहरूले उनीहरूलाई सित्तैमा ती वस्तु र सेवाहरू उपलब्ध गराउँदैनन्। यसका लागि उनीहरूले या त आफ्नो श्रम वेच्नु पर्छ या त आफूसँग भएको अन्न, पशु, पन्छी, सुकुल, नाङ्लो लगायतका वस्तुहरू वेच्नु पर्छ। यसरी हरेक ग्रामीण बस्तीको सम्बन्ध नजिकैको स-साना ग्रामीण वजार केन्द्रहरूसँग स्थापित हुन्छ। यो विनिमय प्रणालीलाई जीवन्त राख्नको लागि ती स-साना बजार केन्द्रहरूको सम्बन्ध नजिकैको मध्यमस्तरको बजार केन्द्रसँग र तिनीरूको पनि सम्बन्ध नजिकैको ठूला नगरहरूसँग हुन्छ। ती नगरहरूको सम्बन्ध अझ ठूलो महानगरहरूसँग हुन्छ। यसरी, गाउँ र शहरका सबै बस्तीहरू उत्पादन, वितरण र उपयोगको प्रणालीमा जोडिएका हुन्छन्। यिनीहरू एक अर्कालाई चाहिने वस्तु, सेवा, ज्ञान, शिप र लगानी लगायतका आवश्यकता पूरा गर्दै त्यसबाट पारस्परिक लाभ लिने कार्यमा निरन्तर लागिरहेका हुन्छन्। यस कार्यलाई ग्रामीण क्षेत्रका स-साना ग्रामीण बजार केन्द्रदेखि शहरी क्षेत्रका ठूला बजारहरूले एकीकृत शहरी प्रणालीको रूपमा सहजीकरण गरिरहेको हुन्छ। यो नै गाउँ र शहरको जीवन सञ्चार प्रणाली हो। यो प्रणाली जति बढी सहज र सबल हुन्छ गाउँ र शहरका सबैले त्यति नै बढी लाभ लिन सक्ने हुन्छ। भौतिक पूर्वाधारहरू, चाहे ती उत्पादन बढाउने सिँचाइ, ऊर्जा र औद्योगिक ग्रामजस्ता पूर्वाधार होऊन वा वस्तु र सेवाको वितरणलाई सहज बनाउने जल, थल र हवाई यातायातका पूर्वाधार होऊन वा उपभोगलाई बढवा दिई जीवनस्तर उकास्न मद्दत गर्ने आवास, खानेपानी र मनोरन्जनका पूर्वाधार होऊन वा जीवन र सम्पत्तिको रक्षाको निम्ति आवश्यक पर्ने स्वास्थ्य, सरसफाइ, फोहरमैला व्यवस्थापन र प्रकोप व्यवस्थापनका पूर्वाधार होऊन, सबैको साझा उद्देश्य शहरी प्रणालीलाई बढीभन्दा बढी सहज र सबल बनाउने नै हुन्छ। त्यसैले, भौतिक पूर्वाधारलाई शहरी प्रणालीबाट अलग्याएर हेर्न सकिदैन। शहरी प्रणालीलाई वेवास्ता गरेर बनाइने पूर्वाधारको उपयोगिता रहन्न भने गुणस्तरीय पूर्वाधार बिना शहरी प्रणाली पनि सहज र सबल हुन्न। पूर्वाधारको अभाव र गुणस्तरहीन पूर्वाधार दुबैले गाउँ र शहरी जीवनलाई कष्टकर र अनुत्पादक बनाउँछ। कतिपय अवस्थामा नकारात्मक पनि बनाउन सक्छ। यी दुईको समन्वयात्मक विकासबाट मात्र पूर्वाधारमा गरिने लगानी र विकासको प्रतिफल प्रभावकारी बनाउन सकिन्छ। यस क्षेत्रमा गरिने लगानीलाई गाउँपालिका वा नगरपालिकाको भूगोलभित्र गरिने लगानीको रूपमा नभई गाउँ र नगर दुबैको हित हुनेगरी शहरी प्रणालीको सुदृढीकरणमा गरिने लगानीको

रूपमा लिनु आवश्यक छ। यसमा गरिने लगानीले नगर क्षेत्रको मात्र होइन ग्रामीण क्षेत्रको व्यवस्थित शहरीकरणलाईसमेत सहयोग पुग्दछ। यो समय लाग्ने प्रक्रिया हो। यस तथ्यलाई मध्यनजर गरी शहरीकरण र पूर्वाधार विकासको सन्दर्भमा करिब १५ वर्षसम्मको एकीकृत दीर्घकालीन विकासको सोचसहित यसलाई प्राप्त गर्न अपनाउनुपर्ने ५ वर्षे आवधिक लक्ष्य, उद्देश्य, रणनीति, कार्यान्वयन नीति तथा विकासका पहलहरूको प्राथमिकीकरण तल प्रस्तुत गरिएको छ।

## २. वस्तुगत स्थिति

### अ. शहरीकरण

(१) करिब ५५ लाख जनसङ्ख्या यो प्रदेशमा बस्छन् जुन मुलुकको कुल जनसङ्ख्याको २१ प्रतिशत हो। ११९ स्थानीय तहमध्ये ३ महानगरपालिका, १ उपमहानगरपालिका, ४१ नगरपालिका र ७४ गाउँपालिकाहरू छन्। करिब ७३ प्रतिशत जनसङ्ख्या नगरपालिकामा छन्। कम्तीमा १० व्यक्ति प्रतिहेक्टर घनत्व भएका पुराना वडाहरूको (प्रादेशिक विभाजन पूर्वोत्तरका) जनसङ्ख्या अनुसार प्रदेशको शहरीकरण स्तर ४९.६ प्रतिशत रहेको छ।

(२) सन् २००१ देखि २०११ को दशकमा प्रदेशको वार्षिक जनसङ्ख्या वृद्धिदर २.१ प्रतिशत थियो। काठमाण्डौ उपत्यकाजस्ता शहरी केन्द्रहरूको वृद्धिदर उच्च छ। उपत्यकाको उत्तरमा अवस्थित टोखा र बुढानीलकण्ठ नगरपालिकाको वार्षिक वृद्धिदर क्रमशः १३.१ र ११.६ प्रतिशत रहेको देखिन्छ। काठमाण्डौ महानगरपालिकाको वृद्धिदर भने ४.१५ प्रतिशत मात्र रहेको छ। तुलनात्मक रूपमा भरतपुर महानगरपालिकाको वृद्धिदर २.४ प्रतिशत र हेटौंडा उपमहानगरपालिकाको १.६ प्रतिशत छ।

(३) प्रदेशको शहरी जनसङ्ख्या प्रमुख चार उपत्यकाहरू — काठमाण्डौ उपत्यका (६० प्रतिशत), चितवन उपत्यका (१०.४ प्रतिशत), हेटौंडा उपत्यका (३.४ प्रतिशत) र काभ्रे उपत्यकामा (१.७ प्रतिशत) केन्द्रित रहेको छ। यी उपत्यकाहरूको जनघनत्व ७ व्यक्ति प्रति हेक्टर (हेटौंडा उपत्यका) देखि ३७ व्यक्ति प्रति हेक्टर(काठमाण्डौ उपत्यका)सम्म रहेको छ।

(४) काठमाण्डौ उपत्यकामा शहरी स्वरूप सघन र एकीकृत भइरहेको छ। शहरी कोरिडोरहरू विकास हुने क्रममा छन्। राजमार्ग वरपरका बहुसङ्ख्यक बस्तीहरू जोडिंदै एउटै विशाल शहरी क्षेत्रको विकास भइरहेको छ। काठमाण्डौ र धुलिखेल उपत्यकालाई जोड्ने २२ कि.मि. लामो काठमाण्डौ/कोटेश्वर-भक्तपुर/सल्लाघारी-साँगा-धुलिखेल शहरी कोरिडोर, र चितवन उपत्यकामा ३३ कि.मि. लामो भरतपुर-रत्ननगर-भण्डारा-पिप्ले शहरी कोरिडोर यो प्रक्रियाका उदाहरण हुन्।

(५) काठमाण्डौ उपत्यकामा २०११ मा करिब १० लाख जनसङ्ख्या भएको काठमाण्डौ महानगरपालिका र करिब ३ लाखको ललितपुर महानगरपालिका प्रमुख शहरी केन्द्रहरू हुन्। काठमाण्डौ संघीय राजधानी शहर पनि हो। काठमाण्डौको प्रमुखता (प्राइमेसी) सूचकाङ्क भरतपुरको तुलनामा ३.५५ रहेको छ। यद्यपि, काठमाण्डौ उपत्यकाको प्रमुखताको सूचकाङ्क चितवन उपत्यकाको तुलनामा ५.७४ छ। यसले प्रदेशका अन्य शहरी केन्द्रहरूका तुलनामा काठमाण्डौ उपत्यकाको सामाजिक, आर्थिक महत्व विशिष्ट रहेको देखाउँछ।

**आ. भौतिक पूर्वाधार**

राष्ट्रिय शहरी विकास रणनीति (२०१७) अनुसार काठमाण्डौ महानगरपालिकाको तुलनामा अन्य शहरहरूको आधारभूत पूर्वाधार जस्तै सडक, खानेपानी, सरसफाइ, फोहोरमैला व्यवस्थापन, आवास र बिजुलीको पहुँचकोस्तरमा निकै भिन्नता रहेको छ। काठमाण्डौ महानगरपालिकाको शहरी पूर्वाधार अवस्था सूचकाङ्क ९१ (कुल अङ्क १००) रहेको छ। तर उपत्यकाभित्रैका अन्य नगरपालिकाहरूको सूचकाङ्क कम छ। बाहिरका नगरपालिकाहरूको सूचकाङ्क केही अपवादबाहेक झन कम छ। अधिकांश नगरपालिकाहरूको शहरी पूर्वाधारको अवस्था नाजुक छ।

**क. यातायात सञ्जाल**

(१) प्रदेशका सबै जिल्ला सदरमुकामहरू राजमार्ग वा फिडर सडकबाट जोडिएका छन्। प्रदेश र काठमाण्डौ उपत्यका नेपालको पूर्व, पश्चिम, उत्तर र दक्षिण जोड्ने राजमार्गहरूका साथै चीन र भारत जोड्ने सडक सञ्जालमा आवद्ध छन्। उपत्यका बाहिरका दुई प्रमुख शहरहरू भरतपुर र हेटौंडा पनि पूर्व-पश्चिम राजमार्गमा अवस्थित छन्। चुरेको सिमानासँगै निर्माण भइरहेको पूर्व-पश्चिम मदन भण्डारी राजमार्गले हेटौंडालाई तराईका अन्य क्षेत्रीय शहरहरूसँग जोड्ने छ। निर्माणाधीन ७२ कि.मी. लामो निजगढ-काठमाण्डौं द्रुत-मार्गले काठमाण्डौ उपत्यकालाई देशको दोस्रो र ठूलो प्रस्तावित निजगढ अन्तर्राष्ट्रिय बिमानस्थलसँग जोड्नुका साथै काठमाण्डौ-तराईबीचको यात्रा समयलाई पनि घटाउनेछ। रणनीतिक सडकहरूको उच्च घनत्वले तुलनात्मक रूपमा काठमाण्डौ उपत्यकामा आन्तरिक आवत जावत सहज भए पनि उपत्यका बाहिरका जिल्लाहरूमा सडक घनत्व निकै कम रहेको छ। प्रदेशको विद्यमान सडक सञ्जालको गुणस्तर र मानकमा पनि कमी देखिन्छ।

(२) जिल्लाभित्रका उत्पादन केन्द्र र बजारलाई एक आपसमा तथा राजमार्गसँग जोड्ने जिल्ला सडकको अवस्था झन् नाजुक देखिन्छ। प्रदेशको कुल ५२३२ कि.मि. लम्बाईको जिल्ला सडकमा ५.५ प्रतिशत कालोपत्रे, १६.२ प्रतिशत ग्राभेल र बाँकी माटोका छन्। काठमाण्डौ उपत्यकाका तीन जिल्लाहरूमा (जिल्ला सडकको लम्बाइको तुलनामा) कालोपत्रे गरिएको प्रतिशत काठमाण्डौमा

३८.७, ललितपुरमा १७.२, भक्तपूरमा ६१.९, र चितवनमा २१.५ छन्। तर प्रदेशका बाँकी ९ जिल्लाहरूमा यस्तो प्रतिशत कम छ। रामेछाप, दोलखा, रसुवामा राष्ट्रिय सडक बाहेकका अन्य सडक कालोपत्रे गरिएका छैनन्।

(३) काठमाण्डौ उपत्यकामा रहेको देशको एक मात्र अन्तर्राष्ट्रिय बिमानस्थलले उपत्यका र नेपाललाई विश्वका अन्य शहरहरूसँग आवद्ध गराएको छ। यसले आन्तरिक हवाई यातायातमा पनि थप सहजता प्रदान गरेको छ। प्रदेशका भरतपुर र रामेछाप पनि बिमानस्थल छन्। रसुवागढी, काठमाण्डौ, वीरगञ्ज र लुम्बिनी जोड्ने प्रस्तावित उत्तर-दक्षिण तथा पूर्व-पश्चिम रेलमार्गले भविष्यमा प्रदेशभित्रको यातायात र पारवाहन सुविधा थप मजबुत हुनेछ।

**ख. ऊर्जा**

(१) देशमा स्थापित जलबिद्युत आयोजनाहरूको कुल क्षमता १०७३ मेगावाट रहेको छ। राष्ट्रियस्तरमा उत्पादन गरिएको बिद्युतमध्ये करिब एक-तिहाइ बिद्युत (३४०.३ मेगावाट) प्रदेशमा उत्पादन हुन्छ। कुलेखानी-१ र २, त्रिशुली, माथिल्लो भोटेकोसी, खिम्ती र चिलिमे प्रदेशका केही प्रमुख जलबिद्युत आयोजनाहरू हुन्। ४५६ मेगावाट क्षमता रहेको माथिल्लो तामाकोसी दोलखामा निर्माणाधीन अवस्थामा छ। प्रदेशमा थुप्रै साना जलबिद्युत आयोजनाहरू सञ्चालनमा छन् र थुप्रै प्रस्तावित छन्।यसमा नेपाल बिद्युत प्राधिकरणले ५६२ मेगावाट बिद्युत उत्पादन गर्छ भने निजी क्षेत्रले ५११ मेगावाट र भारतबाट ४५० मेगावाट बिद्युत आयात गर्ने गरिएको छ। देशमा उत्पादित बिद्युतमध्ये बहु-इन्धन/डिजेलबाट ५४ मेगावाट र सौर्य ऊर्जाबाट २.६८ मेगावाट हुन्छ।

(२) राष्ट्रियस्तरमा उत्पादन गरिएको बिद्युतलाई आयोजना केन्द्रहरूबाट सब-स्टेसनहरूसम्म १३२ किलोभोल्टको प्रसारण लाइनबाट वितरण भइरहेको छ। विद्यमान र निर्माणाधिन प्रसारण लाइनको क्षमता ३९२७ सर्किट कि.मी. रहेको छ। यसमा २०० किलोभोल्ट (१४३२ सर्किट कि.मी.), ६६ किलोभोल्ट (४९४ सर्किट कि.मी.), र ४०० किलोभोल्ट (७८ सर्किट कि.मी.) प्रसारण लाइन थपिएको छ।

(३) यस प्रदेशको घरधुरीहरूको बत्तीको प्रमुख स्रोत बिजुली रहेको छ। बिजुलीको अनुपात ८५.७ प्रतिशत छ भने मट्टितेलको ७.५ प्रतिशत, बायोग्याँसको ०.३ प्रतिशत, सौर्यको ४ प्रतिशत र अन्यको अनुपात १.७ प्रतिशत रहेको छ। यद्यपि, खाना पकाउनका लागि काठ-दाउरा प्रमुख स्रोत हो। ४६ प्रतिशत घरधुरीले काठ-दाउरा प्रयोग गर्छन्, १.८ प्रतिशत ले मट्टितेल, ४७.९ प्रतिशत ले एलपी ग्याँस, २ प्रतिशतले बायोग्याँस, र अन्य प्रयोग गर्छन्।

(४) काठमाण्डौ उपत्यकाबाहिर धेरै घरधुरीहरू बिजुलीको पहुँचबाट वञ्चित छन्। मकवानपुर, रामेछाप र सिन्धुलीजस्ता जिल्लाहरूका ग्रामीण क्षेत्रहरूमा २५ प्रतिशतभन्दा कम घरधुरीहरूको मात्र बिजुलीमा पहुँच रहेको छ। संघीय सरकारको ऊर्जा, जलबिद्युत र सिँचाइसम्बन्धी श्वेत पत्र २०१८ ले अन्य कुराका अतिरिक्त पानी भण्डार गर्ने जलबिद्युत आयोजनाहरूको आवश्यकता र बिजुली घरदैलोमा वितरण गर्नका लागि प्रसारण लाइनमा ठोस लगानीको आवश्यकता औंल्याएको छ।

**ग. दूरसञ्चार**

(१) टेलिफोन र इन्टरनेट सेवामा घरधुरीको पहुँच बढाउन मोबाइल फोन प्रविधिको ठूलो हात रहेको छ। नेपाल टेलिकम र एनसेल दुई प्रमुख टेलिफोन सेवा प्रदायकहरू हुन्। करिब ६ वटा प्रमुख निजी इन्टरनेट सेवा वितरकहरू देशमा रहेका छन्। प्रदेशमा ७६.१ प्रतिशत घरधुरीहरूको मोबाइल फोनमा पहुँच भए पनि थोरै घरधुरीहरूको मात्र कम्प्युटर (१९.५ प्रतिशत), इन्टरनेट (१० प्रतिशत), र टेलिफोन (१६.७ प्रतिशत) मा पहुँच रहेको छ।

(२) संघ, प्रादेश र स्थानीय तह सबैमा इ-शासकीय प्रणाली क्षमता निम्न पक्षहरूमा सीमित रहेको छ : (क) कम्प्युटर, कम्प्युटर नेटवर्किङ, इन्टरनेट, वेबसाइट, वाइफाइ, एसएमएसमा पहुँच, सूचनाको वितरण (ख) सरकारबीच हुने कारोबारहरू (जस्तै सरकारका निर्देशनहरू) (ग) सरकार र नागरिकबीच हुने कारोबारहरू (जस्तै इ-भुक्तानी, इ-अनुमति, इ-आवेदन, इ-सर्भे, विपद् जोखिम व्यवस्थापनका लागि पूर्व चेतावनी) र (घ) सरकार र व्यवसायीहरूबीच हुने कारोबारहरू (जस्तै इ-खरीद)।

(३) संघीय सरकारले सीमित जिल्लाहरूमा इ-भिलेज केन्द्रहरूमार्फत् इ-भिलेज कार्यक्रम सञ्चालन गर्दै आएको छ। यसले शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र स्थानीय विकासजस्ता क्षेत्रहरूमा सूचना प्रविधिको सेवा प्रदान गर्दछ।

**घ. सिँचाइ**

(१) प्रदेशमा कृषियोग्य जमिन ३४३,२७४ हेक्टर रहेको छ जुन प्रदेशको कुल क्षेत्रफलको करिब १७ प्रतिशत हुन् आउँछ। तर सिँचाइयोग्य जमिन सम्पूर्ण कृषियोग्य जमिनको आधा (४९.५ प्रतिशत) मात्र छ। झनै सिँचित जमिन सिँचाइयोग्य जमिनको तुलनामा आधाभन्दा केही प्रतिशत मात्र ज्यादा (५९.७ प्रतिशत) छ।

(२) प्रदेशको ८० प्रतिशत सिँचाइयोग्य जमिन (१७०,००० हेक्टर) चितवन (४१,९६३ हेक्टर), मकवानपुर (२३,५०२ हेक्टर), सिन्धुली (२०,६५२ हेक्टर), नुवाकोट (१५,०४७ हेक्टर), काठमाण्डौ (१४,०६९ हेक्टर), सिन्धुपाल्चोक (१२,२७६ हेक्टर), र धादिङ (१०,८३९ हेक्टर)

मा रहेको छ। चितवनमा सिँचाइयोग्य जमिनको ७३ प्रतिशत सिँचित छ। तर बाँकी ६ जिल्लाहरूमा सिँचित जमिनको प्रतिशत एक-तिहाइभन्दा कम छ।

(३) संघीय सरकारको विद्यमान सिँचाइ कार्यक्रमहरूमा (क) नयाँ प्रविधिमा आधारित सिँचाइ (वर्षातको पानी सङ्कलन, नदीबाट पानी लिफ्ट गर्ने), (ख) कम गहिरो र गहिरो ट्युबवेल सिँचाइ, (ग) मझौला सिँचाइ आयोजना (१५० हेक्टर क्षेत्रफल), र (घ) बहुउद्देश्यीय सिँचाइ आयोजनाको पूर्व-सम्भाव्यता अध्ययन आदि छन्। बहुउद्देश्यीय सुनकोसी-मरिण डाइभर्सन आयोजनाजस्ता बहुउद्देश्यीय सिँचाइ र जलबिद्युत उत्पादनका आयोजना अध्ययन डिजाइन क्रममा छन्।

**ङ. आवास**

(१) निजी आवास परिवार आफैले जग्गा खरीद गरी क्रमिक रूपमा निर्माण गर्ने र बाटो, यसको स्तर र अन्य सुविधाहरू क्रमशः थप्दै जाने गरेको देखिन्छ। यस्ता आवासहरूमा योजना तथा भवनसम्बन्धी मापदण्ड र संहितामा ब्यापक कमी हुने गरेको देखिन्छ। शहरी जग्गा बजार अनौपचारिकताले ग्रस्त छ। बिक्रेता र किन्ने ब्यक्ति दुबैले जग्गासम्बन्धी सूचना र खरीद-बिक्रीका लागि मध्यस्थकर्ताहरूको सहयोग लिनुपर्ने हुन्छ। महत्वपूर्ण कृषि जमिनहरूमा प्लटिङ गरी घडेरी बिक्री गर्ने क्रम पनि व्यापक छ। यस्तो अनौपचारिक जग्गा बजारको प्रकृतिले शहरी बिस्तार जतासुकै छरिएको र अस्तब्यस्त देखिन्छ।

(२) औपचारिक आवास सीमित सङ्ख्यामा छ। यसअन्तर्गत अपार्टमेन्ट र सङ्गठित आवास पर्दछन्। जुन काठमाण्डौ उपत्यकामा प्राय सीमित छन्। धेरैजसो यस्ता आवास पर्खालले घेरेका समुदाय (गेटेड कम्युनिटी)का रूपमा विकास भएका छन्। शहरी आवासको हकमा सरकारले निर्देशित जग्गा विकास(जीएलडी)को माध्यमबाट गाडी गुड्ने बाटोयुक्त जग्गाको आपूर्तिमा जोड दिएको पाइन्छ। ८० को दशकदेखि काठमाण्डौ उपत्यकामा जग्गा एकीकरण कार्यक्रमहरू पनि बृहत रूपमा सम्पन्न भएका छन्। जग्गा एकीकरण कार्यक्रम भरतपुर र कमलामाईमा कार्यान्वयन भइसकेको र सरकारको नयाँ शहर कार्यक्रम लागू भएको सिन्धुलीको खुर्कोट र धादिङको बैरेनी-गल्छीमा पनि कार्यन्वयनमा छन्।

(३) प्रमुख शहरी केन्द्रहरूमा बहालयुक्त आवासको प्रयोग बढ्दो छ। काठमाण्डौ जिल्लामा बहालयुक्त आवासमा बस्ने घरधुरीको अनुपात ५८.६ प्रतिशत, ललितपुरमा ४०.९ प्रतिशत र भक्तपुरमा ३२.६ प्रतिशत रहेको छ। प्रदेशका अन्य जिल्लाहरूमा यो अनुपात १० प्रतिशतभन्दा कम देखिन्छ। काठमाण्डौका भित्री भागहरूमा धेरै व्यक्तिहरूले एउटै कोठा बहालमा लिएर भीडभाडमा बसेको पाइन्छ। अझ कतिपय बसाइँसराइ गरी आउने परिवारहरू जग्गाको बजार र बहालयुक्त

आवासबाट बञ्चित भई प्राय सार्वजनिक जग्गामा अस्वस्थकर (सुकुम्बासी) बस्तीहरूमा बस्न बाध्य छन्।

(४) भूकम्पीय जोखिममा रहेको यो प्रदेशमा आवासको गुणस्तरले ठूलो महत्व राख्छ। काठमाण्डौ, ललितपुर र भक्तपुर जिल्लाहरूमा १५ प्रतिशत देखि ३८ प्रतिशत घरधुरीहरू सवलीकरण नगरिएका गाह्रोको (ढुङ्गा वा ईंटामा माटोको जोडाई भएको) घरहरूमा बस्छन्। चितवनमा यो प्रतिशत २०.९ र मकवानपुरमा ४४.९ रहेको छ। प्रदेशका बाँकी जिल्लाहरूमा यो प्रतिशत अझ धेरै ५१.२ देखि ९४.५ सम्म रहेको छ।

**च. खानेपानी, सरसफाइ र फोहोरमैला व्यवस्थापन**

(१) २०१५ मा राष्ट्रियस्तरमा खानेपानी सेवा ८६.४५ प्रतिशत र सरसफाइको सेवा ८१.९५ प्रतिशत घरधुरीहरूमा पुगेको छ। प्रदेशमा ६७.२ प्रतिशत घरधुरीको पाइप जडित वा धाराको पानीमा पहुँच रहेको छ। तर चितवन, सिन्धुली र काठमाण्डौजस्ता जिल्लाहरूमा यो अनुपात कम रहेको देखिन्छ। पानीको गुणस्तर र सेवाकोस्तरमा पनि कमी देखिन्छ।

(२) मेलम्ची खानेपानी आयोजना सम्पन्न भएपछि काठमाण्डौ उपत्यकाको खानेपानी आपूर्तिमा सुधार हुने अपेक्षा गरिएको छ। उपत्यकाको हालको आपूर्ति बर्खामा १५ करोड लिटर प्रतिदिन र सुख्खा याममा ९ करोड लिटर प्रतिदिन रहेको छ। तथापि उपत्यकामा खानेपानीको माग ३५ करोड लिटर प्रतिदिन रहेको र आपूर्ति अझै अपुग हुने देखिन्छ। जमिनमुनिबाट पानी निकाल्ने क्रम अत्यधिक बढ्नुका साथै टेङ्कर, जार र बोतलद्वारा खानेपानी आपूर्ति गर्ने व्यवसाय पनि फस्टाएको छ। अहिले उपत्यकाको शहरी खानेपानीको भौतिक संरचना काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्डअन्तर्गत रहेको र काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडले उक्त संरचना लिजमा लिई सेवा प्रदान गरिरहेको छ। यस्तै खालको बोर्डको संरचना भरतपुर, हेटौंडा, काभ्रे उपत्यकामा पनि छ।

(३) प्रदेशमा समग्रतामा ८२.८ प्रतिशत घरधुरीहरूको शौचालयमा पहुँच रहेतापनि यसको १३मध्ये ९ जिल्लामा शौचालयको पहुँच कम रहेको छ। शहरी क्षेत्रमा सीमित ढलको व्यवस्था, फोहोर पानी प्रशोधन प्रणालीको अभाव र फोहोर पानी सिधै नदीमा फाल्नाले शहरी वातावरणलाई प्रतिकुल असर परिरहेको छ। कमजोर फोहोरमैला व्यवस्थापनले वातावरणीय समस्याहरूलाई झनै जटिल बनाएको छ र शहरी केन्द्रहरूको बस्नयोग्य अवस्था पनि खस्किँदो छ। स्यानिटरी ल्यान्डफिल साइटको अभाव, अपुग पूर्वाधार तथा लजिस्टिक र नगरपालिकाहरूको कमजोर संस्थागत क्षमताले समस्याहरूको जटिलता बढ्दो छ।

## ३. समस्या र चुनौती

काठमाण्डौको विशिष्ट प्राकृतिक, सांस्कृतिक र ऐतिहासिक सम्पदालाई असर गर्ने असङ्गतिपूर्ण भू-उपयोगको व्यवस्थापन र विकेन्द्रीकरण चुनौतीको रूपमा रहेको छ। अव्यवस्थित शहरीकरणले उपत्यकाको प्राकृतिक वातावरण र कृषियोग्य जमिनमा तीव्र ह्रास आएको छ। बढ्दो अतिक्रमणले सांस्कृतिक र ऐतिहासिक सम्पदाहरूको संरक्षण समस्याग्रस्त भइरहेको छ। बसाईंसराईसँगै परिवारहरू भिडभाडयुक्त तथा महङ्गो बहालको घर र अस्वस्थकर (सुकुम्बासी) बस्तीहरूमा बस्न बाध्य छन्। जग्गाको मूल्य निरन्तर अकासिँदो छ र यसले पूर्वाधार विकासका लागि जग्गा प्राप्त गर्न झन जटिल बनाएको छ।

रणनीतिक सडकहरू, शहरी सडक र पुलहरूको नियमित मर्मत सम्भारको कमीले यी पूर्वाधारहरूको कार्यात्मक क्षमता र समग्र यातायात गतिशीलतालाई नै नकारात्मक प्रभाव परिरहेको छ। वितरण सञ्जालको अभावले ग्रामीण भेगका धेरै घरधुरीहरू अझैसम्म पनि बिजुलीको पहुँचबाट वञ्चित छन्। बिद्युतलाई यातायात प्रणाली र अन्य प्रयोजनको लागि प्रयोग गर्ने तयारी र तत्परतामा पनि कमी रहेको छ। इ-शासकीय प्रणालीलाई सुचारू रूपमा सञ्चालन गर्न र आधारभूत सार्वजनिक सेवाहरूको प्रवाहमा सुधार ल्याउन संस्थागत एवम् पूर्वाधार संरचनाहरू सीमित मात्र छन्। सिँचाइयोग्य जमिनको ठूलो हिस्सामा सिँचाइ गर्न सकिएको छैन।

खानेपानी, सरसफाइ, र फाहोरमैलाजस्ता आधारभूत शहरी पूर्वाधारहरूमा रहेको कमीले शहरी केन्द्रहरूले प्रादेशिक आर्थिक विकासमा प्रभावकारी भूमिका खेल्न सकेका छैनन्। वातावरणलाई जोगाउन र जोखिमहरूसँग बच्न उचित उपायहरू अवलम्बन गर्नेतर्फ प्रयासहरू संस्थागत भइसकेका छैनन्। योजना तर्जुमा गर्ने, डिजाइन गर्ने र कार्यान्वयन गर्ने कार्यमा प्रदेशको संस्थागत क्षमता सीमित छ। सरकारको तीन तहबीचको योजना तर्जुमा र कार्यान्वयनमा समन्वय र सहकार्य गर्ने अभ्यास बसिसकेको छैन।

## ४. अवसर

काठमाण्डौ उपत्यकाको सामाजिक, सांस्कृतिक, ऐतिहासिक सम्पदा र आर्थिक संरचनाहरूलाई यस प्रदेशको विशिष्ट अवसरको रूपमा लिन सकिन्छ। गुणस्तरीय स्वास्थ्य, शैक्षिक सेवा, कुटनैतिक संस्था, तथा अत्यधिक आर्थिक अवसरहरू काठमाण्डौ उपत्यकामा केन्द्रित हुनाले उपत्यकाको तुलनात्मक लाभ अग्रणी छ। काठमाण्डौ उपत्यकाको बिस्तृत सघन शहरीकरण र चितवन उपत्यकाका विकासशील शहरी केन्द्रहरू र बढ्दै गइरहेका शहरी कोरिडोरहरूमा बाक्लो शहरी जनसङ्ख्याको उपस्थितिले आर्थिक उत्पादन र बजारको अवसर वृद्धि गरेको छ भने बिशिष्ट शहरी पूर्वाधार सेवाहरूको विकासलाई सम्भव

बनाएको छ।

काठमाण्डौ, काभ्रे, वृहत् चितवन उपत्यकाका प्रमुख शहरहरूको अन्तरसम्बन्ध सघन छ। यसले द्रुत यातायात प्रणालीको विकास सम्भव तुल्याउन सक्छ। प्रदेश र देशभरिका अन्य शहरी केन्द्रहरू सडक सञ्जालबाट आवद्ध छन्। दक्षिणी शहरहरू हुँदै भारत र उत्तरमा रसुवागढी र कोदारीबाट चिनसँगको आवद्धताले प्रदेशको यी दुई देशसँग ब्यापारिक र पर्यटकीय सम्बन्ध पनि बढ्दो छ। देशको एक मात्र अन्तर्राष्ट्रिय बिमानस्थलले यस प्रदेशलाई विशेष स्थानिक र तुलनात्मक लाभ प्रदान गरेको छ। यसले वाणिज्य र व्यापारको आन्तरिक, अन्तर-प्रादेशिक र अन्तर्राष्ट्रिय कारोबारलाई वृद्धि गर्नुका साथै संलग्न संरचना र मानवीय संसाधनलाई पनि टेवा पुऱ्याएको छ र प्रादेशिक अर्थतन्त्रलाई सम्मुनत बनाउन योगदान गरेको छ। यस योजना अवधिमा प्रदेशको शहरी केन्द्रहरू र ग्रामीण क्षेत्रबीच गरिने यातायात सञ्जालको सुधार र आवद्धताले बहुसङ्ख्यक किसान र तीनका कृषिउपजहरूको बजार अझ बिस्तार हुने अपेक्षा छ।

अध्ययनको क्रममा रहेको बहु-उद्देश्यीय सुनकोसी-मरिन डाइभर्सन आयोजनाले सिँचाइ र जलबिद्युत उत्पादनको लागि विशेष अवसर प्रदान गर्नुका साथै सिन्धुली जिल्लालाई सहयोग पुग्नेछ। प्रदेशमा मोबाइल फोनको पहुँच उच्च रहेकाले अत्यधिक घरधुरीहरू सूचना आदान प्रदान गर्न सक्षम छन्। यसले इ-शासकीय प्रणालीलाई संस्थागत गर्न मद्दत पुग्नेछ। आधारभूत शहरी पूर्वाधारहरूमा घरधुरीहरूको बढ्दो पहुँचले सेवाका अन्य क्षेत्रमा पनि सकारात्मक प्रभाव प्रभाव पारेको छ। समग्रमा पूर्वाधार विकासले रोजगारी सिर्जना गर्नुका साथै सुबिधा/सम्पत्ति बिस्तार गर्न र गरिबी निवारणमा मद्दत पुऱ्याएको छ।

## ५. दीर्घकालीन सोच

विकास र समृद्धिको आधार, सन्तुलित शहरी प्रणाली र गुणस्तरीय भौतिक पूर्वाधार

## ६. लक्ष्य

प्रदेशका ठूला शहरी केन्द्र, मझौला शहर, बजार केन्द्र र ग्रामीण आवासीय बस्तीहरूमा नियोजित रूपमा भौतिक पूर्वाधार तथा सेवाहरूको विकास, त्यसको गुणस्तर र पहुँचमा अभिवृद्धि गर्ने।

## अ. शहरीकरण

### १. उद्देश्य

१. प्रादेशिक र स्थानीय भौतिक योजना (स्पासियल स्ट्रक्चर प्लान) र एकीकृत मापदण्डको कार्यान्वयनलाई संस्थागत गर्नु र

२. क्षेत्रीय र आधारभूत शहरी पूर्वाधारहरूको अवस्थामा सुधार गर्नु।

२. रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. काठमाण्डौ उपत्यकाको दीर्घकालीन विकास सोचसँग मेल नखाने क्रियाकलापहरूलाई उपत्यकाबाट प्रदेशका अन्य प्रमुख तथा मझौला शहरी केन्द्रहरूमा विकेन्द्रित गर्ने। | १. काठमाण्डौ उपत्यकाको दीर्घकालीन विकास अवधारणालाई संघीयता, बढ्दो शहरी व्यवस्थापनका चुनौती र प्रदेशको आवधिक योजना अनुकूल पुनरावलोकन र कार्यान्वयन गर्न संघीय सरकार र स्थानीय तहहरूसँग समन्वय गरिनेछ।<br>२. चितवन उपत्यका, हेटौंडा उपत्यकाजस्ता दोस्रो तहका शहरहरूमा सशक्त (स्मार्ट) शहर योजना कार्यान्वयन गरिनेछ। जग्गा एकीकरण प्रणाली अवलम्बन गरी स्वास्थ्य, शिक्षा, उद्योग, यातायात र आवासजस्ता बिशिष्टीकृत सामाजिक-आर्थिक पूर्वाधार संरचना र शहरी सेवाहरूको विकास र प्रवर्द्धन गरिनेछ।<br>३. सम्भाब्य पर्यटकीय केन्द्रहरूमा सशक्त शहर योजना कार्यान्वयन गरिनेछ।<br>४. बस्ती विकास, जग्गा एकीकरण, निर्देशित जग्गा विकास र भवन एकीकरणजस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>५. साना शहर तथा बजार केन्द्रहरूमा आधारभूत शहरी पूर्वाधार सुविधा, आर्थिक अवसरहरूको विकास र प्राकृतिक प्रकोपबाट बच्ने सुरक्षासम्बन्धी उपायहरू कार्यान्वयन गर्ने गरी एकीकृत बस्ती विकासको प्रवर्द्धन गरिनेछ। |
| २. पूर्वाधार विकासलाई भौतिक योजनाद्वारा निर्देशित गर्ने। | १. भौतिक योजना तर्जुमा, स्वीकृति र कार्यान्वयनसम्बन्धी निर्देशिका बनाई कार्यान्वयन गरिने छ।<br>२. स्थानीय तहमा भू-उपयोग योजना अनुरूप पूर्वाधार निर्माण तथा बिस्तारलाई प्रोत्साहन गरिने छ।<br>३. शहरी चाप बढी हुने सडक सञ्जालमा आकाशेपुल र |

| रणनीति | कार्यनीति |
|---|---|
| | अण्डरपासको निर्माण गरिनेछ।<br>४. जिरी र स्याफ्रुवेंशीलगायतका स्थानहरूमा स्मार्ट शहर र जग्गा विकासका योजनाहरू सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। |
| ३. शहरहरूको एकीकृत विकास गर्ने। | १. राजमार्ग, औद्योगिक र व्यापारिक क्षेत्र समेटेर आवश्यकता अनुसार नयाँ शहर र आर्थिक कोरिडोरहरूको विकास गरिनेछ।<br>२. एकीकृत शहरी विकासको लागि संघ, प्रदेश, स्थानीय तह, निजी क्षेत्र र समुदायसँग सहकार्य गरिनेछ।<br>३. स्थानीय विशेषता अनुरूप नयाँ शहरको विकास गरिनेछ।<br>४. व्यवस्थित शहर विकासको लागि वैदेशिक लगानी आकर्षित गर्ने व्यवस्था मिलाइनेछ।<br>५. संघीय सरकार र स्थानीय तहसँगको सहकार्यमा काठमाण्डौ उपत्यकाको शहरी विकासको लागि विशेष योजना बनाई कार्यान्वयन गरिनेछ।<br>६. शहरी क्षेत्रबाट उत्सर्जन हुने मानव मलमुत्र लगायतका फोहरमैला व्यवस्थापन तथा प्रदूषण न्यूनीकरण गरिनेछ।<br>७. शहरी गरिब परिवारको लागि आवास र आधारभूत पूर्वाधार र अन्य सेवा सुविधाको व्यवस्था गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ।<br>८. शहरी विकासका लागि वैकल्पिक वित्तीय स्रोतको रूपमा 'भ्यालु क्याप्चर' अवधारणाको प्रयोग गरिनेछ।<br>९. शहरी नदीप्रणालीलाई स्वच्छ राख्ने व्यवस्था मिलाइनेछ। |

**आ. भौतिक पूर्वाधार**

**क. यातायात**

१. **उद्देश्य**

प्रादेशिक यातायात सञ्जालको विकास, संरचना र व्यवस्थापनमा सुधार गर्नु।

## २. रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. यातायात पहुँच (एक्सेसिबिलिटी) र गतिशीलता (मोबिलिटी) मा सुधार गर्ने। | १. प्रादेशिक यातायात गुरूयोजना तर्जुमा गरिनेछ।<br>२. प्रदेशस्तरीय सडकहरूको अधिकार क्षेत्र तथा कोरिडोरको चौडाई यकिन गरी सोको परिभाषा, छनौट एवम् नामावली तयार गरिनेछ।<br>३. सबै स्थानीय तहको केन्द्रसम्म पक्की सडक पुऱ्याउन संघीय सरकार र स्थानीय तहसँग सहकार्य गरिनेछ।<br>४. प्रादेशिक र स्थानीय तहको केन्द्र जोड्ने सडकको नियमित तथा पटके मर्मत सम्भारलाई प्राथमिकता दिइनेछ।<br>५. अन्तरप्रदेश, अन्तरशहरी लामो दूरीका ठूला बस तथा मालबाहक सवारी साधनहरूको पार्किङ तथा मर्मत सुबिधाहरूसहितको बहुउद्देश्यीय क्षेत्रीय लजिस्टिक अटोपार्क र क्षेत्रीय बसपार्कको विकास गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ।<br>६. आवागमनलाई सहजीकरण गर्न लिङ्क सडक, बाइपास, र टनेल निर्माण गरिनेछ |
| २. सडक सञ्जाल सुधार गर्ने। | १. सडक तथा पुल निर्माणको लागि पर्याप्त अध्ययन तथा अनुसन्धान गरिनेछ। वातावरणमा न्यूनतम क्षति हुनेगरी आर्थिक प्रतिफल पाउने सुनिश्चित गरेर मात्र ठूला सडक तथा पुलहरूमा लगानी गर्ने व्यवस्था मिलाइनेछ।<br>२. बायो इन्जिनियरिङ लगायतका उपयुक्त प्रविधिलाई उपयोग गरी सतही भूक्षय नियन्त्रण गरिनेछ।<br>३. निजी क्षेत्र र अन्य विकास साझेदारहरूको आर्थिक सहभागितासहितको विशेष साङ्गठनिक संयन्त्र (स्पेशल पर्पोस भेहिकल) बनाई प्रादेशिक नयाँ यातायात संरचनाहरूको विकास गरिनेछ। |
| ३. प्रादेशिक सडक र | १. प्रादेशिक भौतिक योजना अनुरूप अन्तर-शहरी रणनीतिक सडक |

| रणनीति | कार्यनीति |
|---|---|
| संरचनाहरूलाई व्यवसायिक सिद्धान्त अपनाई सञ्चालन र व्यवस्थापन गर्ने। | र पक्की तथा झोलुङ्गे पुलहरूको अवस्था बारे सूची (इन्भेन्ट्री) तयार गरिनेछ र आवश्यक मर्मत सम्भारका लागि प्राथमिकता निर्धारण गरिनेछ।<br>२. सडक संरचना मर्मत सम्भारको निम्ति निश्चित बजेट प्रदेशले नै छुटयाई वा प्रयोगकर्ताबाट नै निर्धारित शुल्क उठाई संरचनाहरूको (डिजाइन) कार्य क्षमता बनाइ राख्ने विधिमा आधारित सक्रिय (प्रो-एक्टिभ) मर्मत सम्भार व्यवस्था (पर्फमेन्स बेस्ड मेन्टेनेन्स) मिलाइनेछ र सोका लागि आवश्यक सहकार्य गरिनेछ |
| ४. यातायात व्यवस्थापन प्रणालीलाई व्यवस्थित गर्ने। | १. यातायातसम्बन्धी नीति, कानुन र मापदण्ड तयार गरिनेछ।<br>२. रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्धन गरिनेछ।<br>३. दिगो तथा वातावरणमैत्री सवारी साधनको प्रयोगका लागि नीतिगत व्यवस्था गरिनेछ।<br>४. सार्वजनिक यातायात सञ्चालनमा स्थानीय तह, निजी क्षेत्र र सहकारीसँग सहकार्य गरिनेछ। |

## ख. ऊर्जा

### १. उद्देश्य

प्रदेशका सबै घरधुरीहरूको बिजुलीमा शतप्रतिशत पहुँच पुऱ्याउनु।

### २. रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रदेशभित्र सबै भौगोलिक क्षेत्रमा ऊर्जालाई भरपर्दो र सुलभ बनाउने। | १. जलबिद्युत उत्पादन बढाउन संघ, स्थानीय तह र निजी क्षेत्रसँग सहकार्य गरिनेछ।<br>२. बहु उपयोगी जलाशययुक्त आयोजनाहरूको विकास गरिनेछ।<br>३. विजुलीको पहुँच नपुगेका क्षेत्रमा बिद्युत प्रसारण लाइनको बिस्तार गरिनेछ।<br>४. साना जलबिद्युत परियोजना र नवीकरणीय तथा वैकल्पिक |

| रणनीति | कार्यनीति |
|---|---|
| | ऊर्जालाई प्रबर्द्धन गर्न संघीय सरकार र स्थानीय तहसँग सहकार्य गरिनेछ। |
| २. ऊर्जाको वृहत् प्रयोगमा जोड दिने। | १. संघीय सरकार र स्थानीय तहसँग सहकार्य गरी यातायात, कृषि, तथा उद्योगको आधुनिकीकरणमा बिद्युतको उपयोग गर्ने नीतिगत व्यवस्था गरिनेछ।<br>२. आधारभूत स्वास्थ्य, गरिबी निवारणजस्ता उद्देश्यसँग गाँसिएका खानेपानी, लिफ्ट सिँचाइ, घरेलु उद्योग लगायतको क्षेत्रमा खपत हुने बिजुलीमा सहुलियत प्रदान गर्न व्यवस्था मिलाइनेछ। |
| ३. वि. सं. २०८५ सम्ममा पेट्रोलियममा निर्भर यातायातका साधनहरूलाई क्रमशः विस्थापन गर्ने। | १. हाइब्रिड प्रविधि र बिजुलीबाट चल्ने सार्वजनिक तथा निजी यातायातका साधनहरूलाई उचित सहुलियत दिई प्रबर्द्धन गर्न चरणबद्ध योजना बनाई लागू गरिनेछ।<br>२. निजी क्षेत्रसमेतको सहभागितामा बिद्युतीय सवारी साधनहरूको लागि चार्जिङ् स्टेशनहरूको स्थापना र सञ्चालन गरिनेछ। |

**ग. दूरसञ्चार**

**१. उद्देश्य**

प्रदेशको सबै स्थानीय तहमा सूचना-सञ्चार प्रविधि र सेवाहरूमा परिवारहरूको शतप्रतिशत पहुँच पुऱ्याउनु।

**२. रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रदेशभित्र सूचना सञ्चार प्रविधि सेवाहरूलाई सरल र सुलभ बनाउने। | १. सबै स्थानमा दुरसञ्चार सेवा बिस्तार गरिनेछ।<br>२. संघीय सरकार र स्थानीय तहसँग सहकार्य गरी आवश्यक सबै वडाहरूमा 'इ-भिलेज' स्थापना गरिनेछ।<br>३. सरकार र सरकाबीचको सहकार्य, सरकार र |

| रणनीति | कार्यनीति |
|---|---|
| | व्यवसायिक/निजी संस्थाबीचको सहकार्य तथा सरकार र समुदायबीच सहकार्यको सम्भाव्यतालाई अध्ययन गरी संरचनाहरूको बिस्तार र सेवाहरूलाई संस्थागत गरिनेछ। |
| २. प्रदेश सरकार र स्थानीय तहको प्रभावकारी व्यवस्थापनका लागि बिद्युतीय शासन (इ-गभरनेन्स) क्षमता विकास गर्ने। | १. प्रदेश सरकारको बिद्युतीय शासन क्षमता विकास गर्न व्यवसायिक योजना बनाई कार्यान्वयन गरिनेछ।<br>२. स्थानीय तहको बिद्युतीय शासन क्षमता विकास गर्न व्यवसायिक योजना बनाई कार्यान्वयन गर्न सहजीकरण गरिनेछ।<br>३. सूचना प्रविधि पूर्वाधारहरूको निर्माण तथा विकास गरिनेछ। |

## घ. सिँचाइ

### १. उद्देश्य

कृषियोग्य जमिनमा दिगो सिँचाइ सुविधा पुऱ्याउनु।

### २. रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. उपयुक्त प्रविधिमा आधारित सिँचाइ प्रविधिको प्रयोग गरी सिँचाइ सुविधा बिस्तार गर्ने। | १. सिँचाइको दीर्घकालीन गुरुयोजना निर्माण गरिनेछ।<br>२. संघीय सरकारबाट अध्ययन भइसकेका मझौला तथा बहुउदेश्यीय सिँचाइ आयोजनाहरूलाई प्राथमिकता दिई कार्यान्वयन गर्न संघीय सरकार, स्थानीय तह र समुदायसँग सहकार्य गरिनेछ।<br>३. विभिन्न क्षेत्रमा उपयुक्तताको आधारमा सतह सिँचाइ, स्यालो तथा डिप ट्युववेल सिचाई तथा नयाँ प्रविधिमा आधारित सिँचाइ योजनाहरूबाट संयोजनात्मक रूपमा खेतियोग्य जमिनमा दिगो, भरपर्दो र वर्षभरी सिँचाइ सुविधाको प्रवन्ध गरिनेछ।<br>४. बहुउद्देश्यीय सुनकोसी-मरिन डाइभर्सन सिँचाइ आयोजनाबाट लाभ लिनको लागि संघीय सरकार तथा स्थानीय तहसँग |

| रणनीति | कार्यनीति |
|---|---|
| | सहकार्य गरिनेछ।<br>५. वर्षातको पानी सङ्कलन, पोखरी, ताल तलैया, सिमसार र जलाधार क्षेत्रको संरक्षण तथा सुदृढीकरण गरी सिँचाइका लागि प्रयोग गर्ने व्यवस्था मिलाइनेछ।<br>६. सिँचाइ प्रणालीलाई सरकारी निकायद्वारा व्यवस्थापन गर्ने प्रणाली (एजेन्सी म्यानेज्ड इरिगेशन सिस्टम)बाट किसानद्वारा व्यवस्थापन गर्ने प्रणाली (फारमर्श म्यानेज्ड इरिगेशन सिस्टम)मा क्रमिक रूपमा हस्तान्तरण गर्ने नीति अवलम्बन गरिनेछ। |

## ङ. आवास, बस्ती विकास र भवन निर्माण

### १. उद्देश्य

१. आवासमा सबैको पहुँच सुनिश्चित गर्नु र

२. सुरक्षित र किफायति भवन निर्माण गर्नु।

### २. रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. आवास, बस्ती विकास र भवनसम्बन्धी आवश्यक नीतिगत व्यवस्था गर्ने। | १. आवास, बस्ती विकास र भवनसम्बन्धी आवश्यक नीति तथा मापदण्डहरू तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>२. भू-उपयोग नीति अनुसार संघीय सरकार, स्थानीय तह र निजी क्षेत्रसमेतको सहकार्यमा आवास तथा बस्ती विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>३. निजी क्षेत्रबाट भइरहेको घडेरी तथा आवास विकास कार्यलाई उचित मापदण्डका आधारमा नियमन तथा प्रवर्धन गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ।<br>१. न्यून आय वर्गका लागि सुलभ आवास (एफोर्डेबल हाउजिङ)को व्यवस्था गर्न संघीय सरकार, स्थानीय तह र निजी क्षेत्रसँग सहकार्य गरिनेछ। |
| २. सुरक्षित र व्यवस्थित | १. सुरक्षित र व्यवस्थित वस्ती विकासको लागि योग्य र |

| रणनीति | कार्यनीति |
|---|---|
| बस्ती विकास र सूचना प्रणालीलाई प्रवर्धन गर्ने। | अयोग्य भूमिको पहिचान गर्न संघीय सरकार र स्थानीय तहसँग सहकार्य गरिनेछ।<br>२. जोखिममा रहेको बस्तीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न संघीय सरकार र स्थानीय तहसँग सहकार्य गरिनेछ।<br>३. अत्यधिक छरिएका पहाडी बस्तीहरूलाई एकीकरण गर्न संघीय सरकार र स्थानीय तहसँग सहकार्य गरिनेछ।<br>४. सार्वजनिक जग्गा र नदी किनार लगायतका क्षेत्र अतिक्रमण गरी गरिने बस्ती विकासलगायतका कार्यहरूलाई निरूत्साहित गर्न स्थानीय सरकारसँग सहकार्य गरिनेछ।<br>५. सुकम्बासी वस्ती, अव्यवस्थित वस्ती र गुठी जग्गासँग सम्बन्धित समस्याहरू समाधान गर्नका लागि संघीय सरकार र स्थानीय तहसँग सहकार्य गरिनेछ।<br>६. जग्गा किन-बेचसम्बन्धी सूचनामा सबै नागरिकको पहुँच स्थापित गर्न स्थानीय तहलाई सहयोग गरिनेछ। |
| ७. एकीकृत सरकारी भवन निर्माण गर्ने। | १. प्रदेशस्तरमा प्रशासनिक सेवालाई सहज र मितव्ययी बनाउन प्रशासनिक प्लाजा तथा एकीकृत सरकारी भवन निर्माण गरिनेछ।<br>२. मन्त्री तथा कर्मचारीको लागि आवश्यक आवासगृह एकीकृत रूपमा निर्माण गरिनेछ।<br>३. सरकारी भवनहरू निर्माण गर्दा वातावरणमैत्री, किफायती र परम्परागत निर्माण प्रविधि एवम् वास्तुकलासमेतको जगेर्ना हुनेगरी निर्माण गरिनेछ। |

## च. खानेपानी, सरसफाइ र फोहोरमैला व्यवस्थापन

### १. उद्देश्य

१. स्वच्छ खानेपानी आपूर्ति र सरसफाइमा घरधुरीहरूको पहुँच शतप्रतिशत पुऱ्याउनु र

२. व्यवस्थित फोहोरमैला व्यवस्थापनको लागि पूर्वाधार तयार गर्नु।

## २. रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. स्वच्छ खानेपानीलाई सर्वसुलभ र सरसफाइलाई व्यवस्थित गर्ने। | १. खानेपानी, सरसफाइसम्बन्धी आवश्यक नीति, कानुन र मापदण्ड तर्जुमा गरिनेछ।<br>२. आधारभूत खानेपानी तथा सरसफाइ सेवाबाट वञ्चित क्षेत्रमा खानेपानी तथा सरसफाइका कार्यक्रम प्राथमिकतासाथ लागू गरिनेछ।<br>३. उच्चस्तरीय खानेपानी तथा सरसफाइ सेवाको विकासका लागि वैकल्पिक स्रोतको परिचालन गरिनेछ।<br>४. आधारभूत पूर्वाधार र सेवाहरूको गुणस्तर वृद्धि गर्न स्थानीय तह र सेवा प्रदायकहरूलाई सहयोग गरिनेछ।<br>५. एकभन्दा बढी स्थानीय तहलाई लाभ पुग्ने संरचनाको विकासलाई प्राथमिकता दिइनेछ।<br>६. सुक्खा क्षेत्रहरूमा प्राकृतिक नाला, पोखरी तथा जलाधार क्षेत्रको सरंक्षण र सुकेका त्यस्ता स्रोतहरूको पुनर्उत्थानका लागि जल सम्भाव्य भू-अध्ययन तथा नक्साङ्कनमा (हाइड्रो जिओलोजिकल एसेसमेन्ट वा सर्भे) आधारित सरंक्षण तथा पुनरूत्थान कार्यहरू बारे मापदण्ड बनाइनेछ।<br>७. स्वच्छ खानेपानीको प्राकृतिक स्रोतहरूको सरंक्षण, सामूहिकीकरण, वितरण र भूमिगत जलको पुनर्भरण तथा व्यवस्थापनसम्बन्धी नीति, मापदण्ड र निर्देशिका बनाई कार्यान्वयनको लागि सबै स्थानीय तहलाई सहजीकरण गरिनेछ।<br>८. वितरण गरिने खानेपानीको गुणस्तर वृद्धिका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>९. 'प्रदुषकले नै व्यहोर्ने' सिद्धान्त बमोजिम औद्योगिक फोहर पानी प्रशोधन गर्ने व्यवस्था मिलाइनेछ। |
| २. फोहरमैलालाई | १. सुरक्षित फोहरमैला विसर्जन स्थलको पहिचान र व्यवस्थापन गर्न |

| रणनीति | कार्यनीति |
|---|---|
| सुरक्षित विसर्जन गर्ने। | स्थानीय तहलाई सहयोग, समन्वय र सहजीकरण गरिनेछ।<br>२. 'फोहरलाई मोहोर बनाउने' प्रविधि लगायतका कार्यमा स्थानीय तहलाई सहयोग गरिनेछ। |

## छ. प्राकृतिक प्रकोप तथा मानव सिर्जित जोखिमबाट सुरक्षा

### १. उद्देश्य

भौतिक पूर्वाधार र लगानीलाई जलवायु परिवर्तन, प्राकृतिक प्रकोप र मानव सिर्जित जोखिमबाट सुरक्षित बनाउनु।

### २. रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. जलवायु परिवर्तन, प्राकृतिक प्रकोप र मानव सिर्जित जोखिमबाट बच्ने उपायहरूलाई अवलम्बन गर्ने र संस्थागत गर्ने। | १. प्राकृतिक प्रकोप र मानव सिर्जित जोखिमबाट बच्न अपनाउनु पर्ने सुरक्षासम्बन्धी एकीकृत मापदण्ड बनाई लागू गरिनेछ।<br>२. प्राकृतिक प्रकोपको जोखिमबाट बच्न अपनाउनुपर्ने सुरक्षामा (क) स्थलीय (लोकेसन) सुरक्षासम्बन्धी स्थानीय प्रकोप नक्साङ्कन (ख) जल उत्पन्न प्रकोपको जोखिमको सुरक्षासम्बन्धी एकीकृत जल व्यवस्थापन (ग) भवनमा भूकम्प प्रतिरोधात्मक क्षमताका लागि राष्ट्रिय भवन संहितालाई संस्थागत गरिनेछ।<br>३. शहरी बनावट, डिजाइन, क्रियाकलाप र वातावरणीय गुणस्तरको अभावले हुने मानव सिर्जित जोखिमबाट अपनाउनु पर्ने सुरक्षामा (क) योजना तथा भवन निर्माणसम्बन्धी मापदण्ड (ख) भौतिक पूर्वाधार र सेवाको गुणस्तरसम्बन्धी नर्मस तथा स्टेन्डर्ड (ग) वातावरणीय गुणस्तरसम्बन्धी मापदण्डलाई संस्थागत गरिनेछ। |

## ज. लगानी, वित्त, जग्गा र संस्थागत व्यवस्था

### १. उद्देश्य

पूर्वाधार विकासका निम्ति सुदृढ कार्यान्वयन संरचना स्थापित गर्नु

### २. रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. उच्च प्रतिफल र दिगो रणनीतिक पूर्वाधारको विकास र मर्मत सम्भारमा लगानीलाई प्राथमिकता दिने। | १. सम्भाव्यता अध्ययन, वातावरणीय मूल्याङ्कन तथा प्रकोपबाट हुनसक्ने क्षति र उपायसम्बन्धी बिश्लेषण गरिएको भौतिक पूर्वाधारमा मात्र लगानी गरिनेछ।<br>२. छुट्टै कोषको व्यवस्था गरी पूर्वाधार मर्मत सम्भारको व्यवस्था मिलाइनेछ। |
| २. प्रादेशिक पूर्वाधार आयोजनामा वित्तीय श्रोत जुटाउन बहुसंस्थागत साझेदारी पद्धति अवलम्बन गर्ने। | १. पूर्वाधार विकासमा स्वदेशी र विदेशी लगानीलाई आकर्षित गर्ने।<br>२. पूर्वाधार लगानीको निम्ति वित्तीय श्रोत जुटाउन स्थानीय तह, निजी क्षेत्र र आयोजनाबाट लाभान्वित परिवारहरूसमेतको साझेदारीमा आधारित वित्तीय पद्धतिलाई प्राथमिकता दिइनेछ। |
| ३. भौतिक पूर्वाधारको लागि जग्गाको व्यवस्था गर्ने। | १. जग्गा प्राप्तिसम्बन्धी नीतिगत आधार र कानुनी संयन्त्र निर्माण गरिनेछ।<br>२. सहभागितामूलक जग्गा विकास, जग्गा व्यवस्थापन तथा जग्गा सट्टापट्टा जस्तो विकल्पहरूलाई प्राथमिकता दिई भौतिक पूर्वाधारको लागि जग्गा व्यवस्था गर्ने। |
| ४. प्रदेशले दिगो साङ्गठनिक विकास र प्रभावकारी कार्यान्वयनका लागि अपुग विज्ञता र जनशक्ति बाहिरबाट | १. सङ्गठनको दिगो विकासका लागि विशेषज्ञ सेवा संघीय सरकार वा निजी क्षेत्रबाट प्राप्त गरिने र सिप-ज्ञानको हस्तान्तरण गरिने प्रणाली स्थापित गरिनेछ।<br>२. कर्मचारीको काम-जिम्मेवारीमा सुस्पष्टता, वृत्ति विकास र बिद्युतीय प्रविधिको प्रयोगलाई जोड दिइ नतिजामूलक कार्य सम्पादन र व्यवसायिक कुशलता संस्थागत गर्ने |

| रणनीति | कार्यनीति |
|---|---|
| ल्याउने (आउट सोर्स) र सङ्गठनलाई चुस्त र व्यवसायिक (लिन एण्ड मिन) बनाउने। | प्रक्रियालाई प्राथमिकता दिइनेछ।<br>३. प्रभावकारी कार्यान्वयनका लागि प्रदेशको विद्यमान साङ्गठनिक संरचनालाई मुख्यतः नीतिगत र प्रशासनिक व्यवस्थाको अनुपालन र अनुगमनमा (कमप्लायन्स् ओभरसाइट) केन्द्रित गर्दै लगिने र प्रदेशस्तरमा छुट्टै संरचना गठन गरी आयोजना  कार्यान्वयनको समन्वय र व्यवस्थापन गर्दै लगिनेछ।<br>४. पूर्वाधार आयोजनाको विस्तृत प्रतिवेदनमा नै आयोजना कार्यान्वयनको निम्ति प्रदेश वा फिल्ड तहमा आवश्यक संस्थागत संरचना/एकाइ, विज्ञ, प्राविधिक, कर्मचारी, श्रोत, औजार, सामग्रीको निम्ति बहुवर्षीय बजेटको आँकलन गरिने र सो अनुरूप वार्षिक बजेट मिलाइनेछ। |

## ७. प्रमुख कार्यक्रमहरू

### अ. शहरीकरण

| प्रदेश आफैले गर्ने | स्थानीय तहलाई सहजीकरण गर्ने |
|---|---|
| १. काठमाण्डौ उपत्यकाको दीर्घकालीन विकास अवधारणा<br>२. भौतिक योजना तर्जुमा, स्वीकृति र कार्यान्वयनसम्बन्धी निर्देशिका<br>३. नयाँ शहर र आर्थिक कोरिडोरहरूको विकास<br>४. पर्यटकीय केन्द्रहरूमा सशक्त शहर योजना कार्यान्वयन | १. चितवन उपत्यका, हेटौंडा उपत्यकाजस्ता दोस्रो तहका शहरहरूमा सशक्त (स्मार्ट) शहर योजना कार्यान्वयन<br>२. साना शहर तथा बजार केन्द्रहरूमा आधारभूत शहरी पूर्वाधार<br>३. भू-उपयोग योजना अनुरूप पूर्वाधार निर्माण तथा बिस्तार<br>४. शहरी नदीप्रणालीको स्वच्छता |

## आ. पूर्वाधार विकास

| क्षेत्र | प्रदेश आफैले गर्ने | स्थानीय तहलाई सहजीकरण गर्ने |
|---|---|---|
| क. यातायात | १. प्रदेशस्तरीय सडकहरूको अधिकार क्षेत्र तथा कोरिडोरको चौडाई यकिन गरी सोको परिभाषा, छनौट एवम् नामावली तयार<br>२. प्रादेशिक सडकको दीर्घकालीन गुरूयोजना तयार<br>३. निजी क्षेत्र र अन्य विकास साझेदारहरूको आर्थिक सहभागितामा नयाँ यातायात संरचनाहरूको विकास<br>४. सडक संरचना मर्मत सम्भारको निम्ति सक्रिय (प्रो-एक्टिभ) मर्मत सम्भार (पर्फमेन्स बेस्ड मेन्टेनेन्स)को व्यवस्था<br>५. रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्धन | १. अन्तरप्रदेश, अन्तरशहरी लामो दूरीका ठूला बस तथा मालबाहक सवारी साधनहरूको पार्किङ तथा मर्मत सुबिधाहरूसहितको बहुउद्देश्यीय क्षेत्रीय लजिस्टिक अटोपार्क र क्षेत्रीय बसपार्कको विकास<br>२. सार्वजनिक यातायात सञ्चालनमा स्थानीय तह, निजी क्षेत्र र सहकारीसँग सहकार्य |
| ख. ऊर्जा | १. बहुउपयोगी जलासययुक्त आयोजनाहरूको विकास<br>२. आधारभूत स्वास्थ्य, गरिबी निवारणजस्ता उद्देश्यसँग गाँसिएका खानेपानी, लिफ्ट सिँचाइ, घरेलु उद्योग लगायतको क्षेत्रमा खपत हुने बिजुलीमा | १. साना जलबिद्युत परियोजना र नवीकरणीय तथा वैकल्पिक ऊर्जालाई प्रबर्द्धन<br>२. हाइब्रिड प्रविधि र बिजुलीबाट चल्ने सार्वजनिक तथा निजी यातायातका साधनहरू<br>३. निजी क्षेत्रसमेतको सहभागितामा |

| क्षेत्र | प्रदेश आफैले गर्ने | स्थानीय तहलाई सहजीकरण गर्ने |
|---|---|---|
| | सहुलियत प्रदान | बिद्युतीय सवारी साधनहरूको लागि चार्जिङ् स्टेशनहरूको स्थापना |
| ग. दुरसञ्चार | १. दूरसञ्चार सेवाको बिस्तार<br>२. प्रदेश सरकारको बिद्युतीय शासन क्षमता विकास<br>३. सूचना प्रविधिका पूर्वाधारको विकास | १. आवश्यक सबै वडाहरूमा ‘इ-भिलेज’ स्थापना<br>२. स्थानीय तहको बिद्युतीय शासन क्षमताको विकास |
| घ. सिँचाइ | १. सिँचाइको दीर्घकालीन गुरुयोजना तर्जुमा<br>२. संघीय सरकारबाट अध्ययन भइसकेका मझौला तथा बहुउदेश्यीय सिँचाइ आयोजनाहरूलाई प्राथमिकता दिई कार्यान्वयन | १. उपयुक्तताको आधारमा सतह सिँचाइ, स्यालो तथा डिप ट्युववेल सिचाई तथा नयाँ प्रविधिमा आधारित सिँचाइ योजनाहरूको सञ्चालन<br>२. वर्षातको पानी सङ्कलन, पोखरी, ताल तलैया, सिमसार र जलाधार क्षेत्रको संरक्षण गरी सिँचाइका लागि प्रयोग |
| ङ. आवास, बस्ती विकास र भवन | १. आवास, बस्ती विकास र भवनसम्बन्धी आवश्यक नीति तथा मापदण्डहरू तर्जुमा<br>२. प्रदेशस्तरमा प्रशासनिक सेवालाई सहज र मितव्ययी बनाउन प्रशासनिक प्लाजा तथा एकीकृत सरकारी भवन निर्माण<br>३. सरकारी भवनहरू निर्माण गर्दा वातावरणमैत्री, किफायती र परम्परागत निर्माण प्रविधि एवम् | १. निजी क्षेत्रबाट भइरहेको घडेरी तथा आवास विकास कार्यलाई उचित मापदण्डका आधारमा नियमन तथा प्रवर्धन<br>२. न्यून आय वर्गका लागि सुलभ आवास (एफोर्डेबल हाउजिङ)को व्यवस्था<br>३. जोखिममा रहेको बस्तीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण<br>४. अत्यधिक छरिएका पहाडी |

| क्षेत्र | प्रदेश आफैले गर्ने | स्थानीय तहलाई सहजीकरण गर्ने |
|---|---|---|
| | वास्तुकलासमेतको जगेर्ना हुनेगरी निर्माण | बस्तीहरूलाई एकीकरण |
| **च. खानेपानी, सरसफाइ र फोहरमैला व्यवस्थापन** | १. खानेपानी, सरसफाइसम्बन्धी आवश्यक नीति, कानुन र मापदण्ड तर्जुमा<br>२. सुक्खा क्षेत्रहरूमा प्राकृतिक नाला, पोखरी तथा जलाधार क्षेत्रको संरक्षण र सुकेका त्यस्ता स्रोतहरूको पुनरूत्थानका लागि जल सम्भाब्य भू-अध्ययन तथा नक्साङ्कन<br>३. जमिनमुनीको पानी पुनर्भरणकोको लागि नीतिगत व्यवस्था गरिनेछ।<br>४. 'प्रदुषकले नै व्यहोर्ने' सिद्धान्त बमोजिम औद्योगिक फोहरपानी प्रशोधन गर्ने व्यवस्था<br>५. आधारभूत खानेपानी तथा सरसफाइ सेवाबाट वञ्चित क्षेत्रमा खानेपानी तथा सरसफाइ कार्यक्रम बिस्तार<br>६. खानेपानीको गुणस्तर वृद्धिका कार्यक्रमहरू | १. खानेपानी, सरसफाइ र फोहरमैलाका आधारभूत पूर्वाधार र सेवाहरूको गुणस्तर वृद्धि<br>२. सुरक्षित फोहरमैला विसर्जन स्थलको पहिचान र व्यवस्थापन<br>३. जमिनमुनिको पानी पुनर्भरण प्रणाली स्थापना<br>४. 'फोहरलाई मोहोर बनाउने' प्रविधिको प्रयोग |
| **छ. प्राकृतिक प्रकोप र मानव** | १. प्राकृतिक प्रकोप र मानव सिर्जित जोखिमबाट बच्न अपनाउनु पर्ने सुरक्षासम्बन्धी | १. प्राकृतिक प्रकोपको जोखिमबाट बच्न अपनाउनुपर्ने सुरक्षामा (क) स्थलीय (लोकेसन) |

| क्षेत्र | प्रदेश आफैले गर्ने | स्थानीय तहलाई सहजीकरण गर्ने |
|---|---|---|
| सिर्जित जोखिम व्यवस्थापन | एकीकृत मापदण्ड | सुरक्षासम्बन्धी स्थानीय प्रकोप नक्साङ्कन (ख) जल उत्पन्न प्रकोपको जोखिमको सुरक्षासम्बन्धी एकीकृत जल व्यवस्थापन (ग) भवनमा भूकम्प प्रतिरोधात्मक क्षमताको लागि राष्ट्रिय भवन संहितालाई संस्थागत<br>२. शहरी बनावट, डिजाइन, क्रियाकलाप र वातावरणीय गुणस्तरको अभावले हुने मानव सिर्जित जोखिमबाट अपनाउनु पर्ने सुरक्षामा (क) योजना तथा भवन निर्माणसम्बन्धी मापदण्ड (ख) भौतिक पूर्वाधार र सेवाको गुणस्तरसम्बन्धी नर्मस तथा स्टेन्डर्ड (ग) वातावरणीय गुणस्तरसम्बन्धी मापदण्डलाई संस्थागत |
| ज. लगानी, वित्त, जग्गा र संस्थागत व्यवस्था | १. जग्गा प्राप्तिसम्बन्धी नीतिगत आधार र कानुनी संयन्त्र निर्माण<br>२. पूर्वाधार विकासमा स्वदेशी र विदेशी लगानीलाई आकर्षण<br>३. प्रभावकारी कार्यान्वयनका लागि प्रदेशको विद्यमान साङ्गठनिक संरचनालाई मुख्यतः नीतिगत र प्रशासनिक व्यवस्थाको | १. सम्भाव्यता अध्ययन, वातावरणीय मूल्याङ्कन तथा प्रकोपबाट हुनसक्ने क्षति र उपायसम्बन्धी बिश्लेषण गरिएको भौतिक पूर्वाधारमा लगानी<br>२. छुट्टै कोषको व्यवस्था गरी पूर्वाधार मर्मत सम्भारको व्यवस्था |

| क्षेत्र | प्रदेश आफैले गर्ने | स्थानीय तहलाई सहजीकरण गर्ने |
|---|---|---|
| | अनुपालन र अनुगमनमा (कमप्लायन्स् ओभरसाइट) केन्द्रित गर्दै लगिने र प्रदेशस्तरमा छुट्टै संरचना गठन गरी आयोजना कार्यान्वयन | |

## ८. अपेक्षित उपलब्धि

प्रादेशिक विकासका पहलहरू र यसको कार्यान्वयनका लागि आवश्यक प्रादेशिक संस्थागत संरचना, प्राविधिक क्षमताको विकास र महत्त्वपूर्ण नीतिगत आधार र कानुनी संयन्त्रहरू स्थापित भएको हुनेछ। विशेष गरेर सरकार तहमा समन्वय, सहकार्य र साझेदारीसम्बन्धी प्रक्रिया र पद्धति स्पष्ट भएको हुनेछ। यसले प्रदेशको भौतिक पूर्वाधार योजना तर्जुमा र कार्यान्वयनलाई गतिशील बनाउने छ। प्रदेशमा शहरी योजना, डिजाईन र प्रकोप सुरक्षासम्बन्धी एकीकृत मापदण्ड लागू भई नियोजित शहरीकरणलाई योगदान पुऱ्याएको हुनेछ। चितवन, हेटौडा, जिरी र सयाफ्रुबेसीको स्मार्ट शहर तथा जग्गा विकास योजनाहरू तर्जुमा भई कार्यान्वयन भएको हुनेछ। महत्त्वपूर्ण सडक, यातायात र सिँचाइ आयोजनाहरूको चरणबद्ध सम्भाव्यता अध्ययनहरू सम्पन्न भई कार्यान्वयनमा जानेछ। यसबाट प्रदेशको जनजीवनमा प्रारम्भिक तर महत्त्वपूर्ण वातावरणीय, सामाजिक र आर्थिक रूपान्तरणका आधारहरू स्थापित भएको हुनेछ।

# परिच्छेद छः वन, वातावरण र विपद् व्यवस्थापन

## ६.१ वन व्यवस्थापन तथा जलाधार संरक्षण

### १. पृष्ठभूमि

वन क्षेत्र जैविक विविधताको भण्डार मात्र होइन कृषि, ऊर्जा, जल तथा औद्योगिक कच्चा पदार्थको श्रोत हुनुका साथै प्रमुख पर्यटकीय गन्तव्य र बहुसङ्ख्यक जनताको जीविकाको प्रमुख आधार पनि हो। वनबाट हाम्रो करिब ७० प्रतिशत इन्धन, झन्डै ४० प्रतिशत पशु आहारा र अन्य वातावरणीय सेवा प्राप्त हुँदै आएको छ। वन क्षेत्रमा नेपालको आर्थिक समुन्नति गर्न सक्ने प्रचुर सम्भावना छ। जडिबुटी लगायत विभिन्न वन पैदावारको बिक्रीबाट मात्र वर्षेनी करिब दुई अरबभन्दा बढी राजस्व सङ्कलन हुने गरेको छ। वन र जलाधार क्षेत्रभित्र नदी-नाला, ढुङ्गा-माटो, जैविक विविधता र विभिन्न भू-उपयोग समेटिएको हुन्छ। जलाधारलाई प्राकृतिक तथा सामाजिक-आर्थिक प्रक्रिया र अन्तरसम्बन्धको समष्टिगत अभिव्यक्ति मान्न सकिन्छ। देशको बाक्लो वनले ढाकेको चुरे क्षेत्रको कमजोर भूबनौटलाई पार गरेर नेपालका सबै खोला र नदीहरू तराईतिर बग्दछन्। अतः जलाधारको स्थिति र त्यसले समेटेको वन तथा चुरेको हैसियतले हाम्रो समग्र वातावरणीय स्वस्थतालाई प्रतिबिम्बित गर्दछ।

नेपालको संविधानमा वातावरणीय सन्तुलन र स्वच्छताको लागि वन क्षेत्र तथा जैविक विविधताको संरक्षण गर्न राज्यले प्राथमिकता दिने कुरा उल्लेख छ। प्रदेशस्तरमा वन, वन पैदावर, वन्यजन्तु र जैविकविविधतासम्बन्धी नीति तर्जुमा तथा कार्यान्वयन, संरक्षण क्षेत्र तथा चरन क्षेत्रको व्यवस्थापन, जडिबुटी खेती प्रविधि प्रवर्द्धन र बजारीकरणसम्बन्धी कानुन तर्जुमा तथा कार्यान्वयन, तिनको अध्ययन-अनुसन्धान तथा तथ्याङ्क सङ्कलन, प्राविधिक सूचना सेवा र वन अतिक्रमण नियन्त्रणजस्ता विषय प्रदेशको कार्य क्षेत्रमा पर्दछन। प्रदेशस्तरमा जलाधार संरक्षण तथा जल उपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, चुरे क्षेत्रको संरक्षण र सम्बर्द्धनको लागि संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण प्रदेशको कार्यक्षेत्रमा समावेश गरेको देखिन्छ।

### २. वस्तुगत स्थिति

नेपालको कुल क्षेत्रफलको करिब ४४.७ प्रतिशत क्षेत्र वन जङ्गलले ढाकेको छ। प्रदेशको कुल १,०९०,८८० हेक्टर क्षेत्रफल वन क्षेत्रले ओगटेको छ जुन नेपालको कुल वनको १८.३ प्रतिशत र प्रदेशको कुल भूभागको ५३.७ प्रतिशत हुन् आउँछ। उपलब्ध रुखहरूमध्ये १० से. मी. ब्यास माथिका रुखहरूको सङ्ख्या ४७ करोड र कुल काण्ड आयतन १८ करोड घन मीटर रहेको अनुमान गरिएको छ। त्यस्तै प्रदेशका ५ वटा जिल्लामा चुरे पर्दछ। यहाँ चुरेको कुल क्षेत्रफल

४७३,९८८ हेक्टर छ र यो प्रदेश भू-भागको २३.४ प्रतिशत हुन्छ। चुरे क्षेत्रको ठूलो भाग अर्थात् ६४ प्रतिशत वनले ढाकेको छ। यस प्रदेशमा कुल १४,१९० हेक्टर वनमा अतिक्रमण रहेको विभिन्न प्रतिवेदनहरूमा उल्लेख भएको देखिन्छ भने करिब २३३० हेक्टर वन अन्य प्रयोजनमा रहेको छ। सोमध्ये सबैभन्दा वढी ८६६.३ हेक्टर क्षेत्र जलबिद्युत आयोजना र बिद्युत लाइन प्रसारणको लागि उपलब्ध गराइएको छ।

व्यवस्थापनका हिसाबले प्रदेशमा सामुदायिक वन ४,४६४ वटा र कबुलियत वन ३,२६९ वटा छन् जसबाट क्रमशः ५५५,६६२ र २६,८५१ घरधुरी लाभान्वित छन्। निकुञ्जको सिमानामा मध्यवर्ती क्षेत्रहरू छन् जुन प्रदेशको कुल भू-भागको ७.८ प्रतिशत हुन आउँछ। यस प्रदेशमा चारवटा राष्ट्रिय निकुञ्ज र एउटा संरक्षित क्षेत्र छन्। तिनले प्रदेशको २९.१ प्रतिशत भूभाग ओगटेको छ। यिनमा लाङटाङ र शिवपुरी-नागार्जुन राष्ट्रिय निकुञ्जबाहेक अन्य निकुञ्च र संरक्षित क्षेत्र अरु प्रदेशसित जोडिएका छन्।

प्रदेशका जलाधारहरूलाई सिँचित गर्ने सातवटा प्रमुख नदीहरू त्रिशुली, सुनकोसी, तामाकोसी, बागमती, रासी (पूर्व), कमलामाई र बुढीगण्डकी हुन्। यिनको कुल जलाधार क्षेत्रफल २०,४७६ वर्ग कि.मी. छ। त्रिशुलीमा लाङटाङ, ताडी, लिखु र कोल्पु मिसिन आउँछन्। सुनकोसीमा मेलम्ची र इन्द्रावती मिसिन्छन् भने तामाकोसीमा सागु मिसिन्छ। ती दुबै नदी प्रदेश नं. १ तर्फ वग्दछन्। बागमतीमा क्यान र मरिन मिसिन आइपुग्छ जुन प्रदेश नं. २ तर्फ बग्दछ भने रासीमा कर्रा, मनहरी, लोथर, कयर र रेवा (रिउ) मिसिन्छन् जुन पछि नारायणी नदीमा मिसिन पुग्दछ। बुढीगण्डकीमा आँखु र थोपल मिसिन आउँछन्। बुढीगण्डकी प्रदेश नं. ३ र ४ को सीमानदी हो।

## ३. समस्या र चुनौती

देशभरीमा काठको वार्षिक माग अनुमानित ३४ लाख घनमीटर छ। यस प्रदेशमा ठूला शहरहरू केन्द्रित रहेकाले यहाँ काठको माग स्वभावत बढी छ। सन् २०१५ को भूकम्पले गर्दा पुनर्निर्माणका लागि यो माग झनै बढेको छ। एकातिर मागको १० प्रतिशत मात्र आफ्नै वनबाट आपूर्ति भइरहेको छ बाँकी बाह्य मुलुकबाट आयात गरिन्छ भने अर्कातिर उत्पादित काठ र अन्य वन्य श्रोत कुहेर गइरहेका छन्। माग आपूर्ति निम्ति काठ बाहेक स्थानीय जनताका आधारभूत आवश्यकता जस्तै दाउरा, घाँस र स्याउलाको एकमात्र श्रोत वन हो। तर, सबैमा खासगरी गरिब किसान र सीमान्तकृत वर्गमा वनको लाभ तुलनात्मक रूपमा पुग्न सकेको छैन। पछिल्लो समय मानव-वन्यजन्तु द्वन्द्वका घटना बढिरहेको छ। साथै मानिसबाट हुने वन क्षेत्रको अतिक्रमण, अत्यधिक चरन, वनपैदावारको चोरी-निकासी र वन्यजन्तुको अवैध शिकार नियन्त्रण हुन सकेको छैन। केही वर्षयता वन डढेलोको प्रकोप पनि बढिरहेको छ र

बर्षेनिजस्तो डढेलोको घट्ना दोहोरिरहेका छन्।

ढुङ्गा-गिटी-बालुवा निकाल्न नदी किनारमा डोजर प्रयोग गरेर जथाभाबी उत्खनन भएकोले जलाधारक्षेत्रको प्राकृतिक अवस्था बिग्रिएको छ र तिनमा आश्रित जैविक विविधता सङ्कटमा परेको छ। प्राविधिक निर्देशन बिना डोजरको प्रयोग व्यापक छ। अव्यवस्थित शहरीकरणले सहरी जलाधारको इकोसिस्टमलाई नाजुक अवस्थामा पुऱ्याएको छ। शहरका ससाना खोलाहरू त ढल नै बनिसकेका छन्। चुरेक्षेत्रको अतिक्रमण र अव्यवस्थित बसोबासले मानिसको जीविकोपार्जनलाई झन् सङ्कटतर्फ घचेट्दै छ। प्राकृतिक अवस्थामै पनि चुरेमा पहिरो गैरहन्छ र त्यहाँबाट बगेको बलौटे माटो थुप्रिएर तराईका नदी-सतह उठिरहेका छन्। चुरेमा वन मासिंदै जाँदा तराईमा पानीको अप्राप्यता बढ्दै जानेछ। माथिल्लो चुरे पहाडमा सडक सञ्जालको थप बिस्तार हुँदै जाँदा तल्लो समथर क्षेत्रमा विपद् निम्तिने खतरा बढेको छ।उत्पादित वनपैदावरको व्यवस्थित प्रयोगबाट काठमा आत्मनिर्भर हुनु, निम्न आय-श्रोतका जनतासम्म श्रोतको लाभ पुऱ्याउनु, मानव-वन्यजन्तु द्वन्द्वलाई न्यूनीकरण गर्नु, वन्यजन्तुको वासस्थान खुम्चिन नदिनु र वन अतिक्रमण, खुल्ला चरन, चोरी-शिकारी तथा डढेलो नियन्त्रण गर्नु वनक्षेत्रका चुनौतीहरू हुन्। त्यस्तै, जलाधारहरूको परिस्थितीकीय प्रणाली सन्तुलित राख्नु, मासिएका सिमसार र खोलाहरू पुनर्जीवित गर्नु, चुरे क्षेत्र संरक्षणलाई प्रभावकारी तुल्याउनु, पूर्वाधार विकास र वातावरणीय संरक्षणबीच सन्तुलन मिलाउनु साथै सरोकारवालाहरूसँग सहकार्य गरी दिगो तथा एकीकृत व्यवस्थापनका लागि प्रदेशस्तरमा आवश्यक साङ्गठनिक संरचनाको विकास र शासकीय प्रणालीको सुदृढीकरण गर्नु यस क्षेत्रका थप चुनौती रहेका छन्।

## ४. अवसर

जलाधार तथा उत्पादनशील वनको क्षेत्र उचित मात्रामा उपलब्ध हुनु, वनको वैज्ञानिक व्यवस्थापनबाट काष्ठ तथा गैरकाष्ठ वनपैदावारको व्यवसायिक लाभ लिन सकिने अवस्था बन्नु, विश्वसम्पदासहितको संरक्षित क्षेत्र हुनु, वन संरक्षणबाट कार्बन सञ्चितिको फाइदा हुनुजस्ता अवसरहरू प्रदेशमा मौजुद छन्। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा जैविक उत्पादन तथा हरित वस्तुहरूको चाहना बढ्दै गएकाले वन्यस्रोतमा आधारित व्यवसायहरूबाट हरित रोजगारीको सृजना हुनसक्ने र पारिस्थितिकीय सेवाको माग बढ्ने सम्भावना देखिन्छ। एक अध्ययन अनुसार नेपालमा वैज्ञानिक वन व्यवस्थापनबाट १७ देखि ९१ लाख घनमीटरसम्म काठ आपूर्ति गर्न सकिन्छ र वनमा वार्षिक ४.२ देखि १३.८ लाखसम्म रोजगारी सृजना हुनसक्छ। दुर्लभ वन्यजन्तुसहितको जैविक विविधतायुक्त राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्रले पर्यापर्यटनलाई अझ फराकिलो र दिगो हुने अवसर प्रदान गरेको छ। चुरे र नदी किनार

लगायत मानव बस्ती बिस्तार गर्न अयोग्य क्षेत्रहरूको वन कायम गरी वन्यजन्तुलाई एउटा संरक्षित क्षेत्रबाट अर्कोमा आवत-जावत गर्ने जैविक-मार्गको विकास गर्ने अवसर पनि यस प्रदेशमा रहेको छ।

## ५. दीर्घकालीन सोच

वातावरणमैत्री विकास, उत्पादनशील वन, संरक्षित जलाधार र जैविक विविधताको दिगो संरक्षण।

## ६. लक्ष्य

वन, जैविक विविधता र जलाधारको एकीकृत व्यवस्थापनमार्फत् वन पैदावारको उत्पादन वृद्धि र पारिस्थितिकीय सेवा प्रवाहलाई अक्षुण राख्ने।

## ७. उद्देश्य

१. वैज्ञानिक व्यवस्थापनद्वारा वनपैदावारको उत्पादनवृद्धि तथा व्यवसायीकरण गर्नुका साथै भू-दृश्य (ल्याण्डस्केप) को व्यवस्थापन गरी वन, वन्यजन्तु र जैविक विविधताको संरक्षण गर्नु,

२. एकीकृत जलाधार व्यवस्थापनमार्फत् नदी-नाला, माटो र अन्य प्राकृतिक संरचनाहरूको संरक्षण गरी स्वस्थ र सन्तुलित वातावरण कायम राखी परिस्थितिकीय सेवा प्रवाहलाई अक्षुण राख्नु र

३. चुरेक्षेत्रको वन अतिक्रमणलाई स्थायी समाधान गरी एकीकृत संरक्षण र व्यवस्थापन गर्नु।

## ८. रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. वन तथा जलाधारको वैज्ञानिक व्यवस्थापन गर्न नीति र कार्यान्वयन संरचना निर्माण गर्ने। | १. संविधानमा व्यवस्था भए अनुसार प्रादेशिक वन, जलाधार तथा प्राकृतिक श्रोतहरूको व्यवस्थापन गर्न आवश्यक नीति, मापदण्ड र सङ्गठनात्मक संरचना (जस्तै, प्रदेश स्तरीय आयोग वा प्राधिकरण) निर्माण गरिनेछ।<br>२. प्रदेशभित्रका वन, जलाधार एवम् प्राकृतिक श्रोतहरूको तथ्याङ्क आधार तयार गरी दुरुस्त राखिनेछ।<br>३. प्रदेशस्तरीय वन तथा जैविक विविधता अध्ययन, सर्वेक्षण तथा अनुसन्धान केन्द्र, सङग्रहालय, उद्यान तथा हर्वेरियमहरूको स्थापनाका लागि आवश्यक तयारी गरिनेछ।<br>४. चुरे क्षेत्र र अन्यत्र पाइने नदीजन्य पदार्थ जस्तै ढुङ्गा, गिट्टी, बालुवा आदिको दिगो उपयोग गर्ने नीति तर्जुमा गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ५. चुरे क्षेत्र, भिरालो र पहाडी धरातलमा सडक र पूर्वाधार निर्माणका लागि नियमावली वनाई निश्चित मापदण्ड र तोकिएका प्राविधिक अवस्था बाहेक डोजर, एक्सक्याभेटर आदिको प्रयोगमा प्रतिवन्ध लगाइने व्यवस्था गरिनेछ।<br>६. चुरे, मध्यवर्ती क्षेत्र लगायतका क्षेत्रको नदीजन्य वन पैदावर, ढुङ्गा, गिटी, वालुवाहरूको सङ्कलन, ओसारपसार र बिक्री वितरणलाई व्यवस्थित गर्न नीतिगत व्यवस्था गरिनेछ। |
| २. प्रदेशभित्र वैज्ञानिक वन व्यवस्थापन परियोजनाहरू सञ्चालन गरी मौजुदा एवम् उत्पादित वन पैदावारको उपयोग गर्ने। | १. जैविक विविधताको दिगो संरक्षण गर्दै वनक्षेत्र तथा वन पैदावारको उत्पादन वृद्धि गरी रोजगारी सिर्जना र आपूर्तिमार्फत् प्रादेशिक अर्थतन्त्रमा योगदान पुऱ्याउन वनको वैज्ञानिक व्यवस्थापन गरिनेछ।<br>२. प्रदेशभित्रका क्षेत्रहरूमा वन डढेलो र जथाभावी चरिचरन नियन्त्रणका लागि संस्थागत संरचनाको निर्माण तथा पूर्वतयारी क्षमता अभिवृद्धि गरिनेछ।<br>३. प्रदेशभित्रका अन्तरस्थानीय तहहरूमा रहेका नदीतटको उचित व्यवस्थापन एवम् सिमसार तथा पानीका श्रोतहरूको संरक्षण र सहरी वनको बृहत्तर बिस्तार गरी दिगो संरक्षण गर्न समुदायलाई जिम्मेवार बनाइनेछ।<br>४. प्रदेशमा अवस्थित अति महत्वपूर्ण पारिस्थितिकीय प्रणाली र वन्यजन्तुका जोखिमयुक्त वासस्थानहरूको पहिचान र व्यवस्थापन गरिनेछ।<br>५. रैथाने वनस्पति लगायत उपयोगी जडीबुटीहरूको संरक्षण, बिस्तार र उपयोग गरिनेछ। |
| ३. वन्यजन्तु ओहोर-दोहोर हुने जैविक मार्गको विकास | १. यो प्रदेश र यससँग जोडिएका प्रदेशहरूको संरक्षित क्षेत्र तथा निकुञ्जहरूलाई जोड्ने मौजुदा वन क्षेत्र र नदीहरूलाई वन्यजन्तु आवत-जावत गर्न मिल्ने जैविकमार्गको रूपमा विकास गरी वन्यजन्तुबाट मानव बस्ती र बालीनाली |

| रणनीति | कार्यनीति |
|---|---|
| तथा क्षतिपूर्ति व्यवस्थाद्वारा मानव-वन्यजन्तु द्वन्द घटाउने। | जोगाइनेछ, जस्तै, पर्सा-मकवानपुर-चन्द्रागिरी-नागार्जुन-शिवपुरी-लाङटाङ वा बरंडाभार-गाईघाट-सेती उपत्यका-पन्चासे-अन्नपूर्ण।<br>२. वन तथा संरक्षित क्षेत्र छिचोलेर जाने राजमार्गहरूमा तत्काल सुधार गरी वन्यजन्तु वारपार गर्न सक्ने सुरूङ मार्ग वा पुलहरूको विकास गरिनेछ।<br>३. वन्यजन्तुबाट हुने मानवीय तथा बालीनाली क्षतिबापत पीडितलाई यथाशीघ्र उचित सहयोग उपलब्ध गराइनेछ। साथै, त्यस्ता क्षतिको सम्भावनालाई ध्यानमा राखी बिमाको व्यवस्था गरिनेछ। |
| ४. सामुदायमा आधारित वन कार्यक्रमलाई थप समावेशी बनाउँदै समुदायका विपन्न र सीमान्तकृत वर्गलाई लाभ पुऱ्याउने। | १. सामुदायिक वन कार्यक्रमलाई थप समावेशी र व्यापक बनाउँदै समुदायका विपन्न र सीमान्तकृत वर्ग एवम् महिलाहरूलाई प्राथमिकताका साथ संलग्न गरी लाभान्वित गरिनेछ।<br>२. सार्वजनिक खाली जग्गाहरूमा वनपैदावार उत्पादन गर्ने खालका प्रजातिहरू लगाई वन क्षेत्रको बिस्तार र आपूर्तिमा सघाउने नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ।<br>३. विपन्नमुखी आयमूलक, रोजगारमूलक तथा जीविकोपार्जन सुधारसम्बन्धी कार्यक्रमहरू सबै वन व्यवस्थापन प्रणालीमा कार्यान्वयन गरिनेछ।<br>४. सामुदायिक तथा कबुलियती वन क्षेत्रहरूमा तुलनात्मक लाभ हुने उच्च मूल्यका जडीबुटी र वन अनुकूल फलफुल रोपण तथा गैरकाष्ठ वन पैदावारको खेती लगाउन प्रोत्साहित गरिनेछ। |
| ५. नदी प्रणालीमा आधारित एकीकृत जलाधार | १. प्रदेशभित्रका नदी प्रणाली र नदीको वास्तविक क्षेत्र निर्धारण र संरक्षण, नदी क्षेत्रको एकीकृत उपयोगसहितका लागि रिभरफ्रन्ट परियोजना विकास र कार्यान्वयन गरिनेछ।<br>२. जलाधारको उपल्लो तथा तल्लो तटीय क्षेत्रको |

| रणनीति | कार्यनीति |
|---|---|
| व्यवस्थापनको योजना तर्जुमा गरी कार्यान्वयन गर्ने। | अन्तरसम्बन्धलाई महत्व दिंदै स्थानीय तह र जोडिएका प्रदेशहरू भएर बग्ने नदी-नालाहरूको संरक्षण र उपयोग निम्ति समन्वयात्मक एकीकृत जलाधार व्यवस्थापनको योजना तर्जुमा गरिनेछ।<br>३. घना मानव बस्तीमा मासिंदै गएका जलाधारहरूको पुनरुत्थान गरिनेछ र संवेदनशील जलाधारको संरक्षण तथा विकासका लागि विशेष जलाधार क्षेत्र घोषणागरी भू-उपयोगको आधारमा व्यवस्थापन गरिनेछ।<br>४. जलाधारसँग प्रत्यक्ष सम्वन्ध रहने उत्पादन क्षेत्र जस्तै वन, कृषि, पशु, खानेपानी र भूमि व्यवस्थापन एवम् जलबिद्युत, सिँचाइजस्ता विकास आयोजनाहरूबाट नदी किनारमा नकारात्मक असर पर्नबाट जोगाउन आवश्यक समन्वय कायम गरिनेछ। |
| ६. चुरे अतिक्रमण र वन्यजन्तु चोरी-शिकारीजस्ता गैरकानुनी र वातावरण बिनास गर्ने खुल्ला चरिचरन, वन डढेलोजस्ता कार्यमाथि नियन्त्रणका साथै कृषिवनजस्ता वैकल्पिक जीवनयापनका उपायहरूको | १. चुरे क्षेत्रको वातावरण र विकासबीच सन्तुलन कायम राखी र पूर्वाधार निर्माण कार्यक्रममा हुने वातावरणीय क्षतिलाई कम गर्ने उपायहरूलाई अवलम्वन गरिनेछ।<br>२. चुरेक्षेत्रको अतिक्रण र वन्यजन्तु चोरीशिकारीजस्ता गैरकानुनी र वातावरण बिनाश गर्ने खुल्ला चरिचरन, वन डढेलोजस्ता कार्यमाथि नियन्त्रणका साथै कृषि वनजस्ता वैकल्पिक जीवनयापनका उपायहरूको प्रवर्द्धन गरिनेछ। चुरे क्षेत्रको वन अतिक्रमण नियन्त्रणको लागि कार्ययोजना बनाई लागू गरिनेछ।<br>३. चुरेक्षेत्रलाई भू-उपयोग नीति अनुरूप वर्गीकरण गरी यसलाई अविच्छिन्न पारिस्थितिकीय प्रणालीको रूपमा दिगो व्यवस्थापन गरिनेछ। चुरे क्षेत्र भएर जाने सडक मार्गको निर्माण निरूत्साहित गरिनेछ। भैरहेका सडक मार्गको व्यवस्थापन र सम्भार निश्चित वातावरणीय मापदण्दहरू बनाई गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| प्रवर्द्धन गर्ने। | ४. प्रदेश भित्रको चुरेक्षेत्रमा कृषि-वन र चुरेमैत्री विकास र संरक्षण योजना तर्जुमा तथा कार्यान्वयन गरी चुरेमा आश्रित विपन्न वर्गले लाभ लिनसक्ने बनाइनेछ।<br>५. चुरेक्षेत्रको संरक्षण र व्यवस्थापनको लागि संघीय सरकार र स्थानीय तहसँग सहकार्य गरिनेछ। |

## ९. प्रमुख कार्यक्रमहरू

| प्रदेश आफैले गर्ने | स्थानीय तहलाई सहजीकरण गर्ने |
|---|---|
| १. प्रादेशिक वन तथा जलाधार व्यवस्थापनसम्बन्धी कानुन, नीति, मापदण्ड तर्जुमा र कार्यान्वयन।<br>२. वन र संरक्षित क्षेत्रहरूलाई जोड्ने जैविक मार्गको सर्वेक्षण र विकास।<br>३. प्रदेशअन्तर्गत रहेका वनस्पति उद्यान, प्राकृतिक सङ्ग्रालय र हर्वेरियमहरूको व्यवस्थापन तथा चिडियाखानाको स्तरोन्नति।<br>४. प्रदेशस्तरीय वन तथा जैविक विविधता अध्ययन, सर्वेक्षण तथा अनुसन्धान केन्द्रको स्थापना गरिनेछ।<br>५. बिद्युत प्रसारण लाइनहरूमा परेको जग्गाको एकीकृत व्यवस्थापन।<br>६. वनलाई उत्पादनमैत्री बनाई स्थानीय समुदाय र विपन्न वर्गले लाभ लिनसक्ने वातावरणको निर्माण। | १. खुल्ला चरिचरन, वन अतिक्रमण र डढेलो नियन्त्रण तथा व्यवस्थापनका लागि स्रोतहरूको उपलब्धता र व्यवस्थापकीय क्षमता अभिवृद्धि।<br>२. सामुदायिक वन, कबुलियती वनहरूको विकास र तिनको व्यवस्थापनबाट स्वच्छ विकास संयत्र र अन्य जलवायु कोषहरूबाट आर्थिक लाभ लिनेसम्बन्धी क्षमता विकास कार्यक्रम।<br>३. धार्मिक वनको खाली क्षेत्र, सार्वजनिक र खाली रहेका जग्गाहरूमा स्थानीय जनताको सहभागितामा कृषिवन कार्यक्रम सञ्चालन।<br>४. बहुउपयोगी र व्यवसायमूलक प्रजातिहरूको व्यापक वृक्षरोपणको कार्यक्रम सञ्चालन गर्ने र त्यसलाई सघाउन बहुआयामिक नर्सरी स्थापना।<br>५. पदमार्गहरूमा वन तथा |

| प्रदेश आफैले गर्ने | स्थानीय तहलाई सहजीकरण गर्ने |
|---|---|
| | वातावरणसम्बन्धी संस्थाहरूको सहकार्यमा वातावरण शिक्षा तथा प्रचार प्रसार केन्द्र स्थापना।<br>६. वनमा बढ्दो मिचाहा प्रजातिको रोकथामका लागि विशेष कार्यक्रम सञ्चालन। |

## १०. अपेक्षित उपलब्धि

प्रदेशस्तरीय वन तथा जलाधारको वैज्ञानिक व्यवस्थापनसम्बन्धी कानुन, नीति र मापदण्ड भएको हुने, प्रदेशभित्र वैज्ञानिक वन व्यवस्थापनको नमूना परियोजना सञ्चालन गरी मौजुदा एवम् उत्पादित वनपैदावारको उपयोग गर्ने क्षमता विकास भएको हुने, प्राकृतिक जैविकमार्गको विकास तथा मानव-वन्यजन्तुबीचको द्वन्द्व न्यून भएको हुने, समुदायमा आधारित वन व्यवस्थापन प्रणालीहरू अझ सुदृढ भएको र विपन्न वर्गलाई लाभ पुगेको हुने, नदी प्रणालीमा आधारित एकीकृत जलाधार व्यवस्थापनको योजना कार्यान्वयन भएको हुने, चुरे तथा वन अतिक्रमण र वन्यजन्तु चोरीशिकारी, वातावरण विनाश गर्ने खुल्ला चरिचरन, वन डढेलोजस्ता कार्यहरूको नियन्त्रण भएको हुने, कृषिवनजस्ता वैकल्पिक जीवनयापनका उपायहरूद्वारा विपन्न वर्गलाई टेवा पुगेको हुने, जैविक विविधताको संरक्षण भएको हुने र वन क्षेत्रको उत्पादकत्व वृद्धि भएर वन पैदावारको माग पूर्ति भई आयात न्यूनीकरण भएको र वन तथा प्राकृतिक श्रोतसम्बन्धी तथ्याङ्क दुरुस्त बनेको हुने।

# ६.२ वातावरण प्रदूषण नियन्त्रण

## १. पृष्ठभूमि

वातावरणीय प्रदूषण एक विश्वव्यापी समस्या हो। नेपाल यसमा अछुतो छैन। अहिले वातावरणमा देखिएका मुख्य समस्याहरूमा हावा, पानी, माटो र ध्वनिको प्रदूषण र फोहोरमैलाको व्यवस्थापन हुन्। सडकको धुलो-मैलो, ढल बनेका खोल्सा र नदीहरू, रासायनिक मल र विषादी मिसिएको माटो, शहर बजारको खैलाबैला, यत्रतत्र मिल्काइएका प्लास्टिकको झोला र फलफूलका बोक्राहरूले मानव स्वास्थ्य र पशुपन्छीसमेतलाई हानी पुर्याइरहेको छ। श्वासप्रश्वास र रक्तचापसम्बन्धी समस्या, अर्बुद रोग र अन्य स्वास्थ्य जटिलता निरन्तर बढिरहेका छन्। अन्ततः यसले पुऱ्याउने असर भनेको आर्थिक नोक्सानी, सामाजिक अवनति र मानवीय क्षति नै हो।

नेपालको संविधानले नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने र वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षति बापत पीडितलाई प्रदूषकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ। प्रदेशस्तरको वातावरण/प्रदूषणसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन, वातावरणीय सूचना प्रणालीको स्थापना, वातावरण प्रयोगशाला, हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन, इन्धनको गुणस्तर अनुगमन, न्यून कार्वनमुखीजस्ता विषय प्रदेशको कार्य क्षेत्रमा रहेका छन्।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र फोहोरमैला व्यवस्थापन ऐन, २०६८ ले स्थानीय तहलाई स्थानीयस्तरमा प्रदूषण नियन्त्रण र हानीकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन, फोहोर सङ्कलन, प्रशोधन तथा विसर्जन गर्न आवश्यक संरचनाहरूको निर्माण, सञ्चालन तथा व्यवस्थापन गरी स्वच्छ र स्वस्थ वातावरण कायम राख्ने जिम्मेवारी प्रदान गरेको छ। विकास आयोजनाहरूमा वातावरणीय प्रभाव मूल्याङ्कनलाई संस्थागत गर्ने प्रयत्न भएको छ। वायुको गुणस्तर एवम् सवारी प्रदूषणसम्बन्धी मापदण्डहरू निर्धारण गरी कार्यान्वयनमा ल्याइएको छ। पानीको स्रोतको संरक्षण र उचित उपयोग गर्ने र मुलुकलाई खुला दिसापिसाबमुक्त क्षेत्रको घोषणा गरी वातावरणीय सरसफाइमा विशेष जोड दिइएको छ। यी प्रयासहरू दिगो विकास लक्ष्यसित जोडिएका छन्।

## २. वस्तुगत स्थिति

हालै सार्वजनिक गरिएको 'इन्भारोमेन्ट परफरमेन्स इन्डेक्स २०१८ (ईपीआई) प्रतिवेदन अनुसार वायु प्रदूषणका हिसाबले नेपाल विश्वका १८० देशमध्ये १७६ औं स्थानमा छ र काठमाडौं तीन शीर्ष खराब वायु प्रदूषित शहरमा गनिन्छ। प्रदेशको प्रमुख शहरहरूमा वायुमा पीएम २.५ र पीएम १० को मात्रा मापदण्डभन्दा बढी छ। विश्व बैंक र आइएचएमई, २०१६ का अनुसार नेपालमा वायु प्रदूषणका कारण मृत्यु हुनेको सङ्ख्या २२ हजार ३८ छ जसले गर्दा अर्थतन्त्रमा २.८ खर्ब (कुल गार्हस्थ्य उत्पादनको ४.७५ प्रतिशत)ले ह्रास आएको छ। काठमाडौं उपत्यकाको प्रदूषणमा सवारी साधनको ३८ प्रतिशत हिस्सा छ र बाँकीमा सडकको धुलो २५, कृषिको १८, इँटाभट्टाको ११ प्रतिशत र बाँकी अन्यको छ। काठमाडौंमा जनसङ्ख्या ४.३५ प्रतिशतले बढिरहेको छ भने सवारी साधनको सङ्ख्या वर्षेनी १२५ प्रतिशतले बढिरहेको छ। आ.व. २०७२/०७३ को अन्त्यसम्म काठमाडौं उपत्यकामा मात्र ३९३९ उद्योगहरू दर्ता भएका थिए। यसरी उद्योग दर्ताले काठमाडौं र ललितपुर क्रमशः एक र दुई नम्बरमा पर्छन्। इइसीको प्रतिवेदनअनुसार काठमाडौं जिल्लामा मात्र २०० वटा इँटाभट्टाहरू सञ्चालनमा छन्।

सन् २०१२ को अध्ययन अनुसार नेपालका साविकको ५८ नगरपालिकामा दैनिक १ हजार ४३५ टन फोहोर उत्पादन हुन्छ, यसमा प्रदेशका १८ वटा नगरपालिकाको हिस्सा ५३.५५ प्रतिशत छ। नगरपालिकाहरूमध्ये सबैभन्दा धेरै फोहर उत्पादन काठमाडौं महानगरपालिकामा हुन्छ। घरबाट निस्कने फोहोरहरूको विश्लेषण गरी हेर्दा अधिकांश फोहोर कुहिने खालका र कतिपय पुनः प्रयोगयोग्य भएको पाइएको छ। सो अध्ययन अनुसार २५५ टन कागजजन्य फोहोर, १८५ टन प्लास्टिकजन्य र अन्यमा शिशा, कपडा, धातु र रबर छाला रहेका छन्।

## ३. समस्या र चुनौती

नेपाल जस्तो विकासोन्मुख देशका लागि वातावरणीय प्रदूषणको समाधान र फोहोरमैलाको व्यवस्थापन जटिल र प्राविधिक रूपमा अत्यन्त चुनौतीपूर्ण छ। प्रमुख वातावरणीय समस्याहरूमा मुख्यतः वायु प्रदूषण, नदी प्रदूषण र फोहोरमैला नै हुन्। प्रदेशमा बढ्दो उद्योग तथा सवारी सङ्ख्या र तिनबाट निस्कने धुवाँ, जनस्वास्थ्यको कुनै पर्वाह नगरी गरिने पूर्वाधार निर्माण, समन्वयबेगरको सडक खन्ने र पुर्ने कामका कारण यहाँका मानिसहरूको जीवन जहिल्यै कष्टकर भइहेको छ। वायु प्रदूषणका कारण रुघाखोकी र आँखा चिलाउने समस्या आमरूपमा देखिने गरेको छ भने हावामा मिसिएका हेभीमेटल पार्टिकल्स लगायतका हानिकारक क्यान्सर गराउने तत्वले दम, खोकी, छातीको सङ्क्रमण, क्यान्सरजस्ता दीर्घरोगको सङ्क्रमण बढाएको छ। अव्यवस्थित शहरीकरण, जनसङ्ख्या वृद्धि, बढ्दो औद्योगीकीकरण तथा भूमि प्रदूषण र त्यहाँबाट निस्केका रसायनहरू, शौचालयका ढल र प्लास्टिकहरू सिधै नदीनालामा मिसाउनाले प्रदेशका प्राय सबै नदीहरू त्रिशुली, नारायणी, वागमती, भोटेकोशी, सुनकोसी आदिको पानीको गुणस्तरमा ह्रास आएको छ। त्यस्तै घर, अस्पताल लगायतका व्यवसायिक स्थलहरू, उद्योग कलकारखानाबाट निक्लने फोहोरमैलाको व्यवस्थापन प्रदेश अर्को प्रमुख समस्या हो। ग्रामीण भेगबाट शहरमा भइरहेको तीव्र बसाइँसराइ र बढ्दो उपभोग प्रवृत्तिजस्ता कारण फोहोरको उत्पादन बेस्सरी बढिरहेको छ। फोहोर सङ्कलन राम्रो व्यवस्थापन नहुँदा यहाँका शहरहरू दुर्गन्धित भई झरी र गर्मीको मौसममा हजारौं मानिस झाडापखाला, टाइफाइड, जन्डिस आदिबाट ग्रसित हुने गरेको पाईएको छ। यी सबैको असर जनजीविका, पशुपन्छी र पर्यटनमा प्रत्यक्ष परिरहेको छ।

बढ्दो शहरीकरण र अव्यवस्थित बस्ती विकासका कारण वायु प्रदूषण हुनु, पानीका स्रोतहरू सुक्दै जानु र दूषित हुनु, माटो बिग्रनु, ध्वनि प्रदूषण हुनु, प्रदूषणकारी सवारी साधन, उद्योग र इँटाभट्टाहरूलाई विस्थापित गर्न नसक्नु, निर्माणाधीन आयोजनाहरू समयमै सम्पन्न नहुनु, सहरी बस्तीमा ढल निकासको व्यवस्था नहुनु, प्लाष्टिक, रसायन तथा सिसायुक्त फोहोरको सुरक्षित विसर्जन हुन नससक्नुजस्ता समस्याहरूलाई समाधान गर्न आवश्यक कानुन बनाई तिनको कार्यान्वयन गर्नु, त्यस निम्ति पर्याप्त

बजेटको व्यवस्था गर्नु, संस्थागत पूर्वाधार बनाउनु, फोहरबाट मोहर उत्पादन हुने प्राविधिक ज्ञानको प्रसार गर्नु, दक्ष—तालिम प्राप्त मानव स्रोत जुटाउनु र सरोकारवाला निकायहरूबीच प्रभावकारी समन्वय कायम गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन्।

## ४. अवसर

प्रदेशमा विशिष्टीकृत निकायको रूपमा उद्योग, वन तथा वातावरण मन्त्रालयको गठन हुनु, वायु पानी र ध्वनि प्रदूषण नियन्त्रण सेवा एवम् संरचनाको विकास तथा बिस्तारमा स्थानीय निकाय, विकास साझेदार, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, गैरसरकारी संस्था तथा उपभोक्ता समितिहरू र नागरिकको सहभागिता बढ्दै जानु, फोहोरलाई ऊर्जाको स्रोतमा परिवर्तन गर्न प्रविधि विकास गर्नु, फोहोर व्यवस्थापनको नीति, रणनीति र निर्देशिका बनाउनु र सरसफाइ कार्यक्रमले सामाजिक अभियानको रूप लिनु नयाँ अवसरहरू हुन्।

## ५. दीर्घकालीन सोच

स्वस्थ जीवनका लागि स्वच्छ वातावरण

## ६. लक्ष्य

बढ्दो शहरीकरणबाट उत्पन्न वातावरणीय प्रदूषणको न्यूनीकरण गरी वातावरणीय स्वच्छता कायम गर्ने।

## ७. उद्देश्य

१. वायु प्रदूषण नियन्त्रण गरी नागरिकहरूको स्वास्थ्यमा सुधार ल्याउनु,
२. नदीहरूमा हुने प्रदूषण न्यूनीकरण गरी त्यहाँको परिस्थितिकीय प्रणालीमा सुधार गर्नु,
३. फोहोरमैलाको उचित व्यवस्थापन र पुनर्प्रयोगका उपायहरूबाट रोजगारी सृजना गर्नु र
४. धुँवाधूलो तथा आवाजबाट सिर्जित प्रदूषणको नियन्त्रणमा आवश्यक प्रणाली अवलम्बन गर्नु।

## ८. रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. यातायातका साधानहरू तथा उद्योगलाई वातावरणमैत्री उन्मुख, वैकल्पिक | १. सार्वजनिक निजी साझेदारीमा शहर बस्तीमा विद्युतीय सार्वजनिक यातायात प्रणालीलाई सञ्चालनमा ल्याइने छ र हरियाली वृद्धि गरिनेछ।<br>२. प्रमुख क्षेत्रहरूमा सवारी प्रदूषण मापनका लागि स्वचालित प्रविधिको स्थापना गर्दै सवारीसाधनको आयु, प्रदूषण मापदण्ड |

| रणनीति | कार्यनीति |
|---|---|
| ऊर्जा र स्वच्छ प्रविधिको प्रयोग तथा हरियाली वृद्धि गर्ने। | र क्षमताको पुनर्मापन गरी कानुनमा भएका व्यवस्था कडाइका साथ लागू गरिनेछ।<br>३. वैकल्पिक तथा नवीकरणीय ऊर्जाबाट चल्ने सवारीसाधनहरूलाई प्रोत्साहन गर्दै वि.सं. २०८५ वैशाख १ गतेदेखि काठमाडौं उपत्यका, चितवन, हेटौंडा, बनेपा, धुलिखेल र पनौतीमा पेट्रोलियम पदार्थमा आधारित सवारीसाधनमा पूर्ण प्रतिबन्ध लगाइनेछ।<br>४. प्रदूषणकारी उद्योगहरूलाई मानव बस्तीभन्दा पर सारी आधुनिक प्रविधिसहितको वातावरणमैत्री उद्योगलाई प्राथमिकता, प्रोत्साहन, अनुदान दिइनेछ।<br>५. बायोग्याँस, सुधारिएको चुलो, ग्यासीफायर, बायोब्रिकेटजस्ता किफायती जैविक ऊर्जाहरूको प्रवर्धन एवम् बिस्तार गरिनेछ।<br>६. पेट्रोलियम पदार्थको आंशिक विकल्पका रूपमा जैविक इन्धनको उत्पादन गर्न किसान र उद्यमीहरूलाई प्रोत्साहित गर्न आवश्यक नीति तर्जुमा गरिनेछ।<br>७. गरिब र विपन्नवर्गसम्म नवीकरणीय ऊर्जा प्रविधिको पहुँच सुलभ गरी दाउराको प्रयोग कम गरिनेछ। |
| २. नगर तथा नगर उन्मुख क्षेत्रमा ढल प्रशोधन, फोहोरमैला व्यवस्थापन, पुनःप्रशोधन र पुनःप्रयोग विधि अवलम्बन गर्ने। | १. प्रदेशका प्रमुख शहर, नगरपालिका र गाउँपालिकामा खानेपानी, ढल निकास तथा प्रशोधन आयोजनाहरूको अध्ययन गरी निर्माण कार्य प्रारम्भ गर्नुका साथै सञ्चालित आयोजनाहरूको स्तरोन्नति गरिनेछ।<br>२. नदीनालाहरू तथा अन्य पानीका स्रोतहरूको संरक्षण र वातावरणीय व्यवस्थापन गर्ने कार्य सञ्चालनमा ल्याइनेछ।<br>३. राजमार्ग छेउ जथाभावी फोहर र शौच गर्ने र नदी किनारमा जथाभावी सवारी साधन धुने, पखाल्ने कार्यमा नियन्त्रण गरी शौचालय र सर्बिस सेन्टरहरूको विकास गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४. "एक घर एक शौचालय" को योजनालाई कार्यान्वयनमा ल्याई सार्वजनिक स्थानहरूमा शौचालय निर्माण गरी प्रदेशलाई खुला दिसामुक्त घोषणा गरिनेछ।<br>५. फोहरमैलाको उपयुक्त व्यवस्थापन गर्न फोहर पुनःप्रशोधन, पुर्नप्रयोग र प्राङ्गारिक मल उत्पादन गर्नेजस्ता कार्यक्रम सञ्चालनका लागि स्थानीय तहमा फोहोर प्रशोधन केन्द्र र अन्तरपालिका साझेदारीमा एकीकृत फोहरमैला व्यवस्थापन केन्द्रको स्थापना गरिनेछ। नयाँ र विकास हुँदै गरेका शहरहरूमा घरपरिवारकै तहदेखि "शून्य फोहर" को व्यवस्था कार्यान्वयन गरिनेछ।<br>६. संघीय सरकारको समन्वयमा फोहोरबाट ऊर्जा उत्पादन गर्ने आवश्यक प्रविधि र प्रणालीहरूको प्रवर्द्धन र बिस्तार गरिनेछ। |
| ३. कीटनाशक विषादी र रासायनिक मल प्रयोगलाई दुरुत्साहन गरी जैविक उपाय र प्राङ्गारिक मलको प्रयोग र प्लाष्टिक झोलाको सट्टामा स्थानीय सामग्रीबाट उत्पादित वातावरण मैत्री झोला उपयोगमा ल्याउने। | १. आगामी तीन बर्षभित्र प्लाष्टिक झोलामुक्त प्रदेश बनाइनेछ।<br>२. स्थानीय सामग्रीको प्रयोग गरी "हरित झोला" उत्पादन गरी प्रयोगमा ल्याइनेछ।<br>३. अस्पताल र अन्य संस्थागत हानिकारक फोहरहरू व्यवस्थापन गर्न अटो-क्लेभजस्ता प्रभावकारी प्रविधिको प्रयोग गरिनेछ।<br>४. प्राङ्गारिक मल तथा जैविक विषादी उद्योग स्थापना तथा ' ब्लाक् सोल्जर फ्लाई प्रविधि' लगायतका प्रविधिहरूको प्रवर्द्धन गर्दै प्राङ्गारिक खेतीका सम्भावित वस्तु र क्षेत्रहरूको पहिचान एवम् उत्पादन गरी "हरित-वस्तु"को ब्रान्ड प्रवर्द्धन र बजारीकरण गरिनेछ।<br>५. कीटनाशक औषधी व्यवस्थापन गर्ने काममा स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ। |
| ४. प्रदूषण नियन्त्रणका | १. प्रदूषण नियन्त्रण र फोहोर व्यवस्थापनसँग सम्बन्धित |

| रणनीति | कार्यनीति |
|---|---|
| लागि संस्थागत क्षमता अभिवृद्धि गरी वातावरण व्यवस्थापनलाई विकास कार्यक्रमको अभिन्न अङ्गका रूपमा आवद्ध गर्ने। | कानुनहरूको तर्जुमा र विद्यमान कानुनहरू, वातावरणीय नीति नियम अद्यावधिक, संयन्त्रको सबलीकरण र संस्थागत क्षमता विकास गरिनेछ।<br>२. प्रदूषण मापन र फोहोर वस्तुको प्रयोग एवम् नवीकरणीय ऊर्जासम्बन्धी प्रादेशिक अनुसन्धान तथा विकास केन्द्रको स्थापना गरी वैज्ञानिक अनुगमनसमेत गरिनेछ।<br>३. वातावरणीय चेतना र सावधानी, फोहर बर्गीकरण र फोहोर व्यवस्थापनसम्बन्धी शैक्षिक तथा जनचेतनाका कार्यक्रमहरूलाई तीब्र पारिनेछ।<br>४. "प्रदुषकले नै वेहोर्ने" भन्ने सिद्धान्त अनुरूप आवश्यक संयन्त्रको विकास एवम् कार्यान्वयन गर्दै वातावरणीय सीमाको निरूपण गरिनेछ। |

## ९. प्रमुख कार्यक्रमहरू

| प्रदेश आफैले सम्पादन गर्ने | स्थानीय तहलाई सहजीकरण गर्ने |
|---|---|
| १. प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि, वातावरण, फहोरमैला व्यवस्थापन, जैविक इन्धन, हानिकारक पदार्थ तथा बिद्युतीय लगायतका प्रदूषणसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियन्त्रण।<br>२. प्रदेशस्तरमा वातावरणीय प्रदूषण, फोहोर तथा जैविक इन्धन लगायतका वैकल्पिक ऊर्जासम्बन्धी अनुसन्धान तथा विकास केन्द्रको स्थापना र सञ्चालन।<br>३. "हरित उत्पादन"का परियोजनाहरूको | १. वातावरणमैत्री प्रविधि प्रयोग गर्न प्रोत्साहन गर्दै वातावरणसँग सम्बन्धित क्षमता अभिवृद्धि, सुशासन तथा परीक्षण कार्यक्रम।<br>२. प्लास्टिकका झोलाको प्रयोगमा नियन्त्रण एवम् नियमन र बिद्युतीय तथा हानिकारक फोहोरमैला व्यवस्थापन।<br>३. विषादी न्यूनीकरण अभियान तथा बाली-नालीमा विषादीको अवशेष तथा जोखिमसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन।<br>४. बायोग्याँस, सुधारिएको चुलो तथा बायो |

| प्रदेश आफैले सम्पादन गर्ने | स्थानीय तहलाई सहजीकरण गर्ने |
| --- | --- |
| कार्यान्वयन | ब्रिकेटको व्यापक बजारीकरण तथा प्रवर्द्धन |

## १०. अपेक्षित उपलब्धि

प्रदेशमा वायुप्रदूषण नियन्त्रण भई यहाँका नागरिकहरूको स्वास्थ्यमा सुधार आएको हुने, नदीहरूमा हुने प्रदूषण घटेर त्यहाँको परिस्थितिकीय प्रणाली स्वस्थ भई तिनमा आश्रित मानिसको जीविका र जलीय जीवहरूको सुरक्षा भएको हुने, फोहोरमैलाको व्यवस्थापन र पुनर्प्रयोग साथै वैकल्पिक ऊर्जाका कार्यक्रमहरू सञ्चालन भएर स्थानीयबासी खासगरी गरीब वर्गलाई रोजगारी मिलेको र उद्‌घमी किसानहरूलाई अर्थोपार्जनमा प्रोत्साहन पुगेको हुने।

# ६.३ जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण

## १. पृष्ठभूमि

अहिले भइरहेको जलवायु परिवर्तनलाई मानव इतिहासकै सबैभन्दा ठूलो वातावरणीय समस्या मानिन्छ। जलवायु परिवर्तनले नेपालमा विविध प्रकारका वातावरणीय परिवर्तनहरू देखापरेका छन्, जस्तै हिउँ र हिमनदी पग्लने क्रममा तीव्रता, औसत तापक्रममा वृद्धि, चरम मौसमी अवस्थाहरू आदि। खडेरी, अति वर्षा, बाढी, पहिरो, रोग-व्याधि, चट्याङ, आगलागी आदिले मानव स्वास्थ्य, कृषि, खाद्य सुरक्षा, वन, जैविक विविधता, भौतिक संरचना आदि सबै क्षेत्रमा र अन्ततः देशको अर्थतन्त्र र सामाजिक व्यवस्थामा नकारात्मक प्रभाव विशेषत तीव्र गतिमा भइरहेको जलवायु परिवर्तनको पछाडि मानवीय क्रियाकलापहरू जस्तै औद्योगिकीकरण, जैविक ईन्धन प्रयोग गर्ने यातायातका साधनहरूको बढ्दो प्रयोग र भौतिक पूर्वाधार निर्माण, वनजङ्गल विनाश बढी जिम्मेवार रहेको छ। विश्वको कुल हरितगृह ग्याँस उत्सर्जनमा नेपालको योगदान न्यून (०.०२७ प्रतिशत)छ। तर जलवायु परिवर्तन देशहरूको साँध-सिमानाभित्र सीमित रहन्न।

नेपालले जलवायु परिवर्तन सम्बद्ध अन्तर्राष्ट्रिय सम्झौता र सन्धिहरूमा सम्मिलन हुँदै तदनुरूप जलवायु परिवर्तन नीति २०११, राष्ट्रिय अनुकूलन कार्यक्रम २०१०, स्थानीय अनुकूलन कार्ययोजना २०११ र राष्ट्रिय अनुकूलन योजना २०१७ जस्ता राष्ट्रिय नीति तथा संस्थागत संयन्त्रहरूको व्यवस्था गरेको छ। यी नीतिहरूमा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न हरित विकासको अवधारणालाई आत्मसात् गरिएको छ र अनुकूलनका रणनीतिक कार्यक्रमहरूको तर्जुमा, कार्बन व्यापारको थालनी, वातावरणीय संवेदनशीलताका मुद्दाहरूको आन्तरिकीकरण र सम्बोधनजस्ता प्रयासहरू भइरहेका छन्।

यस क्षेत्रमा लगानी यकिन गर्न जलवायु परिवर्तन बजेट सङ्केतको व्यवस्थासमेत गरिएको छ। नेपालले सन् २०१५ मा भएको जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता कार्यान्वयन प्रारम्भ गरेको छ। वातावरणीय प्रभाव मूल्याङ्कनलाई संस्थागत गर्ने प्रयत्न भएको छ। वायुको गुणस्तरसम्बन्धी मापदण्ड एवम् नेपाल सवारी प्रदूषणसम्बन्धी मापदण्डहरू निर्धारण गरी कार्यान्वयनमा ल्याइएको छ। क्योटो प्रोटोकल अन्तर्गत कार्बन व्यापारबाट नेपालले आम्दानी प्राप्त गर्न सुरु गरिसकेको छ।

प्रदेशस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरितक्षेत्र प्रबर्द्धन प्रदेशको कार्यक्षेत्रमा पर्छन। यस्ता नीति, ऐन, नियम, मापदण्ड तयार गरी प्रभावकारी रूपले कार्यान्वयन हुनु आवश्यक छ।

## २. वस्तुगत स्थिति

सन् २०१२ मा प्रकाशित एक प्रतिवेदनले नेपाललाई जलवायु परिवर्तनका कारण विश्वमै चौथो संकटग्रस्त मुलुकमा राखेको छ। नेपालले सन् २०१० मा तयार गरेको जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय अनुकूलन कार्यक्रमले कृषि र खाद्य सुरक्षा, जलश्रोत र ऊर्जा, वन र जैविक विविधता, जनस्वास्थ्य, शहरी बसोवास र पूर्वाधार, जलवायु सिर्जित प्रकोपजस्ता ६ क्षेत्रहरूलाई बढी जोखिमजन्य क्षेत्रहरूको रूपमा परिभाषित गरिसकेको छ।

नेपालको तापक्रम वर्षेनि ०.०६ डिग्री सेल्सियसले बढिरहेको छ। प्रदेशको उच्च पहाडी क्षेत्रहरू रसुवा र दोलखामा अझै बढी ०.८६ डिग्री सेल्सियस, भित्री मधेस चितवनमा ०.२१ डिग्री सेल्सियस र अन्य बाँकी स्थानमा सरदर ०.०५ डिग्री सेल्सियसका दरले बार्षिक तापक्रममा वृद्धि देखिएको छ। समग्रमा नेपालमा भइरहेको वर्षाको प्रबृत्ति स्पष्ट छैन तथापि काठमाण्डौबाहेक अन्य स्थानमा केही मात्रामा घटिरहेको देखिन्छ। सिन्धुली र रामेछापमा खडेरी लाग्ने गरी ९.९ मि.मि. प्रतिवर्षका दरले वर्षा घटिरहेको पाइन्छ। नेपालका पहाडी जिल्लाहरूमा १.० डिग्री तापक्रम बढ्दा झाडा पखालाको सङ्क्रमण दर ९ प्रतिशत देखि १३ प्रतिशतसम्म बढ्ने गरेको अनुमान छ।

## ३. समस्या र चुनौती

जलवायु परिवर्तनले प्रदेशमा मुख्यतः जलस्रोत तथा ऊर्जा, पूर्वाधार र शहरी विकास, मानव स्वास्थ्य, कृषि तथा खाद्य सुरक्षा र वन तथा जैविक विविधतामा असर पारिरहेको छ।मूल सुकेर पानीको अभाव हुँदा अन्यत्र बसाइँसराइ बढिरहेको छ। यस्तै हिमालको हिउँ पग्लने, मौसम छिनछिनमा परिवर्तन हुने घटनाले जलबिद्युत तथा वैकल्पिक ऊर्जाको स्रोतमा पनि असर परिरहेको छ। लामो समयसम्म वर्षा नहुँदा जलाशयहरू नभरिने अनि अकस्मात अत्यधिक पानीले बाढी र पहिरो आएर जलायशमा माटो, ढुङ्गा र बालुवा थुप्रिंदा जलबिद्युत आयोजना प्रभावित भइरहेका छन्। अप्रत्यासित रूपमा हुने बाढीपहिरो

लगायतका विपद्का घटनाले नदी तथा खोला किनार भएर निर्माण गरिएका राजमार्ग, बाटो र पुलपुलेसाजस्ता विकासका पूर्वाधार  बगाउने र पुरिने क्रम जारी छ। पछिल्लो चरणमा जलवायु परिवर्तनको प्रभावले विकसित भएका घटनालाई आधार मानेर बस्ती विकास हुने वा विकास भङ्ग हुनेक्रम पनि बढिरहेको छ। जलवायु परिवर्तनले गर्दा डेंगु, मलेरिया, टाइफाइड, झाडा पखालाजस्ता रोगको सङ्क्रमण बढेको छ। नयाँ-नयाँ रोग देखिनु, तराईमा देखिंदै आएका रोग पहाडी भेगमा पनि देखिन थालेका छन्। जलवायु परिवर्तनको प्रत्यक्ष असर कृषिक्षेत्रमा परिरहेको छ। उचित समयमा पानी नपर्ने, लामो समयसम्म खडेरी लाग्ने, अतिवृष्टि भै बाढीपहिरो जाने, उष्ण प्रदेशीय रोग कीराहरूको फैलावट हुने, खेत र वनमा मिचाहा प्रजातिको बिस्तारले खेती प्रणालीमा प्रत्यक्ष असर पारिरहेको छ। जलवायु परिवर्तनको असर स्वरूप वनमा मिचाहा प्रजातिको वृद्धि भएको छ। कतिपय लोपोन्मुख  वन्यजन्तु तथा वनस्पतिको वासस्थान बिग्रँदा उनीहरू सङ्कटमा पर्दैछन्। उपलब्ध पानीको संचय गर्नु, मानवीय क्रियाकलापहरूबाट हुने विपद् व्यवस्थापन गर्नु, बढ्दो रोग कीरा र किटाणुहरूको नियन्त्रण गर्नु, खाद्य सुरक्षा गर्नु र मिचाहा प्रजातिको वनस्पतिको रोकथाम गर्नु यस क्षेत्रका प्रमुख चुनौती रहेका छन्।

## ४. अवसर

दिगो विकासका लक्ष्यहरूमा प्रादेशिक सरकारबाट प्रतिबद्धता जाहेर गर्नु, प्रादेशिक सरकारबाट स्वच्छ वातावरणमा बाँच्न पाउने हकको सुनिश्चतता गर्नु, जलवायु परिवर्तनका क्षेत्रमा दाताहरूको सहयोग भित्रिनु र जलवायु परिवर्तन बहुसरोकारको विषय बन्नु नयाँ अवसरहरू हुन्।

## ५. दीर्घकालीन सोच

जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरण मार्फत स्वच्छ एवम् स्वस्थ प्रदेश निर्माण

## ६. लक्ष्य

जलवायु परिवर्तनका असरहरू न्यूनीकरण तथा अनुकूलन भई हरित गृह ग्याँस उत्सर्जनमा कमी आउने।

## ७. उद्देश्य

पानीको दिगो उपलब्धता, जलवायुजन्य विपद्का असरहरूको न्यूनीकरण, जलवायु परिवर्तनले मानव स्वास्थ्यमा पार्ने असरको नियन्त्रण र जलवायु परिवर्तनले कृषि र खाद्यान्न सुरक्षामा पारेको असरसित अनुकुलित हुँदै त्यसबाट सिर्जित लाभ र जलवायु कोष र संयन्त्रहरूबाट हुने लाभको अधिकतम् उपयोग गर्नु।

## ८. रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. उपलब्ध पानीका श्रोतहरूको संरक्षण तथा वैकल्पिक उपायहरू अवलम्बन गर्ने। | १. पानीका स्रोतहरूको पहिचान गर्ने, संरक्षण गर्ने र वर्षातको पानी सङ्कलन गर्ने प्रविधि र पद्धतिलाई प्रवर्द्धन गरिनेछ।<br>२. जलाधार पुनरुत्थान र नदीहरूको प्राकृतिक बहाव कायम गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछन्।<br>३. स्थानीय अनुकूलन कार्ययोजनालाई व्यापक बनाई अनुकूलनलाई विकास कार्यक्रमसित आवद्ध गरिनेछ।<br>४. स्थानीय र आधुनिक ज्ञानलाई संयोजन गर्दै जलस्रोत र ऊर्जाको व्यवस्थापनमा अनुकूलनका कार्यक्रम सञ्चालन गरिनेछ।<br>५. नदी, ताल, पोखरी र सीमसार क्षेत्रको संरक्षणका कार्यक्रमहरू सञ्चालन गरिनेछ। |
| २. जलवायु ज्ञान व्यवस्थापन तथा मौसम पूर्वानुमान प्रणालीलाई सुदृढीकरण गर्दै विपद् न्यूनीकरण गर्ने। | १. मौसम पूर्वानुमान प्रणाली र तथ्याङ्क सङ्कलन पद्धतिलाई संघीय सरकारसँग सहकार्य गरी स्वचालित प्रणाली (उच्च प्रविधियुक्त मौसमी राडार, माथिल्लो वायुमण्डलको सूचना लिने, चट्याङसम्बन्धी सूचना दिने संयन्त्र र उच्च गतिको कम्प्युटर प्रणाली)मा स्तरोन्नति गरिने छ र प्रदेशस्तरको जल तथा मौसम सूचना सेवा केन्द्रको स्थापना गरिनेछ।<br>२. आधुनिक प्रविधि अनुरूप बाढी भविष्यवाणी प्रणालीको सुरुवात गरिनेछ। संघको सहकार्यमा उच्च क्षेत्रमा अवस्थित जोखिममा रहेका हिमतालहरूको सर्वेक्षण, अनुगमन एवम जोखिम न्यूनीकरणका कार्यहरू गरिनेछ।<br>३. प्रमुख पर्यटकीय क्षेत्रहरूमा जलवायुजन्य प्रकोपका घटनाहरू केलाउने तथा जोखिम न्यूनीकरण एवम पूर्वतयारी योजना तयार गरी कार्यान्वयन गरिनेछ।<br>४. बाढी र नदी कटानको समस्यालाई समाधान गर्न तटबन्ध कार्यक्रमलाई प्रभावकारी गरिनेछ र पूर्वाधार विकासलाई |

| | |
|---|---|
| | वातावरणमैत्री बनाइनेछ।<br>५. जलवायु परिवर्तन शिर्षक अन्तर्गत छुट्टयाइने बजेटको ठूलो हिस्सा स्थानीय तहमा खर्च गरिनेछ। |
| ३. चरम जलवायुजन्य घटनाहरूको पहिचान गरी मानवस्वास्थ्यको रक्षा गर्ने। | १. प्रदेशमा रहेका अस्पताल र स्वास्थ्य सेवा केन्द्रहरूमा जलवायु परिवर्तनले ल्याएका र ल्याउन सक्ने रोगहरूको निदान गर्नसक्ने क्षमता अभिवृद्धि गरिनेछ।<br>२. जलवायु परिवर्तनले मानव स्वास्थ्यमा पारेको प्रभाव र अनुकूलनसम्बन्धी तालिम लगायत चेतन कार्यक्रम सञ्चालन गरिनेछ।<br>३. जलवायु परिवर्तनबाट फैलिन सक्ने रोगव्याधि र सोको नियन्त्रणमा स्वास्थ्य व्यवसायी र सम्बन्धित सरोकारवालाहरूको अभिमुखीकरण एवम् क्षमता विकास गरिनेछ। |
| ४. जलवायुमैत्री ऊर्जा र कृषिप्रबिधिको छनौट र बिस्तार गर्ने। | १. हरित अर्थतन्त्रमा आधारित विकास अवधारणालाई आर्थिक क्रियाकलापका विविध क्षेत्रहरूमा लागू गर्न प्रोत्साहित गरिनेछ।<br>२. कृषि (पशुपन्छीसमेत) जैविक विविधताको संरक्षण गर्दै जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न अनुसन्धानमा आधारित वातावरणमैत्री र जलवायु सशक्त कृषि प्रविधिको विकास र बिस्तार गरिनेछ।<br>३. जलवायु परिवर्तनबाट प्रभावित क्षेत्रमा उपयुक्त कृषि प्रणाली र वैकल्पिक ऊर्जा प्रविधिको पहिचान, प्रवर्द्धन र प्रसार गरिनेछ।<br>४. स्थानीय पराम्परागत ज्ञानलाई प्रयोग गरेर कृषि व्यवस्थापनमा अनुकूलनका कार्यक्रम सञ्चालन गरिनेछ।<br>५. विश्वविद्यालय र अनुसन्धान केन्द्रहरूमार्फत् खडेरी वा अधिक बर्षा सहनसक्ने बालीहरूको अनुसन्धान तथा विकास र बाली विविधीकरण, एवम् जलवायुमैत्री मासु उत्पादकत्व वृद्धि गर्ने |

| | |
|---|---|
| | उपायहरूको विकास गरिनेछ। |
| ५. अन्तर्राष्ट्रिय अभिसन्धिहरूबाट बनेका जलवायुकोष र संयन्त्रहरूबाट उपलब्ध वित्तीयसहयोग तथा लाभ हासिल गर्ने। | १. सामुदायिक वनमार्फत् स्वच्छ विकास संयत्रबाट लाभ लिने।<br>२. स्थानीय परम्परागत ज्ञानलाई आधार मानेर जैविक विविधता व्यवस्थापनमा अनुकूलनका कार्यक्रम सञ्चालन गरिनेछ।<br>३. मिचाहा प्रजातिको नियन्त्रणको लागि अनुसन्धानसहितको विशेष कार्यक्रम सञ्चालन गरिनेछ।<br>४. बहुउपयोगी र व्यवसायिक प्रजातिहरूको वृक्षरोपणको अभियान व्यापक गरिनेछ। |

## ९. प्रमुख कार्यक्रमहरू

| **प्रदेश आफैले सम्पादन गर्ने** | **स्थानीय तहलाई सहजीकरण गर्ने** |
|---|---|
| १. जलवायु परिवर्तनको क्षेत्रमा प्रदेशको संस्थागत क्षमता सुदृढीकरण र जनशक्ति विकास<br>२. स्वच्छ विकास संयन्त्रसम्बन्धी क्षमता अभिवृद्धि तथा जलवायु परिवर्तन सहयोगहरू परिचालन<br>३. जल तथा मौसमसम्बन्धी तथ्याङ्क सङ्कलन र मौसम पूर्वानुमान लगायतका सूचना सेवा<br>४. हरित अर्थतन्त्रको मार्गनिर्देशिका तर्जुमा र कार्यान्वयन<br>५. जलवायु परिवर्तन न्यूनीकरण अनुकूलन तथा समानुकुलन कार्यक्रम | १. जलवायु परिवर्तन र अनुकूलसम्बन्धी बुझाई र तालिम सञ्चालन<br>२. जल तथा मौसममापन केन्द्रहरूको निगरानी तथा तथ्याङ्क सङ्कलन<br>३. जलवायु अनुकूलित गाउँको स्थापना र विकास<br>४. खडेरी खप्न सक्ने र रोग नलाग्ने उन्नत जातका बालीको प्रवर्द्धन<br>५. थोपा सिँचाइ, आकाशे पानीको सङ्कलन, वैकल्पिक ऊर्जाजस्ता प्रविधिहरूको प्रवर्द्धन |

## १०. अपेक्षित उपलब्धि

जलवायु परिवर्तनसम्बन्धी दक्ष जनशक्तिसहित संस्थागत व्यवस्था भई प्रादेशिक अनुकूलन योजना तयार भएर कार्यान्वयनमा गएको हुने, पानीका मौजुदा श्रोत संरक्षण तथा विकल्पहरू बनेको हुने, मौसम

मापन केन्द्रहरूको स्थापना भई पूर्वानुमान तथा सूचना सेवा सञ्चालनमा आई जलवायुजन्य विपद्का असरहरूको न्यूनीकरण भएको हुने, जलवायु परिवर्तनसम्बन्धी सचेतना वृद्धि र जलवायु परिवर्तनले स्वास्थ्यमा ल्याउने समस्याको पहिचान तथा नियन्त्रणमा पहल भएको हुने, कृषि तथा खाद्यान्न सुरक्षामा पारेको असरसित अनुकूलित हुँदै त्यसबाट सिर्जित लाभ र जलवायु कोष तथा अन्य संयन्त्रहरूबाट हुने लाभको अधिकतम् उपयोग गरिएको हुने।

## ६.४ विपद् जोखिम व्यवस्थापन

### १. पृष्ठभूमि

विपद् प्राकृतिक वा मानवीय क्रियाकलापको परिणामस्वरूप विकसित आकस्मिक वा अप्रत्याशित घटना हो। तथापि, विपद्को प्रकृति, सुरक्षा, पूर्वतयारी तथा न्यूनीकरण लगायतका विषयको बुझाई र पूर्वतयारी भए मानवीय, आर्थिक तथा भौतिक क्षति घटाउन सकिन्छ। विगत वर्षहरूमा नेपालसहित विश्वव्यापी रूपमै र खास गरेर प्रदेशमा प्राकृतिक प्रकोपहरूमा भएको वृद्धि र क्षतिले यो विषय विकास योजनामै आवद्ध गर्नुपर्ने देखिएको छ। विपद् व्यवस्थापनको विषय सामुदायिक सशक्तीकरण, वातावरण संरक्षण तथा स्रोतको दिगो उपयोगसम्बन्धी चेतना र कार्यक्रमसँग जोड्ने हो भने विपदबाट हुने क्षति घटाउन सकिन्छ।

संघीय संरचना अनुसार प्रदेशस्तरमा विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद कोष स्थापना र सञ्चालन, स्थानीय विपद कोषमा सहयोग, तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम क्षेत्र नक्साङ्कन र बस्ती स्थानान्तरणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन प्रदेशको कार्यक्षेत्रमा समावेश गरेको छ।

### २. वस्तुगत स्थिति

नेपाल विपद्का हिसावले विश्वको माथिल्ला २० राष्ट्रहरूको सूचीमा पर्दछ। विपद्का कारण नेपालमा वर्षेनी धनजनको ठूलो क्षति हुने गरेको छ। मुख्यतः भूकम्प, अतिवृष्टि, बाढी, पहिरो, हावाहुरी, चट्याङ, आगलागी, खडेरी, महामारी, शीतलहर र हिमताल विष्फोटन हुनसक्ने कारण नेपाल विपद्को उच्च जोखिममा रहेको छ। यो प्रदेश पनि विपदको उच्च जोखिममा रहेको प्रदेश हो। वर्षातको समयमा बाढी, पहिरो र अति भारी वर्षाका कारण वर्षेनी यस प्रदेश अन्तर्गत धादिङ्ग, चितवन र मकवानपुरमा पर्ने प्रमुख सडकखण्ड, रसुवाको राम्चे र टिमुरे खण्ड, काभ्रे-सिन्धुपाल्चोक सडकखण्ड आदि अवरुद्ध हुन गई सवारी साधनको आवागमनमा बाधा पुग्ने र जनजीवन प्रभावित हुने गरेको छ। २०७२ सालको भूकम्पबाट सबैभन्दा बढी प्रभावित भई धन-जन र विश्व सम्पदा सूचीमा परेका ऐतिहासिक धरोहरको व्यापक क्षति भएको थियो। भूकम्पबाट रु. ७०६ अर्ब बराबरको नोक्सानी भएको थियो जसको ठूलो

भाग यही प्रदेशको थियो। भूकम्पबाट यस प्रदेशमा ८१६० जनाको ज्यान गएको थियो, जुन कुल मृत्युको ९३.८ प्रतिशत हो। विपद्को समयमा मानवीय सहायताका कार्य गर्ने विभिन्न संघ संस्थाहरूको सहयोग लिने गरिएको छ। विपद् जोखिम न्यूनीकरण गर्न, खोज, उद्धार र तत्काल राहत कार्यलाई व्यवस्थित गर्न र विकास संरचना सुरक्षित गर्न विकासका सबै प्रक्रियामा विपद् व्यस्थापनलाई मूलप्रवाहीकरण गर्ने कार्यलाई प्रभावकारी बनाई विषयगत/क्षेत्रगत रूपमा लागू गरी दिगो र सुरक्षित विकासको अवस्था सुनिश्चित गर्नु जरुरी छ।

## ३. समस्या र चुनौती

यस प्रदेशका स्थानीय तहहरू बाढी, पहिरो र अतिवृष्टिजस्ता सूचकका आधारमा उच्चजोखिमको स्थानमा रहेको देखिन्छ। समग्रमा उच्च पहाडी भागमा वन विनाश, भिरालो जमिनमा गरिने खेती तथा नदीले छाडेको जमिनमा हुने बसोबासजस्ता प्रक्रियाबाट भू-उपयोगमा परिवर्तन आएको देखिन्छ। संवेदनशिल भौगर्भिक बनावट, भिरालो जमिनमा खेती गर्ने अवस्था, बढ्दो चरिचरन र भू-संरक्षण सम्बन्धमा अपर्याप्त व्यवस्था आदिले बाढी तथा पहिरोजस्ता प्राकृतिक प्रकोपहरू देखिएका छन्। भूकम्पीय दृष्टिकोणले पनि यो प्रदेश उच्च जोखिममा पर्दछ।

प्रदेशमा हुने विपद्का सबै कारणहरूको असर तथा प्रभावको अध्ययन गरी क्षेत्रगत विकास योजना तर्जुमा गर्नु, पूर्वाधार विकासलाई आर्थिक विकासको बाधक बन्न नदीन स्थानीय तहका सेवा केन्द्र तथा बस्तीहरूको आर्थिक-सामाजिक अवयवलाई आर्थिक उत्पादनसँग जोड्नु, सुरक्षित बस्ती विकासको अवधारणाभित्र शहर तथा बस्ती विकासको योजना तर्जुमा र कार्यान्वयन गर्ने सम्पूर्ण भौतिक पूर्वाधारसहितको विपद् उत्थानशील एकीकृत बस्ती विकास गर्नु, विपद प्रतिकार्यको समयमा संलग्न सरकारी निकाय, गैरसरकारी संस्था तथा नागरिकबीचको अन्तरसम्बन्ध कायम गरी समन्वय गर्नु र पीडितको पहिचान, पीडितलाई तत्काल राहत तथा पुनर्स्थापनासम्बन्धी कार्यमा एकरूपता ल्याई दोहोरोपना सिर्जना हुन नदिनु यस क्षेत्रका प्रमुख चुनौती रहेका छन्।

## ४. अवसर

दिगो तथा सुरक्षित विकासका लक्ष्यहरूमा प्रदेश सरकारको प्रतिबद्धता रहनु, प्रादेशिक र स्थानीय पूर्वाधार विकास तथा एकीकृत बस्ती र सहरी विकास कार्यकाबीच तालमेल गर्नु पर्ने व्यवस्था गरिनु, सबै प्रकारका विपद्को सामना गर्न आधुनिक प्रविधियुक्त संरचना, मापदण्ड र आवश्यक दक्ष जनशक्तिको विकास गरिनु, विपद् प्रतिकार्य कार्ययोजना तर्जुमा लगायतको पूर्वतयारीका लागि नीतिगत तथा संस्थागत सुदृढीकरण गरिनु विपद् व्यवस्थापनको लागि महत्वपूर्ण अवसरहरू हुन्।

## ५. दीर्घकालीन सोच

विपद् उत्थानशील प्रणाली र पूर्वाधार; जीवन र सम्पत्ति सुरक्षाको आधार।

## ६. लक्ष्य

विपद्बाट हुने मानवीय, भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षतिमा कमी ल्याउने।

## ७. उद्देश्य

१. प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, भौतिक एवम् सामाजिक पूर्वाधार, सांस्कृतिक एवम् वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रूपमा न्यूनीकरण गर्नु,

२. विद्यमान विपद् जोखिम तथा क्षतिको न्यूनीकरण गर्न विपद् जोखिम रोकथाम, पूर्वतयारी, प्रतिकार्य एवम् पुनरस्थापना तथा पुनर्निर्माणको सुदृढीकरण र उत्थानशीलता अभिवृद्धि गर्नु र

३. जलवायु परिवर्तनबाट उत्पन्न एवम् अन्य कारणबाट उत्पन्न जोखिमको रोकथाम गर्नु।

## ८. रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. विपद् जोखिमको बुझाई अभिवृद्धि गर्ने तथा सबै तह र वर्गमा विपद् जोखिमसम्बन्धी जानकारीको पहुँच सुनिश्चित गर्दै पूर्वतयारी सुदृढ गर्ने। | १. हरेक प्रकोपको सम्मुखता, सङ्कटासन्नता र जोखिमको आँकलन तथा नक्साङ्कन गरिनेछ।<br>२. बहुप्रकोप जोखिम आँकलनको लागि अन्तरनिकाय समन्वय संयन्त्र स्थापना गरिनेछ।<br>३. प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सूचना प्रवाह गरिनेछ।<br>४. विपद् जोखिम बारे बुझाइका लागि क्षमता अभिवृद्धि गर्न विभिन्न अध्ययन, अध्यापन, अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>५. जोखिमपूर्ण अवस्थामा रहेका खोला, खोल्सी, खहरे आदिको तटवन्धन र वस्ती संरक्षणका कार्यमा स्थानीय तह र समुदायसँग सहकार्य गरिनेछ। |
| २. विपद् जोखिम बुझ्न र | १. प्रादेशिक विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन |

| रणनीति | कार्यनीति |
| --- | --- |
| न्यूनीकरण तथा व्यवस्थापन गर्न विपद् जोखिममैत्री शासनको सुदृढीकरण गर्ने। | प्राधिकरण स्थापना गरिनेछ।<br>२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि कानुनी र नियामक संरचनाको निर्माण गरिनेछ।<br>३. विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि गर्दै विपद् जोखिम व्यवस्थापनमा संलग्न संघीय सरकार र अनुसन्धान संस्थाहरूसँग सहकार्य र साझेदारी विकास गरिनेछ।<br>४. विपद् जोखिम व्यवस्थापनका विभिन्न प्रक्रियामा सबैको प्रतिनिधित्व र अर्थपूर्ण सहभागिता वृद्धि गरी समावेशिताको सुनिश्चितता गरिनेछ। |
| ३. विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक तथा निजी लगानी वृद्धि गरी उत्थानशीलता अभिवृद्धि गर्ने। | १. सार्वजनिक सेवा, जीविकोपार्जनका साधनहरू तथा भौतिक पूर्वाधारहरूको गुणस्तरीय निर्माण र प्रवलीकरणमा लगानी वृद्धि गरी उत्थानशीलता प्रवर्द्धन गरिनेछ।<br>२. प्रदेश तथा स्थानीयतहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि कोषको व्यवस्था गरिनेछ।<br>३. निजी क्षेत्र, बैंक, सहकारी तथा सामुदायिक संस्थाहरूले विपद् जोखिम न्यूनीकरणमा गर्ने लगानीका लागि सहज व्यवस्था मिलाइनेछ।<br>४. जोखिम हिस्सेदारी, बिमा तथा सामाजिक सुरक्षामार्फत् विपद् उत्थानशीलता अभिवृद्धि गरिनेछ।<br>५. विपद् जोखिम न्यूनीकरणका लागि खोरिया र भिरालो जमिनमा गरिने खेतीलाई निरूत्साहित गरी फलफुल, अमृसो, बाँस, निगालो, डालेघाँस र पोषिलो जातको अन्य घाँस खेती गर्न किसानहरूलाई प्रोत्साहित गरिनेछ। |
| ४. "अझ राम्रो र अझ बलियो" अवधारणा | १. प्रदेश तहमा दक्ष एवम् श्रोतसाधनयुक्त एकीकृत संस्थामार्फत् खोज र उद्धार क्षमता अभिवृद्धि गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| अनुरूप विपद्पश्चातको पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माण सुनिश्चित गर्ने। | २. विपद्पश्चात पुनर्लाभ, पुनर्निर्माण र पुनर्स्थापनाका लागि स्तरीय निर्माण सामग्रीको आपूर्ति गर्न र निर्माण कार्यलाई जोखिम प्रतिरोधक बनाउन निर्माण कार्यमा संलग्न व्यवसायी तथा प्राविधिकहरूको क्षमता अभिवृद्धि गरिनेछ।<br>३. नयाँ प्रविधिको अनुकूलन, अनुसन्धान र विकास गरिनेछ साथै विपद् जोखिमको आधारमा जमिनको वर्गीकरण गरी उच्च जोखिमयुक्त क्षेत्रमा संरचना निर्माणमा रोक लगाईनेछ। |

## ९. प्रमुख कार्यक्रमहरू

| प्रदेश आफैले गर्ने | स्थानीय तहलाई सहजीकरण गर्ने |
|---|---|
| १. प्रादेशिक आवश्यकता, सम्भावित विपद र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतासम्बन्धी सबैपक्षलाई समेटेर विपद् व्यवस्थापन ऐन, नीति र कार्ययोजना तयार | १. विपद् जोखिमसम्बन्धी सूचना केन्द्रहरू स्थापना तथा प्रसार प्रणालीको प्रभावकारिता बढाउन आधुनिक विज्ञान तथा प्रविधिको उपयोग र प्रवर्द्धन |
| २. प्रकोपको सम्मुखता, विपद्को पूर्वानुमान, जोखिमको आँकलन तथा नक्साङ्कन, भूमि-उपयोग नक्साङ्कन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र अनुगमनमा समन्वय गर्न एकीकृत संरचनाको व्यवस्थापन | २. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनसम्बन्धी जनचेतनामूलक कार्यक्रम, अभिमुखीकरण तालिम, क्षमता अभिवृद्धि तथा प्रशिक्षण कार्यक्रमहरू सञ्चालन, पूर्वसूचना प्रणालीबारे जानकारीमूलक सामाग्रीहरूको (पुस्तिका, पर्चा, सूचनापत्र, बिद्युतीय सन्देश इत्यादि) तयारी |
| ३. तत्कालीन उद्धारसम्बन्धी कार्यलाई चुस्त र संस्थागत बनाउन विपद् व्यवस्थापनको लागि आवश्यक सबै सरकारी निकाय, निजी तथा सामुदायिक क्षेत्र र नागरिक | ३. विपद्क्षतिको छुट्टाछुट्टै तथ्याङ्क सङ्कलन। |

| प्रदेश आफैले गर्ने | स्थानीय तहलाई सहजीकरण गर्ने |
|---|---|
| समाजसमेत सम्मिलित प्रादेशिक समन्वय निकायको व्यवस्था<br>४. विषयगत र अन्तरविधागत पाठ्यक्रम निर्माण, विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनसम्बन्धी पाठ्यक्रमको विकास र प्रदेश विपद् जोखिम न्यूनीकरण वेब पोर्टलको स्थापना | ४. विपद् पश्चात आवश्यक सामाजिक परामर्श र मानसिक स्वास्थ्यको प्रवर्द्धन गर्न तालिमप्राप्त र दक्ष मानवीय श्रोतको विकास |

## १०. अपेक्षित उपलब्धि

विपद् व्यवस्थापनसम्बन्धी कानुन, नीति संस्थागत व्यवस्था र सोसँग सम्बन्धित क्षेत्रगत योजना, नीति तथा कार्यक्रम तर्जुमा गरी लागू भएको हुने, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा समन्वय गर्न एकीकृत संरचनाको स्थापना भएको हुने, विपद्को जोखिम न्यूनीकरण भएको हुने, विपद् पूर्वतयारी, जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य लगायत विपद् व्यवस्थापनका विविध पक्षहरूलाई समेटी नीतिगत व्यवस्थामा समसामयिक परिवर्तन तथा कार्यविधिहरूको संशोधन, परिमार्जन र तर्जुमासमेत गरी कार्यान्वयनमा ल्याइएको हुने।

# परिच्छेद सातः अन्तरसम्बन्धित क्षेत्र

## ७.१ लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा र संरक्षण

### १. पृष्ठभूमि

लैङ्गिक समता तथा सामाजिक समावेशीकरण (लैससास) मानव अधिकार तथा सामाजिक विकास दुबै दृष्टिले अति महत्वपूर्ण सवाल हो। संविधानको प्रस्तावनामा नै समानुपातिक समावेशी र सहभागिताको सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माणका लागि वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र हिंसा तथा सबै प्रकारका जातीय छुवाछूत एवम् विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्यायको सुनिश्चित गर्ने संकल्प गरिएको छ। महिला अधिकार लगायत विपन्न, लोपोन्मुख तथा सीमान्तकृत समुदायले राज्यबाट पाउनुपर्ने आधारभूत मानवीय सेवा सुविधाको समावेशी पहुँच र उपभोगका लागि नैतिक तथा कानुनी रूपमा जवाफदेही शासन प्रणालीको स्थापना गर्ने परिकल्पना संविधानले गरेको छ। "कोही पनि छुट्नु हुँदैन" भन्ने मान्यताका साथ लैङ्गिक समानता र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने दिगो विकासको लक्ष्य रहेको छ।

### २. वस्तुगत स्थिति

प्रदेशका १३ वटै जिल्लाका स्थानीय तहमा ४०—४३ प्रतिशत र प्रदेश सभामा २९ प्रतिशत महिला र दलितहरूको प्रतिनिधित्व रहेको, लैङ्गिक असमानता सूचक ०.४८९ रहेको, महिलाको मानव विकास सूचक ०.५२१ पुगेको, बालविवाह २९ प्रतिशत रहेको, ५८.६ प्रतिशत महिलाहरूले आफूले कमाएका पैसा खर्च गर्ने क्षमता रहेको, १४.९ प्रतिशतले श्रीमानको कमाइबाट खर्च गर्ने गरेको, ८.९ प्रतिशत महिलाको नाममा घरको र १३.४ प्रतिशत महिलाको नाममा जग्गा जमिनमा स्वामित्व रहेको अवस्था छ।

महिलाको साक्षरताको प्रतिशत ६७.०४ प्रतिशत छ भने पुरुषको ८२.८२ प्रतिशत रहेको, शैक्षिकस्तर र बाल मृत्युदरको तुलना गर्दा उच्च र कम शैक्षिकस्तर भएका आमाहरूको पाँच वर्षमुनिका बच्चाहरूको मृत्युदर (प्रति एक लाख जीवित जन्ममा) क्रमशः २१ र ६० रहेको, त्ससैगरी वाल मृत्युदर गरिब धनी समूहमा क्रमशः ६ र १२ को ठूलो अन्तर विद्यमान छ।

१५ वर्षको उमेरदेखि नै शारीरिक हिंसा भोगेका महिला १९.६ प्रतिशत रहेको, गरिब तथा निम्न मध्यम वर्ग नै बढी हिंसाको शिकार भएको, यो प्रतिशत अति गरिब, मध्यम वर्ग र धनीमा क्रमशः २१ प्रतिशत, २५ प्रतिशत र १४ प्रतिशत रहेको, महिलाको शैक्षिकस्तरका आधारमा हेर्दा कम पढेका वा नपढेका महिलाहरूमा ३४.४ प्रतिशत र एसएलसी वा सोभन्दा बढी पढेका महिलामा ७.७ प्रतिशत रहेको

देखिन्छ।

प्रदेशमा कुल जनसङ्ख्याको १.६३ प्रतिशत शारीरिक, दृष्टि, श्रवण तथा बोली, मानसिकसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरू रहेका छन्। कुल अपाङ्गमध्ये शारीरिक अपाङ्गता भएका ३५.२५ प्रतिशत र श्रवणसम्बन्धी अपाङ्गता भएका २.०२ प्रतिशत रहेको छ।

महिला हकसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक परीक्षण, महिला सशक्तीकरण, लैङ्गिक समता, जेष्ठ नागरिक, एकल महिला, फरक क्षमता भएका व्यक्ति, लोपोन्मुख सिमान्तीकृत समुदायको विकास र संरक्षण, महिला सशक्तीकरण तथा लैङ्गिक समानतासम्बन्धी अध्ययन, अनुसन्धान, बालबालिकाको हकहित संरक्षणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रवन्ध र सेवाप्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनर्स्थापना, प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बालबालिका र महिलासम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन, समाज कल्याण र संघसस्थासम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कनजस्ता विषयहरू प्रदेशको कार्य क्षेत्रमा पर्दछन्।

## ३. समस्या र चुनौती

नक्साङ्कनका लागि तथ्याङ्क बैंक नहुनु, खण्डीकृत तथ्याङ्क नहुनु, तथ्याङ्कको अभावमा सीमान्तकृत समूहहरूको स्पष्ट पहिचान नहुनु र उक्त समुदायको सेवा तथा नीतिगत निर्णयमा प्राथमिकता पाउन नसक्नु, दलित, लोपोन्मुख तथा जनजाति महिलाहरूको सामाजिक, आर्थिक, राजनितिक, शैक्षिक एवम् वैयक्तिक स्थिति कमजोर रहनु, महिला तथा वञ्चितीकरणमा परेका समूहको सहभागिता प्रायः औपचारिक प्रतिनिधित्वमा मात्र सीमित रहनु आदि प्रमुख समस्या छन्।

महिला तथा बञ्चितिकरणमा परेका सीमान्तकृत समूहको राज्य संरचनामा प्रतिनिधित्व बढाउनु, जातीय र वर्गीय विभेद अन्त्य गर्नु, लैङ्गिक हिंसा तथा घरेलु हिंसा अन्त्य गर्नु, विपन्न, सीमान्तकृत महिलाहरूको आर्थिक अवस्थामा सुधार ल्याउनु, बालबालिका तथा किशोर किशोरीहरूको आधारभूत अधिकार उपभोग गर्न सक्ने वातावरण सृजना गर्नु, अपाङ्गताप्रतिको सामाजिक दृष्टिकोणमा परिवर्तन ल्याउनु, सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा व्याप्त लैङ्गिकतासम्बन्धी नकारात्मक सोचको अन्त्य गर्नु, लैङ्गिक संवेदनशील र लैङ्गिक उत्तरदायी सोचलाई व्यवहारमा उतार्नु, राज्य संयन्त्रहरूमा लैङ्गिक परीक्षण, लैससास विश्लेषण, अनुगमन र मूल्याङ्कनको प्रणालीलाई संस्थागत गर्नु, लैससास कायम गर्न समावेशितालाई विकासको अभिन्न अङ्गका रूपमा हेर्ने राजनीतिक प्रतिबद्धता र इच्छा शक्तिको सुनिश्चितता गर्नु, लैङ्गिक बजेट प्रणालीको अवलम्वन गर्नु, राज्यका सबै तह र निकायहरूमा लैससासको दृटिकोणलाई

मूलप्रवाहीकरण गर्ने सोच, ज्ञान र दक्षता भएका जनशक्तिको व्यवस्थापन गर्नु, अन्तरनिकाय समन्वय र सहकार्यलाई प्रभावकारी बनाउनु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन्।

## ४. अवसर

लैससाससम्बन्धी सुस्पष्ट संबैधानिक व्यवस्था हुनु, संघीय तहमा क्षेत्रगत रूपमा लैससास नीति तथा रणनीति तयार हुनु, वर्तमान राष्ट्रिय बजेटमा प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेटको हिस्सा ३८.६५ प्रतिशत पुग्नु, लैङ्गिक हिंसा अन्त्य तथा लैगिक सशक्तीकरणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजनाको (२०६९—७४) कार्यान्वयनमा हुनु, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ कार्यान्वयनमा हुनु, लैङ्गिक हिंसा निवारण कोष र एकल महिला सुरक्षा कोषको स्थापना तथा सञ्चालनमा हुनु, लैङ्गिक हिंसा अन्त्यसम्बन्धी रणनीति (२०७५—७९) तयारीको अवस्थामा हुनु, दिगो विकासको पाँचौं लक्ष्यमा यस विषय समेटिनु, प्रदेशले लैङ्गिक तथा समावेशी विकासलाई प्राथमिकता दिनु, लैङ्गिक हिंसा अन्त्य तथा सशक्तीकरण र विकाससम्बन्धी अन्तर्राष्ट्रिय गैससहरूको यस प्रदेशमा उल्लेख्य उपस्थिति रहनु आदि लैससास मूलप्रवाहीकरण र बिस्तारका लागि महत्वपूर्ण अवसरहरू हुन्।

## ५. दीर्घकालीन सोच

लैङ्गिक समता र समावेशीकरण; सुरक्षित संरचना र समाज

## ६. लक्ष्य

महिला तथा वञ्चितीकरणमा परेका समूहको अर्थपूर्ण सहभागिता, आर्थिक समानता, समृद्धि, सामाजिक न्याय र सामाजिक सुरक्षा कायम भै लैङ्गिक एवम् सामाजिक विभेदको अन्त्य भएको हुने।

## ७. उद्देश्य

१. लैङ्गिक समता, सशक्तीकरण तथा सामाजिक समावेशीकरण प्रणाली, संरचनाको स्थापना तथा बिस्तार गर्नु,

२. वञ्चितीकरणमा परेका महिलाहरूको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु,

३. विपन्न, वञ्चितिमा परेका र जोखिममा रहेका समुदायका आर्थिक, सामाजिक समतामूलक पहुँच सुनिश्चित गर्नु,

४. महिला, बालबालिका तथा किशोर किशोरीहरूले भोग्नु परेका दुर्व्यवहार, भेदभाव र हिंसाको अन्त्य गर्नु र

५. विपन्न, ज्येष्ठ नागरिक, जोखिममा परेका, अपाङ्गता भएका व्यक्ति, एकल महिला, लैङ्गिक

तथा यौनिक अल्पसङ्ख्यक, दलित, लोपोन्मुख र सीमान्तकृत जातजातिसम्म प्रभावकारी रूपमा सामाजिक सुरक्षा पुऱ्याउनु।

## ८. रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. लैससास नीति, पद्धति र संस्थागत संयन्त्रको स्थापना गरी क्रियाशील बनाउने। | १. लैससाससम्बन्धी नीति, कानुन तथा योजनालाई संस्थागत गर्न मन्त्रालयहरूबीच समन्वय गरिनेछ।<br>२. प्रदेशको लैससास रणनीति तयार गरिनेछ। साथै स्थानीय तहलाईसमेत उक्त रणनीति तयार गर्न सहजीकरण गरिनेछ।<br>३. लैससाससम्बन्धी संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।<br>४. लैससाससम्बन्धी अभिलेख व्यवस्थापनका लागि स्थानीय तहलाई सहयोग र सहजीकरण गरिनेछ।<br>५. लैससास सूचकहरू तयार गरी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनेछ।<br>६. शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली तयार गर्न स्थानीय तहलाई सहयोग र सहजीकरण गरिनेछ। |
| २. महिलाहरूको सश्क्तीकरण र समावेशीकरणमा जोड दिने। | १. महिलाहरूको आर्थिक, सामाजिक, राजनीतिक सशक्तीकरण र अर्थपूर्ण सहभागिता बढाउँदै लगिनेछ।<br>२. लैङ्गिक हिंसाको अन्यका लागि प्रदेशस्तरीय लैङ्गिक हिंसा न्यूनीकरण कोषको स्थापना र सञ्चालन गरिनेछ।<br>३. मानव बेचबिखन तथा लैङ्गिक हिंसाबाट प्रभावितहरूको संरक्षण र पुनर्स्थापनाका लागि अल्पकालीन र दीर्घकालीन सेवा केन्द्रहरूको स्थापना र सञ्चालन गरिनेछ। |
| ३. बालबालिकाको संरक्षण गर्ने र सार्वजनिक निकायलाई वालमैत्री बनाउने। | १. बाल श्रमिक र सडक बालबालिकाहरूको उद्धार र संरक्षणको आवश्यक नीतिगत र कार्यक्रमिक व्यवस्था गरिनेछ।<br>२. साना बालबालिका तथा किशोर किशोरीहरूमाथि हुने |

| रणनीति | कार्यनीति |
|---|---|
| | दुर्व्यवहार, हिंसा र भेदभाव अन्त्यको लागि स्थानीय तह, समुदाय, विद्यालय, निजी क्षेत्र, सञ्चार जगत र बालअधिकारका क्षेत्रमा क्रियाशील संस्थाहरूसँग सहकार्य गरिनेछ।<br>३. कानुनी विवादमा परेका बालबालिकाको संरक्षण र वाल सुधार गृहको व्यवस्था लागि आवश्यक व्यवस्था मिलाइनेछ।<br>४. सबै स्थानीय तह र प्रदेशलाई वालमैत्री सार्वजनिक निकाय बनाउने नीतिगत र कार्यक्रमिक व्यवस्था गरिनेछ। |
| ४. ज्येष्ठ नागरिकहरूको सम्मान र संरक्षण गर्ने। | १. ज्येष्ठ नागरिकहरूको संरक्षणसम्बन्धी संघीय र प्रादेशिक कानुनहरूको पालना गर्न गराउन आवश्यक पहल गरिनेछ।<br>२. हिंसा, दुर्व्यवहार र भेदभावमा परेका; मानसिक तनाव रहेका, परेका, अशक्त, परिवारविहीन र विपन्न ज्येष्ठ नागरिकहरूको संरक्षणका लागि दिवा सेवा केन्द्र र बृद्धाआश्रमहरूमार्फत् सेवा प्रदान गर्न आवश्यक व्यवस्था गरिनेछ।<br>३. ज्येष्ठ नागरिकहरूको अनुभव, सिप र ज्ञानलाई स्थानीय तह र प्रदेशको विकासमा उपयोग गर्ने नीति लिइनेछ। |
| ५. अपाङ्गता भएका नागरिकहरूको संरक्षण र सशक्तीकरण गर्ने। | १. आधारभूत शिक्षा, स्वास्थ्य सेवा, आयआर्जन र राज्यले दिने अन्य सेवा सुविधाहरूमा अपाङ्गता भएका नागरिकहरूको पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाइनेछ।<br>२. स्थानीय तह र प्रदेशको विकासमा अपाङ्गता भएका नागरिकहरूको सहभागिता बढाउँदै लगिनेछ।<br>३. अपाङ्ग नागरिकहरूको सशक्तीकरणका लागि आवश्यक नीतिगत र कार्यक्रमिक व्यवस्था गरिनेछ। |
| ६. यौनिक अल्पसङ्ख्यक | १. यौनिक अल्पसङ्ख्यकहरूमाथि हुने हिंसा, दुर्व्यवहार र |

| रणनीति | कार्यनीति |
| --- | --- |
| अधिकार सुनिश्चित गर्ने। | सामाजिक भेदभाव अन्त्यका लागि संघीय सरकार, स्थानीय तह, नागरिक संस्था, सञ्चार जगत र सरोकारवाला निकायहरूसँग सहकार्य गरिनेछ।<br>२. आधारभूत शिक्षा, स्वास्थ्य सेवा, आयआर्जन र राज्यले दिने अन्य सेवा सुविधाहरूमा यौनिक अल्पसङ्ख्यकहरूको पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाइनेछ। |
| ७. दलित समुदायको र सशक्तीकरण गर्ने। | १. दलित समुदायको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>२. जातीय भेदभाव अन्त्यका लागि संघीय सरकार, स्थानीय तह, नागरिक संस्था र सरोकारवाला निकायहरूसँग सहकार्य गरिनेछ।<br>३. समुदाय, स्थानीय तह प्रदेशको विकासमा दलित समुदायको अर्थपूर्ण सहभागितालाई संस्थागत गरिनेछ। |
| ८. विपन्न वर्गको सशक्तीकरण र विकास गर्ने। | १. विपन्न वर्ग लक्षित संघीय र प्रादेशिक कानुनहरूको पालना गर्न गराउन आवश्यक पहल गरिनेछ।<br>२. विपन्न वर्गको आर्थिक, सामाजिक र राजनीति सशक्तीकरणको कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>३. आधारभूत शिक्षा, स्वास्थ्य सेवा, आयआर्जन र राज्यले दिने अन्य सेवा सुविधाहरूमा विपन्न र सीमान्तकृत समुदायको पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाइनेछ।<br>४. विपन्न वर्ग लक्षित कार्यक्रम र आयोजनाहरूको पहिचान, योजना तर्जुमा र कार्यान्वयनमा विपन्न वर्गको सहभागितालाई सुनिश्चित गरिनेछ। |
| ९. लोपोन्मुख र सीमान्तकृत समुदायको सशक्तीकरण र | १. लोपान्मुख र सीमान्तकृत समुदायको संरक्षणसम्बन्धी संघीय र प्रादेशिक कानुनहरूको पालना गर्न गराउन आवश्यक पहल गरिनेछ।<br>२. लोपान्मुख र सीमान्तकृत समुदायको आर्थिक, सामाजिक र |

| रणनीति | कार्यनीति |
|---|---|
| विकास गर्ने। | राजनीति सशक्तीकरणको कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>३. आधारभूत शिक्षा, स्वास्थ्य सेवा, आयआर्जन र राज्यले दिने अन्य सेवा सुविधाहरूमा विपन्न र सीमान्तकृत समुदायको पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाइनेछ।<br>४. लोपोन्मुख र सीमान्तकृत समुदाय लक्षित कार्यक्रम र आयोजनाहरूको पहिचान, योजना तर्जुमा र कार्यान्वयनमा उनीहरूको सहभागितालाई सुनिश्चित गरिनेछ। |
| १०. लैससास परीक्षण गर्नु। | १. प्रदेश सरकार र स्थानीय तहको योजना, बजेट र प्राप्त उपलब्धिहरूको लैससास परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।<br>२. प्रदेश सरकार र स्थानीय तहले तर्जुमा गरेका नीति, कानुन र मापदण्ड लैससासमैत्री बनाउन आवश्यक व्यवस्था मिलाइनेछ।<br>३. प्रदेश सरकार र स्थानीय तहले विकास गरेका पूर्वाधार संरचना र कार्यालयहरूको संरचना महिला, बालबालिका, अपाङ्ग र ज्येष्ठ नागरिकमैत्री भए नभएको परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।<br>४. महिला, दलित, ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिक, यौनिक अल्पसङ्ख्यक, बालबालिका, विपन्न वर्ग, लोपोन्मुख र सीमान्तकृत समुदायसम्बन्धी खण्डीकृत तथ्याङ्क र प्रतिवेदन तयार गर्ने व्यवस्था मिलाइनेछ। |

## ९. प्रमुख कार्यक्रमहरू

| प्रदेश आफैले गर्ने | स्थानीय तहलाई सहजीकरण गर्ने |
|---|---|
| १. नीति, कानुन, संस्थागत विकास र क्षमता अभिवृद्धि<br>२. सुपरिवेक्षण, अनुगमन तथा | १. मानव बेचबिखन तथा लैङ्गिक हिंसाबाट प्रभावितहरूको संरक्षण र पुनर्स्थापनाका लागि अल्पकालीन र दीर्घकालीन सेवा केन्द्रहरूको |

| प्रदेश आफैले गर्ने | स्थानीय तहलाई सहजीकरण गर्ने |
|---|---|
| मूल्याङ्कन<br>३. लैससास परीक्षण प्रणालीको विकास<br>४. कानुनी विवादमा परेका बालबालिकाको संरक्षण र वाल सुधार गृहको व्यवस्था | स्थापना र सञ्चालन<br>२. स्वरोजगार तथा उद्यमशीलता विकास<br>३. लैससास सूचना तथा खण्डीकृत तथ्याङ्क व्यवस्थापन र प्रतिवेदन<br>४. विकासमा ज्येष्ठ नागरिक, महिला, अपाङ्गता भएका नागरिक, दलित, विपन्न वर्ग, लोपोन्मुख र सीमान्तकृत समुदायको सहभागिता |

## १०. अपेक्षित उपलब्धि

लैससास उत्तरदायी कानुन, नीति तथा रणनीतिहरू निर्माण तथा कार्यान्वयन प्रणाली तथा पद्धतिको बिस्तार हुने, लैससास सयन्त्र संस्थागत र सुदृढ हुने, लक्षित कार्यक्रमका छुट्टै अनुगमन ढाँचा तथा खण्डीकृत तथ्याङ्क प्रणाली क्रियाशील हुने, एकीकृत लक्षित कार्यक्रमका प्रभावकारी कार्यान्वयन, अनुगमनका कारण लक्षित समूहको आर्थिक, सामाजिक, स्वास्थ्य, शिक्षाको सूचकाङ्कमा प्रगति हुने, दुर्गम एवम् विकट क्षेत्रमा सेवा सुविधाको पहुँच हुने, लैङ्गिक हिंसा अन्त्य गर्न कानुनी रूपमा कार्यान्वयन हुने, लैङ्गिक हिंसापीडितहरूको उचित संरक्षण तथा सेवाको व्यवस्था हुनेछ। प्रदेशको राजनीतिक नियुक्तिका सार्वजनिक पदमा कम्तीमा एक तिहाइ महिला प्रतिनिधित्व हुनेछ। लैङ्गिक समानता तथा महिला एवम् बालिकाहरूको सशक्तीकरण बहुक्षेत्रगत सवालका रूपमा प्रदेशका सबै मन्त्रालयहरूबाट सम्बोधन हुने, जोखिम अवस्थाका बालबालिका, अपाङ्गता तथा ज्येष्ठ नागरिकहरूका उचित संरक्षण हुने, सामाजिक सुरक्षाका सेवाग्राहीहरूको एकीकृत अभिलेख व्यवस्थित भएको हुने।

# ७.२ श्रम तथा रोजगार

## १. पृष्ठभूमि

नेपालको संविधानले श्रम र रोजगारीको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। संघीय सरकारले २०८० सालसम्ममा वाध्यात्मक रूपमा कामका लागि विदेश जान पर्ने स्थितिको सबै नेपालीको निम्ति अन्त हुने घोषणा गरेको छ। देशभित्र लाभप्रद रोजगारीका अवसरहरूको सिर्जना गर्ने र युवा जनशक्तिको व्यापक राष्ट्रिय उपयोगबाट नेपालले जनसाङ्ख्यिक लाभांश लिनुपर्नेमा आम सहमति देखिन्छ।

देशको कुल जनसङ्ख्यामा आर्थिक रूपले सक्रिय जनशक्तिको हिस्सा ५७ प्रतिशत छ। कुल

जनसङ्ख्याको करिब २.३ प्रतिशत पूर्ण बेरोजगार र करिब ३० प्रतिशत अर्धबेरोजगार छन्। त्यसैगरी नेपालको करिब ६ प्रतिशत पुरुष युवाहरू वेरोजगार छन् भने लगभग साढे तीन प्रतिशत युवतीहरू वेरोजगार रहेका छन्। हाल वार्षिक ५ लाख १२ हजारभन्दा बढी युवाशक्ति श्रम बजारमा प्रवेश गर्छन्। तीनवर्ष अगाडिबाट संघीय सरकारले सुरक्षित, मयार्दित र प्रतिफलमुखी रोजगारीको व्यवस्थाको लागि राष्ट्रिय रोजगार नीति, २०७१ लागू गरेको छ। यसैगरी संघीय सरकारले वैदेशिक रोजगारीमा जानेहरूका लागि निःशुल्क प्रवेशाज्ञा र हवाई टिकटसम्बन्धी व्यवस्था, श्रम स्वीकृति दिने कार्यलाई सहज बनाउन अनलाइन सेवाको सुरूवात र वैदेशिक रोजगारीमा घरेलु कामदार पठाउनेसम्बन्धी निर्देशिका, २०७२ लागू गरेको छ। सामाजिक सुरक्षाको कार्यक्रमलाई व्यवस्थित गर्न योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को कार्यान्वयन भइसकेको छ र सामाजिक सुरक्षा कोषको कार्यान्वयन पनि मंसिर, २०७५ बाट शुभारम्भ भएको छ।

प्रदेशको कार्यक्षेत्रमा रोजगार प्रवर्द्धनसम्बन्धी प्रादेशिक नीति, मापदण्ड, नियमन, श्रम शक्ति योजना र अध्ययन र श्रम शक्ति योजनाजस्ता विषय पर्दछन्।

## २. वस्तुगत स्थिति

सामान्यतः आर्थिक रूपमा सक्रिय जनसङ्ख्याको प्रतिशत, काभ्रेपलाञ्चोक, ललितपुर, भक्तपुर र रसुवामा ९४ देखि ९७ प्रतिशतसम्म छ भने दोलखा, सिन्धुपाल्चोक, मकवानपुर, नुवाकोटमा, चितवनमा ९० देखि ९२ प्रतिशतसम्म रहेका छन्।सन् २०११ मा नेपालमा क्षेत्रगत रोजगारीको स्थिति हेर्दा कृषिमा ६६.७ प्रतिशत, सामुदायिक काम र समाज सेवामा १२.८, व्यापार, रेष्टुरा तथा होटलमा ८.१ र निर्माणमा ३.२ प्रतिशत मानिसहरू रोजगार छन्। राष्ट्रिय जनसङ्ख्या तथा घरधुरी सर्वेक्षण २०११ अनुसार काठमाडौमा आर्थिक दृष्टिले सक्षम जनसङ्ख्यामध्ये सबभन्दा बढी सेवा प्रदायकका रूपमा (२६ प्रतिशत) छन् भने दोस्रोमा हस्तकला र सम्वन्धित व्यापारीहरू (१७ प्रतिशत) छन्। त्यसैगरी, ललितपुर र भक्तपुरमा सबभन्दा बढी हस्तकला र सम्बन्धित व्यापारीहरू (क्रमशः २२ प्रतिशत र १९ प्रतिशत) छन् भने चितवनमा सेवा प्रदायक, हस्तकला र सम्वन्धित व्यापारीहरू, र प्रारम्भिक व्यापारीहरू १० र ११ प्रतिशतको हाराहारीमा छन्।

## ३. समस्या र चुनौती

श्रमबजार प्रवेश गर्ने पाँच लाख युवा जनशक्तिहरूका लागि रोजगारीका अवसरहरूको सिर्जना, मुलुकभित्र श्रम शक्तिको माग र आपूर्तिबीचको सन्तुलन, अन्तर्राष्ट्रिय श्रमबजारको पहिचान, गन्तव्य मुलुकहरूसँग द्विपक्षीय श्रम सम्झौता र त्यसको कार्यान्वयन, प्राप्त विप्रेषणको पूँजी निर्माणमा परिचालन, तालिमप्राप्त जनशक्तिको निम्ति कामको उपलव्धता, रोजगारीका अवसरसम्बन्धी सूचनामा रोजगारी चाहने

मानिसहरूको पहुँच, योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा जनताको पहुँच श्रम र रोजगार क्षेत्रका समस्या र चुनौती हुन्।

## ४. अवसर

प्रदेशमा कृषि, पर्यटन एवम् औद्योगिक आर्थिक गतिविधिहरू बढ्दै गएको, सेवा क्षेत्रमा (शिक्षा, स्वास्थ्य, वित्तीय सेवा) सरकारी, निजी तथा सामुदायिक लगानी बढिरहेको, भूकम्प लगायत प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त विद्यालय, तथा आवास संरचानाहरूको पुनर्निर्माण भइरहेको र राष्ट्रिय गौरवका आयोजनाहरू र अन्य पूर्वाधारहरूको निर्माण भइरहेकोले स्वदेशमै रोजगारीका अवसरहरू धेरै सिर्जना हुने अवस्था रोजगारीका लागि अवसरको रूपमा रहेको छ। साथै प्रधानमन्त्री रोजगार कार्यक्रम लगायत स्वरोजगारीका लागि सरकारले प्रदान गरेका वित्तीय प्रोत्साहनले पनि नयाँ रोजगारीका अवसर सिर्जना हुने अवसर देखिएको छ।

## ५. दीर्घकालीन सोच

गुणस्तरीय रोजगारीमा वृद्धि; प्रदेशको समृद्धि

## ६. लक्ष्य

बजारको माग सम्बोधन गर्ने गरी दक्ष तथा सिपयुक्त मानव संसाधनको विकास गरी रोजगारी एवम् स्वरोजगारका अवसरहरूको उपयोग हुने स्थिति बनाउने।

## ७. उद्देश्य

१. श्रम बजारको बेरोजगारी तथा अर्धबेरोजगारी न्यूनीकरण गर्न स्वदेशमै रोजगारीका अवसरहरू सृजना गर्नु,

२. व्यवसायिक सिपमूलक तालिमका अवसरहरू वृद्धि गर्दै प्रतिस्पर्धी श्रमशक्तिको विकास गर्नु, र

३. गन्तव्य मुलुकसँग श्रम सम्झौता गरी वैदेशिक रोजगारीलाई बढी उत्पादक, सुरक्षित र व्यवस्थित बनाउँदै जानु।

## ८. रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. श्रमिकको हक अधिकारको संरक्षण तथा असल श्रम सम्बन्ध स्थापना हुने | १. राष्ट्रिय रोजगार नीति तथा श्रमिकको हक एवम् रोजगारीको हकसम्बन्धी कानुन प्रभावकारी कार्यान्वयन गरिनेछ।<br>२. सामाजिक सुरक्षा योजनाको प्रभावकारी कार्यान्वयनद्वारा |

| रणनीति | कार्यनीति |
|---|---|
| कानुनी तथा आर्थिक आधार तयार गर्ने। | असल श्रम सम्बन्धको विकास गरिनेछ।<br>३. विभिन्न क्षेत्रका कामदारहरूको निर्धारित न्यूनतम पारिश्रमिकको कार्यान्वयन सुनिश्चित गरिनेछ।<br>४. औद्योगिक प्रतिष्ठानहरूमा व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षासम्बन्धी मापदण्ड लागू गरिनेछ।<br>५. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सफल बनाउन स्थानीय तह, निजी क्षेत्र र सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गरिनेछ। |
| २. निजी तथा सामुदायिक /सहकारी क्षेत्रको निम्ति लगानीमैत्री वातावरण सृजना गरी स्वदेशमै पर्याप्त र मर्यादित रोजगारी एवम् स्व—रोजगारीका अवसरहरू सिर्जना गर्ने। | १. श्रम सघन उत्पादन क्षेत्र (जस्तै कृषि, साना तथा मझौला उद्योग, होमस्टे) मा लगानी बिस्तार गरी रोजगारीका अवसर बढाइनेछ।<br>२. रोजगार सेवा केन्द्रलाई स्थानीय तमा बिस्तार गरी व्यवस्थित रूपमा श्रम तथा रोजगार सूचना प्रणालीमा आम जनतामा पहुँच बिस्तार गरिनेछ। |
| ३. प्राविधिक शिक्षा, सिप तथा व्यवसायिक तालिमका माध्यमबाट प्रतिस्पर्धी, दक्ष श्रम शक्तिको उत्पादन गर्ने। | १. कम्तीमा एउटा बहुविषयगत सिप विकास तालिम केन्द्र स्थापना गरिनेछ।<br>२. तालिम प्राप्त जनशक्तिका निम्ति व्यवसायिक योजना, वित्तीय सहायता, र बजारमा पहुँचमा सरकारले सहयोग गरी व्यवसायमा आउन उत्प्रेरित गरिनेछ। |
| ४. वैदेशिक रोजगारीलाई कम खर्चिलो, सुरक्षित र लाभप्रद बनाउने र आर्जित विप्रेषणलाई | १. विप्रेषणलाई पूर्वाधार विकासजस्ता उत्पादनशील क्षेत्रमा लगानी गर्न आवश्यक नीति र विश्वासिलो संयन्त्र बनाइनेछ।<br>२. वैदेशिक रोजगारीमा जानेका निम्ति श्रम क्षेत्र निर्धारण गरी |

| रणनीति | कार्यनीति |
|---|---|
| उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने। | उपयुक्त पूर्व तालिमको व्यवस्था गरिनेछ।<br>३. वैदेशिक रोजगारीलाई सुरक्षित र लाभप्रद बनाउन नियमित अनुगमनको व्यवस्था गरिनेछ। |

## ९. प्रमुख कार्यक्रमहरू

| प्रदेश आफैले गर्ने | स्थानीय तहलाई सहजीकरण गर्ने |
|---|---|
| १. व्यवसायजन्य स्वास्थ्य र सुरक्षासम्बन्धी नीति निर्माण र कार्यान्वयन | १. रोजगारसम्बन्धी कानुनको कार्यान्वयनको अनुगमन |
| २. श्रम बजारको माग र आपूर्तिको अध्ययन र रोजगार सेवा केन्द्रको बिस्तार | २. रोजगार सूचना केन्द्रको प्रभावकारी सञ्चालन |
| ३. रोजगार बजारको विश्लेषणको आधारमा व्यवसाय तथा सिप विकास तालिम | ३. योगदानमा आधारित सामाजिक सुरक्षाको कार्यान्वयन |
| ४. घरेलु श्रमिकको पेसालाई मर्यादित र सुरक्षित बनाउन वस्तुगत स्थितिको अध्ययन र नीतिगत व्यवस्था | ४. ध्वनि, प्रकाश र धुलोसम्बन्धी मापदण्डको कार्यान्वयन |
| ५. संघीय सरकारसँग मिलेर विप्रेषणको उत्पादनशील प्रयोगसम्बन्धी नीति र संयन्त्रको विकास | ५. बालश्रम निवारण |

## १०. अपेक्षित उपलब्धि

औसतमा वार्षिक १ लाख ६५ हजार रोजगारी सिर्जना हुनेछ। त्यसको ४० प्रतिशत कृषि क्षेत्रमा, २५ प्रतिशत उद्योग क्षेत्रमा र ३५ प्रतिशत सेवा क्षेत्रमा संलग्न भएको हुनेछ। कम्तीमा १० प्रतिशत विप्रेषणबाट प्राप्त आयको उत्पादनशील क्षेत्रमा परिचालन हुनेछ। श्रमिकहरूको मर्यादा, सम्मान र जीवनस्तर बढेको हुनेछ। असल श्रम सम्वन्ध स्थापित भएको हुनेछ। बाध्यात्मक बाल श्रम समाप्त भएको हुनेछ।

## ७.३ गरिबी निवारण

### १. पृष्ठभूमि

गरिबी नेपालको विकासको प्रमुख चुनौती हो। विगतदेखि नेपालका विकास प्रयासहरू गरिबी न्यूनीकरण गर्न र निरपेक्ष गरिबी निवारण गर्न केन्द्रित रहेका छन्। दुई दशकयता गरिबी निवारणमा राष्ट्रिय तहमै धेरै उपलब्धिहरू हासिल भएका छन्। गरिबी निवारणमा यो प्रदेशका उपलब्धिहरू समष्टिमा उल्लेख्य भए पनि दुर्गम पहाडी र हिमाली भेगमा गरिबी व्याप्त छ। समृद्ध र सुखी प्रदेशको आकाङ्क्षा साकार पार्न र "कसैलाई पनि पछि नछाडने" दिगो विकासको लक्ष्य प्राप्ति गर्न गरिबी न्यूनीकरण र निरपेक्ष गरिबीको निवारण प्रदेश विकासको आधार हो।

२०७२ सालको भूकम्पले यो प्रदेश सबैभन्दा बढी प्रभावित रह्यो। ६४३३४१ घरहरू पूर्ण वा आंशिक रूपमा क्षतिग्रस्त भए। भूकम्पबाट भएको ९४% जनक्षति यही प्रदेशमा भयो। यो क्षति प्रदेशका बढी जनजातिहरू वसोवास गर्ने हिमाली र पर्वतीय क्षेत्रमा नै केन्द्रित रह्यो जहाँ गरिबी सापेक्षिक हिसाबले बढी थियो। यसले गरिबहरूलाई मात्रै असर पारेन, अन्य धेरै परिवारलाईसमेत गरिबिमा धकेलिदियो र प्रदेशको गरिबीको चित्रमा झनै विषमता थप्यो।

गरिबी निवारणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, योजना र रणनीतिको तर्जुमा र घरपरिवारलाई सामाजिक सुरक्षा र संरक्षणजस्ता विषय प्रदेशको कार्यक्षेत्रमा पर्दछन्।तर गरिबी न्यूनीकरण र निरपेक्ष गरिबीको निवारण कुनै एक निकायको नीति वा कार्यक्रमबाट हासिल गर्न सकिने कुरा होइन। गरिबी निवारण यसैले प्रदेश सरकारको समग्र सोच, नीति, कार्यक्रम र क्रियाकलापको दिशानिर्देश गर्ने उच्च प्राथमिकताको विषय हो।

### २. वस्तुगत स्थिति

मानव विकास र मानव गरिबीका दृष्टिले यो प्रदेश नेपालको औसतभन्दा राम्रो अवस्थामा भए पनि प्रदेशभित्र ठूलो असमानता छ। नेपालको मानव विकास सूचकाङ्क ०.४९० का तुलनामा प्रदेशको सूचकाङ्क ०.५५८ छ। तर हिमाली जिल्लाहरू (सिन्धुपाल्चोक, दोलखा, रसुवा) र नुवाकोट, धादिङ, रामेछाप, सिन्धुलीजस्ता अन्य जिल्ला र ती जिल्लाभित्रका खास खास स्थानीय तहका वडाहरूमा मानव विकास सूचकाङ्क औसत प्रदेशको मात्र होइन नेपालकोभन्दा पनि कम छ। केन्द्रीय तथ्याङ्क विभागको सन् २०११ को साना भेगहरूमा गरिबीको वितरणको नक्साले यो स्थिति प्रष्ट पार्दछ। भौगोलिक हिसाबले प्रदेशको प्रायः उत्तरी हिमाली भेग र महाभारत श्रृंखलामा पर्ने सिन्धुली, रामेछापदेखि काभ्रे, मकवानपुर, चितवनका ग्रामीण क्षेत्रमा गरिबी व्यापक छ। यी क्षेत्रहरू प्रायः जनजातिहरू मूलतः तामाङ र महाभारतको दक्षिणी भेगमा चेपाङको वसोवास भएका क्षेत्र हुन्।यसरी गरिबीको भौगोलिक र जातीय दुबै

आयाम छन्।

ठीक यही स्थिति मानव गरिबीको हकमा देखिन्छ। प्रदेशको मानव गरिबी सूचकाङ्क २५.७ को तुलनामा रसुवा, सिन्धुपाल्चोक, सिन्धुली, रामेछाप, दोलखा, नुवाकोटको मागसू ३५भन्दा बढी छ अर्कोतिर बसाइँसराईको चापले गर्दा नेपालमै शहरी गरिबी बढ्दो छ। सन् २००३/०४ मा नेपाल जीवनस्तर सर्भेक्षणले देखाएको १० प्रतिशत को शहरी गरिबी २०१०/११ मा १५.५ प्रतिशत थियो। यो प्रवृत्ति प्रदेशको समग्र विकासका लागि ठूलो चुनौती हो।

यो प्रदेशको बहुआयामिक गरिबीको सूचक ०.०५१ छ जुन नेपालको ०.१२७ भन्दा ज्यादै कम हो। प्रदेशको १२.२ प्रतिशत जनसङ्ख्या बहुआयामिक गरिबिमा रहेको छ। तर जिल्ला र वडा तहमा अन्य गरिबीका सूचकमा जस्तै ठूलो असमानता रहेको अनुमान गर्न सकिन्छ।

## ३. समस्या र चुनौती

गरिबको पहिचान गरि निरपेक्ष गरिबीका कारकहरू (आवश्यक श्रोत-साधन, सम्पति र आयमूलक रोजगारी, र चाहिने सिपमा गरिब घर परिवारको पहुँच) को सम्बोधन नहुनु नै गरिबी निवारणको प्रमुख समस्या हो। विपन्न घर परिवारको पहिचान गर्नु, श्रोत-साधनमा गरिबको पहुँच पुऱ्याउनु, गरिबीको सघनता भएका ठाउँमा आयमूलक रोजगारीका अवसरहरूको बिस्तार गर्नु, गरिबहरूलाई कामका लागि चाहिने दक्षता, सिप र साधनको वन्दोवस्त गर्नु, सार्वजनिक कामहरूमा गरिबहरूको आयमूलक सहभागिता वृद्धि गर्नु र गरिब र गरिबीको सीमान्तमा रहेका घर परिवारहरूका निम्ति आकस्मिक विपद् वा जोखिम सामना गर्नका लागि सहायक कोषको व्यवस्था गर्नु यस क्षेत्रका मुख्य चुनौती हुन्।

## ४. अवसर

गरिबी निवारण राज्यकै प्राथमिकतामा हुनु, गरिबको पहिचान र गरिब परिचय पत्रको वितरण सुरू हुनु, गरिबी निवारणका क्षेत्रमा दातृ निकायहरूको चासो र सहयोग बढनु, र गरिबी निवारण संघीय सरकारको मात्र नभई प्रदेश र स्थानीय तहको कार्य क्षेत्रमा पर्नु यस क्षेत्रमा विद्यमान मुख्य अवसरहरू हुन्।

## ५. दीर्घकालीन सोच

गरिबी निवारणसहितको आर्थिक सम्बृद्धि।

## ६. लक्ष्य

निरपेक्ष गरिबीको न्यूनीकरण गरी विपन्न वर्गलाई प्रदेशको समृद्धिमा सहभागी गराउने।

## ७. उद्देश्य

गरिबीको रेखामुनिको जनसङ्ख्या र बहुआयामिक गरिबीको प्रतिशत आधाले घटाउनु।

## ८. रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्राकृतिक र अन्य श्रोत र उत्पादनका साधनमा विपन्न घरपरिवारको पहुँच र स्वामित्व बढाउने। | १. सामुदायिक र कबुलियत वन कार्यक्रमहरूमार्फत् उत्पादन वृद्धि गर्न गरिब र सीमान्त गरिबहरूलाई प्राथमिकता दिई सहभागी हुन प्रोत्साहन दिइनेछ।<br>२. उपयुक्त सार्वजनिक जग्गामा वातावरणमैत्री र उत्पादनमूलक कार्यक्रममा गरिबहरूलाई प्राथमिकता दिई संलग्न गराइनेछ।<br>३. बाँझो राखिएका निजी जग्गाहरूमा स्थनीय तहको रोहवरमा उत्पादनमूलक खेती गर्न विपन्न घरपरिवारलाई प्रोत्साहन गर्ने व्यवस्था गरिनेछ।<br>४. प्रदेश तहमा गरिबी निवारण कोषको स्थापना गरिनेछ र स्थानीय तहका गरिबी निवारण कार्यक्रमलाई सघाउन सहकार्य गरिनेछ।<br>५. कृषि, वनजस्ता क्षेत्रमा उत्पादकत्व वृद्धिमा सघाउने कार्यक्रममा (जस्तै प्रांगारीक मल, नर्सरी आदि) विपन्न र सीमान्त विपन्न घरपरिवारलाई प्राथमिकता दिई संलग्न गराइनेछ।<br>६. सम्भाव्यताका आधारमा शहरी क्षेत्रहरूमा जग्गामा सहभागिता (ल्याण्ड सेयरिङ) कार्यक्रममार्फत् गरिबहरूको आवास व्यवस्थापन गरिनेछ। |
| २. गरिब र सीमान्त गरिबको पहिचान गरी उनीहरूको क्षमता र उत्पादकत्व वृद्धि गर्ने। | १. विपन्न घरपरिवारको पहिचान गरी परिचय पत्र वितरण गरिनेछ।<br>२. स्थानीय साधन श्रोत र आवश्यकताका आधारमा विपन्न घरपरिवारका सदस्यलाई प्राथमिकता दिई एकद्वार प्रणालीमार्फत् सम्भाव्य तालिम र क्षमता अभिवृद्धि कार्यक्रममा संलग्न गराइनेछ र उद्दम विकासमा सहुलियतसहित प्रोत्साहन गरिनेछ। गरिबहरूलाई सहकारीमा आवद्ध हुन प्रोत्साहित |

| रणनीति | कार्यनीति |
|---|---|
| | गरिनेछ र लघु वित्तमा पहुँच सुनिश्चित गरिनेछ।<br>३. गरिब किसानहरूलाई जलवायु परिवर्तनसँग अनुकुलित हुने प्रविधिको तालिम दिइनेछ र सहुलीयतमा प्रविधि उपलव्ध गराइनेछ।<br>४. शहरी क्षेत्रमा फोहर व्यवस्थापनमा संलग्न सफाई मजदुरहरूको स्वास्थ्य बिमा गरी पेसालाई सुरक्षित र मर्यादित बनाइनेछ।<br>५. विपन्न दलितहरू र अन्य समुदायको पारम्परिक ज्ञानको सम्वर्धन गर्दै पेसागत कामलाई व्यवसायिक बनाउन आवश्यक तालिम, दक्षता अभिवृद्धि र स्वरोजगार कार्यक्रम अन्तर्गत वित्तीय सहयोग गरिनेछ। सिप परीक्षण गरी प्रमाणीकरण गरने व्यवस्था मिलाइनेछ।<br>६. गरिबमुखी योजना र कार्यक्रमहरूको नियमित अनुगमन र प्रभावकारिताको मूल्याङ्कन र परिमार्जन गरिनेछ। |
| ३. सार्वजनिक सेवा प्रवाह र विकासका काममा गरिबहरूको सहभागिता बढाउने। | १. शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षाजस्ता सेवाहरूको प्रवाहमा गरिब र सीमान्त गरिबलाई प्राथमिकता दिइनेछ।<br>२. गरिबहरूलाई सहुलियत दरमा स्वास्थ्य बिमाको व्यवस्था गरिनेछ।<br>३. रोजगारी नपाएका विपन्न घर परिवारका एकजना सदस्यले वर्षमा कम्तीमा १५० दिन आयमूलक रोजगारी पाउने सुनिश्चित गरिनेछ।<br>४. सार्वजनिक निर्माण कार्यमा महिलाहरूबाट गर्न सकिने कामहरूको पहिचान गरी आवश्यक मजदुरको १० प्रतिशत सङ्ख्या विपन्न घरपरिवारको एकल महिला वा महिलाहरूको निम्ति छुट्याइनेछ।<br>५. प्रदेश सरकार वा स्थानीय तहअन्तर्गतका पसल कवलजस्ता सार्वजनिक संरचना भाडामा दिँदा २० प्रतिशत सङ्ख्या विपन्न |

| रणनीति | कार्यनीति |
|---|---|
| | घरपरिवार र एकल महिलाहरूको निम्ति उपलब्ध गराउने व्यवस्था गरिनेछ। |
| ४. भौगोलिक र समुदायमा रहेको गरिबीको सघनताका आधारमा गरिबी निवारणका लक्षित कार्यक्रम तर्जुमा गर्ने। | १. भौगोलिक र समुदायमा रहेको गरिबीको सघनता र विद्यमान सम्भावनालाई मध्यनजर गरी त्यस्ता भौगोलिक क्षेत्र र समुदायका निम्ति गरिबी निवारणको अल्प र मध्यकालीन योजना र कार्यक्रमको तर्जुमा र चरणबद्ध कार्यान्वयन गरिनेछ।<br>२. २०७२ को भूकम्पबाट बास गुमेका जोखिममा अवस्थित विपन्न घर परिवारलाई सम्भाव्य ठाउँहरूमा एकीकृत बस्ती विकासका माध्यमबाट बसोबासको व्यवस्था मिलाउन सहजीकरण गरिनेछ। |

## ९. प्रमुख कार्यक्रमहरू

| प्रदेश आफैले गर्ने | स्थानीय तहलाई सहजीकरण गर्ने |
|---|---|
| १. गरिबी निवारणसम्बन्धी प्रादेशिक नीति, योजना, मापदण्ड र कार्यक्रम तर्जुमा<br>२. प्रदेश तहका सबै कार्यक्रमहरूमा गरिबको आयमूलक संलग्नता र गरिब संबेदनशील बजेट<br>३. गरिब र सीमान्त गरिबको पहिचानसम्बन्धी अध्ययन र नीति, कार्यक्रमको आवधिक मूल्याङ्कन र परिमार्जन<br>४. गरिबी निवारणमा स्थानीय तहको उपलब्धि र समस्याको आवधिक मूल्याङ्कन र मार्गनिर्देश | १. गरिब र सीमान्त गरिबको पहिचान र अध्यावधिक तथ्याङ्क व्यवस्थापन<br>२. स्थानीय सम्भाव्यता हेरी गरिबको क्षमता अभिवृद्धि<br>३. वन, वातावरण र सार्वजनिक जग्गामा गरिबको पहुँच आदिसम्बन्धी निर्देशिका तर्जुमा<br>४. गरिबी निवारण कार्यक्रममा संलग्न स्थानीय तहका कर्मचारी र अन्यको कार्यक्रम निर्माण आदिमा क्षमता अभिवृद्धि |

## १०. अपेक्षित उपलब्धि

विपन्न र सीमान्त गरिबको तथ्याङ्क अध्यावधिक भएको, विपन्न घरपरिवारको पहिचान भई शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाका सेवा र सुविधामा पहुँच पुगेको हुने, विपन्न घर परिवारका एकजना सदस्यलाई वार्षिक १५० दिन रोजगारीको सुनिश्चितता भएको हुने, उत्पादनका साधनमा विपन्नको पहुँच बढेको हुने, विपन्न घरपरिवारका सदस्यको रोजगारी र व्यवसायिक क्षमतामा अभिवृद्धि भएको र रोजगारीका आवसरमा वृद्धि भएको हुनू, विपन्न घर परिवारमा वित्तीय र अन्य जोखिमहरूमा कमी आएको हुने, विपन्न बस्तीहरूको पूर्वाधारमा सुधार भई जोखिमपूर्ण अवस्थामा रहेका र आधारभूत सेवा सुविधाहरू पुऱ्याउन नसकिने बस्तीहरूको सुरक्षित स्थान्तरण र स्तरोन्नति भएको र समग्रमा निरपेक्ष गरिबी र बहुआयामिक गरिबी आधा घटेको हुने।

# ७.४ सुशासन

## १. पृष्ठभूमि

संविधानले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, भ्रष्टाचारमुक्त, पारदर्शी, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गर्ने व्यवस्था गरेको छ। संविधानका उपरोक्त प्रावधानहरू नै सुशासनका प्रमुख आधारहरू हुन्। सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा स्थापित गर्न जनतामा अनुभूत हुने गरी शासकीय कार्य सञ्चालन गर्नुपर्ने हुन्छ।

दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने लक्ष्य हासिल गर्दै संघीयताको जग मजबुत पार्न कर्मचारीको योगदान महत्वपूर्ण हुन्छ। यो संस्थागत संरचनाको एक जीवन्त अवयव हो। क्षमतायुक्त जनशक्ति नै साङ्गठनिक लक्ष्य प्राप्तिका आधार हुन्। सुशासनका लागि कर्मचारीलाई कर्तव्यनिष्ठ, इमान्दार, क्षमतावान र व्यवसायिक बनाउन क्षमता विकास आवश्यक हुन्छ। मुलुक संघीय संरचनामा भर्खर रूपान्तरण भएको र प्रदेश संरचना नयाँ भएको सन्दर्भमा प्रदेशको शासन व्यवस्थाका सबै अवयवहरू सुचारु गर्न र सेवाप्रवाहलाई जनचाहना अनुरूप छिटो छरितो र सुलभ बनाउँदै सुशासनको अनुभूत गराउन निर्वाचित प्रतिनिधि र कर्मचारी दुबैको समय सापेक्ष क्षमता विकास गर्नु अपरिहार्य छ।

प्रादेशिक नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन, प्रदेश मन्त्रालयहरूको कार्यको समन्वय, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन नियन्त्रण, प्रदेश सरकारका निर्णयको कार्यान्वयन र अनुगमन, सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार, संवैधानिक निकाय तथा आयोगसँगको सम्पर्क र समन्वय, अन्तरप्रदेश परिषद र संघ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्वन्ध, प्रदेशस्तरीय मानव संसाधन विकास योजना तर्जुमा

र कार्यान्वयन, प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालनसम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन, प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन, सर्वेक्षण र परीक्षण, प्रदेशस्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवम् समन्वय, प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्भेक्षण तथा सेवा प्रवाहको अनुगमन, गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्थासम्बन्धी कानुन तर्जुमाजस्ता प्रदेश सरकारको कार्य सम्पादनसम्बन्धी विषयहरू प्रदेशको कार्य क्षेत्रमा पर्दछन्।

## २. वस्तुगत स्थिति

प्रदेशमा ७ वटा प्रादेशिक मन्त्रालयहरू रहनुका साथै ३७४३ निजामती कर्मचारीको दरबन्दी रहेको छ। उक्त दरबन्दीको आधाभन्दा कम पदमा मात्र कर्मचारी कार्यरत छन्। प्रदेशको कार्यबोझ अनुसार नयाँ दरबन्दीको संरचनासहित सङ्गठनको पुनर्संरचना गर्न बाँकी नै छ। प्रदेश कार्य सञ्चालनसम्बन्धी कानुनी पूर्वाधार र कार्य संयन्त्र निर्माणकै चरणमा रहेका छन्। प्रदेश सरकार गठन भएको ठीक एक वर्षमा २४ वटा कानुन प्रदेश सभाबाट पारित भइसकेका छन् भने १० भन्दा बढी तर्जुमा प्रक्रियामा रहेका छन्।

## ३. समस्या र चुनौती

आवश्यक कानुन निर्माण भई नसक्नु, कर्मचारी समायोजन भई पदपूर्ति नहुनु, प्रदेशको सङ्गठन तथा व्यवस्थापन अध्ययन र प्रदेशको आवश्यकता अनुरूप सङ्गठनात्मक संरचना तयार भई नसक्नु, प्रदेश निजामती सेवा गठन भई नसक्नु, प्रदेश लोकसेवा आयोग गठन हुन् नसक्नु, प्रदेशमा जनशक्ति विकाससम्बन्धी कुनै सस्थागत व्यवस्था नहुनु, साधन श्रोतको अभाव हुनु, कर्मचारीहरू प्रदेश संरचनामा अनुकूलन भै नसक्नु आदि प्रमुख समस्या रहेका छन्।

संविधान बमोजिमका आवश्यक संरचनाहरू निर्माण गर्नु, परम्परागत शासनमुखी कार्य प्रवृत्तिलाई सेवामुखी र प्रदेश सरकार एवम् सेवाग्राहीप्रति उत्तरदायी प्रशासनिक संरचनामा बदल्नु, क्षमतावान् र गुणस्तरीय कर्मचारी प्रदेशमा आकर्षण गर्नु, रिक्तपद पूर्ति गर्नु, तालिम प्रदायक संस्थाहरू प्रदेश अन्तर्गत ल्याउनु, अन्तरनिकाय तथा अन्तरसरकार समन्वय गर्नु, कार्यविभाजन अनुसार संस्थागत र मानवीय क्षमताको विकास गर्नु, शासकीय प्रणालीमा पारदर्शिता तथा जवाफदेहिता सुनिश्चित गर्नु, सार्वजनिक क्षेत्रमा सदाचार पद्धतिको विकास गर्नु, विकास निर्माणका कार्यहरू समयमै गुणस्तरीय ढङ्गले सम्पन्न गरी आम जनताको प्रदेश सरकारप्रतिको विश्वास आर्जन गर्नु प्रदेश सरकारका प्रमुख चुनौतीहरू रहेका छन्।

## ४. अवसर

सुशासनका लागि संघीय कानुनहरूको विद्यमानता, सुशासन प्रदेश सरकारको नीतिगत प्राथमिकतामा परेको, नयाँ पूर्ति हुने पदमा आवश्यकता अनुसार योग्यतम् व्यक्तिलाई आकर्षण गर्न सकिने,

प्रदेश संरचनामा रहने कर्मचारीहरूको क्षमता विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्ने अधिकार प्रदेश सरकारमा रहेको, सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोगलाई सरकारले उच्च महत्त्व दिएको, सूचना तथा सञ्चार प्रविधिमा नागरिक पहुँचको अभिवृद्धि भएको र सामाजिक सञ्जालको उपयोग बढ्दै गएको, भ्रष्टाचारमुक्त उत्तरदायी र पारदर्शी कार्य संस्कृतिको विकासमा जनचासो र चेतना बढ्दै गएको, सहभागितात्मक विकास पद्धतिप्रति प्रतिबद्धता बढेको, संघीय सरकारले सञ्चालन गर्न लागेको प्रदेश तथा स्थानीय तह सहयोग कार्यक्रम सञ्चालन हुने क्रममा रहेको, मुलुककै नेतृत्वदायी अधिकांश विश्वविद्यालय, प्राविधिक शिक्षालय, तालिम तथा मानव संसाधन विकाससम्बन्धी संस्थाहरू प्रदेशभित्र हुनु आदि प्रदेशमा सुशासन स्थापनाका र क्षमता विकासका लागि महत्वपूर्ण अवसर हुन्।

## ५. दीर्घकालीन सोच

जवाफदेही र परिणाममुखी शासकीय व्यवस्था।

## ६. लक्ष्य

प्रदेशको शासन प्रणाली समावेशी, कार्यमूलक, जनमुखी, परिणाममुखी, पारदर्शी र उत्तरदायी बनाउने।

## ७. उद्देश्य

१. सुशासनका लागि कानुनी र नीतिगत पूर्वाधारहरूको निर्माण गर्नु,

२. सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउनु र

३. सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्नु।

## ८. रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. शासन प्रणाली सञ्चालनसम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यविधिहरूको तर्जुमा गर्ने। | १. प्रदेश सरकार सञ्चालनसम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यविधिहरूको तर्जुमा गरिनेछ।<br>२. प्रदेश निजामती सेवाको गठनसम्बन्धी कानुन निर्माण गरी प्रशासन संयन्त्रलाई प्रदेशप्रति उत्तरदायी बनाइनेछ।<br>३. सार्वजनिक निकायका पदाधिकारीको जिम्मेवारी र कर्तव्यलाई स्पष्ट पारिनेछ।<br>४. सार्वजनिक निकायका पदाधिकारीको आचारसंहिता पालनाको |

| रणनीति | कार्यनीति |
|---|---|
| | अनुगमन प्रणाली सुदृढ गराइनेछ।<br>५. सार्वजनिक पदाधिकारीको नियुक्ति, सरुवा, बढुवा, पदस्थापन, दण्ड र पुरस्कारलाई पद्धतिबद्ध बनाइनेछ।<br>६. प्रदेशको साङ्गठनिक संरचनालाई आवश्यकता र कार्य जिम्मेवारी अनुसार पुनःसंरचना गरिनेछ।<br>७. कार्यसम्पादनलाई वृत्ति विकाससँग घनिष्ठ रूपमा आबद्ध हुने गरी कानुनी व्यवस्था मिलाइनेछ।<br>८. सार्वजनिक खर्च व्यवस्थापन प्रणाली सुव्यवस्थित गरिनेछ। |
| २. प्रदेशले प्रवाह गर्ने सेवामा अधिकारमुखी पहुँच स्थापना गर्ने। | १. सबै प्रकारका सेवामा सबैको र खास गरी समाजका सीमान्तकृत र विपन्न समुदायको पहुँच सुनिश्चित गरिनेछ।<br>२. सेवाग्राहीको माग सापेक्ष, सहभागितामूलक विकास प्रक्रियाको अवलम्बन गरिनेछ।<br>३. बिद्युतीय शासन प्रणालीको व्यापक अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरल बनाइनेछ।<br>४. जनताका गुनासो सिधै मुख्यमन्त्रीसँग पुग्ने संयन्त्र स्थापित गरी शीघ्र जवाफदेहिता, कारबाही  र जानकारीको सुनिश्चितता गरिनेछ।<br>५. स्थानीय तहहरूलाई एकद्वार प्रणालीबाट एकीकृत सेवा प्रदान गर्न सहजीकरण गरिनेछ।<br>६. सूचना प्रविधिको प्रयोग र पहुँच बढाउने कार्यक्रम सञ्चालनमा सहयोग पुऱ्याउन स्थानीय तहलाई सहजीकरण गरिनेछ। |
| ३. प्रदेश सरकारको कार्यसम्पादनलाई पारदर्शी, उत्तरदायी र परिणाममुखी बनाउने। | १. प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था कायम गरिनेछ।<br>२. सूचनाको हकसम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयन गरी सार्वजनिक सरोकार विषयमा सूचनाको सार्वजनिक गर्ने कार्यलाई अनिवार्य बनाइनेछ।<br>३. गुनासो सुनुवाई संयन्त्र र सूचना अधिकारीको भूमिकालाई प्रभावकारी तुल्याइनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | ४. सेवा प्रदायकप्रति नागरिकहरूको सन्तुष्टिको स्तर मापन र नियमित पृष्ठपोषण लिइनेछ। यसकार्यमा तेस्रो पक्ष मूल्याङ्न प्रणालीसमेतको अवलम्बन गरिनेछ।<br>५. कर्मचारीहरूको कार्यसम्पादनलाई विकास कार्यक्रमको नतिजा, सेवा प्रवाहको गुणस्तरीयता, सेवाग्राहीको सन्तुष्टि आदिसँग आवद्ध गरिनेछ। यसका लागि सेवाग्राहीहरूको सन्तुष्टि सर्वेक्षण, गुनासो समाधान, सार्वजनिक सुनुवाई आदिको मापनलाईसमेत आधार बनाइनेछ।<br>६. नैतिकता, आचरण र इमान्दारितालाई कार्य संस्कृतिको रूपमा विकास गरी दण्ड र पुरस्कारलाई व्यवस्थित तुल्याइनेछ।<br>७. निश्चित लागत र बजेट सीमाभन्दा माथिका आयोजनाका प्रमुखहरूसँग कार्यसम्पादन सम्झौता गरी नतिजाप्रति उत्तरदायी बनाइनेछ।<br>८. सार्वजनिक निर्माणको गुणस्तर परीक्षणका लागि प्रयोगशालाहरूको स्थापना गरिनेछ।<br>९. स्थानीय तहसँग एवम् प्रदेश कार्यालयहरूसँग बिद्युतीय सूचना प्रविधि कनेक्टिभिटी हुने गरी प्रदेशस्तरीय सूचना केन्द्रको स्थापना गरिनेछ।<br>१०. भ्रष्टाचार विरूद्ध शून्य सहनशीलता अपनाइनेछ। भ्रष्टाचारजन्य क्रियाकलापमा निगरानी तथा कारवाहीलाई सशक्त बनाउन भ्रष्टाचार विरूद्ध अन्तरनिकाय समन्वय र सहकार्य प्रभावकारी बनाइनेछ।<br>११. आन्तरिक नियन्त्रण प्रणालीका साथै वित्तीय जोखिम नियन्त्रण प्रणालीको अवलम्बन गरिनेछ।<br>१२. बेरूजुलाई सार्वजनिक गरिनुका साथै बेरूजुको प्रकृतिका आधारमा कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गरिनेछ।<br>१३. सेवा प्रवाहलाई जनमुखी र सेवामूलक बनाउन नागरिक |

| रणनीति | कार्यनीति |
|---|---|
| | बडापत्र राखिनेछ।<br>१४. महत्वपूर्ण सेवा प्रदायकको मूल्याङ्कनमा सेवाग्राहीको संलग्नता रहने व्यवस्था गरिनेछ।<br>१५. सार्वजनिक उत्तरदायी संयन्त्रहरू (सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन आदि)लाई प्रभावकारी र नियमित गराइनेछ।<br>१६. सरकारको क्षेत्र र कार्यक्रमगत बजेट, कार्ययोजना, आवधिक प्रगति र जनसरोकारका निर्णयहरू वेबसाइटमार्फत् नियमित रूपमा सार्वजनिक गरिनेछ।<br>१७. गैरसरकारी संस्था र नागरिक समाजसँग समन्वय र सहकार्यका माध्यमबाट सार्वजनिक उत्तरदायित्व अभिवृद्धिमूलक कार्यसम्पादन गरिनेछ। |
| ४. साङ्गठनिक पुनःसंरचना र जनशक्ति विकास गर्ने। | १. प्रदेशको कार्य आवश्यकता अनुसार प्रशासनिक पुनःसंरचना गरिनेछ।<br>२. सङ्गठनको लागि आवश्यक पर्ने दक्ष जनशक्तिको विकास र उपयोगका लागि एकीकृत जनशक्ति विकास योजना तयार गरिनेछ।<br>३. वार्षिक बजेटको निश्चित प्रतिशत तालिम तथा क्षमता विकास र आवश्यक अनुसन्धानका लागि विनियोजन गरिनेछ।<br>४. प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको आवश्यकता र माग अनुसार अभिमुखीकरण, तालिम र क्षमता विकासका लागि आधुनिक प्रविधि र श्रोत-साधनसहितको प्रदेश सुशासन प्रशिक्षण प्रतिष्ठानको स्थापना गरिनेछ।<br>५. प्रदेश लोक सेवा अयोगको गठन गरी प्रदेश तथा स्थानीय तहमा पदपपूर्तिको व्यवस्था गरिनेछ। |
| ५. तालिमलाई व्यवहारिक, | १. कार्यक्षेत्र र कार्यप्रकृति अनुसार नयाँ ज्ञान, सूचना र प्रविधिको निरन्तर अनुसरण गर्न सक्ने नवप्रर्वतनमुखी व्यवहारिक, |

| रणनीति | कार्यनीति |
|---|---|
| प्रविधियुक्त तथा नवप्रर्वतनशील बनाउने। | प्राविधिक तथा सिपमूलक तालिम, परामर्श र सिकाइमा जोड दिइनेछ।<br>२. शिक्षण, सिकाइ, तालिम र सङ्गठनात्मक व्यवहारद्वारा नैतिकता र सदाचार पद्धतिलाई प्रोत्साहन गरिनेछ।<br>३. विषय दक्षताका अधारमा संघीय निकाय र प्रशिक्षण केन्द्र, विश्वविद्यालय, अनुसन्धान केन्द्र तथा निजी र गैरसरकारी क्षेत्रलाईसमेत तालिमका लागि उपयोग गरिनेछ। अन्य प्रदेशका राम्रा सिकाइ र उत्तम अनुभवलाई आत्मसात् गरिनेछ। |
| ६. अन्तरसरकार समन्वयलाई प्रभावकारी बनाउने। | १. प्रदेश समन्वय परिषद्लाई नियमित, प्रभावकारी र परिणाममुखी गरिनेछ।<br>२. संघीय र स्थानीय तहसँग नियमित सम्पर्क र समन्वय स्थापित गरिनेछ।<br>३. प्रदेशभित्रका गाउँपालिका र नगरपालिकाको विवाद समाधान गर्ने प्रक्रिया र कार्यविधिसम्बन्धी कानुन निर्माण गरी कार्यान्वयन गरिनेछ।<br>४. संघीय, प्रादेशिक र स्थानीय तहकाबीच सूचना प्रणाली व्यवस्थापनमा समन्वय गरिनुका साथै प्रतिवेदन प्रणालीलाई एकीकृत रूपमा आवद्ध गरी दोहोरो सञ्चार प्रणाली स्थापित गरिनेछ।<br>५. स्थानीय तहहरूकाबीच कार्यसम्पादनमा प्रतिस्पर्धा अभिवृद्धिका साथै कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था मिलाइनेछ।<br>६. प्रदेशमा आधिकारिक तथ्याङ्क केन्द्रको स्थापना गरी विगतका अभिलेख एवम् आयोजना दस्तावेजहरू/प्रतिवेदनहरूलाई पोर्टलमा राखिनेछ।<br>७. स्थानीय तहका पोर्टलहरूलाई प्रदेश पोर्टलसँग जोड्ने गरी वस्तुगत विवरण तथा स्रोत नक्साहरू र परियोजना विवरण |

| रणनीति | कार्यनीति |
|---|---|
| | लगायतका सूचना उपलब्ध हुने व्यवस्था मिलाइनेछ।<br>८. प्रदेशभित्रका स्थानीय तहको कार्य सम्पादन र प्रतिवेदन प्रणालीमा एकरूपता आउने गरी स्थानीय तहकोसमेत सफ्टवेयरहरूको विकास गरी सहजीकरण गरिनेछ। सङ्घीय सरकारबाट कार्यान्वयनमा आउने र अन्य सूचना प्रणालीलाई प्रभावकारी बनाइनेछ।<br>९. प्रदेशस्तरीय विकास समस्या समाधान समितिलाई समस्या समाधान तथा सहजीकरण संयन्त्रको रूपमा विकास गरिनेछ। |

## ९. प्रमुख कार्यक्रमहरू

| प्रदेश आफैले गर्ने कार्यहरू | स्थानीय तहलाई सहजीकरण गर्ने |
|---|---|
| १. आवश्यक नीति तथा कानुनी पूर्वाधारहरूको निर्माण।<br>२. प्रदेशको शासकीय पद्धति र आवश्यक जनशक्ति अनुरूपको साङ्गठनिक पुनःसंरचना।<br>३. उत्तरदायी संयन्त्र र प्रणालीको विकास।<br>४. प्रदेश सुशासन प्रशिक्षण केन्द्रको स्थापना र व्यवहारिक र नवप्रवर्तनशील तालिम सञ्चालन।<br>५. सार्वजनिक वित्त व्यवस्थापन प्रणाली<br>६. सार्वजनिक निर्माण गुणस्तर परीक्षण प्रयोगशालाहरूको स्थापना/सम्बन्धन, प्राविधिक परीक्षण।<br>७. प्रदेश सरकारी सेवाको अभिलेख व्यवस्थापन। | १. जनशक्तिको क्षमता विकास<br>२. उत्तरदायी संयन्त्र र प्रणालीको विकास<br>३. विधुतीय शासन प्रयोग र पहुँच<br>४. प्रमुख सेवाहरूको व्यवस्थापन परीक्षण तथा सेवा प्रभावकारिता सर्वेक्षण |

## १०. अपेक्षित उपलब्धि

आवश्यक कानुनहरूको निर्माण भएको हुने, सङ्गठनात्मक पुनःसंरचना र कर्मचारी समायोजन भई तदअनुसारको संरचना क्रियाशील भएको हुने, प्रदेशमा सार्वजनिक सेवा प्रवाहको गुणस्तरमा सुधार र

सार्वजनिक सेवामा आम नागरिकको पहुँचमा अभिवृद्धि भएको हुने, एकीकृत जनशक्ति विकास योजना तयार भई लागू भएको हुने, प्रदेश प्रशिक्षण प्रतिष्ठान स्थापना भई तालिम तथा क्षमता अभिवृद्धिको कार्यक्रम आरम्भ भएको हुने।

## ७.५ सूचना तथा सञ्चार

### १. पृष्ठभूमि

लोकतन्त्रको मर्म भनेकै पूर्ण प्रेस स्वतन्त्रता, वाक र प्रकाशन स्वतन्त्रता, आफ्नो वा सार्वजनिक सरोकारको सूचना माग्ने र पाउने हक तथा सञ्चारको हकजस्ता विषय हुन्। नेपालको संविधानले आत्मसात गरेका यस्ता मौलिक हकको प्रत्याभुति गर्न सञ्चार तथा सूचना प्रविधि क्षेत्रको महत्वपूर्ण भूमिका रहेको छ। यस क्षेत्रमा विश्वमा भएका द्रुततर विकासले नेपालमा पनि नयाँ प्रविधि भित्र्याउन प्रोत्साहित गरेको छ। सरकारी र निजी क्षेत्रबाट यस क्षेत्रमा भएको लगानीबाट देशको दुर्गम क्षेत्रमासमेत सूचनाको पहुँच उल्लेख्य मात्रामा पुगेको छ। सञ्चार तथा सूचना प्रविधिमा भएको लगानीलाई संरक्षण र सम्वर्धन गर्दै आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निस्पक्ष, मर्यादित, व्यवसायिक र प्रतिस्पर्धी बनाई यसको सङ्ख्यात्मकभन्दा गुणात्मकतामा जोड दिई आम नागरिकलाई सहज र सर्वसुलभ रूपमा सूचना प्राप्त हुने अवस्थाको श्रृजना गर्नु आवश्यक रहेको छ।

प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन, साइवर सुरक्षा अनुगमन, छापासञ्चार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, वर्गीकरण, सञ्चालन र नियमन, प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण, श्रमजीवी सञ्चारकर्मीहरूको न्यूनतम पारिश्रमिक अनुगमन, केबुल वितरणको इजाजत, नवीकरण र नियमन, सूचनाको हकसम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, चलचित्र निर्माण, हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमनजस्ता विषयहरू प्रदेशको कार्य दायरामा रहेका छन्।

### २. वस्तुगत स्थिति

प्रदेशभित्र पत्रपत्रिका सङ्ख्या ७७६, एफ एम रेडियो १६३, र टेलिभिजन प्रसारण संस्थाहरू ६८ रहेका छन्। सूचनाको हकसम्बन्धी ऐन, २०६४ को व्यवस्था अनुसार प्रदेशका सार्वजनिक निकायहरूले आफूसँग सम्बन्धित सूचना अध्यावधिक गरी सार्वजनिक गर्न थालेका, सूचना अधिकारीहरूको व्यवस्था रहेको, प्रादेशिक निकायहरूले वेवसाइटमार्फत् सूचना तथा जानकारीहरू प्रवाह गर्ने गरेका छन्।

## ३. समस्या र चुनौती

सरकारी तथा निजी क्षेत्रबाट सञ्चालनमा रहेका आम सञ्चार माध्यमहरूलाई सक्षम, निस्पक्ष, मर्यादित, विश्वसनीय, व्यवसायिक र प्रतिस्पर्धी बनाउनु, शहर केन्द्रित छापा तथा बिद्युतीय सञ्चार माध्यमहरूलाई दुर्गम र ग्रामीण क्षेत्रसम्म पुऱ्याउनु, बिद्युतीय सञ्चार माध्यम, इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको अनुगमन गर्नु, प्रसारण संस्थाले प्रसारण गर्ने विषयवस्तु, प्रयोग भएको प्रविधि र जनशक्तिको अनुगमन गर्न संघीय सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिक पूर्णरूपमा लागू गराउनु तथा आधुनिक प्रविधि देशमा भित्र्याई प्रयोगमा ल्याउनु चुनौतीको रूपमा रहेका छन्।

## ४. अवसर

नेपालको संविधानले सूचनाको हक, सञ्चारसम्बन्धी हकलाई मौलिक हकको रूपमा समावेश गर्नु, प्रकाशन र प्रसारण स्वतन्त्रताको हक हुनु, राज्यको खुला नीतिका कारण आम सञ्चार माध्यमहरू प्रतिस्पर्धा भई देशभरी प्रकाशन तथा प्रसारण बिस्तार हुँदै जाँदा नागरिकले छिटो र सहज सूचना प्राप्त हुने र सरकारका कामकाजमा पारदर्शिता आउने अवस्था हुनु, सार्वजनिक निकायका काम कारवाहीका बारेमा नागरिकलाई जानकारी गराउने सामाजिक सञ्जालको विकास हुँदै जानु तथा ब्रोडब्यान्ड इन्टरनेटको प्रयोग र अनलाइन प्रकाशनको बढ्दो प्रयोगले सूचनाको पहुँचमा सहज हुनु, यस प्रदेशका प्राय सबै स्थानीय तहसम्म ल्यान्डलाइन, मोवाइल सेवा तथा इन्टरनेट सेवाको पँहुचले सूचना तथा सञ्चार संप्रेषणमा छिटो तथा सरलता हुनु यस क्षेत्रका अवसरहरू हुन्।

## ५. दीर्घकालीन सोच

सूचना र सञ्चार सेवामा गुणस्तरीय पहुँच।

## ६. लक्ष्य

पूर्ण प्रेस स्वतन्त्रता, सञ्चार र सूचनाको हक कार्यान्वयन गर्दै नागरिकमा सूचनाको पहुँच बिस्तार गर्ने।

## ७. उद्देश्य

१. आम नागरिकलाई सहज र सर्वसुलभ रूपमा सूचना प्राप्त हुने अवस्था श्रृजना गर्नु, र

२. आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निस्पक्ष, मर्यादित, विश्वसनीय, व्यवसायिक र प्रतिस्पर्धी बनाउनु।

## ८. रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. आम नागरिकको सुसूचित हुन पाउने संवैधानिक हकको लागि उचित वातावरण मिलाउने। | १. सूचनाको हकसम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा तथा प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइनेछ।<br>२. सामाजिक र आर्थिक विकासका क्षेत्रमा केन्द्रित प्रादेशिक सूचना सञ्चार रणनीतिको तर्जुमा र कार्यान्वयन गरिनेछ।<br>३. प्रदेशस्तरका मन्त्रालयहरूमा अफिस अटोमेसन प्रणाली लागू गरिनेछ।<br>४. टेलिसेन्टरहरूको स्थापना र सञ्चालनको व्यवस्था मिलाइनेछ।<br>५. सबै कार्यालयका वेबसाइट, इमेल, फेसबुक, ट्वीटर, भाईबरजस्ता माध्यमबाट नागरिकको गुनासो प्राप्ति तथा सुनुवाई हुने व्यवस्था मिलाइनेछ। |
| २. आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निस्पक्ष, मर्यादित, व्यवसायिक र प्रतिस्पर्धी बनाउने। | १. आम सञ्चारसम्बन्धी कानुन तर्जुमा गरिनेछ।<br>२. छापा तथा बिद्युतीय सञ्चार माध्यमको विकास र सुदृढीकरण गरिनेछ।<br>३. आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निस्पक्ष, मर्यादित, व्यवसायिक, विश्वसनीय र प्रतिस्पर्धी हुने वातावरण बनाइनेछ।<br>४. पत्रकार प्रतिष्ठान स्थापना र सञ्चालनको लागि सहयोग उपलव्ध गराइनेछ। |
| ३. चलचित्र छायाङ्कन स्थलको निर्माण तथा नेपालको सांस्कृतिक, सामाजिक मूल्य मान्यताका मौलिक चलचित्र निर्माणमा | १. नेपाललाई चलचित्र छायाङ्कनको स्थलको रूपमा विकसित गर्न चलचित्र नगरीहरू तथा छायाङ्कन स्थलहरूको निर्माण गरिनेछ।<br>२. सास्कृतिक तथा सामाजिक मूल्य मान्यता तथा सदभाव कायम राख्ने मौलिक प्रकृतिका चलचित्र निर्माणलाई प्रोत्साहन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| जोड दिने। | ३. चलचित्रसम्वन्धी नीति वनाई चलचित्रसम्वन्धी मापदण्ड र वर्गीकरण गरिनेछ। |

९. **प्रमुख कार्यक्रमहरू**

| प्रदेश आफैले गर्ने | स्थानीय तहलाई सहजीकरण गर्ने |
|---|---|
| १. सूचना सञ्चार रणनीति निर्माण | १. टेलिसेन्टर स्थापना |
| ३. पत्रकार प्रतिष्ठान | २. सञ्चारकर्मी क्षमता अभिवृद्धि कार्यक्रम |
| ५. सूचना प्रविधि पार्क | |
| ६. बिद्युतीय कार्य प्रणाली, अफिस अटोमेसन | |
| ७. चलचित्र नगरी निर्माण | |

## १०. अपेक्षित उपलब्धि

सबै कार्यालयहरूका वेवसाइट, इमेल, फेसवुक, ट्वीटर, भाईवरजस्ता सामाजिक सञ्जालका माध्यमवाट नागरिकको गुनासो प्राप्ति तथा सुनुवाई हुने व्यवस्था भएका हुने, सामुदायिक सूचना केन्द्रको स्थापना, आम सञ्चार माध्यम व्यवसायिक, मर्यादित र जिम्मेवार भएको हुने, अनलाइन सेवाहरू व्यवस्थित भएका हुने, सांस्कृतिक तथा सामाजिक मूल्य मान्यता तथा सद्भाव कायम राख्ने मौलिक प्रकृतिका चलचित्रहरूको निर्माण भएको हुने।

# ७.६ विज्ञान तथा प्रविधि

## १. पृष्ठभूमि

देशको आर्थिक विकास र सामाजिक रूपान्तरणमा विज्ञान तथा प्रविधिको अहम् भूमिका हुन्छ। वैज्ञानिक अनुसन्धान तथा प्रविधि विकासमा गरिएको लगानीले विकासको गतिलाई तीब्रता दिन्छ। विज्ञान तथा प्रविधिको विकास समग्र विकासको सूचक हो। यो देशको प्रतिष्ठासित पनि जोडिएको हुन्छ। अनुसन्धान तथा प्रविधि विकासमा गरिएको लगानीले प्रविधिको विकासलाई र प्रविधिको विकासले प्रदेश विकासको गतिलाई तीव्रता दिन मद्दत गर्दछ। नेपालको संविधानले वैज्ञानिक अध्ययन अनुसन्धान एवम् आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्ने नीति लिएको छ।

## २. वस्तुगत स्थिति

नेपालमा विज्ञान तथा प्रविधिसित सम्वद्ध सरकारको सहयोगमा सञ्चालित निकाय र

अनुसन्धानशालाहरू १२५ को हाराहारीमा छ। ती धेरैजसो सेवा प्रदायक एकाइ हुन्। प्रतिष्ठान र विश्वविद्यालयहरूमा धेरैजसो अनुसन्धानहरू हुने गर्दछ। नवप्रवर्तन शैशव अवस्थामै छ। सबै विषयमा गरी विज्ञान तथा प्रविधिको जनशक्ति करिब ९० हजार रहेको अनुमान छ जसमध्ये आधा इन्जिनियरिङ, एक चौथाई चिकित्सा र बाँकी कृषि तथा पशु, वन, वनस्पति, प्राणी, रसायन, भौतिक विज्ञान आदि विषयमा रहेको देखिन्छ। देशभरिमा सरकारले विज्ञान र प्रविधिको क्षेत्रमा कुल गार्हस्थ्य उत्पादनको औसत ०.३५ प्रतिशत र कुल बजेटको ०.२ प्रतिशत मात्र लगानी गर्ने गरेको छ, जुन अत्यन्तै न्यून हो।

प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा बिस्तार, सोसम्बन्धी तथ्याङ्क सङ्कलन र प्रशोधन, जनशक्ति विकास र उपयोग, वैज्ञानिक अध्ययन अनुसन्धान एवम् आविष्कार, उन्नयन र विकास, विज्ञान संग्रहालय र प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थापनजस्ता विज्ञान र प्रविधिसम्बन्धी विषयवस्तुहरू प्रदेशको कार्य क्षेत्रमा पर्दछन्।

## ३. समस्या र चुनौती

प्रविधिसम्बन्धी विषय कुनै मन्त्रालयको स्पष्ट कार्यादेशभित्र नपर्नु, विज्ञान तथा प्रविधिसम्बन्धी प्रदेश सरकारमा संस्थागत संरचना नहुनु, सेवा प्रवाहमा विज्ञान र प्रविधिलाई आवद्ध गर्न नसक्नु, विज्ञान प्रविधिको क्षेत्रमा अत्यन्त न्यून लगानी, प्राविधिक जनशक्तिको न्यूनता र भएकाको पनि उचित परिचालन र उपयोग हुन नसक्नु, वैज्ञानिक अनुसन्धान केन्द्रहरूमा अनुसन्धानकर्ताहरूको अभाव, विश्वविद्यालयहरूमा अनुसन्धानका क्षेत्रमा लगानी न्यून रहनुजस्ता समस्याहरू रहेका छन्।

विज्ञान तथा प्रविधि क्षेत्रमा निरन्तर र दिगो लगानी, शिक्षामा विज्ञान तथा प्रविधि भित्र्याउनु, सेवा प्रवाहलाई प्रविधि अनुकूल बनाउनु, रेडियोधर्मी पदार्थको मानव स्वास्थ्यमा अहित नहुने गरी प्रयोगमा ल्याउनु, प्रादेशिक तहमा विज्ञान र प्रविधिको सन्तुलित विकास गर्न आवश्यक संरचना र कानुनी व्यवस्था मिलाउनु, विज्ञान शिक्षालाई गुणस्तरीय र सर्वसुलभ बनाउनु, युवा वैज्ञानिकहरूको पलायन रोकेर प्रदेशमै काम गर्ने स्थिति बनाउनु, आवश्यक दक्ष तथा प्राविधिक जनशक्तिको पहिचान गरी आपूर्ति गर्नुजस्ता चुनौतीहरू विद्यमान छन्।

## ४. अवसर

प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा बिस्तार, सोसम्बन्धी तथ्याङ्क सङ्कलन र प्रशोधन, जनशक्ति विकास र उपयोग, वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकास, विज्ञान संग्रहालय र प्लानेटेरियमको स्थापना, सञ्चालन र व्यवस्थापन एवम् प्राज्ञिक अनुसन्धान समावेश हुनु, विज्ञानको अध्यापन विद्यालयदेखि प्रारम्भ भई विश्वविद्यालयको विशिष्ट तहसम्म हुनु, विज्ञान

अध्ययनमा आकर्षण र जागरूकता बढ्नु, प्रदेशभित्र संघीय सरकार मातहतका विज्ञान तथा प्रविधिसम्बन्धी केन्द्रीय संस्थाहरूको उपस्थित रहनु (सूचना प्रविधि विभाग, राष्ट्रिय विधिविज्ञान प्रयोगशाला, वी.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान संग्रहालय, राष्ट्रिय सूचना प्रविधि केन्द्र, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय अन्तर्गत विज्ञान तथा प्रविधिसम्बन्धी शिक्षण संस्थाहरू र तिनले सञ्चालन गर्ने शैक्षिक कार्यक्रमहरू), डिजिटल र सूचना प्रविधिको प्रयोग र त्यसप्रति जनअभिरुचि बढ्दै जानु आदि यस क्षेत्रका अवसरहरू हुन्।

## ५. दीर्घकालीन सोच

विज्ञान र प्रविधिको बिस्तार, विशिष्टीकरण र उत्पादकत्वमा सुधार।

## ६. लक्ष्य

विज्ञान र प्रविधिको विकास र उपयोगबाट समाजमा वैज्ञानिक चेतनाको अभिवृद्धि गर्ने र आर्थिक विकासमा टेवा पुऱ्याउने।

## ७. उद्देश्य

२. प्रदेशमा विज्ञान तथा प्रविधिको विकास र उपयोग गर्नु र

३. विज्ञान र प्रविधिलाई विकास र सेवा प्रवाहसँग आवद्ध गर्नु।

## ८. रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. विद्यालयमा विज्ञान शिक्षाको सुदृढीकरण र प्रवर्द्धनात्मक कार्यक्रमहरूलाई तीब्रता दिने। | १. प्रदेशको शिक्षा नीति र आवधिक कार्य योजनामा विद्यालयको विज्ञान पाठ्यक्रम र क्रियाकलापको तर्जुमा गरिनेछ।<br>२. विद्यालयहरूमा विज्ञान प्रयोगशालालाई सुदृढ गर्ने र जिल्लास्तरमा कम्तीमा एउटा प्रयोगशालासहित विज्ञान शिक्षा प्रदान गर्ने विद्यालमा विज्ञान अध्ययन केन्द्रको स्थापना गरिनेछ।<br>३. हरेक स्थानीय तहमा सम्भाव्यता हेरी कम्तीमा एक प्राविधिक विद्यालय स्थापना गरिनेछ।<br>४. भविष्यमा प्रदेश विश्वविद्यालय हुनसक्ने गरी विज्ञान र प्रविधिका उत्कृष्ट उच्च शिक्षा केन्द्रहरू रणनीतिक स्थानमा स्थापना गरिनेछ।<br>५. विद्यालय, क्याम्पस तथा व्यवसायमा आवद्ध युवा |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | वैज्ञानिकहरूलाई प्रोत्साहन तथा प्रतिभा प्रष्फुरण गर्न आवधिक युवा वैज्ञानिक सम्मेलनको आयोजना गरिनेछ।<br>६. वैज्ञानिक प्रतिभा प्रवर्द्धन गर्न नियमित रूपमा स्थानीय तह हुँदै प्रादेशिक तहसम्म विज्ञान प्रदर्शनी लगायतका सृजनात्मक प्रतियोगिताहरूको आयोजना गरिनेछ।<br>७. विज्ञान र प्रविधिसम्बन्धी प्रतिभा पहिचान गरी विशिष्टीकृत क्षेत्रमा प्रतिभाहरूको विकास र उपयोग गरिनेछ। |
| २. प्रदेशको प्राथमिकताका क्षेत्रमा वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनमा जोड दिने। | १. कृषि, जनस्वास्थ्य, साना उद्योग, ऊर्जा, यातायात र आवासजस्ता विषयहरू र सूचना प्रविधिमा विकासमूलक र व्यवहारिक अनुसन्धान, अन्वेषण गर्न र प्रविधि विकास र उपयोगमा सहयोग पुऱ्याउन नवप्रवर्तन केन्द्रहरूको स्थापना गरिनेछ।<br>२. विज्ञान र प्रविधिलाई उत्पादन, उद्योग, उद्यमशीलता र शिक्षण क्षेत्रमा आबद्ध गर्दै लगिनेछ।<br>३. औद्योगिक क्षेत्रको स्थापना सँगसँगै प्राविधिक शिक्षालयको स्थापनासमेतलाई एकीकृत गरिनेछ।<br>४. विज्ञान र प्रविधिका क्षेत्रमा मौलिक सिर्जनशीलतालाई प्रोत्साहन गर्ने गरी सृजनशीलता कोषको स्थापना गरिनेछ।<br>५. संघीय विश्वविद्यालय र अनुसन्धान प्रतिष्ठानहरूसँग अध्ययन, अनुसन्धान, ज्ञान हस्तान्तरण र नमूनाको लागि प्रदेशको प्राथमिकताका क्षेत्रमा सहकार्य अभिवृद्धि गरिनेछ।<br>६. प्रदेशस्तरमा युवा वैज्ञानिकहरूलाई विज्ञान र प्रविधिको अध्ययन अनुसन्धान र विकासका लागि प्रोत्साहन हुने गरी प्राथमिकताका क्षेत्रहरूमा प्रतियोगात्मक वृत्ति विकास र अनुसन्धानका अवसर प्रदान गरिनेछ।<br>७. विज्ञान तथा प्रविधिसँग सम्बद्ध प्रदेशका उत्कृष्ट संघ संस्था वैज्ञानिक तथा अनुसन्धानदातालाई योगदानका आधारमा कदर एवम् पुरस्कृत गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ८. स्थानीय, परम्परागत तथा मौलिक प्रविधिको पहिचान गरी तिनको वैज्ञानिक विकासमा जोड दिइनेछ।<br>९. वैज्ञानिक तथा प्राविधिक जनशक्तिलाई उद्यमशीलतासँग आबद्ध गर्दै लगिनेछ।<br>१०. विश्वविद्यालय र अनुसन्धान प्रतिष्ठान तथा औद्योगिक प्रतिष्ठानहरूबीच सहकार्य गराइनेछ।<br>११. औद्योगिक प्रतिष्ठानहरूमा अनुसन्धान र विकासमा लगानी गर्न प्रोत्साहित गरिनेछ। |
| ३. विकास निर्माण र सेवा प्रवाहलाई विज्ञान प्रविधि र सूचना प्रविधिमैत्री बनाउने। | १. प्रदेश सरकारमा विज्ञान र प्रविधि विषय क्षेत्र सम्बद्ध जनशक्तिसहितको संस्थागत संरचनाको व्यवस्था गरिनेछ।<br>२. प्रदेशको दैनिक कार्य सञ्चालन, स्थानीय तहसँगको सहकार्यका साथै विकास निर्माण र सेवा प्रवाहलाई प्रभावकारी र छिटो छरितो बनाउन विज्ञान र सूचना प्रविधिको अधिकतम् उपयोग गरिनेछ।<br>३. कर्मचारीको क्षमता विकासमा विज्ञान प्रविधि र सूचना प्रविधिको पाठ्यक्रम समावेश गरिनेछ।<br>४. प्रदेशमा भएको सेवाप्रवाहमैत्री नवीन प्रविधिलाई प्रोत्साहन गर्न आवधिक प्रदेश प्रविधि मेलाको आयोजना गरिनेछ। |

## ९. प्रमुख कार्यक्रमहरू

| प्रदेश आफैले गर्ने | स्थानीय तहलाई सहजीकरण गर्ने |
|---|---|
| १. विज्ञान तथा प्रविधिसम्बन्धी प्रतिभा पहिचान गरी विशिष्टीकृत क्षेत्रमा प्रतिभाहरूको विकास र उपयोग<br>२. नवप्रवर्तन केन्द्रहरूको स्थापना<br>३. वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकास<br>४. विज्ञान र प्रविधिका क्षेत्रमा मौलिक | १. विद्यालयहरूको विज्ञान प्रयोगशाला सुदृढीकरण तथा नमूना विज्ञान अध्ययन केन्द्रको स्थापना र सन्चालन<br>२. स्थानीय तहमा सम्भाव्यता हेरी कम्तीमा एक प्राविधिक विद्यालय |

| प्रदेश आफैले गर्ने | स्थानीय तहलाई सहजीकरण गर्ने |
|---|---|
| सिर्जनशीलता प्रोत्साहन गर्ने गरी सृजनशीलता कोषको स्थापना<br>५. विज्ञान तथा प्रविधि प्रयोगशालाहरूको सुदृढीकरण। | स्थापना |

## १०. अपेक्षित उपलब्धि

विज्ञान विषयको पढाइ हुने सबै विद्यालयहरूमा योजना अवधिमा विज्ञान प्रयोगशालाको सुदृढ भएको र विज्ञान अध्ययन केन्द्रको स्थापना भएको हुने, हरेक स्थानीय तहमा प्राविधिक विद्यालय स्थापना भएको हुने, सृजनशील कोषको स्थापना भई त्यसको प्रयोग आरम्भ भएको हुने, प्रविधि विकासका लागि उत्कृष्ट नवप्रवर्तन केन्द्र स्थापना भएको हुने र प्रदेशको प्रशासनिक तथा सेवा प्रवाहमा आधुनिक सूचना प्रविधिको प्रयोग स्थापित भएको हुने।

# ७.७ तथ्याङ्क प्रणाली, योजना प्रक्रिया एवम् अनुसन्धान

## १. पृष्ठभूमि

सही तथ्याङ्क, सूचना एवम् अनुसन्धानमा आधारित भई यथार्थपरक, व्यवहारिक र नतिजामुखी योजना तर्जुमा तथा कार्यान्वयन, नतिजा सूचकमा आधारित, नियमित र समस्या समाधानमुखी अनुगमन प्रक्रिया, प्रभाव र नतिजा उन्मुख मूल्याङ्कन प्रणाली स्थापनाद्वारा नै योजनाले चाहेको प्रतिफल हासिल गर्न सकिन्छ। विगतको केन्द्रीय र जिल्लास्तरको योजना प्रक्रिया र तिनका उपलब्धिहरूबाट पाठ सिकी वस्तुपरक र यथार्थमा आधारित, नवीन र महत्वाकाङ्क्षी तर व्यवहारिक र हासिल गर्न सकिने योजना निर्माणमा जोड दिनुपर्ने देखिन्छ। यसका लागि आयोजनाको पहिचान, वर्गीकरण, छनौट, विश्लेषण, मूल्याङ्कन र प्राथमिकताको मापदण्ड विकास गरी विधिसहितको प्रादेशिक आयोजना बैंकको स्थापना गर्नु उपयुक्त हुन्छ।

नेपालमा प्रदेशस्तरीय योजना प्रक्रियाको भखरै सुरुवात हुँदैछ तर तथ्याङ्क व्यवस्थापन भइसकेको स्थिति छैन। प्रदेश र स्थानीय तहको तथ्याङ्क जिल्लागत छुट्याएर लिनुपर्ने स्थिति छ। अधिकांश तथ्याङ्क २०६८ को जनगणनामा आधारित छन् र विगत ७ वर्षमा सामाजिक, आर्थिक र स्थलीय सूचक र सम्बन्धहरूमा भएका परिवर्तनहरूलाई तिनले प्रतिविम्बित गर्दैनन्।

प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन, राष्ट्रिय तथा अन्तरप्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग, तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा

प्रादेशिक नीति, कानुन, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसँग सहयोग, समन्वयर सहकार्यजस्ता विषयहरू प्रदेशको कार्य क्षेत्रमा पर्दछन्।

## २. वस्तुगत स्थिति

विभिन्न श्रोतबाट उपलव्ध तथ्याङ्क र सूचनाका आधारमा प्रदेशको वस्तुगत स्थिति विवरण तयार भएको, प्रदेश नीति तथा योजना आयोग गठन भएको, सबै मन्त्रालयहरू गठन भइसकेका, आम्दानी तथा खर्चको वित्तीय प्रतिवेदन प्रणाली स्थापित हुन थालेको अवस्था छ। प्रदेश सरकारले आफ्नो नीति तथा कार्यक्रममा आयोजना बैंक स्थापना गर्ने नीति पारित गरेको र सोअनुसार आयोजना बैंकको सफ्टवेयरको विकास लगायतका प्रारम्भिक कार्यहरूसमेत अगाडि बढिसकेको अवस्था छ।

## ३. समस्या र चुनौती

आवश्यक तथ्याङ्क र सूचना उपलब्ध नहुनु, प्रदेशको तथ्याङ्क व्यवस्थापनको संस्थागत आधार नहुनु, योजना तर्जुमा र कार्यान्वयनको पहिलेको अनुभव नहुनु, स्थापित योजना प्रणाली नहुनु, प्रदेश सरकार नयाँ संरचना भएकाले व्यवस्थित भई नसक्नु, प्रदेश अन्तर्गतका संस्थागत संरचनाहरू निर्माण भई नसक्नु, कर्मचारीहरूको पदपूर्ति भई नसक्नु, नीति तथा योजना आयोगमा भौतिक पूर्वाधार एवम् मानवीय संसाधन न्यून हुनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन्।

विकासका सबै क्षेत्रमा वस्तुगत स्थितिको आँकलन गर्नु, श्रोत-साधनको उपलव्धताको सुनिश्चितता गर्नु, योजना तर्जुमा, अनुगमन र नतिजामूलक मूल्याङ्कन पद्धति स्थापित गर्नु, विकासका सरोकारवाला निकायहरूबीच समन्वय कायम गर्नु, योजना र बजेटबीच सामञ्जस्यता कायम गर्नु, विकासमा भौगोलिक र समुदायगत असमानता  घटाउँदै लानु र निरपेक्ष गरिबीको निराकरण गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन्।

## ४. अवसर

संविधानले प्रदेशको समग्र र क्षेत्रगत योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको दायित्व प्रदेशलाई दिएको छ। यस हिसाबले प्रदेश सरकार प्रदेशको सर्वाङ्गीण विकासको प्रमुख संवाहक हो। प्रदेशको पहिलो योजनाले योजना तर्जुमा प्रक्रियाको पद्धति बसाउने, तथ्याङ्कको आधार तयार गर्ने, प्रदेशको विकासको दीर्घकालीन समग्र र क्षेत्रगत सोच, रणनीति र आवधिक योजना तर्जुमा गर्ने, वित्तीय व्यवस्थापन गर्ने, निर्देशिका, मापदण्ड बनाउने, वार्षिक विकास कार्यक्रम तर्जुमा, स्वीकृति, कार्यान्वयन र नियमन गर्ने, योजना अनुगमन तथा मूल्याङ्कनको जवाफदेही र नतिजामूलक सूचक र आधार तयार गर्ने, नव अनुसन्धान एवम् विकास गर्ने र समग्रमा योजना निर्माण, अनुगमन र मूल्याङ्कनका लागि पद्धति स्थापित गर्ने अवसर प्रदान गर्छ। साथै, यसले संघीय र स्थानीय तहका योजनासँग समन्वय र

सहजीकरणका लागि प्रणालीको विकास गर्न र दिगो विकास लक्ष्यको प्रदेश र स्थानीय तहमा स्थानीयकरण गर्ने प्रक्रिया विकास गर्न सघाउँछ।

## ५. दीर्घकालीन सोच

तथ्याङ्क र सूचनामा आधारित नतिजामुखी योजना र मूल्याङ्कन प्रणाली।

## ६. क्षेत्रगत लक्ष्य

योजनाका हरेक शृङ्खलाहरू यथार्थपरक, अन्तरसम्बन्धित, व्यवहारिक भई लक्ष्य र प्रगतिबीचमा सामञ्जस्यता स्थापित भएको हुने।

## ७. उद्देश्य

१. तथ्याङ्क एवम् सूचनामा आधारित योजना तर्जुमा गर्नु,

२. योजना तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्याङ्कनलाई प्रभावकारी बनाउनु,

३. अनुसन्धान र विकासलाई योजनाको आधारको रूपमा स्थापित गर्नु, र

४. आयोजना बैंकमा आधारित योजना प्रणाली स्थापित गर्नु।

## ८. रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सुदृढ तथ्याङ्क सङ्कलन, प्रशोधन र व्यवस्थापनको आधार तयार गर्ने। | १. प्रदेश नीति तथा योजना आयोगमा तथ्याङ्क महाशाखा स्थापना गरी तथ्याङ्कको उत्पादन, प्रशोधन र व्यवस्थापन र समन्वयको जिम्मा दिइनेछ।<br>२. आवश्यकता अनुसार प्राथमिक एवम् मध्यमस्तरीय तथ्याङ्क सङ्कलन गरी बिद्युतीय प्रविधि र सूचना प्रणालीमा आवद्ध गराई आवश्यकता अनुसार तथ्याङ्कको आपूर्ति गरिनेछ।<br>३. प्रदेश तथ्याङ्क व्यवस्थापनलाई प्रदेशभित्रका स्थानीय तह र संघीय सरकारका तथ्याङ्क प्रणालीसँग पनि बिद्युतीय सम्बन्ध स्थापित गराइनेछ। |
| २. योजना तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्याङ्कनलाई यथार्थपरक, व्यवहारिक र | १. तथ्याङ्क र सूचनाहरूको पर्याप्त विश्लेषण गरी यथार्थपरक योजना तर्जुमा गर्न आवश्यक व्यवस्था गरिनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| परिणाममुखी बनाउने। | २. प्रदेश तह र स्थानीय तहका योजनाको वर्गीकरण मापदण्ड निर्माण गरी लागू गरिनेछ।<br>३. विस्तृत अध्ययन प्रतिवेदन सम्पन्न भएका पूर्वाधार विकास आयोजनालाई मात्र प्रदेश योजनामा समावेश गरिनेछ।<br>४. योजना तर्जुमाका हरेक चरणमा लाभग्राहीहरूसँग पर्याप्त छलफल र सहभागिता गराई स्थानीय तहहरूसमेतको सहभागितामा योजना तर्जुमा गरिनेछ।<br>५. योजनाका हरेक शृङ्खलाहरूको कारण र परिणामको पर्याप्त विश्लेषण गर्दै अन्तरसम्बन्ध स्थापित गरिनेछ। साथै, अन्तरक्षेत्रीय सम्बन्धहरूलाई सम्बद्ध योजना र कार्यक्रमहरूमा आत्मसात् गरिनेछ।<br>६. योजना कार्यान्वयन गर्ने निकायको सस्थागत सुदृढीकरणका साथै आवश्यक कर्मचारीहरूको व्यवस्था एवम् तिनीहरूको क्षमता विकास गरी नतिजाप्रति उत्तरदायी बनाइनेछ।<br>७. योजनासँग सम्बन्धित निकायहरूबीच समन्वय र साझेदारीको व्यवस्था गरिनेछ।<br>८. योजनाका लागत, जनसहभागिता, परिणाम, गुणस्तर, समयपालना आदि विविध विषयमा मापदण्ड बनाई प्रभावकारी कार्यान्वयन गरिनेछ।<br>९. योजना अनुगमन निर्देशिका बनाई तहगत रूपमा आयोजना अनुगमनका लागि मन्त्रालय, नीति तथा योजना आयोग र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुगमन संयन्त्र गठन गरी नियमित समीक्षा गरिनेछ।<br>१०. अनुगमन प्रणालीलाई नियमित र प्रभावकारी बनाउन |

| रणनीति | कार्यनीति |
|---|---|
| | कार्यक्रम वा परियोजना निर्माण तहमै नतिजा सूचकहरूको विकास गरी सोका आधारमा पारदर्शी उपलब्धि मापन गरिनेछ।<br>११. केही निश्चित आयोजनाहरूको तेश्रो पक्षद्वारा मूल्याङ्कन गराई त्यसको अनुभव आगामी योजना तर्जुमाको पृष्ठपोषणको रूपमा लिइनेछ। |
| ३. योजना निर्माण र मूल्याङ्कनमा सहयोगी हुने नव अनुसन्धान र विकासमा जोड दिने। | १. सामाजिक आर्थिक विकासमा नयाँ आयामको खोजी गर्न र मौजुदा व्यवस्थामा सुधार गर्न अनुसन्धान र विकासमा जोड दिइनेछ।<br>२. विशिष्टताका आधारमा विश्वविद्यालय तथा विभिन्न विषयपरक अनुसन्धानमूलक संस्थाहरूलाई अनुसन्धानमा संलग्न गराइनेछ।<br>३. नवीनतम् र प्रभावकारी विधिहरूलाई योजना तर्जुमा, अनुगमन र मूल्याङ्कनमा समावेश गर्न नेपाल र छिमेकी मुलुकका विज्ञको सहभागितामा आवधिक योजना विधि कार्यशाला आयोजना गरिनेछ र त्यसको नतिजालाई आगामी योजना प्रक्रियामा पृष्ठपोषण गरिनेछ।<br>४. विकास कार्यक्रमहरूको वार्षिक बजेटको निश्चित प्रतिशत प्राथमिकता दिइएका अनुसन्धान र योजना विधि विकासमा प्रयोग गरिनेछ। |
| ४. आयोजना बैंकमा आधारित योजना प्रणालीलाई स्थापित गर्ने। | १. आयोजनाहरूको पहिचान, वर्गीकरण, छनौट, विश्लेषण, मूल्याङ्कन तथा प्राथमिकीकरणको मापदण्ड बनाई लागू गरिनेछ।<br>२. आयोजना बैंकमा रहेका आयोजनाहरू व्यवस्थित अभिलेखीकरणका लागि आयोजना बैंक बिद्युतीय व्यवस्थापन सूचना प्रणालीमा आवद्ध गरी आयोजना |

| रणनीति | कार्यनीति |
|---|---|
| | छनौट प्रणालीलाई संस्थागत गरिनेछ।<br>३. स्थानीय तहमा आयोजना बैंक स्थापना गर्न आवश्यक समन्वय गरिनेछ। |

## ९. प्रमुख कार्यक्रमहरू

| प्रदेश आफैले गर्ने | स्थानीय तहलाई सहजीकरण गर्ने |
|---|---|
| १. तथ्याङ्क सङ्कलन, प्रशोधन र व्यवस्थापनको संस्थागत विकास<br>२. नीति तथा योजना आयोग, सचिवालयको संगठनात्मक पुनःसंरचना<br>३. अनुसन्धान र विकासका प्राथमिकताहरूको पहिचान<br>४. योजना सम्बद्ध कर्मचारीको क्षमता विकास तालिम<br>५. अनुमन संयन्त्रको विकास र नतिजामूलक सूचकमा आधारित नियमन, अनुगमन, मूल्याङ्कन<br>६. प्रदेश आयोजना बैंक निर्माण | १. सूचनामा स्थानीय तहसँग बिद्युतीय सम्बन्ध स्थापना<br>२. स्थानीय तहमा आयोजना बैंक स्थापना |

## १०. अपेक्षित उपलब्धि

व्यवस्थित तथ्याङ्क प्रणाली स्थापना भई बिद्युतीय सूचना प्रणालीमा आवद्ध भएको हुने, योजनासम्बन्धी कर्मचारीहरूको क्षमता विकास तालिम भएको हुने, सबै आयोजनाहरूको अनुगमन सूचक बनाएर मात्र आयोजना सञ्चालन गर्ने व्यवस्था भएको हुने, अनुगमन निर्देशिका बनेको हुने, वार्षिक बजेटको एक निश्चित प्रतिशत विकासका अनुसन्धानात्मक कार्यमा लगाउनुपर्ने व्यवस्था भएको हुने र प्रदेश आयोजना बैंकको स्थापना भएको हुने।

प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोग
प्रदेश नं. ३, हेटौंडा, नेपाल
फोन नं. ०५७-५२५१३१, ५२३६८९